# DIRECTORATE OF DISTANCE EDUCATON

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS - NEPALI

## SEMESTER-IV

# कृति र कृतिकार विशेष अध्ययन

## NEP (DE)-PG-C-406

## BLOCK – 1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U.,Dist-Darjeeling,

West Bengal,  Pin-734013,

India.

Phone: ( O )  +91 0353-2776331/2699008

Fax:( 0353 )  2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# कृति र कृतिकार विशेष अध्ययन

## BLOCK-1

एकाइ – **1,** नेपाली साहित्यका अमर साहित्यकार पारिजातका कृतिबारे विशेष अध्ययन........................................................................................**7**

एकाइ – **2,** पारिजातको जीवन र दर्शन....................................................**30**

एकाइ – **3,** पारिजातको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता..........................................................................**50**

एकाइ – **4,** पारिजातको विशेष साहित्यिक योगदान.....................................**73**

एकाइ – **5,** पारिजातका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता.........**93**

एकाइ – **6,** नेपाली साहित्यका अमर साहित्यकार देवकुमारी थापाका कृतिबारे विशेष अध्ययन......................................................................**117**

एकाइ – **7,** देवकुमारी थापाको जीवन र दर्शन.........................................**135**

## BLOCK-2

एकाइ – 8, देवकुमारी थापाको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

एकाइ – 9, देवकुमारी थापाको विशेष साहित्यिक योगदान

एकाइ – 10, देवकुमारी थापाका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

एकाइ – 11, नेपाली साहित्यका अमर साहित्यकार राधिका रायाका कृतिबारे विशेष अध्ययन

एकाइ – 12, राधिका रायाको जीवन र दर्शन

एकाइ – 13, राधिका रायाको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

एकाइ – 14, राधिका रायाको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा  पाइने विशेषता

# BLOCK-1 कृति र कृतिकार विशेष अध्ययन

यस **कृति र कृतिकार**अन्तर्गत रहेको यस प्रभाग - 1 लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – 1, नेपाली साहित्यका अमर साहित्यकार पारिजातका कृतिबारे विशेष अध्ययन ।** यस एकाइमा पारिजातका कृतिबारे विशेष अध्ययनबारे विषद रूपमा सर्वेक्षणात्मक अध्ययन गरिने छ । यस अध्ययन गनार्थ पारिजातको साहित्यिक परिचयलाई केलाउँदै उनका साहित्यिक कृतिहरू आदिको अध्ययन गरिने छ । यस पारिजातको **आकांक्षा** कविता सङ्ग्रह ,**वैशालु वर्तमान** कविता सङ्ग्रह, **पारिजातका कविताहरू** कविता सङ्ग्रह, **आदिम देश** कथा सङ्ग्रह, **सडक र प्रतिभा** कथा सङ्ग्रह, **साल्गीको बलात्कृत आँसु** कथा सङ्ग्रह, **बधशाला आउँदा जाँदा** कथा सङ्ग्रह, **शिरीषको फूल** उपन्यास, **बैँसको मान्छे** उपन्यास, **उसले रोजेको बाटो** उपन्यास, **पर्खालभित्र र बाहिर** उपन्यास, **परिभाषित आँखाहरू** उपन्यास आदि बारे पनि एकाइमा अध्ययन – विश्लेषण गरिने छ ।

**एकाइ – 2, पारिजातको जीवन र दर्शन ।** यस एकाइमा पारिजातको जीवन र दर्शन बारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ पारिजातको साहित्यिक परिचय दिएर उनको जीवनअनुरूप जन्म तथा मृत्यु , परिवार, शिक्षा – दिक्षा, पेशा, सेवा तथा संलग्नता साथै सम्मान तथा पुरस्कार आदिलाई पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त पारिजातको कृतिगत दर्शनलाई विषद रूपमा यस एकाइमा अध्ययन गरिएको छ।

**एकाइ – 3, पारिजातको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।** यस एकाइमा नेपाली पारिजातको कृतिमा निहित सामाजिक, मानवीय, सांस्कृतिक मूल्य अनि सार्वजनीनताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्दा विशेष पारिजातको सामान्य परिचय दिएर उनको कृतिहरूको अध्ययन यस एकाइमा गरिने छ । यसका अतिरिक्त पारिजातको कृतिमा निहित सामाजिक मूल्य, सांस्कृतिक मूल्य, मानवीय मूल्य अनि सार्वजनीनता आदिको पनि यस एकाइमा चर्चा गरिएको छ ।

**एकाइ – 4, पारिजातको विशेष साहित्यिक योगदान ।** यस एकाइमा पारिजातको विशेष साहित्यिक योगदानलाई अध्ययन गरिने छ । यस अध्ययन गनार्थ पारिजातको साहित्यिक यात्रालाई केलाउँदै उनको साहित्यिक योगदानबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यति मात्र नभएर साहित्यकार पारिजातले कविको रूपमा, कथाकारको रूपमा, उपन्यासकारको रूपमा साथै अन्यान्य क्षेत्रमा पुराएको योगदानको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – 5, पारिजातका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।** यस एकाइमा पारिजातका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ पारिजातको साहित्यिक परिचय दिएर उनका रचनाहरूको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यति मात्र नभएर साहित्यकार पारिजातका रचनाहरूको संरचना पाइने विशेषता र शैलीमा पाइने विशेषता आदिको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – 6, नेपाली साहित्यका अमर साहित्यकार देवकुमारी थापाका कृतिबारे विशेष अध्ययन ।** यस एकाइमा देवकुमारी थापाबारे विशेष रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ देवकुमारी थापाको साहित्यिक परिचय दिँदै उनका साहित्यिक कृतिहरूबारे अध्ययन छ गरिने एकाइमा यस विश्लेषण – अतिरिक्त यसका । हरिभक्त देवकुमारी थापाको साहित्यिक परिचय दिएर उनका साहित्यिक कृतिहरू **झझल्को** (कथासङ्ग्रह), **सेतो बिरालो** (कथासङ्ग्रह), **भोक तृप्ति** (कथासङ्ग्रह), **देवकुमारी थापाका प्रतिनिधि कथाहरू** आदिको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – 7, देवकुमारी थापाको जीवन र दर्शन ।** यस एकाइमा देवकुमारी थापाको जीवन र दर्शन बारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ देवकुमारी थापाको साहित्यिक परिचय दिएर उनको जीवनअनुरूप जन्म तथा मृत्यु , परिवार, शिक्षा – दिक्षा, पेशा, सेवा तथा संलग्नता साथै सम्मान तथा पुरस्कार आदिलाई पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त देवकुमारी थापाको कृतिगत दर्शनलाई विषद रूपमा यस एकाइमा अध्ययन गरिएको छ ।

# एकाइ – 1, नेपाली साहित्यका अमर साहित्यकार पारिजातका कृतिबारे विशेष अध्ययन

**संरचना**

1.0 उद्देश्य

1.1 परिचय

1.2 पारिजातको साहित्यिक परिचय

1.3 पारिजातका साहित्यिक कृतिहरू

1.3.1 आकांक्षा कविता सङ्ग्रह

1.3.2 वैशालु वर्तमान कविता सङ्ग्रह

1.3.3 पारिजातका कविताहरू कविता सङ्ग्रह

1.3.4 आदिम देश कथा सङ्ग्रह

1.3.5 सडक र प्रतिभा कथा सङ्ग्रह

1.3.6 साल्गीको बलात्कृत आँसु कथा सङ्ग्रह

1.3.7 बधशाला आउँदा जाँदा कथा सङ्ग्रह

1.3.8 शिरीषको फूल उपन्यास

1.3.9 बैँसको मान्छे उपन्यास

1.3.10 उसले रोजेको बाटो उपन्यास

1.3.11 पर्खालभित्र र बाहिर उपन्यास

1.3.12 परिभाषित आँखाहरू उपन्यास

1.4 उपसंहार

1.5 सार

1.6 अनुशीलनी

1.7 अतिरिक्त अध्ययन

1.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पारिजातको साहित्यिक परिचय
- पारिजातका साहित्यिक कृतिहरू
- **आकांक्षा** कविता सङ्ग्रह
- **वैशालु वर्तमान** कविता सङ्ग्रह
- **पारिजातका कविताहरू** कविता सङ्ग्रह
- **आदिम देश** कथा सङ्ग्रह
- **सडक र प्रतिभा** कथा सङ्ग्रह
- **साल्गीको बलात्कृत आँसु** कथा सङ्ग्रह
- **बधशाला आउँदा जाँदा** कथा सङ्ग्रह
- **शिरीषको फूल** उपन्यास
- **बैँसको मान्छे** उपन्यास
- **उसले रोजेको बाटो** उपन्यास
- **पर्खालभित्र र बाहिर** उपन्यास
- **परिभाषित आँखाहरू** उपन्यास

## 1.1 परिचय

वि. सं. 1990 सालमा दार्जीलिङ्गमा जन्मेकी पारिजात नेपली साहित्यको विशिष्ट व्यक्तित्व हुन्। वि. सं. 2013 सालदेखि कविता सिर्जनामा प्रवृत रहेकी पारिजातको बास्तविक नाम विष्णुदेवी वाईबा हो । वि. सं. 2013 सालमा 'धरती' पत्रिकामा 'दुई कविता' शिर्षक कविता प्रकाशित गरी पारिजातले आफ्नु साहित्ययात्रा सुरु गरेकी थिइन्। कविता पछि उनले कथा, उपन्यास, नाटक लेखनिबन्ध, आत्मसंस्मरण आदिको क्षेत्रमा पनि कलम चलाएका छन्। हालसम्म

उनको 10 वाट उपन्यास, 4 वाट कथा सङ्ग्रह, 4 वाट कविता सङ्ग्रह, 3 वाट आत्मसंस्मरण अनि एउता लेखनिबन्धसङ्ग्रह र एउता नाटकसङ्ग्रह प्रकाशित भएको छ। यस अध्यायमा साहित्यकारका रुपमा पारिजातलाई चिनाउँदै उनको साहित्यिक कृतिहरुको विशेष अध्ययन प्रस्तुत गरिएको छ।

साहित्यकार पारिजातका हालसम्म कविता सङ्ग्रहहरूमा **आकांक्षा** (वि. सं. 2014), **बैँशालु वर्तमान** (वि. सं. 2050), **पारिजातका कविताहरू** (वि .सं. 2044), **जुठी दमिनी** ( बाल गीतिकाव्य वि. सं. 2055), कथा सङ्ग्रहहरूमा **आदिम देश** (वि. सं. 2025), **सडक र प्रतिभा** (वि. सं 2032), **साल्गीको बलात्कृत आँसु** (वि. सं.2043), **बधशाला आउँदा जाँदा** (वि. सं. 2049), उपन्यासहरूमा **शिरीषको फूल** (वि. सं 2022), **महत्ताहीन** (वि. सं. 2025), **बैँसको मान्छे** (वि. सं. 2029), **तोरीबारी, बाटा र सपनाहरू** (वि. सं. 2033), **पर्खालभित्र र बाहिर** (वि. सं. 2034), **उसले रोजेको बाटो** (वि. सं. 2035), **अनिंदो पहाडसँगै** (वि. सं. 2039), **परिभाषित आँखाहरू** (वि. सं. 2046), **बोनी** (वि. सं. 2044) आदि प्रकाशित छन् ।

## 1.2 पारिजातको साहित्यिक परिचय

वि. सं. 1990 सालमा दार्जीलिङ्गमा जन्मेकी पारिजात नेपली साहित्यको विशिष्ट व्यक्तित्व हुन्। वि. सं. 2013 सालदेखि कविता सिर्जनामा प्रवृत रहेकी पारिजातको वि. सं. 2013 सालमा "धरती" पत्रिकामा "दुइ कविता" प्रकाशित भएको थियो तर कृतिगत रूपमा उनको पहिलो प्रकाशित कृति वि. सं. 2014 मा प्रकाशित कविता संग्रह "आकांक्षा" हो। कविता पछि उनले कथा, निबन्ध, उपन्यास, आत्मसंस्मरण, नाटक क्षेत्रमा कलम चलाएको पाइन्छ।

विभिन्न विधामा कलम चलाएता पनि उनलाई ख्याती भने विशेष उपन्यास र कथा विधामा प्राप्त छ। उनका प्रकाशित कविता संग्रह – 'आकांक्षा' (वि. सं. 2014), 'बैँसालु वर्तमान' (वि. सं. 2050 मृत्युपछि प्रकाशित), 'पारिजातका कविताहरू' (वि. सं. 2044 ईश्वर बरालद्वारा सम्पादित) कथा संग्रह-'आदिम देश' (वि. सं.2025), 'सडक र प्रतिभा' (वि. सं 2032), 'साल्गीको बलात्कृत आँसु' (वि. सं.2043), 'बधशाला जाँदा आउँदा' (वि. सं. 2049) प्रकाशित उपन्यासहरू – 'शिरीषको फूल' (वि. सं. 2022), 'महत्ताहीन' (वि. सं. 2025), 'बैँसको मान्छे'

(वि. सं. 2029), 'तोरीबारी बाटा र सपनाहरु' (वि. सं. 2033), 'अन्तर्मुखीन' (वि. सं.2035), 'उसले रोजेको बाटो' (वि. सं.2035), 'पर्खालभित्र र बाहिर' (वि.सं 2034), 'अनिदो पहाडसँगै' (वि. सं. 2039), 'परिभाषित आँखाहरू' (वि. सं.2046)। लेखहरू- 'आधी आकाश' (महिला मुक्ति सम्बन्धी लेखहरू , 'बोनी' उपन्यास (वि. सं. 2048). संस्मरण- 'धूपी, साल र लाली गुराँसको फेदमा' (वि. सं. 2043), 'एउटा चित्रमय सुरुवात' (वि. सं. 2045), 'अध्ययन र संघर्ष' (वि. सं. 2051 मृत्युपछि प्रकाशित ), 'सुमित' (मृत्युपछि प्रकाशित). पारिजात राल्फाली आन्दोलनका एक प्रमुख वक्तित्व थिइन्।

राल्फा आन्दोलन साथ साथै राष्ट्रिय अनि अन्तराष्ट्रिय आन्दोलन सम्बन्धित उनका लेखहरू विभिन्न पत्र पत्रिकाहरुमा प्रकाशित भएको छ। मदन पुरस्कार (वि. सं.2022) युगज्ञान पुरस्कार (वि. सं.2027), पाण्डुलिपि पुरस्कार (वि. सं.2049) गंकी बसुन्धरा पुरस्कार (वि. सं.2049) पारिजातको वहुचर्चित उपन्यास शिरीषको फूल अंग्रेजीमा **ब्लु मिमोसा** (Blue Mimosa) नाममा अनुवाद भएको छ। उक्त उपन्यस संयुक्त राज्य अमेरिकाको मेरिल्यान्ड उनिभार्सिटीमा पढाइन्छ।

## 1.3 पारिजातका साहित्यिक कृतिहरू

साहित्यकार पारिजातका हालसम्म कविता सङ्ग्रहहरूमा **आकांक्षा** (वि. सं. 2014), **बैँशालु वर्तमान** (वि. सं. 2050), **पारिजातका कविताहरू** (वि .सं. 2044), **जुठी दमिनी** ( बाल गीतिकाव्य वि. सं. 2055), कथा सङ्ग्रहहरूमा **आदिम देश** (वि. सं. 2025), **सडक र प्रतिभा** (वि. सं 2032), **साल्गीको बलात्कृत आँसु** (वि. सं.2043), **बधशाला आउँदा जाँदा** (वि. सं. 2049), उपन्यासहरूमा **शिरीषको फूल** (वि. सं 2022), **महत्ताहीन** (वि. सं. 2025), **बैँसको मान्छे** (वि. सं. 2029), **तोरीबारी, बाटा र सपनाहरू** (वि. सं. 2033), **पर्खालभित्र र बाहिर** (वि. सं. 2034), **उसले रोजेको बाटो** (वि. सं. 2035), **अनिंदो पहाडसँगै** (वि. सं. 2039), **परिभाषित आँखाहरू** (वि. सं. 2046), **बोनी** (वि. सं. 2044) आदि प्रकाशित छन् ।

### 1.3.1 आकांक्षा कविता सङ्ग्रह

वि. सं 2014 मा प्रकाशित पारिजातको पहिलो कविता सङ्ग्रह "आकाङ्क्षा" भित्रका कविताहरूमा स्वच्छन्दवादी प्रवृति रहेको पाइन्छ। यस कविता सङ्ग्रहको प्रकाशन कलमा उनी युवा अवस्थामा भएको अनि भर्खर योवनमा प्रवेस गर्दै गरेका हुनाले स्वच्छन्दवादी लेखनमा बढी केन्द्रित रहेको पाइन्छ।

## 1.3.2 वैशाख वर्तमान कविता सङ्ग्रह

प्रस्तुत कविता सङ्ग्रह पारिजातको निधनपछि वि. सं.2050 सालमा नेपली साहित्य गुठीले प्रकाशित गरेको हो। यस कविता सङ्ग्रहमा वि. सं. 2036-2049 सालसम्म परिजलले लेखेकाकविताहरू छापिएका छ पारिजातको यो तेस्रो कविता सङ्ग्रह हो। पारिजातका वि. सं. 2036 देखि वि. सं. 2049 साल भित्रका कविताहरू क्रन्ति, विद्रोह, नारीवर्गमाथिको अन्याय अत्याचार विरुद्ध विद्रोह गरेको पाइन्छ। समाजका  सबभन्दा थिचिएका, मिचिएका अनि हेपिएका वर्गप्रति अपार स्नेह र आशीर्वादका स्वरहरु गुन्जिएको पाइन्छ।

बैंसालु वर्तमान भित्रका प्राय जस्तो कविताहरूले संसारका सम्पूर्ण श्रमजीवी मानिसहरूको संघर्सलाई प्रसतुत गरेको छ। यस सङ्ग्रह भित्रका 'बलात्कृतको बयान', 'जुठी दमिनीको अभिव्यक्ति', 'मृत्यु', 'गढतिरको ढुङ्गामा', 'आमाको संझना', 'आमा' आदि कविताहरूले अन्याय अत्याचार शोषणप्रति आक्रोश व्यक्त गरेको पाइन्छ। यस सङ्ग्रहका प्रतेक कविताका भाव र विचार केलाएर हेर्दा नवीन अनुभूति प्राप्त हुन्छ। बैंसालु वर्तमान कविता पनि अर्थपूर्ण छ।

कवितामा थौरै भएपनि पारिजात बिगतमा भएको गल्तीका रूपमा बोलेको अनुभव हुन्छ। तर कवितामा पारिजातले मूल कुराता वर्तमान हो। त्यसैले यसैलाई सत्य मानी आफूलाई सच्याउन खोजे के हुन्छ ? व्यर्थमा विगतका गल्ती कोट्याएर क गर्ने ? भन्ने भाव पोखेका छन्। 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा एउटी शोषित नारीको जीवनको प्रस्तुति छ। कवितामा विषय वस्तुको गहनता, भाषा शैली र नाटकीय चित्रणको सबल प्रस्तुति छ।

## 1.3.3 पारिजातका कविताहरू कविता सङ्ग्रह

पारिजातका वि. सं. 2016-27 साल सम्मका कविताहरूमा पारिजात अस्तित्ववादी दर्शनमा बढी केन्द्रित रहेका छन्। शारीरिकरूपमा अस्वस्थ्य साथै जीवन, जगतलाई हेर्ने बुझ्ने अनि व्याख्या गर्ने अवस्था रहेको हुनाले उनी

अस्तित्ववादी दर्शनको प्रभाव उनमा बढी रह्यो। यसै समयका वि. सं.2016-2027 का कविताहरू डा. ईश्वर बरालले **पारिजातका कविताहरू** शीर्षकमा सम्पादन गरेपछि यो वि. सं. 2044 मा प्रकाशित भएको हो ।

## 1.3.4 आदिम देश कथा सङ्ग्रह

पारिजातको प्रस्तुत कथासङ्ग्रहमा जम्मा 12 वटा कथाहरू सङ्ग्रहित छन्। ती कथाहरू हुन्- आदिम देश, बिसौ शताब्दीको एउटा गल्लीमा, सिमेण्टीभित्र एउटा राजबेली, सधैँ बित्नु पर्ने हामी, मैले नजन्माएको छोरो, एक उडानमा, तिउरीको फूल पायरियाको गन्ध, सोफि ज्म-मेरो लोग्नेसँग कुराकानी, निर्माणको मोडेल समयभित्र, साइनो ग्यानिटको टुक्रासँग, अनिदो र शून्यता तथा अप्ठ्यारो र अभ्यस्त हुन्।

आदिम देश यस कथासङ्ग्रहको पहिलो कथा हो। यस कथाको  शीर्षक नै प्रतीकात्मक छ। कथाले आजको मान्छेलाई अर्थहीन, नग्न र आदिम रूपमा हेर्ने घृष्टता गरेको छ। मान्छे यहाँ सार्वजनिक रूपमा आएको छ र ऊ सर्वत्र सम्पूर्ण नाङ्गो छ र  समाजमा नग्नता बाहेक केही छैन भन्ने मूल भाव कथामा व्यक्त गरिएको छ। सम्पूर्ण  मान्छे नङ्गै छन्, आफ्नो आदिम रूपमा छन्, संघर्स र सम्भोगको तीतो अनुभूति मात्र छ जीवनमा. भनेर कथाकारले मानव जीवनको निश्प्रयोजनीतालाई देखाउन खोजेका छन्।कथामा  कुनै कथानक छैन नत कुनै विशेष कर्यव्यपर र घटनावली छ। एक ठाउँमा सुत्केरी हुँदै मरेकी उसको स्वास्नीको प्रशङ्ग आएको छ। कथावाचक पुरुष एकतिर बच्चा जन्माने अस्विकितिलाई ‘ उ भित्र ईश्वरको आभास भएको बताउँछ भने अर्कातिर मान्छे भनेको पशु नै हो, पशुभन्दा भिन्न छैन मान्छे भन्ने धारणा राख्दछ।

बिसौ शताब्दीको एउटा गल्लीमा यस कथा सङ्ग्रहको अर्को कथा हो.यस कथामा पनि जीवनको विसङ्गतिवादी-अस्तित्ववादी कुराहरुको व्याख्या गरिएको छ। कथामा दुईवटा प्रसङ्ग मुख्य रूपमा  आएको छ पहिलो गल्लीमा घर भएको घरबेटीले आइमाइहरूलाई  फसाएर देहव्यापार गर्न लगाइ पैसा कमाउनै गर्छ , तर एक दिन त्यसरीनै फँसाइएको एकजना युवतीले देहव्यापार गर्न अस्वीकार गर्दा रातभरि त्यस युवतीलाई कुटेको अनि त्यसरी रतभरि कुटाइ खादा पनि उसले केहि गर्न न सकेको विसङ्गतिको चित्रण गरिएको छ। अर्को प्रसङ्ग पसले साहु र पसल्नीको छ। मृत शिशुहरूको लास रछ्यानमा फाल्न पसले साहु लाममा

उभिएको छ। कथामा यो प्रसङ्ग विसङ्गतिवादी मान्यताको पुष्टि गर्न ल्याइएको छ। प्रस्तुत कथाले मान्छेलाई अर्थहीन र पशुतुल्य ठानेको छ र संसारलाई महारोगी।

साइनो यस कथा सङ्ग्राको तेस्रो कथा हो। यस कथामा मित्युपीडा पर्खिरहेको असक्त नारीको कथा छ.।कथामा समाज अनि आफ्नै छोरा-छोरीबाट प्रताडित विधवा मिर्त्युको प्रतीकक्षामा छ। एक उडान कथामा सोफिया घटिया स्तरकी कामुक पत्रका रूपमा प्रस्तुत छ। ऊ पेशाले एयर होस्टेज अनि स्वभावले कामातुर युवतीको रूपमा कथामा प्रस्तुतछि। शराब र परपुरुषसँगको यौवन क्रीडालाई जीवनको आनन्द र अर्थ देख्ने सोफिया सानैदेखि मातृ स्नेहबाट र पितृ स्नेहबाट वञ्चित भएर दाजुका लात र मुक्काको गोदाइले असाह्य भई बरालिएर हिँडेपछि कुलतमा लाग्दै त्यस्तो चरित्र बरण गर्न पुगेकी छ। साँधै वित्नु पर्ने हामी कथामा पनि सोफिया जस्तै चरित्र भएकी 15 बर्षे किशोरी बेबीको चरित्र चित्रण गरिएको छ। सामाजिक मर्यादा अनि आफ्नो उमेरसमेतको ख्याल नराख्ने बेबी कथावाचक पुरुष पात्रसंग प्रेम गर्छे . यी दुई माझको प्रेम आत्मिक र हार्दिक नभएर केवल शारीरिक मात्र हो। यसैबीच बेबी गर्भवती हुन्छे तर यो कुराले उसलाई कुनै प्रभाव पार्दैन। बेबी गर्भपतन गराएर 15 दिन पछि पूर्ण घर फर्किन्छे तर दुवैमा त्यस कुराको कुनै अपराध बोध हुँदैन।

अप्ठ्यारो र अभ्यस्त कथा पनि उपयुक्त दुई कथाहरु जस्तै बिषय बस्तुमा आधारित छ। चाहे जसरी होस् समय त बित्छ बिताउनु पर्छ।,अप्ठयारो वर्तमान भोग्न मान्छे अभ्यस्त भइसकेको छ. भन्ने मूल दृष्टिकोण कथामा प्रस्तुत गरिएको छ। कथाको मूल पत्रले वर्तमानको त्यो उदेकलाग्दो अप्ठ्यारो भोगेको छ। कथामा ऊ पत्र आक्रोशी र तान्त्रिक रोगले ग्रस्त भई चमेली नामकी स्त्रीसंगा सम्भोग गर्न नपाएकोमा खिन्न र उन्मादी बनि हिडेको छ। सिमेन्टीभित्र एउटा राज्बेली कथामा निर्जीव वस्तुको मानवीकरण गरिएको छ। चिनचा र हिराकाजीको प्रेम प्रणयलाई कथामा प्रस्तुत गरिएको छ। चिनचा र हिराकाजीको प्रणय प्रक्रिया देखेर भुइँमा लडिरहेको सिमेन्टको खम्बालाई औडाह भएको र निरुपट विरक्तिएको देखाइएको छ। कथामा मानिसले अर्काको सफलतालाई हेरिरहन बाहेक अरु केहि गर्न सक्दैन भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ।

सोफिज्म मेरो लोग्नेसंग कुराकानी र मैले नजन्माएको छोरो कथामा पेरिजतको अस्तित्व चेतना बढी सक्रिय रहेको पाइन्छ। सोफिज्म कथामा विवाहलाई सोफिज्म प्रक्रियाको रूपमा प्रस्तुत गरिएको छ। कथामा लोग्ने लाई

सोफिस्ट को रूपमा प्रस्तुत गरिएको छ। विवाह गरेपछि आफ्नो लोग्नेले स्त्रीका धारणालाई आफ्नो तर्कबलद्वारा पराजित गर्छ अनि आइमाईको अस्तित्व खज्मज्याइ दिन्छ लोग्ने पत्नीमाथि हावी हुन्छ भन्ने धारणा कथामा पाइन्छ। मैले नजन्माएको छोरो कथामा पनि अविवाहित वयस्क पत्रले लोग्ने मान्छेले उसको अस्तित्व माथि आघात पार्छ भन्ने ठानेर लोग्ने जातिलाई घृणा गरेको छ। उसको विवाह प्रति कुनै रुचि छैन। तर एउटा आइमाईमा मातृत्व र स्त्रीत्वको गुण हुन्छ भन्ने कुरा वयस्कले छोरो प्रति देखाएको मोह-ममताबाट पुष्टि हुन्छ।

निर्माणको मोडेल समयभित्र कथाले सामाजिक उत्पीडनको प्रस्तुति गरेको छ। ठेकेदारले सडकमा काम गर्ने मजदुरहरू माथी गरेको उत्पीडन र शोषणको व्याख्या कथामा पाइन्छ। दुई दुईवाट स्वास्नी विवाह गरेर पनि सडकमा काम गर्ने महिला श्रमिकहरूलाई समात्ने, जिस्क्याउने र योंनतृप्ति प्राप्त गर्ने रोलर चालक ठेकेदारको कुचरित्र कथामा प्रस्तुत छ। कथावाचक “म” पात्रले “ मलाई लाग्छ जमातका जमात यस्ता नाइकेहरूलाई तातो सडकमाथि बिछयाएर पोल्नुपर्छ रोलक चालाउनु पर्छ अनि पो मोडिन्छ इतिहास” भनि विद्रोह बोल्ने प्रयास गरेको छ तर व्यवहारमा भने केहि गर्न नसकने भएकोले कथावाचक”म” पत्रको पीडा मात्र व्यक्त भएको छ।

‘तिउरीको फूल पायरियाको गन्ध’ प्रस्तुत कथामा एकजना लाटीको जीवन व्याख्या गरिएको छ। मन्दिर पाटी तथा गल्लीको फुटपाथमा वास बस्ने लाटी विरूप,फोहोरी भए पनि निम्नस्तरका टुरिष्ट गइड, पुलिसकर्मी आदिको वासनातृप्तिको साधन बन्न विवश छ। कथावाचक “म” पात्रले लाटी विरुपाको मुखबाट पायरियाको दुर्गन्ध आएको अनुभव गरेको छ। कथावाचक दैनिक लाटी र उसको फोहोरी शरीरसंगखेल्ने कामुक पुरुषहरूको क्रियाकलाप देखेर क्षुब्द भएको छ। कथावाचकले पछि आफ्नै स्वास्नीका मुखबाट पायरियाको गन्ध आएझैँ महशुस गर्न थाल्छ अनि आफ्नु स्वास्नी लाटीमा परिणत भएको उसलाई लग्न थाल्छ। एकदिन कथावाचक पात्रले लाटीलाई सुन्दरी देख्न पुग्छ अनि लाटीसंग सम्भोग गर्छ र महापतनको गर्वमा जाकिन्छ।

## 1.3.5 सडक र प्रतिभा कथा सङ्ग्रह

सडक र प्रतिभा कथा सङ्ग्रह वि.सं 2032 मा प्रकाशित भएको पारिजातको दोस्रो कथा सङ्ग्रह हो। प्रस्तुत कथा सङ्ग्रहमा 16 वटा कथाहरू संग्रहित छ। यस कथा सङ्ग्रह भित्रका कथाहरुमा सामाजिक विकृतिप्रति असन्तुष्टि र विरोध

छ। सडक र प्रतिभा  कथामा मान्छेको असफलता र उदासीनता देखेर मान्छे विरोधी बन्न पुगेकी कथाकारको मानसिकतालाई व्यक्त गरेको छ। मान्छेलाई साना साना हाडहरूको संगठन, लघुमानव भन्ने धारणा कथाले व्यक्त गरेको छ। कथामा मृत्युन्मुखी चेतना तीब्र रहेको छ।

“प्रतीक” यस कथामा मान्छेलाई कुकुर र चितुवासंग तुलना गरिएको छ। कथामा ज्याला नपाएको झोकमा एकजना श्रमजीवी लोग्नेले स्वास्नीलाई राती छाप्रोमा झुन्ड्याएको अनि माया गरेर बलात्कार गरेको घटना व्यक्त गरिएको छ। “नयाँ मान्छे”  कथामा आजको मान्छे शोकले आक्रान्त रहेको अनि त्यसको एउटै मात्र उपाय रहेको अज्ञानी भई मृत्यु अघि आफूलाई समाप्त गरिदिनु या सुनसान टापुमा गएर बस्नु पर्ने  दृष्टिकोण व्यक्त छ। “रात” यस कथामा पनि मृत्युचेतना प्रबल रहेको छ। कथामा एउटा कोठाको चित्रण गरिएको छ। कोठामा रातको अध्यारोमा विचित्र आकृतिहरू देखिन्छ। कथावाचक(कोठावाला) त्यसलाई मृत्युको प्रतीक ठान्छ। “देवल” उक्त कथामा सामाजिक  विसङ्गतिको यथार्थ चित्रण गरेको पाइन्छ। कथामा देवलवासी नइकेले ऊ र ऊजस्तै अरु महिलासंग विनापैसा योनसुख लिएको अनि बलात्कार गरेको विसङ्गतिको चित्रण छ। ठेकेदारले मात्र नभएर आफ्नो छोरोले पनि सम्भोग गर्ने दुरस्हास गरेको देखाएको छ।

“संत्रास” कथामा स्वास्नी पात्रले लोग्नेलाई स्याडिस्ट(परपीडक) को रूपमा देख्छ। स्वास्नीको दृष्टिमा उनीहरूको छोरी हुनुनै लोग्ने स्याडिस्ट रहेको सङ्केत हो। ऊ भन्दा उसको लोग्ने शारीरिक रूपले आधा र सानु भएकोले ऊ आफूलाई फाद र लोग्नेलाई मूसा सम्झन्छे। मुसा लोग्नेबाट उसको मन्मा संत्रास रहेको अनि परपीडक प्रवृतिको विकास भएको छ। “यस ठाउँमा” कथामा संस्मरणात्मक शैलीमा कथावाचकले साथीलाई लेखेको पत्र नै यहाँ कथाको रूपमा छ।पत्रमा व्यक्त समाज र मान्छेप्रतिको धारणा कथाको मूल कथ्य हो। यो एउटा योनकेन्द्रिय विसङ्गतिवादी कथा हो। “घाम ताप्दा” प्रस्तुत कथामा छोरा र स्वास्नीलाई पेटभरि खाना दिन न सकेको लोग्ने अकर्मण्य र उसकी स्वास्नी माझको द्वन्द्वलाई प्रस्तुत गरेको छ। “बूढा बा”  कथामा 91 बर्ष काटिसकेको बूढो वर्तमान युगबाट ठगिएको अनि सारा खुशीबाट रित्तिएको घटना प्रस्तुत गरिएको छ।

“साथीको सम्झना” कथामा कथावाचक पात्रले एकजना केटीको डायरी पढछ जसमा पुलिसलाई घृणा व्यक्त गरिएको हुन्छ डायरी पढेर कथावाचक पत्रलाई आफ्नो पुलिस साथीको सम्झना आउँछ। कथावाचकले कथामा संस्मरणात्मक

रूपमा पुलिसर आन्दोलनकरी जनता, विद्यार्थीका विच कहिल्यै राम्रो सम्बन्ध नभएको दुवै एक अर्काको शत्रु झैँ दखिन्छ भन्ने कुरा व्यक्त गरेका छ। "संधारनेर" यस कथामा पनि पुलिस र विद्यार्थी माझाको सन्दर्भ प्रस्तुत गरिएको छ। कथावाचक विद्यार्थीले एयरगानको लाइसेन्स मागेको अनि उसको चरित्र बुझ्न पुलिस उसलाई खोज्दै आएको घटना कथामा प्रस्तुत छ। "सिटी हलको बूढो ज्यामीसँग" कथामा 65 पैसट्ठी वर्षीय ज्यामी हर्कबहादुरको अयनीय अवस्थाको चित्रण गरिएको छ। कथामा कथाकारको यथार्थवादी चेतना र आलोचक दृष्टि प्रकट भएको छ। "वर्कशप भित्र" प्रस्तुत कथामा कामदार मेकेनिक पत्रले आफ्नो मालिक जोउनीहरूको शोषण गरेर केहि वर्षमै धनी, सम्पन्नताको शिखर चढी सकेको तर ऊ र उसँगै चिया बोक्ने भोटे जस्ताको तस्तै निर्धन रहेकोमा ऊ पात्रले विद्रोही चेतनालाई आत्मसात् गर्न खोजेको छ।

## 1.3.6 साल्गीको बलात्कृत आँसु कथा सङ्ग्रह

"साल्गीको बलात्कृत आँशु" पारिजातको तेस्रो कथा सङ्ग्रह हो। वि.सं.2043 सालमा प्रकाशित साल्गीको बलात्कृत आँशु कथा सङ्ग्रहमा जम्मा पन्ध्रवटा कथाहरू संग्रहित छ। सडक र प्रतिभा कथा सङ्ग्रह पछिको एकशकका कथाहरू यस सङ्ग्रहमा परेका छन्। "सइको चिठी" यो कथा वि.सं 2032 सालमा प्रथम पल्ट 'वेदना' पत्रिकामा प्रकाशित भएको थियो.कथामा सइसका तर्फबाट उसकी स्वास्नीलाई व्यक्त गरिएको उसको दुखद स्तिथिको बयान गरिएको छ। वर्ग विभेदका कारण सइसले भोग्न परेको दुख, हेपाइआदिको चित्रण कथामा पाइन्छ। कथा पूर्णतया चिट्ठीका रुपमा लेखिएको छ।

सइसको कथा पछि कर्मश बोनीलाई सम्बोधन गरिएको चारवटा कथाहरु एकै कथाका चार भागको शुरुवात हुन्छ। यस कथाहरुमा पत्रात्मक शैली साथै चेतनप्रवाह लेखनपद्धतिको प्रयोग भाको पाइन्छ। कथामा गलत सामाजिक परिवेशको निरन्तर सम्पर्कमा आएर कसरी युवायुवतीहरु दिग्भ्रमित पतनशील बाटोमा लग्दछन् भन्ने कुरा व्यक्त गरिएको छ। "सम्बन्ध" प्रस्तुत कथामा वर्गभेद समाजमा देखा पर्ने हेला,हेपाइ शोसनको चित्रण गरिएको छ। कथामा पुन्टेकी आमा जो कामदार वर्गकी हुन्छे उसले अस्पतालमा भर्न त पाउँछ तर कामदार वर्गकी भएकीले उसले तिरस्कार र अनादर सहनु पर्छ। यहि वर्गविभेदले जन्माउने उत्पीडनको अर्को कथा "यसरी एउटा नाउँ" पनि हो। कथामा बूढो ज्यामी जो एक्लो छ र सबैबाट उपेक्षित भएको छ। ऐमनको बिल्डिंगमा ढलानका लागि

मसला ओसार्दै गर्दा सदाको लागि एकतिर ढल्छ। घरपति, भारतीय ठेकेदार, इन्जिनियर कसैलाई उसको चासो र पत्तो हुँदैन उनिहरु ढलान सकिएको खुशीमा भोज खाइरहेका हुन्छ।

"कलिलो अतीत" कथामा किशोर र किशोरी जोडीको दुखद कथा व्यक्त गरिएको छ। एकअर्कामा कुनै नराम्रो सम्बन्द नभएता पनि गाउँले मान्छेहरु र समाजले बात लगाएपछि विवाह गर्न बाध्य भएका किशोर र किशोरी जागीर खाना काठमाडौँ गएको छ। काठमाडौँमा घरमालिक ले दिएको दुख अनि जागीर खाएर मासिक तीन सयले राम्रो खान पनि नपुगेको स्तिथिको चित्रण गरिएको छ। कथामा पात्रहरुले व्यक्तिगत न भएर सामाजिक वर्गीय प्रतिनिधित्व गरेका छन्। कथाले एकतिर वर्गीय प्रेम र सद्भाव देखाएको छ भने अर्कातिर सहरका धनिमनिसहरुको अर्थजन्य मानसिकताको पनि राम्रो चित्रण कथामा भएको छ।

"नैकपे सर्किनी" प्रस्तुत कथामा विष्णुमतीनदीमा हरेक विहान सुर्योदयसँग बालुवा निकाल्ने काम गर्ने सर्किनीको मार्मिक चित्रण गरिएको छ। कथामा श्रमजीवीमाथि हुने शोषण र उनीहरुको पसिनाको मुल्याहीनतालाई अत्यन्त प्रभावकरी रुपमा प्रस्तुत गरिएको छ।

"एउता गाउँमा" 2026 सालको जनान्दोलनवाट विकास हुन् लागेको साम्यवादी आन्दोलनको प्रसङ्ग अनि घटनाहरुलाईकथामा प्रस्तुत गरिएको छ। कथामा 70 बर्षीय बृद्ध महिला अतिमायाले अन्यायविरुद्ध अतियर बोकेर लड्नुपर्छ भन्ने भाव राख्दै वर्गदुश्मनप्रति घृणा व्यक्त गरेको छ। "साल्गीको बलात्कृत आँसु" कथा सङ्ग्रहकै शीर्षक रहेको यस कथामा सिन्धुपाल्चोककि किशोरी साल्गी कानपुरको वेश्यालयमा बेचीएको छ। यहाँ ऊदुख अनि कष्टमय जीवन भोग्न विवश छ। उसलाई केहि पैसाको लागि बेच्ने उसकै गाउँको ल्वाँगे धर्तीलाई दण्डको भागी बनाइनै आग्रह उसले व्यक्त गरेको छ। "कुनै गुलाफ ओभाने छैनयहाँ" कथामा वर्णित सेतो गुलाफ यहाँ श्रमजीवी वर्गका पवित्र मान्छेको प्रतीकको रुपमा रहेको छ। गुलाफमा बसेको झुसिलकीरा श्रमजीवी वर्गलाई शोषण र अत्याचार गर्ने व्यक्ति वर्गको प्रतिनिधिका रुपमा छन्।

"प्रतिकूल' प्रस्तुत कथाले जेलभित्रको यथार्थलाई व्यक्त गरेको छ। कथामा निर्दयी स्वभावकि पात्रका रुपमा नइकाको चरित्र प्रस्तुत छ भने अर्कातिर अन्य महिला बन्दीहरुले जेलभित्र र बाहिर आफूमाथि भएको अन्यायलाई प्रस्तुत गरेको छ। समकालीन निरकुश व्यवस्थाको चित्रण गर्न कथा सफल भएको छ। "पैसाको रङ्ग" कथाले सेतो धन अर्थात् पसिनाको धन अनि कालो धन अर्थात्

अवैधधन्दाबाट कमाइएको धनबीच हुनै भिन्नतालाई प्रस्तुत गरेको छ। पूँजीवादी परपाटीले जन्माएको आर्थिक विकृतिप्रति विद्रोह गर्न नसक्ने पत्रकारप्रति व्यङ्ग्यगरेको छ। 'बर्षाऋतु" प्रस्तुत कथामा वर्थमन समयमा सज्ञन मान्छेलाई पनि शंकालु दृष्टिले हेरिन्छ भन्ने कथ्य प्रस्तुत छ।

## 1.3.7 बधशाला आउँदा जाँदा कथा सङ्ग्रह

प्रस्तुत कथा सङ्ग्रहमा 8 वाट कथाहरु संग्रहित छ। वधशाला आँउदा जाँदा पारिजातको चौथो कथा सङ्ग्रह हो। 'शोध"कथामा विदेशी महिला मोनिका हडसनले कथावाचकका सहयोगमा गरेको शोध नै कथाको कथ्य हो। दुई भिन्न वर्गका व्यक्तिहरूकोभिन्न जीवनपद्धतिको यथार्थलाई देखाउने प्रयास कथामा भएको छ। वधशाला आँउदा जाँदा कथामा 'वधशाला' जागीर खाने अड्डालाई भनिएको छ। जहाँ कथाको मुख्य पात्रले जागीर गर्दछ। तीन वर्ष सम्म जागीर खाएर पनि उसको आर्थिक अवस्थामा कुनै परिवर्तन नआएको अनि ऊ जस्तै धैरै गरीब बेरोजगारहरुजागीरको लागि शहरमा भोतारिएको देखाएको छ। जागीर खाने अड्डालाई भावनाको हत्या गर्ने बधशाला अनि भ्रष्टाचार र अनैतिकताको रूपमा कथामा व्यक्त गरिएको छ।

'एउता जून पानीभित्र" कथामा राफ्टिङ्ग कम्पनीको एउटा डुङ्गा अचानक सुनकोशी नदीको भुमरीमा परेर असन्तुलित भएको अनि डुङ्गा किनार लगाउन जाँदा जनक भुमरीमा परेर आफ्नो प्रण त्यागेको घटना प्रस्तुत छ। 'विकल्पहीन" प्रस्तुत कथामा जीवनमा समस्याको विकल्परहितता र प्रश्नचिन्ह उपस्थित रहेको कुरालाई बताएको छ। "साँझ, उदास घरको पिंढीमा" कथाले शहरमा बसोबास गर्ने निम्नवर्गीय परिवारको जीवनशैली र पारिवारिक स्थितिलाई व्यक्त गरेको छ।

"शकुन्तलाको चिन्तन" कथामा शोषण र अन्याय अत्यचार अस्वीकार गर्ने सकुन्त्लाको सबलताप्रस्तुत गरिएको छ। "नाटकको चौथो" प्रस्तुत कथामा कथाको चारवटा चरण छ। कथाको संरचना र शैली निकै सशक्त छ.कथामा नैनबहादुर र टि.वि. रोगले ग्रस्त उसको पत्नीको कथा प्रस्तुत गरिएको छ।

## 1.3.8 शिरीषको फूल उपन्यास

शिरीषको फूल पारिजातद्वारा रचित उपन्यास हो। वि. सं. 2022 सालमा प्रकाशित यो उपन्यासमा विसङ्गतिको बीच रङ्गिएको जीवनलाई प्रस्तुत गरिएको छ।

युद्धभुमिबाट भागेर आएका सैनिकको नारीप्रतिकोदृष्टिकोणअनि निस्सारवादी युवतीको जीवन कथालाई मर्मस्पर्शी ढङ्गाबाट चित्रण गरिएको छ।

**कथावस्तु**

सुयोगवीर र शिवराजको भेट रक्सी भट्टीमा हुन्छ। रक्सी भट्टीमै सुयोगवीर र शिवराजको परिचय ,कुराकानी अनि मित्रता हुन्छ। तेस्रो भेटमा सुयोगवीरलाई शिवराजले घर लिएर जान्छ। नीलो शिरीषको फूल भरिएको क्याम्पभित्र शिवराजको घर हुन्छ। मध्यमवर्गीय परिवारको शिवराजको तीन बहिनीहरु मुजुरा, सकम्बरी, सानुसँग सुयोगवीरको परिचय हुन्छ। शिवराजका तीन बहिनीहरू मध्ये सकम्बरीको बोली अनि व्यवहारले सुयोगवीरलाई आकर्षित पर्छ। सुयोगवीरको मित्रता शिवराजको परिवारसँग बढ्दै जान्छ.। युद्ध भनेको आफूजस्तै मानिसहरुलाई काटमार गर्नु हो भन्ने धारणा सुयोगमा हुन्छ। सुयोगवीरको मनमा उमेरको हिसाबले आफ्नो बिहे मुजुरासँग हुने कल्पना गर्छ तर शिवराजलाई यो कुरा खुलस्त भन्न सक्दैन तर सकम्बरी नजानिँनदो पाराले सुयोगवीरको मनमा बसिसकेकी हुन्छ।

सकम्बरीलाई प्रेम गरेर मुजुरालाई पत्नी बनाउन चहन्छ सुयोगवीर। बरीले एकदिन ‘बुढो भई सक्नुभो अब बिहे गर्नुस्’ भन्दा सुयोगवीर मर्माहत हुन्छ। उसलाई आफू रित्तिएको भाँडो जस्तो निस्सार लाग्छ। सकम्बरीको सम्झनाले मात्र कायल हुने सुयोगवीर भित्रभित्र सल्कन्छ। सकम्बरीलाई पाउने चाहना सुयोगवीरमा झन् बढेर जान्छ। सुयोगवीर विगतमा हेडहन्टरकी छोरी,भैंसी गोठाल्न,माटिनची यी तीन नारीहरु माथि गरेको अत्याचारको सम्झना गर्दछ। एकदिन सकम्बरीले ‘ओठ निलोतुथो जस्तो भइसक्यो भनेर अपमानित गर्छे र बुढेसकालमा के सुट फेरि फेरि लगाउने भन्दै व्यङ्ग्यसमेत गर्छे’ यसले सुयोग झन् बारीको तिर्खालु बनाउँछ।’ सुयोगवीर मनमनै  आफूले बलात्कार गरेकलाई प्रेम गर्न नसकेको अनि आफूले प्रेम गरेकोलाई बलात्कार गर्न नसकेको कुरा सोचेर सकम्बरीलाई इन्सेक्ट किलर सुनगाभाझैँ ठान्छ.सुयोगवीर र सकम्बरीको चिनाजानी भएको पनि बर्षदिन भइसकेको हुन्छ र शिरीषको फूल पनि दोस्रोपटक फुलिसकेको हुन्छ।

साँझ पर्न लागेको बेला सुयोगवीर सकम्बरीको घर पुग्छ सकम्बरी शिरीषको रूखमुनि उभिरहेकी हुन्छ। सुयोगवीर सरासर ऊतिर गएर सकम्बरीको गर्धन अठ्याएर ओठमा म्वाँइ खाइदिन्छ.सकम्बरीलर केही प्रतिक्रिया दिदैन सुयोगवीर

जोसमा आएर त्यस्तो गरेकोमा अपराध बोध गर्छ। सुयोगवीर द्वन्द्वमा पर्छ र मनको डरले शिवराजको घरमा जान छोड्छ। एकदिन शिवराजबाट सकम्बरीलाई सन्चो नभएको कुरा थाहा पाएर शिरीषको फूल झर्न लागेको बेलामा बिहानै सकम्बरीको घरमा पुग्छ तर सकम्बरीको मृत्यु भइसकेको कुरा भान्सेबाट थाहा पाउँछ।

**चरित्र चित्रण**

शिरीषको फूल उपन्यासमा सुयोगवीर र सकम्बरी नायक र नायिकाको रूपमा छन्। शिवराज सहायक,सहयोगी पत्रको रूमा उपन्यासमा आएको छ। मुजुरा, सानू, पसल्नी, सोदपानी बेच्ने,ठिटो आदि उपन्यासको गोण पत्र हुन्। स्मृतिमा मात्र आएका भैंसी गोठाल्न, हेडहन्टरकी छोरी, माटिनची नेपथ्यका पत्र हुन्। उपन्यासको कथावाचक र नायक सुयोगवीर 45 भर्षको अविवाहित भूतपूर्व सैनिक हो। रहर र बाध्यताले दोस्रो विश्वयुद्ध लडेको सिपाही सुयोगले युद्धमा कुनै शत्रुलाई मर्न नसकेको मा उसको अचेतान्म असन्तुष्टि छ। युद्धको समयमा लुतो लगेर पेन्सनमा घर आएको सुयोगवीर आफ्नो घर पहाडमा भए पनि एउटा कोठालिएर काठमाडौँमा बसेको छ। ऊ साँझ परेपछि बारमा गएर रक्सी पिउने गर्छ।

शिवराजसँग उसको भेट र परिचय पनि यहि रक्सी बारमा भएको हो। जीवनका अमुल्य क्षणहरु सेनामा बन्दुक बोक्नामै बिताएको सुयोगवीर अहिले जीवनको विश्लेषण गर्न नसकेर छटपटिएको छ। एकदिन शिवराजसँग उसको घर जाँदा शिवराजको तीन बहिनीहरु मुजुरा, सानू र सकम्बरीसँग सुयोगवीरको परिचय भएको हो। उपन्यासमा सुयोगवीर कुनै एउता वर्गको प्रतिनिधित्व गर्न नसक्ने भएकोले ऊ व्यक्तिगत चरित्र हो। सुयोगवीरको चरित्रमा परिवर्तन आएकोले ऊ गतिशील र गोलो पात्र पनि हो।

उपन्यासमा नायिका सकम्बरी शिवराजको बहिनी हो। आई.ए. प्रथम श्रेणीमा उत्तीर्ण गरेकी सकम्बरी शारीरिक अवस्थाल राम्रो नभएकोले पढ्न छाडेकी छ। उसलाई फूल मनपर्छ. जीवघाती सुनगाभाको फूल सँग आफ्नु अस्तित्वको तुलना गर्छ। सकम्बरीको जीवन प्रति सकारात्मक छैन. ऊ क्यान्सरलाई पनि सजिलै स्वागत गर्ने मानसिकता सकम्बरीमा छ। आफ्नु जन्म दिनमा छिट्टै मार भनेर आशिर्वाद माग्ने सकम्बरी गतिशील र जटिल मानसिकता भएको गोलो तथा व्यक्तिगत पात्र हो.उपन्यासको सहायक पात्र शिवराज सकम्बरीको दाजु हो।

शिवराज रक्सीको लतमा नराम्रो परेको छ। अचेतनबाट सकम्बरीलाई प्रेम गरेर सन्तुष्टि प्राप्त गर्ने प्रवृत्ति शिवराजको छ। उपन्यासको अन्त्य सम्म चरित्रमा कुनै परिवर्तन नआएकोले शिवराज गतिहीन पात्र हो।

**पर्यावरण**

उपन्यासको मुख्य कार्यस्थल काठमाडौँ हो। विशालनगरस्थित शिरीषको बोटहरुले घेरेको शिवराजको घर अनि मैतीदेवीमारहेको सुयोगवीरको कोठामा पात्रहरुको क्रियाकालाप देखिएको छ। नयाँसडकको रक्सी बार, भूगोलपार्क, रत्नपार्क आदिको वर्णन पनि उपन्यासमा गरिएको छ। माखरिङको जङ्गल, कचीन बस्ती, पिडागाउँ, डेथभ्याली आदि ठाउँहरूको वर्णन उपन्यासमा सुयोगवीरले पूर्वस्मृतका रूपमा गरेको छ। उपन्यासको समयावधि एक बर्ष भन्दा अलिकति बढी रहेको छ।

**दृष्टिबिन्दु**

शिरीषको फूल उपन्यासमा अन्तरिक दृष्टिबिन्दु अन्तर्गत केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ। उपन्यासको मूल पात्र सुयोगवीरले कथावाचक साथ साथै उपन्यासमा बसेर प्रमुख पात्रको पनि भूमिका निर्वाह गरेको छ।

**प्रतीक र बिम्ब**

उपन्यासको शीर्षक ‘शिरीषको फूल’ नै प्रतीकात्मक छ। उपन्यासमा पात्रहरू, घटनाहरू, संवाद अनि वर्णनहरू पनि प्रतीकात्मक भएको पाइन्छ। निलो फूलहरूको कोमलतालाई सकम्बरीको प्रतीकको रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ। उपन्यासमा सुयोगवीर विश्वयुद्धको पीडा र दर्द भोगेको मानवताको संहारका लागि जुटेको क्रूरताको प्रतीकका रूपमा आएको छ। शिवराज वैरागी तर आफ्नो बहिनीप्रति विकृत व्यक्तित्व भएको प्रतीकका रूपमा आएको छ।

**भाषा**

कवितात्मक गद्यभाषाको प्रयोग शिरीषको फूलको महत्त्वपूर्ण प्राप्ति हो। उपन्यासमा अप्ठयारा शब्दलाई अत्यन्त कोमल बनाएर पारिजातले प्रयोग गरेका छन्। प्रतेक वाक्यहरु पढ्दा कविता जस्तो लाग्ने भएकोले भूमिका लेखदा सङ्कर लामिछानेले यस उपन्यासलाई कव्यान्यास नाम दिएका छन्।

Notes

## 1.3.9 बैँसको मान्छे  उपन्यास

प्रस्तुत उपन्यासलाई प्रगतिवादी विचारधारामा आधारित बिद्रोह र क्रान्तिले युक्त कृति मानिन्छ । वि. सं. 2023-2030 मा नेपालमा चलेको राल्फाली अन्दिलनमा पारिजात पनि सक्रिय रहिन। राल्फाली आन्दोलनको मुख्य उद्देश्य सामाजिक मूल्य अनि मान्यता विरुद्ध आक्रोश र विद्रोह थियो। विसङ्गतिवादी जीवनदृष्टिलाई त्यागी समाजवादी चेतनाको अवलम्ब गरे। यस समयमा लेखिएको उनको “ बैसको मान्छे” उपन्यासले राल्फाली आक्रोश र विद्रोही भावना लिएर आयो। यस उपन्यासमा निम्नवर्गीय समाजमा देखापर्ने समस्या र ति समस्याहरुबाट उत्पन्न वाधाहरु माझ जीवन बाँच्दा उब्जेको विसङ्ग चित्रण छ। उपन्यासमा “म” पात्रको अहम्मा धक्का लागेपछि घरमालिक को हत्या गरेर स्वच्छन्द क्रान्तिकारिता देखाएको छ तर वर्णनको क्रममा अराजकता देखाउने हिप्पीसंस्कारका अश्लील प्रशङ्गहरु पनि आएका छन्।

## 1.3.10 उसले रोजेको बाटो उपन्यास

समाजमा विकृति रुपमा रहेको सोषण, धार्मिक रुढिवादी मूल्य अनि मान्यता, पाखण्डहरुबाट सताइएका गरिब र निमुखहरु मुक्तिका लागि द्वन्द्वात्मक (भोतिकवादी) मार्ग अपनाउनु प्रगतिवादी रचनाको वैशिष्ट्य हो। जनताको नेतृत्व अनि एकताको अगाडि समान्त र पुँजीवादीहरु धराशायी हुने कुरालाई अन्तिम सत्य मान्ने प्रगतिवादी विचार पारिजातको वि. सं. 2035 -2039 सालसम्मका उपन्यासहरुले कलात्मक अभिव्यक्ति दिएको छ। **उसले रोजेको बाटो** उपन्यास प्रगतिवादी यथार्थमा आधारित पारिजातका उत्कृष्ट उपन्यास हो।

## 1.3.11 पर्खालभित्र र बाहिर उपन्यास

प्रस्तुत उपन्यासमा वि. सं. 2034 - 2035 सालमा नेपालमा पञ्चायती व्यवस्थाबिरुद्ध भएको क्रान्तियात्रा अनि क्रान्तिकारीहरुले जेलभित्र र बाहिर भोगेको यथार्थ अनि तिनीहरु माथि हुने शोषण र अत्याचारको यथार्थ चित्रण उपन्यासमा गरिएको छ।

**पर्खालभित्र र बाहिर उपन्यासको शिर्षक**

प्रस्तुत उपन्यासको शिर्षक प्रतीकात्मक छ। उपन्यासमा मुख्य पात्र रमेशले जेलभित्र र बाहिर भोग्नु परेको जीवनकथा प्रस्तुत छ। जेलभित्र र बाहिर दुई अलग-अलग संसारको निरीक्षण गरेको छ। क्रान्तिकरीहरु जेलबाहिर पनि स्वतन्त्र र मुक्त जीवन बिताउनपाउँदैनन् भन्ने आशय उपन्यासले व्यक्त गरेको छ।

**कथावस्तु**

पर्खालभित्र र बाहिर उपन्यासका कथावस्तु दुई भागमा विभक्त गर्न सकिन्छ पहिलो पूर्वार्द्ध अनि दोस्रो उत्तरार्द्ध. रमेश एघार बर्ष जेलमा बस्नु, स्वास्नी बटुलीलाई सम्झनु, ज्वालासित तर्क गर्नु उपन्यासको पूर्वार्द्ध हो। जेलबाटमुक्त हुनु अनि बटुलीसँग बस्नु, रोजगारको समस्याले साताउनु, रमेश सडक बनाउने काममा लग्नु, पहिलाको क्रान्तिकरी मित्रहरु क्रान्तिको मार्गबाट पलायन भएको थाहा पाउनु, श्रमिकहरुलाई ठकेदारले शोषण गरेको कुरा चल्नु, क्युरी रमेशको विद्रोही मित्र ठेकेदारसँग झगडा गर्नु, रमेशले क्युरीको समर्थन गरि ठकेदारसँग तर्क गर्नु, पुलिस आएर रमेशलाई पुनः प्रकाउ गर्नु. बटुली गर्ववती हुनु उत्तरार्द्धको घटनाहरु हुन्. जेलभित्रबाट सुरु भएको उपन्यासको कथावस्तु रमेश पुनः जेलभित्र पसेपछि अन्त्य भएको छ।

**चरित्रचित्रण**

उपन्यासको मूल पात्र रमेश हो। उपन्यासमा रमेश माक्सवादी प्रगतिवादी विचारधारा भएको विद्रोही पात्रको रूमा प्रस्तुत छ। रमेश निम्नमध्यम वर्गीय शिक्षित अनि आफुले गरेको श्रममाथि विश्वास गर्ने परिवर्तन इच्छा राखि निरन्तर संघर्ष गर्ने सत्यको पक्षमा सधै अघि रहने साहसिलो पत्र हो। उपन्यासमा बटुली शिक्षक रमेशको पत्नी अनि अतिसंघर्षशील र धैर्यशील नारी पात्रको रूमा प्रस्तुत छ। क्युरी श्रमिकवर्गका जोशिला ठिटाहरुकोप्रतिनिधि पात्रको रुपमा उपन्यासमा प्रस्तुत छ.उ युवाजोशले भरिएको छ। क्युरी अन्याय अत्यचार नसहने विद्रोही पत्र हो। उपन्यासका अन्य पत्रहरु ठेकेदार, डि.एस.पी. ओभरसियहरु उपन्यासमा खलपात्रका रुपमा प्रस्तुत छन्।

**भाषाशैली**

पर्खालभित्र र बाहिर उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको छ। 'म' पात्र रमेशको वारीपरि उपन्यासको कथा बुनिएको छ.कथावाचकले 'म' पत्र रमेशले

सोचेको, कल्पना गरेको अनि रमेश बारे अन्य कुराहरु सुनाएको हुँदा यसमा सर्वदर्शी दृष्टिबिन्दु पाइन्छ। उपन्यासमा सरल, सहज कवितात्मक भाषाशैलीको प्रयोग गरिएको छ.तद्भव ठेट शब्दको प्रयोग पनि उपन्यासमा पाइन्छ।

### 1.3.12 परिभाषित आँखाहरू उपन्यास

पारिजातले प्रस्तुत उपन्यासमा सूक्ष्म मनोविश्लेषणको प्रयोग पनि गरेका छन्। पत्रको विसङ्गत र अस्तित्वको चित्रण गर्ने क्रममा पत्रको मानोजगत्सम्बन्धित सूक्ष्म मनोविश्लेषण पनि गरेका छन्। उनको शिरीषको फूल उपन्यासमा पनि सुयोगवीरको अतितको जीवन्त मनोविश्लेषण गरिएको छ। युद्धको आगोमा आफ्नु जीवनको बैँसालु उमेर बिताएको सुयोगवीरको अचेतन कुण्ठा र वासनाले भरिएको छ। युद्ध लडदा कुनै शत्रुलाई मर्न नसकेको आफु जन्मेकोमा नै हीनताबोध गरेको साथै एउटी युवतीलाई बलात्कार गरि सङ्गीनले घोचेर मरेको सम्झना गरि आफैप्रति घृणाबोध गरिरहेको पुरुषको सूक्ष्म मनोविश्लेषण गर्नु पारिजात सफल भएकी छन्।

यसरी नै **महात्ताहीन** उपन्यासमा शियाले घरमै आफ्नु पति अघि चलाएको वेश्यावृत्तिबाट उसमा जन्मेको कुण्ठा र अतृप्तिको विश्लेषण गरिएको छ। अन्तर्मुखी उपन्यासमा "म" पात्रको अहम्बोधका कारण उत्पन्न असहज स्तिथिको चित्रण गरिएको छ। त्यो अत्यन्त मार्मिक पनि छ.त्यस्तै, बैँशको मान्छे उपन्यासमा हिप्पीसंस्कृतिबाट उत्पन्न भएको मानसिक साथै अहमको उच्चताको सूक्ष्म विश्लेषण भएको छ। **परिभाषित आँखाहरु** उपन्यासमा आफ्नै बाबु बाट गर्भवती हुनपरेको बिज्जीको मनमा परेको घातहरूको विश्लेषण गरिएको छ।

## 1.4 उपसंहार

पारिजात नेपली साहित्य जगतको एक शिर्ष स्रष्टा हुन्। कविता, कथा, उपन्यास साहित्यमा नवीनता थप्ने अग्रणी स्रष्टा पनि हुन्। उनले परम्परागत लेखनमा नवीनता ल्यान र अस्तित्ववादी,विसङ्गतिवादी अनि अराजक चिन्तनबाट माथि उठेर समाजवादी चिन्तन ल्याइ शोषित र पीडित जनताको पक्षमा उभिइन्। पारिजात जुन - जुन चिन्तन र साहित्य धाराको नजिक पुगिन् , त्यसै अनुरूप विचार र कला दुवैले सिँगारिएका कृतिहरु सिर्जना गरिन्। उनले 22 वटा

पुस्तकाकार कृतिहरू  नेपली साहित्यलाई प्रदान गरेका छन् । स्वछन्दतावादी धाराको कविता कृतिबाट आफ्नु साहित्यिक यात्रा आरम्भ गरकी पारिजाले साहित्यका अनेक मोडहरू पर गरिन्।

प्रतेक मोडमा साहित्यिक किर्तिमान  कायम गर्दै  नेपली साहित्य आकाशमा उज्वल ताराको रूपमा चम्किन पुगिन्। कथा यात्रामा उनको जुनजुन मोडहरू देखिए उपन्यासका पनि तीनै मोडहरू हुन्। उनको साहित्यिक जीवन दुई मुख्य मोडहरूमा बाँडीएको छ। उनको लेखाइको शैली अत्यन्त मनोहर छ। पारिजातले 56 बर्षे जीवनमा 37 बर्ष सम्म निरन्तर गतिशील रूपमा साहित्यको सेवा गरिन्। पारिजातका प्राय उपन्यासहरू प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको छ। प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको उपन्यासमा पात्रले स्वयम आफ्नै आत्माकहानी प्रस्तुत गरिरहेको हुनाले उपन्यासको कथयितानै मूल पात्रको रूपमा प्रस्तुत हुन्छ। प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग गरेर पात्रको आत्मसंस्मरण र दृश्यचित्रणका कुराहरू प्रस्तुत गर्न पारिजात सफल भएकी छन्।

उपन्यास लेखनको प्रारम्भ देखिने कवितात्मक गद्य भाषाको प्रयोग उनका उपन्यासमा देखन पाइन्छ। सामान्य भन्दा सामान्य कुरालाई बिम्बात्मक पाराले अत्यन्त लयात्मक बनाएर प्रस्तुत गर्नु उनको अर्को सामर्थ्य हो। यस दृष्टिले उनको शिरीषको फूल उपन्यास सबैभन्दा आनन्दमय देखिन्छ। उनका अन्य उपन्यास “बैँसाको मान्छे”, “परिभाषित आँखाहरू” मा पनि कवितात्मक गद्य भाषाको तरल प्रयोग पाइन्छ । प्रतीक र पोथीगद्यको कुशल प्रयोग उनका उपन्यासमा पाइन्छ।

## 1.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यका अमर साहित्यकार पारिजातका कृतिबारे विशेष अध्ययन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- पारिजात नेपली साहित्य जगतको एक शिर्ष स्रष्टा हुन्। कविता, कथा, उपन्यास साहित्यमा नवीनता थप्ने अग्रणी स्रष्टा पनि हुन्।

Notes

- उनले परम्परागत लेखनमा नवीनता ल्यान र अस्तित्ववादी,विसङ्गतिवादी अनि अराजक चिन्तनबाट माथि उठेर समाजवादी चिन्तन ल्याइ शोषित र पीडित जनताको पक्षमा उभिइन्।
- पारिजात जुन - जुन चिन्तन र साहित्य धाराको नजिक पुगिन् , त्यसै अनुरूप विचार र कला दुवैले सिँगारिएका कृतिहरु सिर्जना गरिन्।
- उनले 22 वटा पुस्तकाकार कृतिहरू नेपली साहित्यलाई प्रदान गरेका छन् । स्वछन्दतावादी धाराको कविता कृतिबाट आफ्नु साहित्यिक यात्रा आरम्भ गरकी पारिजाले साहित्यका अनेक मोडहरू पर गरिन्।
- प्रतेक मोडमा साहित्यिक किर्तिमान कायम गर्दै नेपली साहित्य आकाशमा उज्ज्वल ताराको रूपमा चम्किन पुगिन्। कथा यात्रामा उनको जुनजुन मोडहरू देखिए उपन्यासका पनि तीनै मोडहरू हुन्।
- उनको साहित्यिक जीवन दुई मुख्य मोडहरूमा बाँडीएको छ। उनको लेखाइको शैली अत्यन्त मनोहर छ।
- पारिजातले 56 बर्षे जीवनमा 37 बर्ष सम्म निरन्तर गतिशील रूपमा साहित्यको सेवा गरिन्। पारिजातका प्राय उपन्यासहरू प्रथम पुरुष द्दष्टिबिन्दुमा लेखिएको छ।
- प्रथम पुरुष द्दष्टिबिन्दुमा लेखिएको उपन्यासमा पात्रले स्वयम आफ्नै आत्माकहानी प्रस्तुत गरिरहेको हुनाले उपन्यासको कथयितानै मूल पात्रको रूपमा प्रस्तुत हुन्छ।
- प्रथम पुरुष द्दष्टिबिन्दु प्रयोग गरेर पात्रको आत्मसंस्मरण र द्दश्यचित्रणका कुराहरू प्रस्तुत गर्न पारिजात सफल भएकी छन्।
- उपन्यास लेखनको प्रारम्भ देखिने कवितात्मक गद्य भाषाको प्रयोग उनका उपन्यासमा देखन पाइन्छ।
- सामान्य भन्दा सामान्य कुरालाई बिम्बात्मक पाराले अत्यन्त लयात्मक बनाएर प्रस्तुत गर्नु उनको अर्को सामर्थ्य हो। यस द्दष्टिले उनको शिरीषको फूल उपन्यास सबैभन्दा आनन्दमय देखिन्छ। उ
- नका अन्य उपन्यास "बैँसाको मान्छे", "परिभाषित आँखाहरू" मा पनि कवितात्मक गद्य भाषाको तरल प्रयोग पाइन्छ । प्रतीक र पोथीगद्यको कुशल प्रयोग उनका उपन्यासमा पाइन्छ।

यस प्रखण्डको अध्ययनले **नेपाली साहित्यका अमर साहित्यकार पारिजातका कृतिबारे विशेष अध्ययन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त पारिजातको साहित्यिक परिचय र उनका विविध कृतिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 1.6 अनुशीलनी

1. कवि पारिजातको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि पारिजातका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि पारिजातको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि पारिजातका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई जातीय कविको रूपमा चिनाउनुहोस् ।

5. कवि पारिजातका कविताहरूमा पाइने काव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. पारिजातलाई किन शुन्यवादी लेखक भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. पारिजातलाई एक दक्ष कथाकारको रूपमा चिनाउँदै उनका कथाहरूबारे चर्चा गर्नुहोस्।

8. पारिजातको शिरिषको फुल र पर्खालभित्र र बाहिर उपन्यासबारे एउटा गल्लिलो टिप्पणी लेख्नुहोस् ।

9 पारिजातको अनिदो पहाडसित र साल्गीको बलात्कृत आँशु कृतिबारे लेख लयार पार्नुहोस् ।

10. साहित्यकार पारिजातको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 1.7 अतिरिक्त अध्ययन

**Notes**


१. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2. प्रधान, हृदयचन्द्रसिंह - **नेपाली काव्य र उसका प्रतिनिधि कवि** ।

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

5. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

6. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

7. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

8. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

9. रिसाल, राममणि - **नेपाली काव्य र कवि** ।

10. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति** ।

११. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास** ।

१२. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन** ।

१३. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

१४. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

१५. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।


यस अतिरिक्त **पारिजात**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 1.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. पारिजातको साहित्यिक परिचय ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. पारिजातका साहित्यिक कृतिहरू ।

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. पारिजातको **आकांक्षा, वैशालु वर्तमान** र **पारिजातका कविताहरू** कविता सङ्ग्रह ।

.....................................................................................................

....................................................................................................

...................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.3.1, 1.3.2 र 1.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. पारिजातको **आदिम देश, सडक र प्रतिभा** र **बधुशाला आउँदा जाँदा** कथा सङ्ग्रह ।

................................................................................................

...............................................................................................

..............................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.3.4, 1.3.5 र 1.3.7 खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. पारिजातको **शिरीषको फुल, बैंशको मान्छे** र **पर्खालभित्र र बाहिर** उपन्यास ।

...............................................................................................

...............................................................................................

..............................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.3.8, 1.3.9 र 1.3.11 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 2, पारिजातको जीवन र दर्शन

**संरचना**

2.0 उद्देश्य

2.1 परिचय

2.2 पारिजातको जीवन

2.2.1 जन्म तथा मृत्यु

2.2.2 परिवार

2.2.3 शिक्षा – दिक्षा

2.2.4 पेशा, सेवा तथा संलग्नता

2.2.5 सम्मान तथा पुरस्कार

2.3 पारिजातको कृतिगत दर्शन

2.4 उपसंहार

2.5 सार

2.6 अनुशीलनी

2.7 अतिरिक्त अध्ययन

2.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 2.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पारिजातको साहित्यिक परिचय
- पारिजातको जीवन
- जन्म तथा मृत्यु
- परिवार
- शिक्षा – दिक्षा

- पेशा, सेवा तथा संलग्नता
- सम्मान तथा पुरस्कार
- पारिजातको कृतिगत दर्शन

## 2.1 परिचय

साहित्यकार पारिजातका जन्म तथा मृत्यु, परिवार, शिक्षा – दिक्षा, पेशा, सेवा तथा संग्लग्नता, सम्मान अनि पुरस्कारहरू साथै उनको कृतिगत चिन्तन र दर्शन बारे व्याख्या तल प्रस्तुत गरिएको छ। पारिजातको चिन्तन र दर्शनको विकास प्रक्रियालाई उनको साहित्य यात्राका मोडहरुसँग गाँसेर हेर्नु पर्दछ। यसबारे विभिन्न लेखकहरुबीच प्रशस्तै मतभेदहरु रहेका छन्। कति लेखकहरुले पारिजातलाई अस्तित्ववादी, विसङ्गतिवादी र प्रगतिवादी भनी विभाजित गरेका छन् भने कतिले नव्य रोमान्सवादी, अस्तित्ववादी र प्रगतिवादीका रुपमा। यस्तै कतिले रोमान्सवादी, अस्तित्ववादी, रल्फाली तथा प्रगतिवादी अनि कतिले उनलाई अस्तित्ववादी, अराजकतावादी वा नव वामपंथेली र प्रगतिवादी भन्ने गरेका छन्।

यस सन्दर्भमा डा. इश्वर बराल, गोविन्द भट्ट, कृष्णचन्द्रसिंह प्रधान, निनु चापागाई र डा. ऋषिराज बरालका भनाइहरु उल्लेखनीय रहेका छन्। पारिजात स्वयंले पनि आफ्नो साहित्यिक यात्रालाई व्यवहारवाद, उग्रवाद हुँदै प्रगतिवाद भनी भनेका छन्।यि कुराबाट पारिजातको कृतिगत दर्शन र चिन्तनको विकास प्रक्रियालाई निम्न आधारमा हेर्न  सकिन्छ। मूलरूपमा वि. सं. 1990 सालमा दार्जीलिङ्गमा जन्मेकी पारिजात नेपली साहित्यको विशिष्ट व्यक्तित्व हुन्। वि. सं. 2013 सालदेखि कविता सिर्जनामा प्रवृत रहेकी पारिजातको बास्तविक नाम विष्णुदेवी वाईबा हो । वि. सं. 2013 सालमा 'धरती' पत्रिकामा 'दुई कविता' शिर्षक कविता प्रकाशित गरी पारिजातले आफ्नु साहित्ययात्रा सुरु गरेकी थिइन्। कविता पछि उनले कथा, उपन्यास, नाटक लेखनिबन्ध, आत्मसंस्मरण आदिको क्षेत्रमा पनि कलम चलाएका छन्। हालसम्म उनको 10 वाट उपन्यास, 4 वाट कथा सङ्ग्रह, 4 वाट कविता सङ्ग्रह, 3 वाट आत्मसंस्मरण अनि एउता लेखनिबन्धसङ्ग्रह र एउता नाटकसङ्ग्रह प्रकाशित भएको छ। यस अध्यायमा साहित्यकारका रुपमा

Notes

पारिजातलाई चिनाउँदै उनको साहित्यिक कृतिहरुको विशेष अध्ययन प्रस्तुत गरिएको छ।

## 2.2 पारिजातको जीवन

### 2.2.1 जन्म तथा मृत्यु

वि. सं 1993 वैशाख महिनामा दार्जीलिंगको लिंगी चियाकमानमा पारिजातको जन्म भएको थियो। पारिजातका पिताको नाम कालुसिंह वाइबा अनि आमाको नाम अमृतादेवी मोक्तान थियो। पारिजातको स्कूलको नाम विष्णुकुमारी वाइबा अनि उनको चिनाको नाम 'छेकु डोल्मा (तारा रानी) हो। बाल्यावस्थामै आमाको मृत्यु भएको कारण पारिजातलेमातृस्नेह अनुभव गर्न पाइनन्। दर्जीलिङ्गको सामान्य स्कूलबाट प्रारम्भिक शिक्षा प्राप्तगरी पछि उनी नेपाल बसाई सरिन।

नेपाल आएर उनले आफ्नो बि.ए. सम्मको अध्ययन पूरा गरिन्. बि.ए. को अध्ययन पूरा गरेर कहिँ भर्ष उनले वासुदेव लुइँटेलको सह्योगमा मदन मेमोरियल स्कूलमा अध्यापकका रुपमा कार्य पनि गरिन्। मदन मेमोरियल स्कूलमा पढाउँदै बिरामी हुन थालेकाले उनी भएर स्कुल छाड्न बाध्य भइन्। पारिजातलाई एथ्राइटिज, कुँजो, क्षयरोग, दम, अल्सर जस्ता रोगहरु लागेको थियो। पारिजातको निधन लामो समयसम्मको पुरानो रोगले वीर अस्पतालमा वि.सं. 2050 साल वैशाख 5 गते बिहानको 4 बजे भयो।

### 2.2.2 परिवार

पारिजातको जन्म दार्जीलिंगको अवता सामान्य परिवारमा भएको थियो। परिवारमा पारिजातको आमा बाबु र एकजना दाजु अनि एउटी बहिनि पनि थिए। पारिजातले वाल्य अवस्थामा आफ्नु आमालाई गुमाई। त्यस पछि एकमात्र दाजुको पनि मृत्यु भयो। दार्जीलिंग बाट नेपाल भित्रिए पछि उनी बाबुको संरक्षण र रेखदेखमा काठमाडौँमा बसि तर वि. सं. 2029 सालमा बाबुको पनि मृत्यु भएपछि उनी पितृस्नेहबाट पनि बन्चित हुनपुगि. उनको जीवनको अन्त्यसम्म उनको परिवारको रुपमा उनकी बहिनि सुकन्या थिइन्।

### 2.2.3 शिक्षा – दिक्षा

पारिजातको जन्म दार्जीलिंगको लिंगी चिया कमानमा भएको थियो । दार्जीलिंगमा जन्म भएकोले प्रारम्भिक शिक्षा पनि उनले दार्जीलिंगबाट प्राप्त गरिन्। प्रारम्भिक शिक्षा दार्जीलिंगबाट प्राप्त गरेपछि वि.सं 2011 सालमा उनी आफ्नु परिवार सँगै नेपाल गईन्। नेपाल गएर उन्ला पद्माकन्या विद्याआश्रमबाट एस.एल.सी परिक्षा पास गरि पद्माकन्या क्याम्पसबाट बी. ए. को अध्ययन पूरा गरिन्। अंग्रेजी साहित्यको अध्ययन गर्नको निम्ति उनले त्रिभुवन विश्वविद्यालयमा अंग्रेजी बिषयमा एम.ए गर्नको निम्ति भर्ना लिइन तर शारीरिक असक्तता र लेखन कार्यमा विशेष सक्रिय भएको कारणले उनको अध्ययन अधुरो रह्यो। बि.ए. को अध्ययन समाप्त गरेर केहि बर्ष सम्म उनले मदन मेमोरियल स्कुलमा अध्यापनको कार्य पनि गरिन्।तर शारीरिक करारणले गर्दा उनले त्यो जागिर पनि छोड्न बाध्य भइन्।

## 2.2.4 पेशा, सेवा तथा संलग्नता

पारिजातले पेशागत रुपमा बि.ए को अध्ययन समाप्त गरेर केहि बर्ष सम्म वासुदेव लुइँटेलको सहयोगमा मदन मेमोरियल स्कुलमा अध्यापकका रुपमा काम गरिन्। यी समयमा उनले स्कुलमा नेपली, अंग्रेजी, भूगोल अनि भारतको इतिहास पढ़ाउँथिन। पारिजातले विभिन्न साहित्यिक र राजनैतिक संघ-संस्थाहरुमा आबद्ध रहेर साहित्य अनि समाजको सेवा गरिन्। उनी नेपलीको विभिन्न राजनैतिक आन्दोलनमा पनि आबद्ध रहिन र पारिजात माक्सवादी विचारमा बगेकी स्रष्टा थिइन्।

उनको भाषासाहित्यको सेवा र योगदानको कदर गर्दै वि. सं. 2022 सालमा उनलाई मदन पुरस्कारले सम्मानित गरियो। वि. सं. 2023 सालमा तत्कालिन राजनीतिक व्यवस्थाविरुद्ध विद्रोहको स्वर उचाल्न केही सङ्गीतकार र लेखल कविहरुले ‘राल्फा समूह’ को निर्माण गरे यस समूहका केन्द्रबिन्दुका रुपमा पारिजात रहिन। शारीरिक रुपमा अशक्त भएर पनि यो समूहसँग पारिजात विद्रोहका स्वर उचालदै देश - विदेश भ्रमण गरिन्। उनले नेपली कम्युनिष्ट पार्टी चोथो महाधिवेशनको सदस्य पनि लिएका थिए। वि. सं. 2046 साल चैत्र3 गते भएको लेखक तथा कवि कलाकारको ऐतिहासिक विरोद्ध प्रदर्शनमा पारिजात सहभागी थिइन्।

पारिजाले साहित्यको उत्थान, नेपालमा प्रजातन्त्रको प्राप्ति, मानव अधिकार र महिला मुक्तिको आन्दोलनमा ठूलो योगदान थियो। प्रगतिशील लेखक संघको

स्थापना र त्यससँग आबद्ध भएर उनले महत्वपूर्ण भूमिका निभाइन। पारिजात 'अखिल नेपली महिला मञ्च' र 'बन्दी सहायता नियोग' का संस्थापक अध्यक्ष, 'इन्द्रेणी संस्कृतिक समाज' का मानार्थ अध्यक्ष, ' नेपाल मानव अधिकार संगठन' का संस्थापक उपाध्यक्ष अनि त्रिभुवन विश्वविद्यालय सभा' को मनोनित सदस्य पनि थिइन्।

### 2.2.5 सम्मान तथा पुरस्कार

बहुमुखी प्रतिभाकि धनी पारिजातले  साहित्य लेखन सँगसँगै विभिन्न सङ्घ संस्ता अनि सामाजिक कार्यहरूमा पनि आफ्नु अतुलनीय योगदान दिएका छन्।उनले साहित्य लेखन, समाजसेवा आदिमा पुर्याएको योगदानका निम्ति उनलाई विभिन्न सम्मान र पुरस्कारहरुले सम्मानित गरिएको छ।

पारिजातले आफ्नो जीवनकालमा पाएका सम्मान अनि पुरस्कारहरू निम्नलिखित छन् -

**मदन पुरस्कार** (वि. सं. 2022)

**युगज्ञान पुरस्कार** (वि. सं. 2027)

**पाण्डुलिपि पुरस्कार** (वि. सं. 2049)

**गंकी बसुन्धरा पुरस्कार** (वि. सं. 2049)

## 2.3 पारिजातको कृतिगत दर्शन

कविता, उपन्यास, कथा, बिचार-लेख,निबन्ध प्राय साहित्यको सबै विधाहरूमा कलम चलाएकी पारिजातलाई समालोचकहरु उपन्यासकारका रुपमा उनको योगदानलाई अविस्मरणीय मान्दछन्। उपन्यास लेखनमा उनको शिल्पकारिता र दर्शन मुख्य विशेषता मानिन्छ। उनको **शिरीषको फूल** उपन्यास प्रकाशित भएपछि धैरुइ चर्चित भयो। उपन्यासमा रहेको कलात्मक गुण र दर्शनले असंख्य पाठकहरुको मन् जित्न सफल भअको थियो यो उपन्यास।

पारिजातका कृतिहरुलाई दुई भागमा राखेर हेर्न सकिन्छ उनको प्रारम्भिक कालको स्वछन्दलेखन अनि पछिको प्रगतिशील विचार र दर्शनमा

आधारित लेखन हो। प्रम्भाका उनका उपन्यास, कथाहरुमा प्रगतिशील विचार पाइँदैन। यस समयमा विशुद्ध कलात्मक मूल्यका रचनाकारका रुपमा पारिजात स्थापित थिइन्। यस क्रममा समीक्षकहरुले नारी मन्का असामान्य अवस्थालाई अत्यन्त सूक्ष्मतापूर्वक प्रस्तुत गर्ने असाधारण प्रतिभाका रुपमा लिने गर्छन्। यसै परिप्रेक्षमा लेखिएको पारिजातको "महत्ताहीन" उपन्यास उच्चास्तरको छ । पारिजातका लेखनको अर्को पक्ष प्रगतिशीलता हो।

प्रगतिशील विचारधारालाई आत्मसात गरेपछि उनको लेखनमा ठूलो परिवर्तन आएको छ। यस समयमा उनीमा लेखनलाई एउटा विशेष दृष्टिकोणबाट हेर्ने धारणा विकसित भए छ। यस समयमा पारिजातले मार्क्सवादी धारणालाई मूल रुपमा अङ्गलेर लेखेका उपन्यासहरु 'तोरीबारी बाटा र सपनाहरु', 'पर्खालभित्र र बाहिर', 'उसले रोजेको बाटो', 'अनिदो पहाडसँग', 'अन्तर्मुखी' आदि हुन्। पारिजातका यी उपन्यासहरुमा कलात्मक मूल्यले भन्दा बढी राजनैतिक प्रतिबद्धताले स्थान पाएको छ। पारिजातका कृति र उनका जीवनलाई अध्ययन गर्दा निम्न दर्शनहरू पाइन्छन् । ती हुन् -

### १. अस्तित्ववादी,विसङ्गतिवादी /शून्यवादी दर्शन

अस्तित्ववाद ज्ञान दर्शनको क्षेत्रमा अतर्कबुद्धिवादी धारा हो। ज्ञानको स्रोतका रुपमा यसले वस्तुगत सामाजिक यथार्थलाई नकार्दछ र बुद्धि अनि वुवेकको महत्वलाई पनि स्वीकार गर्दैन। प्रज्ञा, स्वानुभूति, अचेतन संकल्प अनि सहजवृत्ति नै यसका लागि प्रमाणिक हुन्। अस्तित्ववादी विचारधाराहरुका मत अनुसार अस्तित्वको मूल तत्त्व व्यक्ति र उसको स्वतन्त्रा हो। व्यक्ति कुनै पनि कामकुरा छनोट गर्न स्वतन्त्र हुन्छ। तर ऐतिहासिक नियतिको कारणले व्यक्ति व्यथा, पीडा अनि अवरोधहरुविरुद्ध लड्न सक्दैन अनि हीनताबोद्धले ग्रस्त भएर भयभीत र कायर बन्दछ। निरुद्देश्य भोतारिनु उसको प्राप्ति अनि निराशावाद, पलायनवाद, र शून्यवाद उसको लक्ष्य बन्दछ।

पारिजातका पहिलो चरणका कृतिहरुमा मूलरुपमा अस्तित्ववादी, फ्रायडवादी अनि व्यावहारवादी चिन्तन र दर्शन पाइन्छ। यस समयका उनका रचनाहरुमा पाइने विषयवस्तुगत विशेषताहरु पहिलो-प्रेम,विवाह,योन,परिवार,जीवन अनि जगत् र व्यक्ति तथा समाजमा प्रचलित सम्पूर्ण मूल्यमान्यता माथि रोक लगाउनु। दोस्रो- व्यक्ति स्वतन्त्र अनि व्यक्तिलाई आ- आफ्नु मूल्य मान्यताको निर्धारक

मान्नु। तेस्रो- सहजवृत्ति, अवचेतन मनको अनुसरण गरेर मूल्य निर्धारण गर्नु। अनि अन्य व्यक्ति स्वतन्त्रको अवरोधक ऐतिहासिक नियतिका विरुद्ध जुध्ने प्रयास गर्नु तर परिणामका रुपमा निराशा, शून्यता र मृत्युबोधमा पर्नु आदि।

असफल प्रेम वा प्रेमीको बिछोडबाट मर्माहतबनेकी छ, अनि प्रेम र योनका लागि तड्पिएकी छ। तर जब उसका लागि ती मृगतृष्णा बन्दछन् र प्राप्तिका लागि संघर्ष गर्नका निम्ति ऊ इच्छुक नहुन अनि जीवनलाई निरर्थक ठानेर निराशा, पलायन र अन्त्यमा मृत्युबोद्धको शिकार हुन पुग्छ। उदहारण – "प्रेम एक मृगतृष्णा, 'पारिजातका कविताहरु' को भावभूमि निराशावाद र शून्यवाद रहेको छ। कविताहरुमा कुनै नव युवती प्रेम एक चखेवाको लोभ, म मेरो मिठा सपनाहरुलाई हेर्दै पोल्दै गर्दैछु, प्रिय, म मरिसके, प्रेम मर्दैन तर यसलाई मर्नुपर्छ."( लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र ), "यहाँ जीवन होइन, मृत्युको पूजा चलिरहन्छ, तर निरुद्देश्य जिउन नै चहान्छन् पथभ्रान्त मानिसका मोडेल, ( बाँधिएको आकाश र उद्देश्यहीन म ) "पहिले नै मरेको हुन्छ मैले मनु नोआलाई, नयाँ सृष्टिको बिहानी हेर्ने मेरो कुनै चाख छैन", ( ओंसीका रत र अन्त ) यी पारिजातका निराशावाद र शून्यवादका अभिव्यक्ति हुन्।

पारिजातको **शिरीषको फूल** उपन्यास अस्तित्वको सफल प्रयोग हो। उपन्यासमा सुयोगवीर, सकम्बरी र शिवराज मुख्य पात्रहरु हुन्। पत्र हरु जीवन जगत् र प्रेम सबैकुरालाई निसर मन्छन्। तिनीहरु प्रेम योन र विवाह माझ कुनै सम्बन्ध देख्दैनन्। उपन्यासमा सकम्बरी झरेर सुगन्ध दिने शिरीषको फूल बनेकी छ भने सुयोगवीर फूलको रस चुसेर भाग्ने भ्रमरा। दुवै प्रेम विहीन योनबाट तिर्खाएको छ। सुयोगवीर आफ्नो योन तिर्खा सकम्बरीलाई चुम्बन गरेर पुरा गर्न चहान्छ तर सकम्बरीका निम्ति सुयोगवीरको त्यो चुम्बन मृत्युको कारण बन्दछ। सकम्बरीको मृत्यु पछि सुयोगवीरको जीवनमा महाशून्य आएको छ। पन्यासमा शून्यवादको सफल प्रयोग भएको छ।

**'आदिम देश'** कथाहरुमा पनि यसै प्रकारको कुण्ठ, मनोविकृति, निसरता पाइन्छ। 'आदिम देश' कथा सङ्ग्रह भित्रका कथाहरुमा विचारशून्यता, निरर्थकता, असन्तुष्टि,र अविश्वासका भावहरु छ। यि कथाहरुमा जीवनलाई अनुभूतिहीन अनुभूति मनिएको छ। "बिसौँ शताब्दीको एउटा गल्लीमा" ले सम्पूर्ण विश्वलाई एउटा क्यान्सरको ट्युमर मानेर व्यभिचारिता अनि मृत्युबोद्धकको चित्रण

गरेको छ। "मैले नजन्माएको छोरो" कथाकी पात्र अन्तर्मुखी शिक्षिका बिहे गर्न चाहन्न तर छोराको स्वैर कल्पना गर्छ। ऊ योन तिर्खाले कुण्ठित छ। उसले विवाह नगरेकोमा आफ्नो स्वतन्त्र अस्तित्व देख्छे। ' सोफिज्म मेरो लोग्नेसँग कुराकानी" कहिँ नहुनु नै जीवनको अर्थ अनि 'अर्थ न हुनु नै विशेष अर्थ' बताएको छ। कथामा आइमीले आफ्नो लोग्नेलाई बिर्सेको तथा परसंपृक्ता स्वास्नीसँग पुन योन सम्बन्ध भएको बाताएको छ। कथामा त्यो आइमाई बिहेलाई मान्यता दिएर आफ्नो अस्तित्व गुमाउन चाहन्न ऊ आफैलाई शून्यको अन्तिम निखारले चारैतिरबाट लपेटेको ठान्छे. यहाँ अन्य कथाहरु पनि यस्तै प्रकारका छन्।

**'महत्ताहीन'** उपन्यासमा पनि बेनामी पुरुष विवाहित श्रीमतीसँग असंपृक्त रहन्छ अनि आत्माहत्या गर्छ। तर त्यो पुरुष भट्टीपसल्नी शियासँग संपृक्त हुन्छ। यसमा निर्थकता अनि सून्यतायसको सर हो। 'सडक र प्रतिभा' क्लाथा सङ्ग्रहका केहि कथाहरुमा पनि विसङ्गति व्यक्त छ। 'सडक र प्रतिभा' कथामा दुई मित्रहरु महत्ताबोध र हीनताबोधको द्वन्द्वमा फसेका छन्। उनीहरुका दृष्टिमा मान्छे र पशु एकै हो। उनीहरु प्रेमलाई जन्तुसुख अनि जीवनलाई निसार ठान्छ। 'प्रतीक' कथामा पनि ऊ पात्रले शहरका मान्छेलाई जनावर ठान्छ। एउटी आइमाई र लोग्नेमानिस सँगै हिडेको देख्दा कुकुर गासिएको भनि घृणा गर्छ। यस कथा सङ्ग्रहका अन्य कथाहरुमा पनि पारिजातको नारीवादी,विसङ्गतिवादी, पलायनवादी,योनवादी चिन्तन र दर्शन रहेको पाइन्छ।

यस अवधिमा उनले लेखेको रचनाहरु 'जीवन एक बेवारिस मृत्युको मुचुल्का', 'लाहुरेलाई एक रोगीको प्रेमिकाको पात्र'जस्ता कविताहरु अनि 'बीसौँ शताब्दीको एउटा गल्लिमा', 'मैले नजन्माएको छोरा'जस्ता कथाहरु र शिरीषको फूल उपन्यास देश विदेशमा पनि चर्चित बनेको छ। शंकर लामिछानेले भनेका छन् 'शिरीषको फूल उपन्यासले हामीलाई विश्व साहित्यको क्यालेन्डरमा 1966 मा पुर्याएको छ। यसरी हेर्दा पारिजातका कृतिहरुमा समाज अनि यथार्थ जीवनबाट धरै टाढा रहेका व्यक्तिहरुको मनमोजीपन,त्रासदिय दुर्दशा, निसरता, हीनता,कुण्ठा, मनोविकृति र शून्यबोद्धको अनुभूतिलाई आनन्दभूतिका रुपमा प्रस्तुत गरेको पाइन्छ। पारिजातका पात्रहरू प्रतेक सामाजिक मूल्य-मान्यता र मर्यादालाई तोडेर नितान्त वैयक्तिक, असामाजिक र अमानवीय मूल्य-मान्यता स्थापित गर्न चाहन्छन्। पारिजातका कृतिहरुमा जीवनशील, सुन्दर र उदारप्रति घृणा अनि कुरूप, मरणशील, कुरूप र नीचप्रति प्रेम तथा सहानुभूति प्रकट

गरेको पाइन्छ। कलात्मक प्रतिबिम्बनको क्षेत्रमा मिथक र स्वैर कल्पनाका आधारमा अयथार्थ अनि असामाजिकीकरणको आकृति गढ़ने काम गरिएको छ।

सोंदर्यनुभूतिको साचो स्रोत वस्तुगत यथार्थ र मानिसको सामाजिक जीवनलाई निषेध गरिएको छ । अनुभूतिको जगत्बाट विवेकलाई हटाई, मानवीय वा वर्गीय आवेगको ठाउँमा सहजवृत्ति वा पाशविक आवेगलाई प्राथमिकता दिएको अनि वर्गीय संवेदनाको निषेध गरि पाशविक उत्तेजना जगउने प्रयासह गरिएको छ। सारमा भन्नु पर्दा पारिजातका यस समयका कृतिहरुमा मानसिक विकृति,कुण्ठा, पिडा, निराशा, पलायन, हीनता, हीनताबोध, कायरता, विसङ्गतिबोध, मृत्युबोध अनि शून्यबोद नै पारिजातका रचनाबाट प्राप्त चिन्तन र दर्शन हुन्।

पारिजातका वि. सं. 2027-2029 सालका कृतिहरु 'सडक र प्रतिभा' का कथाहरु, 'बैशको मान्छे' उपन्यास र ' धूपी, सल्ला र लाली गुराँसको फेदमा' संस्मरण आदिमा पारिजात शून्यवाद, अस्तित्ववादलाई त्यागी बिस्तारै राल्फाली विचारधारासँग जोडिन पुगेका छ। तर सम्पूर्ण रुपमा भन्ने उनले अस्तित्ववादलाई त्यागेका छैनन्। त्यसैले उनका यस समयका कृतिहरुमा अस्तित्ववादी, शून्यवादी साथै राल्फाली चिन्तन र दर्शन पाइन्छ। पारिजात यस अवधिमा साम्राज्यवादी संस्कृति र चिन्तनबाट प्रभावित रहे पनि काल्पनिक समाजवादप्रति बढी आकर्षित देखिनचा। यस समयमा पारिजातमा नव अराजतकता हावी रहेको छ। उनको चिन्तन, यान्त्रिक भोतिकवाद र निषेधात्मक द्वान्दवादबाट प्रभावित रहेको देखिन्छ।

यसै समयका उनका कृति **'बैसको मान्छे'** उपन्यासमा उनको अराजकतावादी चिन्तनको अभिव्यक्ति भएको छ। प्रस्तुत कृतिमा निसारता, उद्देश्यहीनता, कीरा बोध, प्रचलित मूल्यको अस्वीकृति जस्ता अस्तित्ववादी स्वरहरु पाइन्छ। योन फ्रायडीय धारणाका रुपमा योन स्वतन्त्रा, नाङ्गो संभोग र मानसिक विकृति पनि छन्. शोषण, अन्याय अत्याचार, समाजमा प्रचलित व्यवस्थाको विरोध, देशभक्ति, गरिबहरुको मुक्ति, समाजमा रहेको पुरानो मूल्य-मान्यता प्रति विरोधजस्ता प्रगतिशील धारणाहरु छन्।

### २. **माक्सवादी / प्रगतिवादी दर्शन**

वि. सं. 2030 सालको प्रारम्भबाटै पारिजात माक्सवादी चिन्तन अनुरुप सृजना कार्यमा संलग्न हुनथाले। 'पर्खालभित्र र बाहिर' उपन्यासमा जीवन, जगत्, प्रेम,

योन, विवाह, व्यक्ति अनि समाज सबै कुरालाई माक्सवादी नैतिक मूल्य, द्वन्दात्मक र ऐतिहासिक भोतिकवादी विश्वदृष्टिकोणका आधारमा हेर्ने प्रयास गरएको छ। उपन्यासको विषयवस्तु र पात्रहरुको छनोट सामाजिक जीवनबाट गरिएको छ। उपन्यासमा पात्र ज्वालाले उग्रवाद र रमेशले क्रान्तिकारी धाराको प्रतिनिधित्व गरेको छ जुन कुरा तत्कालिन वस्तुगत अनि आत्मगत परिवेशअनुरुप छन्। उपन्यासका सहायक पात्रहरु बटुली, कूरी, लाले आदि पात्रले रमेशलाई धुरी बनाएर अघि बढेको छ। रमेश उपन्यासमा प्रमुख पात्रको रुपमा छ। रमेश जेलबाटको मुक्तिलाई मुक्ति मान्दैन वास्तविक मुक्तिका लागि युद्ध लड्नु पर्छ भनि ठान्छ तर अन्त्यमा ऊ संघर्ष गर्दागर्दै फेरी पक्राउ पर्छ।

**'तोरीबारी, बाटा र सपनाहरु'** उपन्यामा पनि युवती नायिका समाजमा प्रचलित मूल्य र मन्यत र शोषणका विरुद्ध खडा छ। ऊ जीवनको नयाँ नयाँ सपना देख्दछे अनि शोषित वर्ग र नारी जातिको मुक्तिका आमूल परिवर्तनको पक्षमा छ। 'अन्तर्मुखी' उपन्यासकी टाइपिष्ट युवती अन्तर्मुखी भएर पनि शोषणको विरुद्ध क्रन्तिमुखी बन्न खोजेकी छ। 'उसले रोजेको बाटो' उपन्यासको नायक भारत र नेपालका होटेलहरुमा काम गर्दा निकै दुख पाएको,जीवनमा तमाम हण्डर खाँदै अन्त्यमा क्रान्तिको बाटो रोज्न पुगेको छ। 'अनिदो पहाडसँगै' यस अवधिमा रचिएको राम्रो उपन्यास हो। उपन्यासमा वि.सं. 2035-2036 को जानआन्दोलनको राम्रो चित्रण गरिएको छ। एम. आर, लालबहादुर, गोरिमय र सुवानी यस उपन्यासका निकै कुँदिएका पात्र हुन्। उपन्यासमा सुवानीको भूमिका महत्त्वपूर्ण छ. लालबहादुरलाई पुलिस अफिसको झट्केलो छोरोको रुपमा प्रस्तुत गरेर केहि कृत्रिमताको लागे पनि उपन्यासलाई वैचरिक, राजनैतिक, संगठनात्मक हर दृष्टिले सशक्त रचना मान्नु उपयुक्त हुन्छ। ' सल्गीको बलात्कृत आँसु' कथा संग्रहका कथाहरु पनि सशक्त रहेका छन्। यस अवधिमा लेखिएका संस्मरण र कविता पनि सशक्त देखिन्छन्।

यस अतिरिक्त कतिपय लेख अनि अन्तर्वाताहरुमा पारिजातका साहित्यिक मान्यता सम्बन्धी जुन विचार व्यक्त भएका छन्, त्यसबाट पनि उहाँको चिन्तन र दर्शन सम्बन्धी मान्यता व्यक्त भएको छ। वि. सं. 2038 सालमा नेपली साहित्यलाई 'दुई वर्गको सांस्कृतिक उद्देश्यहरु बिच चलिरहेको संघर्षको रुपरेखा बताएका छन्। यसै साल प्रकाशित उनको 'स-साना कुरा' शीर्षक लेखमा उनले नयाँ समाजको निर्माणको कामलाई सबैभन्दा ठूलो उत्तरदायित्व ठानी त्यसको

निम्ति प्रगतिशील अनुशासन अक्दमै जरुरि भएको बताएका छन्। उनको विचारमा 'प्रकृतिमा रहेको अन्तविरोधको सर्वभोमिकता र अरु विशिष्ट अन्तविरोधहरुको नियम नै साहित्यमा लागु हुन्छ। मार्क्सवादअनुरुप सभ्यताको सम्पूर्ण इतिहास नै वर्ग संघर्षको इतिहास हो भने साहित्यले पनि यसभन्दा बेग्लै परिभाषा बोक्तैन, त्यसैले साहित्य देश, कल परिस्थिति र वर्ग सापेक्ष हुन्छ'। साथै उनले ' मानव इतिहासको प्रगतिलाई उच्चतातर्फ लैजानु नै साहित्यको सार्वभोमिक भूमिका मानेका छन्।

पारिजातको श्रम र श्रमिक जनताप्रति प्रेम रहेको छ, तर त्यस अतिरिक्त पुरुषभन्दा पनि  शोषित महिलाहरुप्रति उनको विशेष स्नेह रहेको छ। पारिजात नारीहरुलाई अनुभूतिको आधारमा पुरुष भन्दा नेकै धनी मन्छन्। यी सबै कुराबाट स्पष्ट हुन्छ पारिजात नयाँ समाजको निर्माण गर्ने उद्देश्यप्रति निष्ठावान हुनु हुन्छ। पारिजातले आन्दोलन, सिद्धान्त र राजनीतिका साथै लामो समय समयसम्म सांगठानिक प्रतिबद्धता समेत निर्वाह गरिन्। कलात्मक प्रतिबिम्बनको क्षेत्रमा उनले नेपली समाजको वर्ग संघर्षको यथार्थलाई गतिशील ढ्गले अभिव्यक्ति गर्ने, जनताबाट लिएर जनतालाई दिने र बस्तुबाट चेतना तथा चेतनाबाट वस्तुमा जाने द्वन्दात्मक भोतिकवादी मान्यतालाई राम्रोसँग पकड्ने प्रयास गरेका छन्। वस्तु र शैलीबीच द्वन्दात्मक एकता कायम गर्ने उनकियो प्रयास साह्रानीय छ। उनी वर्गसंघर्षको बीचबाट कैयों सशक्त क्रान्तिकारी प्रारूपहरु सृष्टि गर्न पुगेका छन्।

यस्ता प्रारूप जुन हर कुरूप र निचता विरुद्ध जुधेका छन् जसले जिउनुको सहि सर विध्नबाधाहरुसँग जुध्न सक्नुमा देख्दछन् जसका निम्ति प्रेम, योन, विवाह, सुख-दुख, भावना संवेदना, रुचि सन्तुष्टि र अन्नद सब वर्ग हित अनि क्रान्तिसँग जोडिन पुगेको छन्। यस समय पारिजातले आफ्नो रचनाहरुमा वर्ग सचेत द्दष्टि, कर्म र परिवर्तनका सन्देश अभिव्यक्त गरेकी छन्। नेपली प्रगतिवादी साहित्यलाई समाजवादी यथार्थवादी मान्यता अनि माक्सवादी सोंदर्य द्दष्टि अनुरुप समृद्ध बनाउने काममा उनको प्रयास सशक्त रहेको छ।

### ३. नारीवादी चिन्तन/ दर्शन

पारिजातले आफ्नो नारीवादी चिन्तन दर्शन र विचारहरुलाई आफ्नो कविता, उपन्यास, कथा आदिमा कलात्मक रुपमा व्यक्त गरेको पाइनछ. हाम्रो जानजीवन हाम्रो समाजमा नारीहरुको अवस्थ कस्तो छ, नारी कसरि बाँसेको छ भन्ने कुरामा

उन्ला आफ्नो अभिव्यक्ति प्रस्तुत गरेका छन्- उनका दृष्टिमा स्वास्नीमान्छे पुरुषभन्दा धेरै उच्चा छ। समाजमा पुरुषको तुलनामा माथि छ।

'शिरीषको फूल' उपन्यासमा एकै घरका तीन दिदी - बहिनी 'मुजुरा' केहि फरासिली लोग्नेमान्छेको चाहना बोकेरपनि यसै उमेर बिताइरहेकी , 'सकम्बरी' सम्पूर्ण इच्छा, वासना दबाएर बसेकी, जीवन जगत्प्रति नै वितृष्णा बोकेकी अन्तर्मुखी, अनि तेस्रो बहिनी दिदीहरुभन्दा भिन्न, छुट्टै स्वभावकि यौवन चढ्नासाथ बिहे गरेर गएकि। यि तीनवटी नारीका भिन्न प्रकृति, स्वास्नीमान्छे समुदायका प्रतीक हुन् र सबैको रुचि, चाहना र स्वभाव एकै हुँदैन सबैलाई एकै साँचोमा ढालिन सकिदैन भन्ने विचार व्यक्त गरेका छन्। यसका पुष्टिका निम्ति उदहारण- सुयोगवीर नारीप्रति भौतिक र शारीरिक मिलनको तीब्र इच्छ हतार बोके पनि यसै तड्पिरहन विवश छ। सकम्बरी स्वास्नीमान्छेको प्रतीक पुरुषप्रति बाह्य आकर्षण नभएकि, अनास्था बोकेकी, पारिजात फूलजस्तै अलिकति हावाले छुनासाथ भुइँ खस्ने अति कम्जोर. सुयोगवीरको एउता चुम्बनले ओछ्यान परेर मृत्यु पाएकि।

कस्तो अनोठो बिडम्बना बोक्न बाध्य हुन्छ- पुरुष सुयोगवीर. आफूले सकम्बरीको ओठ छोइदिकै कारण उसको मृत्यु ठान्न, आफू अपराधी भएको मान्न विवश ... डर, ग्लानी र पछुतो बोक्छ सुयोगवीर. " मैले सकम्बरीलाई मरे.... बलात्कार गरे...., म एउटा महासून्य भित्र बाँचिरहेछु." धरै जस्तो उपन्यासका कथाहरुमा पुरुषले भोग गरेर अलपत्र पारिएकी स्वास्नीमान्छेहरुको पिडा, दर्द, विवश बँचाइ वा मृत्यु वर्णन गरिएको पाइनछ। यस उपन्यासमा ठिक विपरित पारिजातले पुरुषको अवस्था त्यसको चित्रण गरिदीएर नारी महत्त स्वीकारेका छन्। नारी पुरुषका निम्ति अति गम्भीर र रहस्यको विषयका रुपमा स्थापित गरिदीएका छन्।नारी स्वंयमको चाहना नभई पुरुषको केहि जोड चल्न सक्दैन। चाहना दुवै पक्षमा सम्मान हुनपर्छ. एकोहोरो चाहनाको प्रयोग बलात्कार ठहर्छ। जुन कुरा पुरुष सुयोगवीर पात्रबाट उपन्यासमा प्रस्तुत गरिएको छ। उपन्यासमा नारी चरित्र र स्वभावको जटिलता अड्कल गराईभन्दा टाढाको विषय बन्न पुगेको छ।

**'बैसको मान्छे'** भित्र खास नारी पात्र नारी चरित्र चर्चा नगरिएता पनि देवलमा बस्ने एउटी गोल्ड्याङरी स्वास्नीमान्छेको स्तिथि चित्रित छ.मागेर पेट पाल्ने त्यस लाटीसँगै होटलमा भाँडा माझ्ने एउति भोटिनीको पनि सामान्य चित्रण उतारीएको

छ। गरिब निमुख स्वास्नीमान्छेप्रति समाजका पुरुष भनाउँदाहरूले कसरी शोषण गर्छन्। कसरि आफ्नो वासनापूर्ति गर्न लाटी, माग्ने असहाय जस्तालाई पनि चाडदैन् भन्ने कुरामा पारिजातको  समवेदना  प्रष्ट भएको छ।'पर्खालभित्र र बाहिर' उपन्यासमा पनि 'बाटुली' सामान्य तल्लो वर्गका स्वास्नीमान्छेको सिंगो प्रतीक हो। सानीआमाको शासन, आफूले नरुचाएकोसँग बिहे हुनु. विधवा, बुहार्तन र विभिन्न पारिवारिक अत्याचार र पिडाकी प्रतिमूर्ति हो बटुली। जाडो, झरी, बादल, घाम, रोग,भोकसँग लडेर पनि आफ्नो अस्तित्व अनि चरित्रमा कुनै खोट आउन नदिई जीवन धान्दै आएकि बाटुली। प्रतेक लोग्नेबाट बाँच्न संघर्ष गर्छ। बाटुलीको ठूलो आकाक्षा छैन उ मात्र मानिस भएर बाँच्न चाहन्छ। बाटुलीको यो चाहना नेपली समाजको निम्नवर्गीय अधिकांश स्वास्नीमान्छेको चाहना हो। स्वतन्त्र अस्तित्व बाँच्न चाहने असंख्य स्वास्नीमान्छे बाटुली सरह छन्। अहं र अस्मिता बोकेर बाँचेका छन्- जतिसुकै अप्ठ्यारो झेल्नु परे पनि।

**'परिभाषित आँखाहरु'** कि 'बिजुली- बिज्जी' भिन्न चरित्र भएका नारी प्रतीक हो। शहरी जनजीवन विशेषगरि गाउँबाट शहर ल्याइएका र पछि क्रमश कोशोरी-युवती हुँदै गएपछि-लोग्नेमान्छे मालिकले  खानलाउन दिएरको नाटक गरि कसरि शोषण गर्छ, कसरी राक्षसी बासना तृप्तिको साधन बनाउँछ यस्ता नारीहरलाई भन्ने शोषित नारीको कथा प्रस्तुत गरिएको छ। दैनिक लेखन शैलीमा तयार परिएको उपन्यास ' अन्तर्मुखी' मा सरला उपन्यासको मुख्य पत्र जो दैनिकी लेख्छ। ऊ बोल्दिन, विद्धोह गर्दिन त्यसैले ऊ अन्तर्मुखी स्वभावकि छे. मामा घरमा बसेर जागीर खाने, पढ्ने आफ्नो खुट्टामा आफै उभिन बाध्य सरला, एउता छुट्टै नारी चरित्र हो। समाजमा लोग्नेमान्छेप्रति आफूलाई रतेक क्षण होसियार राख्नुपर्छ। अफिसमा काम गर्ने नारीहरु कसरि पुरुष कर्मचारी, हाकिमहरुसँग आफूलाई सतर्क राख्नुपर्छ भन्ने नारीभाव व्यक्त छ।  छोटो तर सशक्त उपन्यास 'बोनी' कि बोनी एउटा अर्को छुट्टै नारी प्रतीक हो। बोनी आफ्नो प्रारम्भिक जीवनको संघर्षरत, विपन्न र उत्पीडित नारी प्रतिनिधि... पछि त्यही सामाजिक विषमता र भोग विलासी समूहबाट  बोनी स्वयं लागुपदार्थ सेवनमा संलग्न हुनु, दुर्व्यसनी पात्रालाई कथाको नायिका छान्नुमा पनि लेखिका पारिजातको एउटा ठूलो उद्देश्य रहेको प्रष्ट हुन्छ ।

नेपालमा लागुपदार्थको व्यापक खपत, शहरिकरण , नव सम्भ्रान्ताहरुको आफ्ना छोरा - छोरीप्रतिको बेवास्ता र त्यस्ता कुण्ठित र खुलाखर्च गर्न सक्नेहरुद्वारा

लागुपदार्थको कुलत समालु आजको नेपली समाजको चुनोती हो। पारिजातले बोनी यस्तै चरित्रहरुको एउता सशक्त उदारण दिदेइ , लागुपदार्थ, कुलतको परिणाम बोनी र उसको आत्महत्या देखाएर अरुलाई सचेत पार्न खोजेका छन्। पारिजातका अन्यकृतिहरु ‘अनिदो पहाडसँगै’ मा नारीलाई पूर्ण विद्रोहि चरित्रका रुपमा प्रस्तुत गरिएको छ। पुरुषभन्दा पनि अझ कर्मठ र उद्देश्यप्रति समर्पित रुपमा नारीको संघर्षशील व्यक्तित्वको वर्णन गरेका छन्।

पारिजातका कथाहरु सबै छुट्टा - छुट्टै नारी चरित्र र नारी भोगाइका वर्णनमा आधारित छन्। कथापात्रा नारीहरुका मध्यमबाट समाजका प्रत्येक क्षेत्रको प्रतिनिधित्व गराइएको छ। ‘सिमेन्टभित्र एउटा राजबेली’ कि चिनचा , ‘ सधै बिलु पर्ने हामी’ कि बेबी, ‘मैले नजन्माएको छोरा’ की म को बिहे नगरी, पोइको दासता नलिई छोरो खेलाउने लालसा-मानसिक अन्तरद्वन्द, ‘एक उडानमा’ की एयर होस्टेज सोफियाको जीवन चक्र, ‘तिउरीको फूल पायरियाको गन्ध’ कि लाटी, ‘निर्माणको मोडेल समयभित्र’ का सडक निर्माण नाइकेको तिर्खा मेट्न विवश ज्यामी महिला, ‘अनिदो र शून्यता’ का मधू, ‘अप्ठ्यारो र अभ्यस्त मान्छे’ कि चमेली। ‘सल्गीको बलात्कृत आँसु’ कथा भित्रका सुल्केरी हुन्नसकेर मृत्युशय्यामा पुगेकी, ‘पुण्टेकी आमा’ की पशुभन्दा निम्नस्तरको जीवन जिउन बाध्य, ‘नैकपे सर्किनी’ फटाहा मिचाहाद्वारा बलात्कृत भएर जेल सजाय दिलाइएकी मसिनी, औषधि नपाएर अकालमा मरेकी ‘कालेकी आमा’, वेदेशमा बेचिएकी ‘सल्गी’, अर्काको घरमा काम गर्न बसेकी ‘कान्छी दनुवार’. लोग्नेको लात्ती घुस्सा र भनाइहरु खपेर पनि बाँच्न बाध्य ‘दिदी’ (लेखिका स्वंयकी), लेखिकाको साथी ‘दया’, पशुपति पाटीकी बूढी, ‘उसले रोजेको बाटो’ भित्रका – ज्ञानेकी आमा, ज्ञानेकी स्वास्नी गंगा,गरिब दमिनी, ‘तोरीबारी, बाटा र सपनाहरु’ की म, विधवा बूढी, म पात्रकी साथी अनि अन्य नारी पात्रहरु।

यी सबै नारी पात्रहरुका मध्यमबाट लेखिका पारिजातले नेपली समाजका विभिन्न पेशाका विभिन्न जाति, वर्ग र गाउँले शाहरिया जनजीवनका स्वास्नीमान्छेको सजीव चित्र उतारेकी छन्। पारिजातका कृतिहरुबाट ‘स्वास्नीमान्छे’ के हो उसका इच्छा, आकांक्षा र मूलस्वभाव कस्तो हुन्छ, हाम्रो समाजभित्र नारीहरुले भोग्नुपर्ने विभिन्न परिस्थिति बाध्यता र तिरस्कार, घरभित्र र बाहिर समाजका यातनाहरु प्रत्यक्ष छर्लगिन्छ। साहित्य समाजको ऐना हो भन्ने कुरा पारिजातका कृतिहरुले पुष्टि गर्दछन्। पारिजातका स्वास्नीमान्छे पात्राहरु अन्य साहित्यिक कृतिहरुमा पाइने

नारी पात्रा जस्ता आडम्बर, अस्तित्वहीन र सामाजिक परिवारिक अत्यचार, अन्याय र शोषण बीच बाँच्न विवश छैनन्। केही स्वास्नी पात्राहरुको विवशता देखाइए तापनि अधिकांश आफ्नै स्वतन्त्र अस्तित्व लिएर संघर्षसाथ बाँच्नका लागि प्रयासरत छन्।

हाम्रो पुरुषप्रधान समाज जाहँ नारीहरुको अधिकार हक-हित आज पनि सपना जस्तै छ। स्त्रीलाई भोग्यको साधन मात्र मान्ने धारणा बोक्ने समाज जस्ताको तस्तै छ। राजनीतिक पार्टी, दल भए पनि संस्कार नभएका हरु छन्। महिलाहरु स्वतन्त्र न्भएसम्म विश्वको कुनै पनि देशको स्वतन्त्र सम्भव नहुने, महिलाहरुले आफ्नो मुक्तियुद्ध आफै लड्नु पर्ने मान्यता धारणा राख्दै पारिजात आज विभिन्न नारी आन्दोलनमा देखा परेका अरु नारीको जस्तो पुरुषविरोधी विचार रख्तिनन्। उनका विचारमा महिलाले पुरुषविरुद्ध लड्ने होइन, पुरुषलाई छुट दिने क्रूर सामाजिक व्यवस्था विरुद्ध लड्नुपर्छ। एकले लड्ने होइन स्वभाव र चाहना मिल्ने पुरुषसँग लगेर लड्ने। खोक्रो आडम्बर, आदर्श र मर्यादाका नाउँमा गरिने शोषण, नारीको प्रकृतिले नै दिएका मातृत्व र वात्सल्य लाई उनको कमजोरी ठानेर दीनहीन बनाउँदै लैजाने समाज, नारी भोग्या मात्र हो भन्ने कुसंस्कार बोकेको पुरुषवर्ग, नारीका स्वाभाविक इच्छा आकांक्षा दबाएर राखिदिने समुदायको विरुद्ध पारिजातको कलम चलेको छ। उनले विचार दिएकि छन् अफ्ना कृतिमा। उनका कृतिहरु विचारप्रधान छन्।

## 2.4 उपसंहार

पारिजातको जन्म सन् 1937 सालमा दार्जीलिंगको लिंगी चिया कमानमा पिता के.एन. वाईबा र माता अमृता मोक्तानको गर्भबाट भएको थियो। पारिजाको न्वरनको नाम बिष्णुकुमारी वाईबा थियो भने लामाले उनको नाम छेकुडोल्मा ( तारा रानी ) राखिदिए को थियो। तर उनलाई अमर बनाउने नाम भने पारिजात नै हुन गयो पारिजात नाम उनले आफै रोजेकी थिए।

प्रारम्भिक शिक्षा दार्जीलिंगबाट प्राप्त गरि सन् 1954 सालमा काठमाडौँ भित्रिएकी पारिजातले पदमकन्या विद्याआश्रमबाट एस. एल .सी पासगरि पदमकन्या कलेजबाट बी.ए सम्मको अध्ययन समाप्त गरिन्। पारिजात अंग्रेजी साहित्य विषयमा एम. ए तहको अध्ययन गर्न भनि त्रिभुवन विश्वविद्यालयमा भर्ना

ता भईन तर शारीरिक अवस्थाले गर्द अध्ययन पूरा गर्न सकिन्छ । सन् 1956 सालमा धरती पत्रिकामा कविता प्रकाशन गरि आफ्नो साहित्ययात्रा सुरु गरेकी थिए। वि. सं. 2023 सालमा तत्कालिन राजनीतिक व्यवस्थाविरुद्ध विद्रोहको स्वर उचाल्न केहि सङ्गीतकार र लेखक कविहरूले आफ्नो प्रकारको समूहको निर्माण गरे। त्यो समूहको नाम “ राल्फा” थियो। पारिजात त्यो समूहको केन्द्रविन्दुका रूपमा रहिन्। वि. सं. 2035-2036 सालको आन्दोलनमा पनि पारिजात सक्रिय भईन्। 2036 सालमा प्रगतिशील लेखक कलाकार सङ्घको स्थापनामा पनि उनको भूमिका सक्रिय रह्यो।

पारिजात इसास ( इन्द्रेणी संस्कृतिक समाज) - को अध्यक्ष पनि थिइन्। गीत र सङ्गीतमा पारिजातक्जो ठूलो लगाव थियो। इशास र वेदना सांस्कृतिक समूहसँग भारतका विभिन्न प्रान्तहरू साथै स्वदेश र विदेश भ्रमण गरिन्। पारिजात विभिन्न राष्ट्रिय तथाअन्तराष्ट्रिय सङ्घ संस्थासँग पनि सङ्लग्न थिइन्। पारिजातलाई  मदन पुरस्कार (वि. सं. 2044), युगज्ञान पुरस्कार (वि. सं. 2027), पाण्डुलिपि पुरस्कार (वि. सं. 2049), गंकी बसुन्धरा पुरस्कार (वि. सं. 2049) आदि पुरस्कारले सम्मानित गरिएको छ. पारिजातद्वारा लिखित शिरीषको फूल उपन्यास अंग्रेजीमा **ब्लु मिमोसा** (Blue Mimosa) नाममा अनुवाद भएको छ अनि अमेरिकाको मेरिल्याण्ड युनिभर्सिटीको पाठ्यक्रममा पनि राखिएको छ। बहुमुखी प्रतिभाका धनीपारिजातको निधन नेपालको वीर अस्पतालमा वैशाख 5 गते वि.सं. 2050 साल भयो।

## 2.5 सार

यस प्रखण्डमा **पारिजातको जीवन र दर्शन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- पारिजात नेपली साहित्य जगतको एक शिर्ष स्रष्टा हुन्। कविता, कथा, उपन्यास साहित्यमा नवीनता थप्ने अग्रणी स्रष्टा पनि हुन्।
- उनले परम्परागत लेखनमा नवीनता ल्यान र अस्तित्ववादी,विसङ्गतिवादी अनि अराजक चिन्तनबाट माथि उठेर समाजवादी चिन्तन ल्याइ शोषित र पीडित जनताको पक्षमा उभिइन्।

**Notes**

- पारिजात जुन - जुन चिन्तन र साहित्य धाराको नजिक पुगिन्  ,त्यसै अनुरूप विचार र कला दुवैले सिँगारिएका कृतिहरु सिर्जना गरिन्।
- उनले 22 वटा पुस्तकाकार कृतिहरू नेपली साहित्यलाई प्रदान गरेका छन् । स्वछन्दतावादी धाराको कविता कृतिबाट आफ्नु साहित्यिक यात्रा आरम्भ गरकी पारिजाले साहित्यका अनेक मोडहरू पर गरिन्।
- प्रतेक मोडमा साहित्यिक किर्तिमान  कायम गर्दै  नेपली साहित्य आकाशमा उज्ज्वल ताराको रूपमा चम्किन पुगिन्। कथा यात्रामा उनको जुनजुन मोडहरू देखिए उपन्यासका पनि तीनै मोडहरू हुन्।
- उनको साहित्यिक जीवन दुई मुख्य मोडहरूमा बाँडीएको छ। उनको लेखाइको शैली अत्यन्त मनोहर छ।
- पारिजातले 56 बर्षे जीवनमा 37 बर्ष सम्म निरन्तर गतिशील रूपमा साहित्यको सेवा गरिन्। पारिजातका प्राय उपन्यासहरू प्रथम पुरुष द्दष्टिबिन्दुमा लेखिएको छ।
- प्रथम पुरुष द्दष्टिबिन्दुमा लेखिएको उपन्यासमा पात्रले स्वयम आफ्नै आत्माकहानी प्रस्तुत गरिरहेको हुनाले उपन्यासको कथयितानै मूल पात्रको रूपमा प्रस्तुत हुन्छ।
- प्रथम पुरुष द्दष्टिबिन्दु प्रयोग गरेर पात्रको आत्मसंस्मरण र द्दश्यचित्रणका कुराहरू प्रस्तुत गर्न पारिजात सफल भएकी छन्।
- उपन्यास लेखनको प्रारम्भ देखिने कवितात्मक गद्य भाषाको प्रयोग उनका उपन्यासमा देखन पाइन्छ।
- सामान्य भन्दा सामान्य कुरालाई बिम्बात्मक पाराले अत्यन्त लयात्मक बनाएर प्रस्तुत गर्नु उनको अर्को सामर्थ्य हो। यस द्दष्टिले उनको शिरीषको फूल उपन्यास सबैभन्दा आनन्दमय देखिन्छ। उ
- नका अन्य उपन्यास "बैँसाको मान्छे", "परिभाषित आँखाहरू" मा पनि कवितात्मक गद्य भाषाको तरल प्रयोग पाइन्छ । प्रतीक र पोथीगद्यको कुशल प्रयोग उनका उपन्यासमा पाइन्छ।

यस प्रखण्डको अध्ययनले **पारिजातको जीवन र दर्शन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त पारिजातको साहित्यिक परिचय र उनका जीवनको विविध पाटा सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 2.6 अनुशीलनी

1. कवि पारिजातको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि पारिजातका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्प्णी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि पारिजातको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि पारिजातका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रगतिवादी कविको रूपमा चिनाउनुहोस् ।

5. कवि पारिजातका कविताहरूमा पाइने काव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. पारिजातलाई किन शुन्यवादी लेखक भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. पारिजातलाई एक दक्ष कथाकारको रूपमा चिनाउँदै उनका कथाहरूबारे चर्चा गर्नुहोस्।

8. पारिजातको जन्म र मृत्युबारे एउटा गल्लिलो टिप्पणी लेख्नुहोस् ।

9 पारिजातको परिवार र शिक्षा - दिक्षाबारे लेख लयार पार्नुहोस् ।

10. साहित्यकार पारिजातको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 2.7 अतिरिक्त अध्ययन

२. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2. प्रधान, हृदयचन्द्रसिंह - **नेपाली काव्य र उसका प्रतिनिधि कवि** ।

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

Notes

5. सुन्दास, लक्खीदेवी (म्पास) - **सम्मेलन कविता सङ्ग्रह** ।

6. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

7. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

8. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

9. रिसाल, राममणि - **नेपाली काव्य र कवि** ।

10. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति** ।

11. शर्मा, तारानाथ -– **नेपाली साहित्यको इतिहास** ।
12. जिमबा, टेकध्वज आशा - **आधुनिक भारतीय कविता संचयन** ।
13. नेपाल, धनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।
14. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।
15. नवपानीया, हरिभक्त - **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

यस अतिरिक्त **पारिजात**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 2.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

६. पारिजातको साहित्यिक परिचय ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन्)**

७. पारिजातको जन्म, मृत्यु र परिवार ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.2.1 र 2.2.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. पारिजातको शिक्षा – दिक्षा र पेशा, सेवा ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.2.3 र 2.2.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. पारिजातले पाएको सम्मान तथा पुरस्कार ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.2.7 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१०. पारिजातको कृतिगत दर्शन ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.3 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 3, पारिजातको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

**संरचना**

3.0 उद्देश्य

3.1 परिचय

3.2 पारिजातको सामान्य परिचय

3.3 पारिजातको कृतिहरू

3.4 पारिजातको कृतिमा निहित सामाजिक मूल्य

3.5 पारिजातको कृतिमा निहित सांस्कृतिक मूल्य

3.6 पारिजातको कृतिमा निहित मानवीय मूल्य

3.7 पारिजातको कृतिमा निहित सार्वजनीनता

3.8 उपसंहार

3.9 सार

3.10 अनुशीलनी

3.11 अतिरिक्त अध्ययन

3.12 मूल्यबृद्धिको निम्ति उत्तर

## 3.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पारिजातको सामान्य परिचय
- पारिजातको कृतिहरू
- पारिजातको कृतिमा निहित सामाजिक मूल्य
- पारिजातको कृतिमा निहित सांस्कृतिक मूल्य

- पारिजातको कृतिमा निहित मानवीय मूल्य
- पारिजातको कृतिमा निहित सार्वजनीनता

## 3.1 परिचय

कवयत्री पारिजातको जन्म  दार्जिलिङको लिङ्गिया चियाबगानमा वि. सं. 1994 बैशाख महिनामा भएको थियो । उनको पिता कालुसिंह वाइबा एक चिकित्सक थिए र माता अमृत मोक्तान हुन् । उनको न्वारनको नाम **विष्णुकुमारी वाइबा** हो, तर लामाले **चेकुडोल्मा** (तारा रानी) राखिदिएका थिए । उनलाई अमर बनाउने नाम भने **पारिजात** नै हुन पुगेको थियो, जुन उनी आफैले रोजेकी थिइन् । उनका असङ्ख्या कृतिहरुले जिवन्त सुभास दिएर यस नामलाई सार्थक पारेका छन् । साहित्यका बिभिन्न बिधामा कलम चलाउने भएकाले नै पारिजात लाई बहुमुखी प्रतिभा सम्पन्न नारी भनिएको हो ।

वि. सं. 2013 सालमा '**धरती**' पत्रिकामा आफ्नो पहिलो कविता प्रकाशन गरी साहित्य यात्रा सुरु गरेकी कवि पारिजातका कविता सङ्ग्रहहरूमा **आकांक्षा** (2014), **वैशाख वर्तमान** (2050, मुत्युपछि प्रकाशित), **पारिजातका कविताहरू** (2044, ईश्वर बरालद्वारा सम्पादित), कथा सङ्ग्रहहरूमा **आदिम देश** (2025), **सडक र प्रतिभा** (2032), **साल्गीको बलात्कृत आँसु** (2043), **बधशाला आउँदा जाँदा** (2049) आदि, उपन्यासहरूमा **शिरीषको फूल** (2022), **महत्ताहीन** (2025), **बैँसको मान्छे** (2029), **तोरीबारी, बाटा र सपनाहरू** (2032), **अन्तर्मुखी** (2035), **उसले रोजेको बाटो** (2035, 'बेदना' पत्रिकामा प्रकाशित), **पर्खालभित्र र बाहिर** (2032 मा लेखिएको र 2035 मा प्रकाशित), **अनिंदो पहाडसँगै** (2039), **परिभाषित आँखाहरू** (2046), **बोनी** ( 2048) आदि, लेखमा **आधी आकाश**  (महिला मुक्तिसम्बन्धी लेखहरू, 2048 अनि संस्मरणहरूमा **धूपी, सल्ला र लीगुराँसको फेदमा** (2043), **एउटा चित्रमय सुरुवात**  (2045), **अध्ययन र संघर्ष**  (2051, मृत्युपश्चात प्रकाशित), **सुमित**  (2065, मृत्युपश्चात प्रकाशित) प्रकाशित छन् ।

## 3.2 पारिजातको सामान्य परिचय

Notes

वि. सं. 1990 सालमा दार्जीलिङ्गमा जन्मेकी पारिजात नेपली साहित्यको विशिष्ट व्यक्तित्व हुन्। वि. सं. 2013 सालदेखि कविता सिर्जनामा प्रवृत रहेकी पारिजातको वि. सं. 2013 सालमा "धरती" पत्रिकामा "दुइ कविता" प्रकाशित भएको थियो तर कृतिगत रूपमा उनको पहिलो प्रकाशित कृति वि. सं. 2014 मा प्रकाशित कविता संग्रह "आकांक्षा" हो। कविता पछि उनले कथा, निबन्ध, उपन्यास, आत्मसंस्मरण, नाटक क्षेत्रमा कलम चलाएको पाइन्छ।

विभिन्न विधामा कलम चलाएता पनि उनलाई ख्याती भने विशेष उपन्यास र कथा विधामा प्राप्त छ। उनका प्रकाशित कविता संग्रह – 'आकांक्षा' (वि. सं. 2014), 'बैँसालु वर्तमान' (वि. सं. 2050 मृत्युपछि प्रकाशित), 'पारिजातका कविताहरू' (वि. सं. 2044 ईश्वर बरालद्वारा सम्पादित) कथा संग्रह-'आदिम देश' (वि. सं.2025), 'सडक र प्रतिभा' (वि. सं 2032), 'साल्गीको बलात्कृत आँसु' (वि. सं.2043), 'बधशाला जाँदा आउँदा' (वि. सं. 2049) प्रकाशित उपन्यासहरू – 'शिरीषको फूल' (वि. सं. 2022), 'महत्ताहीन' (वि. सं. 2025), 'बैँसको मान्छे' (वि. सं. 2029), 'तोरीबारी बाटा र सपनाहरु' (वि. सं. 2033), 'अन्तर्मुखीन' (वि. सं.2035), 'उसले रोजेको बाटो' (वि. सं.2035), 'पर्खालभित्र र बाहिर' (वि.सं 2034), 'अनिदो पहाडसँगै' (वि. सं. 2039), 'परिभाषित आँखाहरू' (वि. सं.2046)। लेखहरू- 'आधी आकाश' (महिला मुक्ति सम्बन्धी लेखहरू, 'बोनी' उपन्यास (वि. सं. 2048). संस्मरण- 'धूपी, साल र लाली गुराँसको फेदमा' (वि. सं. 2043), 'एउटा चित्रमय सुरुवात' (वि. सं. 2045), 'अध्ययन र संघर्ष' (वि. सं. 2051 मृत्युपछि प्रकाशित), 'सुमित' (मृत्युपछि प्रकाशित). पारिजात राल्फाली आन्दोलनका एक प्रमुख वक्तित्व थिइन्।

राल्फा आन्दोलन साथ साथै राष्ट्रिय अनि अन्तराष्ट्रिय आन्दोलन सम्बन्धित उनका लेखहरू विभिन्न पत्र पत्रिकाहरुमा प्रकाशित भएको छ। मदन पुरस्कार (वि. सं.2022) युगज्ञान पुरस्कार (वि. सं.2027), पाण्डुलिपि पुरस्कार (वि. सं.2049) गंकी बसुन्धरा पुरस्कार (वि. सं.2049) पारिजातको वहुचर्चित उपन्यास शिरीषको फूल अंग्रेजीमा **ब्लु मिमोसा** (Blue Mimosa) नाममा अनुवाद भएको छ। उक्त उपन्यस संयुक्त राज्य अमेरिकाको मेरिल्यान्ड उनिभार्सिटीमा पढाइन्छ।

पारिजात नै त्यस्ती स्रष्टा हुन् जो नेपाली भाषा साहित्यकी एउटा सार्वजनिक चौताराकी पर्यायवाची बनिन् । ज - जसले पारिजातलाई हाम्री मात्र पेवा भने पनि र

पारिजात स्वयम्ले पनि आफूलाई कुनै खेमाभित्र सीमित पार्न चाहे पनि अन्ततः उनी सम्पूर्ण नेपालीकी पेवा बनिन् । अनि उनी नेपाली भाषासाहित्यकी एक प्रतिनिधि अस्तित्व नै बनिन् ।

पारिजातको जन्म सन् 1937 सालमा भएको थियो । यिनको स्कुलको नाउँचाहिँ विष्णुकुमारी वाइबा थियो । साथै यिनको चिनाको नाउँ भने छेकुडोल्मा (तारा रानी) थियो । विष्णुकुमारी वाइबाले पारिजातको फूल नदेख्तै आफैले आफ्नो नाउँ पारिजात राखेकी थिइन् । पारिजातको फूलको बोट भने यिनले काठमाडौं आएपछि मात्र देखेकी थिइन् । पारिजातको नाउँ राम्रो लागेर र पारिजातको फूल झरेपछि भुइँबाट मात्र टिपिन्छ भन्ने थाहा पाएर यिनले आफूलाई पारिजातमा नै रङ्गाएकी थिइन् ।

पारिजातका बुबा के. एस. लामा भारतीय सैनिक सेवामा आबद्ध थिए र आमा अमृता लामाले चाहिँ घरगृहस्थीलाई आफ्नो थाप्लामा बोकेकी थिइन् । पछि सैनिक सेवा छाडेर के. एस. लामा होमियो चिकित्सामा लागे । सैनिक सेवा छाडेपछि अथवा भनूँ औषधी बेच्ने काममा लाग्दा लामा परिवारको घरको छानो आर्थिक रूपले पातलो भएको थियो । पारिजातको बाल्यकाल कठ्याङ्ग्रिएर नै बित्यो । सानैदेखि उनी बिरामी भइरहन्थिन् । त्यसै बेलादेखि उनको शरीर कुँजिनेक्रम सुरु भएको थियो । पारिजात तेह्र वर्षी छँदा उनलाई हाडजोर्नी दुख्ने रोगले आक्रमण गरेको थियो । त्यही दुखाइ नै उनको जीवनभरिको साथी बन्न गयो । त्यसले उनलाई हरेक पल दुक्ख मात्र दिइरह्यो ।

पारिजात सानैदेखि अन्तर्मुखी स्वभावकी थिइन् । त्यस बेलादेखि नै उनी अटेरी, जिद्दी र एकलकाँटे पनि थिइन् । उनको वैयक्तिक चरित्रले उनलाई काव्ययात्रामा डोऱ्याएको थियो । सानैदेखि उनलाई आफ्नो घरगाउँका पाखा, पर्वत र जङ्गलमा डुलूँडुलूँ लाग्थ्यो, खोलाका डिलडिलमा सुतूँसुतूँ लाग्थ्यो र बाटाबाटामा गएर नाचूँनाचूँ लाग्थ्यो । पारिजात बाहिर गएको बेला सधैँजसो बनपाखाबाट फूल टिपेर ल्याउँथिन् र घरमा सजाउने गर्थिन् । फूल उनको मन पर्ने विषय मानिन्थ्यो । बाल्यकालमा नै पारिजातले आफ्नी आमा गुमाएकी थिइन् । त्यसैले घरका कामधन्दाहरू पनि पारिजातमा नै अटाउनुपर्थ्यो । त्यस बेला यिनले यस भूगोलको निर्देशक आफैलाई ठान्ने गर्थिन् र उनी जे मनमा लाग्यो त्यही गर्ने गर्थिन् ।

पारिजातले छ कक्षा पढ्न थालेदेखि नै धीत मर्ने गरी चुरोट तान्ने गर्थिन् । चुरोटमा राम्ररी बानी परेपछि यी गाँजा खान पनि तल्लीन हुन थालिन् । वास्तवमा बिहान बेलुकाको भात खाइसकेपछि धुवाँको हरर तलतल लागेको यी थाहा पाउँथिन् ।

पारिजातका बाबुको आफ्नी छोरीलाई डाक्टर पढाउने इच्छा थियो । तर पारिजातको भने नाच्न, गाउन, लेख्न, डुल्न, बरालिन, खेल्नमा नै मन थियो । त्यसैले उनले आफ्ना बाबुका योजनामा आफ्नो एक रत्ती मन दिएकी थिइनन् । उनी आफ्नो जीवनलाई स्वतन्त्र छाड्न प्रकृतिसँग अनुमति माग्थिन् । त्यसैले उनी कहिल्यै पनि अर्काको वशमा परिनन् । पारिजातले दशौं कक्षासम्म दार्जिलिङमा नै पढेर काठमाडौं प्रवेश गरिन् । काठमाडौंमा यिनी डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रममा भर्ना भएकी थिइन् ।

पारिजातले पद्मकन्या विद्याश्रमबाट एसएलसी पास गरिन् । यिनले आईए र बीए पद्मकन्या कलेजबाट पास गरिन् । पद्मकन्या कलेजमा पढ्दा पनि यिनले धेरै नै चुरोट तानिन् । त्यस बेला पद्मकन्यामा पढ्ने अरू विद्यार्थी पनि चुरोट खाने गर्थे । त्यहीँ पढेताका उनले गोविन्दबहादुर मल्ल गोठालेको 'युगको शिकार' नामक नारीप्रधान नाटकमा नायिकाका रूपमा अभिनय गरिन्; त्यस नाटकमा यिनको जोडा चित्तरञ्जन नेपाली थिए । अनि त्यस नाटकका निर्देशक चाहिँ श्यामदास वैष्णव थिए ।

## ३.३ पारिजातको कृतिहरू

वि. सं. 2013 सालमा 'धरती' पत्रिकामा कविता प्रकाशन गरि पारिजातले आफ्नो साहित्यिकयात्रा सुरु गरेकी थइन्। कविता लेखनबाट आफ्नो साहित्यिक यात्राको थालनी गरेकी पारिजातले साहित्यको विभिन्न विधामा कलम चालाएका छन्। उनका 4 वटा कविता सङ्ग्रह, 10 वाट उपन्यास, 4 वटा कथा सङ्ग्रह, एउटा नाटक सङ्ग्रह, एउता लेखनिबन्ध सङ्ग्रह अनि 3 वटा आत्मासंस्मरण प्रकाशित छ।

वि. सं 2013 सालमा 'धरती' पत्रिकामा "दुई कविता" प्रकाशित गरि पारिजातले आफ्नो कविता यात्राको थालनी गरिन्। उनको प्रारम्भिक कविताहरुमा स्वछन्दवादी प्रवृत्ति पाइनछ। कृतिगत रूपमा उनको पहिलो प्रकाशित कृति "आकाङ्क्षा" (वि. सं. 2014) कविता सङ्ग्रह हो। हाल सम्म उनका अन्य प्रकाशित कविता सङ्ग्रहहरु 'पारिजातका कविताहरु', 'बैंसालु वर्तमान', 'जुठी दमिनी' हुन्। यी कविता सङ्ग्रहका कविता हरुलाई हेर्द पारिजातका कविता यात्राको मुख्य तीन प्रवृत्तिहरु देखिन्छ। पारिजातका हालसम्म कविता सङ्ग्रहहरूमा

**आकांक्षा** (वि. सं. 2014)**, बैँशालु वर्तमान** (वि. सं. 2050)**, पारिजातका कविताहरू** (वि .सं. 2044) प्रकाशित छन् ।

पारिजातका नेपली कथा साहित्य जगतका स्थापित र प्रतिवद्ध कथाकार हुन्। उनको  कथा यात्राको सुरुवात वि. सं. 2021 सालमा प्रकाशित "मैले नजन्माएको छोरा" कथाबाट भएको हो। नेपली कथा साहित्यको आधुनिक कालमा आफ्नो कथाहरु लिएर देखापरेकी पारिजातका जम्मा चारवटा कथा सङ्ग्रहहरु प्रकाशित भएको छ। **"आदिम देश'** वि. सं 2025 मा प्रकाशित उनको पहिलो प कथा सङ्ग्रह हो। अन्य तीन कथा सङ्ग्रहहरु **"सडक र प्रतिभा'** (वि. सं. 2032), **"साल्गीको बलात्कृत आँशु"** (वि. सं. 2043), " **बधशाला जाँदा आउँदा**" (वि. सं. 2049) हुन्। यी चारवटा कथा सङ्ग्रहका कथाहरुको अध्ययन गर्दा उनका कथाहरुमा मुख्य रुपमा निम्न  प्रवृत्तिहरु पाइन्छ. पारिजातका चारवटा कथासङ्ग्रह भित्र जम्मा 47 वटा कथाहरु छन्।

नेपली उपन्यास परम्परामा पारिजात वि. सं. 2022 सालमा **'शिरीषको फूल'** उपन्यास लिएर देखा परेकी हुन्। पहिलो उपन्यासबाटै चर्चित भएकी पारिजातको **'महत्ताहीन'** (2025), **'बैँसको मान्छे'** (2029), '**तोरीबारी बाटा सपनाहरू'** (2033), '**पर्खालभित्र र बाहिर'** (2034), **अन्तर्मुखी** (2035), '**उसले रोजेको बाटो'** (2035), '**अनिदो पहाडसँगै'** (2039), '**परिभाषित आँखाहरू'** (2046) र **'बोनी'** (2048) प्रकाशित छन्। उपन्यास लेखनको प्रारम्भमा विसङ्गतिवादी-अस्तित्ववादी रमाएकि पारिजात बीचको समयमा राल्फाली आन्दोलनसँग सम्बद्धरहि यस समयका उनका उपन्यासहरूमा विद्रोह चेतना प्रबल रहेको छ।

पारिजातका प्रमुख कृतिहरू यस प्रकार छन् -

१. **कविता सङ्ग्रह** -  आकांक्षा (2014), वैशाख वर्तमान (2050, मुत्युपछि प्रकाशित), पारिजातका कविताहरू (2044, ईश्वर बरालद्वारा सम्पादित) ।
२. **कथा सङ्ग्रह** - आदिम देश (2025), सडक र प्रतिभा (2032), साल्गीको बलात्कृत आँसु (2043), बधशाला आउँदा जाँदा (2049) ।
३. **उपन्यास** - शिरीषको फूल (2022), महत्ताहीन (2025), बैँसको मान्छे (2029), तोरीबारी, बाटा र सपनाहरू (2032), अन्तर्मुखी (2035), उसले रोजेको बाटो (2035, 'बेदना' पत्रिकामा प्रकाशित), पर्खालभित्र र

पर्खाबाहिर (2032 मा लेखिएको र 2035 मा प्रकाशित), अनिंदो पहाडसँगै (2039), परिभाषित आँखाहरू (2046), बोनी ( 2048) ।

४. **लेखहरू** – आधी आकाश (महिला मुक्तिसम्बन्धी लेखहरू, 2048) ।

५. **संस्मरण** – धूपी, सल्ला र लीगुराँसको फेदमा (2043), एउटा चित्रमय सुरुवात (2045), अध्ययन र संघर्ष (2051, मृत्युपश्चात प्रकाशित), सुमित (2065, मृत्युपश्चात प्रकाशित) ।

## 3.4 पारिजातको कृतिमा निहित सामाजिक मूल्य

पारिजातको बाल्यकाल कठ्याङ्ग्रिएर नै बित्यो । सानैदेखि उनी बिरामी भइरहन्थिन् । त्यसै बेलादेखि उनको शरीर कुँजिनेक्रम सुरु भएको थियो । पारिजात तेह्र वर्षी छँदा उनलाई हाडजोर्नी दुख्ने रोगले आक्रमण गरेको थियो । त्यही दुखाइ नै उनको जीवनभरिको साथी बन्न गयो । त्यसले उनलाई हरेक पल दुक्ख मात्र दिइरह्यो । पारिजात सानैदेखि अन्तर्मुखी स्वभावकी थिइन् । त्यस बेलादेखि नै उनी अटेरी, जिद्दी र एकलकाँटे पनि थिइन् । उनको वैयक्तिक चरित्रले उनलाई काव्ययात्रामा डोर्‍याएको थियो । सानैदेखि उनलाई आफ्नो घरगाउँका पाखा, पर्वत र जङ्गलमा डुलूँडुलूँ लाग्थ्यो, खोलाका डिलडिलमा सुतूँसुतूँ लाग्थ्यो र बाटाबाटामा गएर नाचूँनाचूँ लाग्थ्यो । पारिजात बाहिर गएको बेला सधैँजसो बनपाखाबाट फूल टिपेर ल्याउँथिन् र घरमा सजाउने गर्थिन् । फूल उनको मन पर्ने विषय मानिन्थ्यो । बाल्यकालमा नै पारिजातले आफ्नी आमा गुमाएकी थिइन् । त्यसैले घरका कामधन्दाहरू पनि पारिजातमा नै अटाउनुपर्थ्यो । त्यस बेला यिनले यस भूगोलको निर्देशक आफैलाई ठान्ने गर्थिन् र उनी जे मनमा लाग्यो त्यही गर्ने गर्थिन् ।

पारिजातले छ कक्षा पढ्न थालेदेखि नै धीत मर्ने गरी चुरोट तान्ने गर्थिन् । चुरोटमा राम्ररी बानी परेपछि यी गाँजा खान पनि तल्लीन हुन थालिन् । वास्तवमा बिहानबेलुकाको भात खाइसकेपछि धुवाँको हरर तलतल लागेको यी थाहा पाउँथिन् । पारिजातका बाबुको आफ्नी छोरीलाई डाक्टर पढाउने इच्छा थियो । तर पारिजातको भने नाच्न, गाउन, लेख्न, डुल्न, बरालिन, खेल्नमा नै मन थियो । त्यसैले उनले आफ्ना बाबुका योजनामा आफ्नो एक रत्ती मन दिएकी थिइनन् । उनी आफ्नो जीवनलाई स्वतन्त्र छाड्न प्रकृतिसँग अनुमति माग्थिन् । त्यसैले उनी

कहिल्यै पनि अर्काको वशमा परिनन् । पारिजातले दशौं कक्षासम्म दार्जिलिङमा नै पढेर काठमाडौं प्रवेश गरिन् । काठमाडौंमा यिनी डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रममा भर्ना भएकी थिइन् ।

पारिजातले आई. ए. र बी. ए. पद्मकन्या कलेजबाट पास गरिन् । पद्मकन्या कलेजमा पढ्दा उनले गोविन्दबहादुर मल्ल गोठालेको 'युगको शिकार' नामक नारीप्रधान नाटकमा नायिकाका रूपमा अभिनय गरिन्; त्यस नाटकमा यिनको जोडा चित्तरञ्जन नेपाली थिए । अनि त्यस नाटकका निर्देशकचाहिँ श्यामदास वैष्णव थिए । पारिजात स्नातक पास भएपछि वासुदेव लुइँटेलको सहयोगमा मदन मेमोरियल स्कुलमा अध्यापक बनिन् । त्यस बेला पारिजात त्यस स्कुलको नवौँ र दशौँ कक्षामा खास गरेर नेपाली, अङ्ग्रेजी, भूगोल र भारतको इतिहास पढाउँथिन् । त्यस बेला स्कुलमा गाइने पर्ार्थनागीत पनि यिनैले लेखेकी थिइन् । स्कुलमा गुरुआमा हुनुभन्दा अघि नै यी साहित्यसृजनामा पनि समर्पित थिइन् । पारिजातलाई साहित्यरचनामा प्रेरित गर्नेमध्ये अग्रपङ्क्तिमा चित्तरञ्जन नेपाली थिए ।

मदन मेमोरियल स्कुलमा पढाउँदापढाउँदै पारिजात क्रमशः बिमारी हुन थालिन् । यसले गर्दा उनी स्कुल छाड्न बाध्य भइन् । स्कुल छाडेपछि उनी बाथको बिमारले कुँजिइन् । त्यसैताका उनले खाटमा सुतीसुती साहित्यिक रचना रच्ने गरिन् । त्यही पीडामा रन्थनिएका बेला उनले एउटा उपन्यास पनि लेखिन् । उनको त्यस कृतिको नाउँ 'शिरीषको फूल' रह्यो । वास्तवमा त्यस किताबलाई उनले 'ढिला विष' लगायत एघारवटा शिर्षक राखी प्रेमा शाहलाई उपन्यासको उपयुक्त नाउँ चुन्न अनुरोध गरेकी थिइन् । त्यसैले त्यस कृतिको पाण्डुलिपि पढेर प्रेमा शाहले त्यसको नाउँ 'शिरीषको फूल' राख्न पारिजातलाई सल्लाह दिएकी थिइन् । 'शिरीषको फूल' लेखिसकेपछि पारिजातलाई रोगले झन्झन् सताउन थाल्यो । त्यसै बेलादेखि उनी जीवनभरि नउठ्ने भइन् । एउटा बैँसालु जीवनको भोग गरिरहेकै बेला उनी कुँजिने रोगबाट ग्रसित भइन् । त्यसपछि यिनले धूमपानका अतिरिक्त रक्सीको सेवनमा पनि आफूलाई डुबाउन थालिन् । पारिजात प्रेमी स्वभावकी थिइन् । धेरैले पारिजात र शङ्कर लामिछानेका बीचमा पनि प्रेम रहेको शङ्का गरे । यसै प्रसङ्गमा वासुदेव लुइँटेलले भनेका थिए "शङ्कर लामिछाने पारिजातका भान्से मात्र थिए; प्रेम गर्ने अरू नै थिए ।" पारिजात सेक्सका मामलामा पनि त्यति टाढा थिइनन् । सेक्सका बारे उनी निर्धक्क भन्न र लेख्न पनि चुक्तिनथिन् र पछिसम्म उनले भनिरहिन् "मेरो पहिलो प्रेमीसँगको शारीरिक चाहना अझ पनि छ मसँग ।"

Notes

चौध वर्षपुगेपछि यिनले धनुवर मुखियासँग पहिलो औपचारिक प्रीति गाँसिन् । उनी सुन्दरी भएकै नाताले काठमाडौंमा पनि प्रायः साहित्यकारहरू उनका पछि लागिरहन्थे । किशोरावस्थामा नै दार्जिलिङबाट स्वच्छ तन लिएर काठमाडौंमा पसेकी पारिजातले भनेकी पनि थिइन् "म दार्जिलिङबाट आउँदा चोखी केटी आएकी थिएँ, म कुनै करप्टेड केटी थिइन ।" पारिजातका जेजति साहित्यिक सृजना भए तापनि उनी 'शिरीषको फूल' ले नै बाँचेकी छिन् । उनका अन्य कृतिहरू आआफ्नै ठाउँमा स्थापित भए तापनि पारिजातलाई 'शिरीषको फूल'ले मात्रै अघि सारेको छ । तर उनले कुनै बेला भनेकी थिइन् "मेरो शिरीषको फूल च्यातिदिनू ।" वास्तवमा उनका राजनीतिक गुरु गोविन्द भट्टले 'शिरीषको फूल'लाई 'कागजको फूल' लेखिदिएपछि उनले त्यस उपन्यासको तीव्र रूपमा आलोचना गरेकी थिइन् । मदन पुरस्कारसमेत टिपिसकेको त्यस कृतिलाई पारिजातले विकृत उपन्यासका रूपमा स्वीकार्दै जान थालेकी थिइन् ।

पारिजातको जीवनको दुर्भाग्य उनको शरीर र घरको दयनीय आर्थिक अवस्था नै थियो । पारिजातलाई प्रगतिशील साहित्यकारहरूले गुरुआमा नै मान्थे । पारिजातको स्रष्टाले पहिलो चरणमा स्वच्छन्दतावाद र छायावादलाई अङ्कमाल गर्‍यो । त्यसपछिका दिनहरूमा पारिजातको साधनाले अस्तित्ववादी, राल्फावादी हुँदै प्रगतिवादी मोडमा पुगेर विश्रान्ति लियो । उनी मार्क्सवादी विचारमा बगेकी स्रष्टा थिइन् । पारिजातले नेपाली भाषा साहित्यको सेवा गरेबापत उनी 2022 सालमा मदन पुरस्कारबाट सम्मानित भइन् । साथै यिनले गंकी वसुन्धरा पुरस्कार र र्सवश्रेष्ठ पाण्डुलिपि पुरस्कार पाइन् । त्यतिमात्रै होइन यिनले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विद्वद्‌वृत्ति प्राप्त गरेकी थिइन् ।

## 3.5 पारिजातको कृतिमा निहित सांस्कृतिक मूल्य

पारिजात मूल रूपमा कवयित्री भएता पनि उनी सर्वाधिक सफल र चर्चित भने उपन्यासमा भइन् ! यद्यपि उनेले लेखेका हरेक साहित्य विधामा उनको कवित्व प्रदर्शित भएको पाइन्छ भन्ने विद्वानहरुको भनाइ रहेको छ ! पारिजातको सृजना साहित्यमा उपन्यासकार व्यक्तित्व नै प्रखर रूपमा रहेको छ ! प्रारम्भमा बिसंगतिबादी - अस्तित्वबादी धारामा लेख्ने पारिजातको बिचमा समय राल्फाली आन्दोलनसँग सम्बद्ध विद्रोही चेतना प्रबल रुपमा रह्यो ! अन्त्यको समय भने प्रगतिवादी र आलोचनात्मक यथार्थवादी धारामा केन्द्रित रह्यो !

मानिसको जीवन र जगत् विसङ्गतिले भरिएको हुन्छ। मानिस नचाहेर जन्मन्छ अनि नचाहेर मर्दछ । मानिसको जन्म र मृत्यु बिचको क्रियाकलापको कुनै अर्थ हुदैनन् यो अर्थहीन र निस्सर हुन्छ। यिनै कुरालाई पारिजातले आफ्नु उपन्यास "शिरीष फूल" तथा 'महत्ताहीन" उपन्यासमा प्रस्तुत गरेका छन्। पारिजातका यि दुई उपन्यास विसङ्गतिवादी दृष्टिका नमुना हुन्। विसङ्गतिबोधबाट चेतन अवस्थामा जाँदा शून्यबोध हुन्छ। शून्यवाद बौद्ध धर्मको मोक्षप्राप्तिको चरण हो। शून्यवाद हिन्दु धर्मको शून्य ब्रम्हा मान्ने संस्कारको एउटा रूप पनि हो। एउटा विराट शून्यता सँग समायोजन गर्ने निस्पृहताको उदहारण हो।

महत्ताहीनको म पात्र उसका निम्ति पत्नीको वेश्यावृत्तमा लगनु र पत्नीको मृत्यु हुनु कुनै घटना हुँदैन। शिरीषको फूलमा सकम्बरीको मृत्युपछि सुयोगवीको जीवनमा आएको विराट शून्यता अनि शून्यताबोधले पनि यसैलाई पुष्टि गर्दाछ। उपन्यासमा विसङ्गत पूर्ण जीवन भोगने सकमबारी बुढेसकालमा प्रेम गरेर पनि असहफल हुने सुयोगवीर, जीवन बाँच्नाका लागि मात्र जीवनने शिवराजस्ता पात्रहरूले देखाएका मानसिकता बाट पारिजातको विसङ्गतिवादी जीवनदृष्टि प्रकर हुन्छ। महत्ताहीन उपन्यासको पत्र शिमा घरमै नाठाहरू ल्याएर पतिसँग समय्चस्य गरि बस्ने हुनाले ऊ पनि विसङ्गतिकै चरम बनेको छ।

पारिजातको औपन्यासिक यात्रालाई पहिलो, दोस्रो र तेस्रोगरी तीन चरणमा छुट्याउन सकिन्छ ! उनको प्रारम्भिक चरणको प्रमुख उपन्यास " **शिरिषको फूल** " ले बिसंगति र शून्यवाद जस्ता दार्शनिक धारणालाई प्रतिपादन गरेको ! एउटा बैंस गइसकेको भूतपूर्व सैनिक र आफ्नैका लागि जीवन बाँच्न चाहने एउटी निस्पृत युवतीको कथालाई प्रकट गरेर यसले पलायनको बाटो रोजेको पाइन्छ ! अर्थहीन र मूल्यहीन बँचाई र शून्यताको बोधमा यसले सफलता हासिल गर्यो भने यस्तै प्रवृत्तिको " **महत्ताहीन** " उपन्यासमा पनि अस्तित्वहीनता र विसंगतिको चरम परिणतिको बीच पनि बाँच्न वाध्य भएको मानिसको र भोगप्रतिको वितृष्णाले जन्माएको शून्यताको गहिरो र गम्भीर अनुभवमा नै जीवनको निस्सारता हुन्छ भन्ने कुरा व्यक्त भएको छ ! अर्को उपन्यास " अ**न्तर्मुखी** " पनि लगभग यसै प्रवृत्तिमा रहेको छ !

पारिजातको दोस्रो चरणमा **राल्फाला कालीन** सक्रियता (2023-2030) का बेला लेखिएका उपन्यास त्यसै अनुरुपले बिद्रोह,आक्रोश र संघर्षको आगो ओकल्ने प्रवृत्तिको देखिन्छ ! यस अन्तर्गतको " **बैंसको मान्छे** " उपन्यास देखापर्छ !

यसपछि तेस्रो चरण अन्तर्गत विशुद्ध प्रगतिवादी बिचारधाराका उपन्यास लेखे ! शोषित.पीड़ित,नेपाली जातिका दुर्दशा ,पीड़ालाई झल्काएको पाइन्छ ! शोषित जन्ताहरुले भोग्नु परेको समस्याहरुको प्रस्तुति र तिनको आलोचना स्वच्छ रुपमा भएको छ ! **तेरीबारी बाटा र सपनाहरु, परिभाषित आँखाहरु, पर्खालभित्र र बाहिर, बोनी** जस्ता उपन्यासहरु यस प्रगतिवादी धारामा रचिएका छन् ! यी उन्यासहरुमा सामाजिक बिसंगती र विकृतिप्रति व्यांग्य,आलोचना र आक्रोश व्यक्त गरिएको पाइन्छ ! उसले रोजेको बाटो,अनिँदो पहाड़सँगै जस्ता उपन्यासहरुमा प्रगतिवादले प्रखर रुप लिएका छन् !

पारिजातका उपन्यासमा मूल रुपमा बिसंगतिबाद, शून्यबाद, अस्तित्वबाद, बिद्रोह चेतना, काव्यात्मक भाषा, आलोचनात्मक यथार्थबाद, सूक्ष्म मनोविश्लेषण, आत्मपरकता जस्ता प्रवृत्तिहरु पाइन्छ । यी बाहेक यिनका औपन्यासिक प्रवृत्तिहरु यस प्रकार छन् –

बिसंगतिबादी उपन्यासकार - शिरिषको फूल, महत्तहीन र अन्तर्मुखी ।

बिद्रोही/क्रान्तिकारी उपन्यासकार - बैंसको मान्छे ।

प्रगतिबादी उपन्यासकार - तोरीबारी बाटा र सपनाहरु, परिभाषित आँखाहरु, पर्खालभित्र र बाहिर ।

सामाजिक यथार्थवादी/आलोचनात्मक यथार्थबादी उपन्यासकार - पर्खालभित्र र बाहिर, शिरिषको फूल, महत्ताहीन, अन्तर्मुखी ।

व्यांग्यबादी उपन्यासकार - उसले रोजेको बाटो, अनिन्दो पहाड़सँगै ।

सूक्ष्म मनोविश्लेषणबादी उपन्यासकार - शिरिषको फूल ।

आत्मपरकाता उपन्यासकार - शिरिषको फूल, अन्तर्मुखी ।

बैचारिकता उपन्यासकार - शिरिषको फूल, पर्खालभित्र र बाहिर ।

कवितात्मका उपन्यासकार - शिरिषको फूल, परिभाषित आँखाहरु ।

पारिजात अस्तित्वबादी उपन्यासकार हुनाले गर्दा यिनको उपन्यासहरुमा अस्तित्वको सथान रहेको हुन्छ ! यस उपन्यासमा रमेशले भन्दा पनि बाटुलीले आफ्नो अस्तित्व जोगाएर राखेका छन् ! जब रमेश एघाह्र बर्ष जेलमा थुनिए त्यस अवधिभित्र बाटुली अन्य पुरुषहरुसित लहसिएको छैन ! यौवन कुण्ठित वा यौवन ग्रस्तित भएर कसैबाट यौवन तृष्णा मेटाएका छैनन् ! यस उपन्यसबाट हामी चाल

पाउँछौ कि बाटुली एक सच्चा पतिभक्त हुन् ! यिनले एक्लो हुँदा पतिबाहेक कसैलाई चाहेन ,बेला बेलामा पतिलाई भेट्न जेल जान्थे र खानेकुराहरु लगिदिन्थे ! बाटुलीले पत्नी हुने धर्म एकदम निष्ठापूर्वक पालन गरेर पत्नी हुने अस्तित्व बचाएर राखेका छन् ।

पारिजातका कथाहरुमा सामाजिक यथार्थवादी प्रवृत्ति पनि रहेको पाइन्छ। सडक र प्रतिभा कथा सङ्ग्रह भित्रको 'बूढा बा' कथामा कथाको मुख्य पात्र बूढा बा आफू युगबाट ठगिएको छन् तर उनी समाजमा सभ्यताको लहर ल्याउन चाहन्छ। 'पैसाको रङ' कथामा पैसाको रङलाई कालो अनि सेतो भनेका छन्। पैसाको कालो रङ भन्नाले श्रमजीवीहरु माथि शोषण गरेका पुँजीपतिहरुले कमाएका पैसा अनि पैसाको सेतो रङ भन्नाले श्रमजीवी जनताको श्रमको पैसा हो। 'साँझ उदास घरको पिँढीमा' कथामा नारीसङ्घर्षको कुरा प्रस्तुत गरिएको छ। कथाकी पात्र कमलीकी आमा परिवार पाल्ने बोझले मात्र नभएर रक्सि पिउने लोग्नेबाट पनि पीडित छ। कमलीले जागिर पाएपछि आमालाई सह्योग गर्छ भन्ने आशा आमाले गर्छ तर कमली मालिकसँग पोइला हिँड्छे। 'बधशाला जाँदा आउँदा' कथामा एउटा जागिरखाने कर्मचारीको कथा प्रस्तुत गरिएको छ। कथामा म पात्र विवश छ. उसले न बाटामा माग्नेहरुलाई केहि दिन सक्छ न अफिसमा काम खोज्न आउनेलाई केहि सह्योग गर्न सक्छ।

पारिजातका कथाहरूमा मनो चित्रण प्रवृत्तिको प्रयोग पनिपाइन्छ। मैले नजन्माएको छोरो कथाको युवती, अनिदो र शून्यता कथाकी मधू, एक उडानके सोफिया,कलिलो अतीत कथाकि सानी, अप्ठेरो र अभ्यस्त मान्छे कथाकी चमेली आदि पात्रहरुको मनको विश्लेषण गरिएको छ।

## 3.6 पारिजातको कृतिमा निहित मानवीय मूल्य

पारिजात स्नातक पास भएपछि वासुदेव लुइँटेलको सहयोगमा मदन मेमोरियल स्कुलमा अध्यापक बनिन् । त्यस बेला पारिजात त्यस स्कुलको नवौँ र दशौँ कक्षामा खास गरेर नेपाली, अङ्ग्रेजी, भूगोल र भारतको इतिहास पढाउँथिन् । त्यस बेला स्कुलमा गाइने पर्रार्थनागीत पनि यिनैले लेखेकी थिइन् । स्कुलमा गुरुआमा हुनुभन्दा अघि नै यी साहित्यसृजनामा पनि समर्पित थिइन् ।

पारिजातलाई साहित्यरचनामा प्रेरित गर्नेमध्ये अग्रपङ्क्तिमा चित्तरञ्जन नेपाली थिए ।

मदन मेमोरियल स्कुलमा पढाउँदा पढाउँदै पारिजात क्रमशः बिमारी हुन थालिन् । यसले गर्दा उनी स्कुल छाड्न बाध्य भइन् । स्कुल छाडेपछि उनी बाथको बिमारले कुँजिइन् । त्यसैताका उनले खाटमा सुती - सुती साहित्यिक रचना रच्ने गरिन् । त्यही पीडामा रन्थनिएका बेला उनले एउटा उपन्यास पनि लेखिन् । उनको त्यस कृतिको नाउँ 'शिरीषको फूल' रह्यो । वास्तवमा त्यस किताबलाई उनले 'ढिला विष' लगायत एघारवटा शीर्षक राखी प्रेमा शाहलाई उपन्यासको उपयुक्त नाउँ चुन्न अनुरोध गरेकी थिइन् । त्यसैले त्यस कृतिको पाण्डुलिपि पढेर प्रेमा शाहले त्यसको नाउँ 'शिरीषको फूल' राख्न पारिजातलाई सल्लाह दिएकी थिइन् ।

'शिरीषको फूल' लेखिसकेपछि पारिजातलाई रोगले झन्झन् सताउन थाल्यो । त्यसै बेलादेखि उनी जीवनभरि नउठ्ने भइन् । एउटा बैँसालु जीवनको भोग गरिरहेकै बेला उनी कुँजिने रोगबाट ग्रसित भइन् । त्यसपछि यिनले धूमपानका अतिरिक्त रक्सीको सेवनमा पनि आफूलाई डुबाउन थालिन् । शारीरिक रूपमा दर्ुबल, अशक्त र अक्षम भए तापनि मानसिक रूपमा पारिजात सशक्त थिइन् । उनको व्यक्तित्वको सबैभन्दा राम्रो विशेषता के थियो भने उनलाई देखेपछि जुनसुकै मान्छेलाई पनि उनीप्रतिको अत्यन्तै माया, श्रद्धा र स्नेहले पगाल्थ्यो । बैंसका बेलामा त यी सुगन्धित गुलाफ नै थिइन् र्।र् इश्वर बरालका अनुसार भन्ने हो भने "बैंसमा पारिजातको रूप, शरीर र बोली तीनै थोकले युवाहरू मोहित हुन्थे ।" त्यसैले धेरै युवाहरू उनका छेउ पुग्न धुरिन्थे ।

पारिजात प्रेमी स्वभावकी थिइन् । धेरैले पारिजात र शङ्कर लामिछानेका बीचमा पनि प्रेम रहेको शङ्का गरे । यसै प्रसङ्गमा वासुदेव लुइँटेलले भनेका थिए "शङ्कर लामिछाने पारिजातका भान्से मात्र थिए; प्रेम गर्ने अरू नै थिए ।" पारिजात सेक्सका मामलामा पनि त्यति टाढा थिइनन् । सेक्सका बारे उनी निर्धक्क भन्न र लेख्न पनि चुक्तिनथिन् र पछिसम्म उनले भनिरहिन् "मेरो पहिलो प्रेमीसँगको शारीरिक चाहना अझ पनि छ मसँग ।" चौध वर्षपुगेपछि यिनले धनुवर मुखियासँग पहिलो औपचारिक प्रीति गाँसिन् । उनी सुन्दरी भएकै नाताले काठमाडौंमा पनि प्रायः साहित्यकारहरू उनका पछि लागिरहन्थे । त्यति बेला खास गरेर यौनपिपासुहरू माझ जोगिएर हिँड्न पारिजातलाई कठिन पनि थियो । वास्तवमा त्यस घडी आफ्नो नारीत्व जोगाउन उनी असफलै पनि थिइन् । किशोरावस्थामा नै दार्जिलिङबाट स्वच्छ तन लिएर काठमाडौंमा पसेकी पारिजातले भनेकी पनि

थिइन् "म दार्जिलिङबाट आउँदा चोखी केटी आएकी थिएँ, म कुनै करप्टेड केटी थिइन ।"

पारिजातले साहित्य रचना गर्ने क्रममा प्रेम पनि लेखिन्, प्रकृति पनि लेखिन् र जीवन र जगत् पनि लेखिन् । लेख्तालेख्तै यिनले जम्माजम्मी 23 वटा पुस्तक लेखिन् । पारिजातका जेजति साहित्यिक सृजना भए तापनि उनी 'शिरीषको फूल' ले नै बाँचेकी छिन् । उनका अन्य कृतिहरू आआफ्नै ठाउँमा स्थापित भए तापनि पारिजातलाई 'शिरीषको फूल'ले मात्रै अघि सारेको छ । तर उनले कुनै बेला भनेकी थिइन् "मेरो शिरीषको फूल च्यातिदिनू ।" वास्तवमा उनका राजनीतिक गुरु गोविन्द भट्टले 'शिरीषको फूल'लाई 'कागजको फूल' लेखिदिएपछि उनले त्यस उपन्यासको तीव्र रूपमा आलोचना गरेकी थिइन् । मदन पुरस्कारसमेत टिपिसकेको त्यस कृतिलाई पारिजातले विकृत उपन्यासका रूपमा स्वीकार्दै जान थालेकी थिइन् ।

पारिजातको जीवनको दर्भाग्य उनको शरीर र घरको दयनीय आर्थिक अवस्था नै थियो । आर्थिक अवस्था ब्रिरेका कारणले पारिजातले मदन पुरस्कारसँग प्राप्त गरेको चाँदीको फ्रेमपनि बेचेकी थिइन् । पारिजात बिरामी भएर थला पर्दा ठाउँठाउँमा उनका नाउँमा चन्दा उठाइन्थ्यो । जिल्ला - जिल्लामा यिनको सहयोगार्थ थैली भेला पारिन्थ्यो । तर यिनका नाउँमा जेजति पैसा उठाइए तापनि यिनले कहीँबाट पनि कुनै पनि प्रकारका चन्दा र आर्थिक सहयोग लिइनन् । पारिजातका वि. सं. 2037-49 सम्मका कविताहरूमा राल्फाली आन्दोलन र माक्सवादी चिन्तनको प्रभाव रहेको पाइन्छ। वि.सं. 2037 पछि पारिजाले आफ्नो कविताहरूमा  अस्तित्ववादी प्रवृतिलाई त्यागी बिस्तारै माक्सवादी चिन्तन र राल्फाली विचारहरूलाई आफ्नो कवितामा प्रस्तुत गर्नलागि। यस समय कविताहरूमा क्रान्ति,विद्रोह, नारीवर्ग माथिको अन्याय र अत्याचारको विरोध नै समाजमा थिचिएका, हेपिएका वर्गहरुप्रति अपार स्नेहका स्वरहरु गुन्जाएका छ।

पारिजातको "आदिम देश", "सडक र प्रतिभा" कथा सङ्ग्रह भित्रका कथाहरुमा विसङ्गतिवादी, अस्तित्ववादी प्रवृत्ति प्रस्तुत रहेको पाइन्छ। आदिम देश कथा सङ्ग्रह भित्रको पहिलो कथा आदिम देशमा म र म कि स्वास्नी दुई पात्र छन्। म पात्रको सन्तुष्टिको लागि मात्र स्वास्नीले बच्चा जन्माइदिन्छे अनि ऊ मर्छे। कथामा स्वास्नीको अस्तित्व चिन्तन र मृत्यु निस्सारतामा टुङ्गिएको छ। अर्को कथा "बिसौँ शताब्दीको एक गल्लीमा" कथामा म पात्र पसल्नी,काजी,अनि वेश्या मध्ये वेश्याले मोलतोल नमिलेकोमा काजीको यौन आग्रहलाई अस्विकार गरेको छ। "सधैँ

Notes

बिलुपर्ने हामीमा" कथामा पनि बेबी र म पात्रको माझमा प्रेमको नाममा भएको यौन सम्बन्धलाई प्रस्तुत गरिएको छ। मैले नजन्माएको छोरा कथामा पनि अविवाहित युवतीको यौनभाव र मनोविज्ञान प्रस्तुत भएको छ। " एकउडान" कथामा कथाकी पात्र सोफियाको विसङ्गत जीवनको प्रस्तुति छ। यस्तै यौनकुण्ठ र विसङ्गत जीवनको चरम अभिव्यक्ति "तिउरीको फूल पायरियाको गन्ध कथामा छ। अर्को कथा "सोफिजम मेरो लोग्नेसँग कुराकानी" मा 'म' सत्रीपात्रले आफ्नो लोग्नेलाई परपीडकको रूपमा देखेको छ।

अस्तित्ववादी चेतना मृत्युबोध चेतनामा परिवर्तन भएको उदाहरण "अनिदो र शुन्यता" कथामा पाइन्छ। पारिजातको अर्को कथा सङ्ग्रहका कथाहरुमा पनि यहि प्रवृत्ति प्रस्तुत भएको पाइन्छ। यस सङ्ग्रहको पहिलो कथा सडक र प्रतिभा हो। कथामा म पात्रको विसङ्ग मानसिकताको प्रस्तुति छ। नारीहरुको शोषण र यौनउत्पीडनको विसङ्गतिपूर्ण प्रस्तुति "प्रतीक", "नयाँ मान्छे"आदि कथाहरुमा पाइन्छ। अर्को कथा अन्तर्विरोधमा पनि यौनकुण्ठाकै चर्चा गरिएको छ। कथामा म पात्रले पसल्नीलाई बलात्कार गर्न चाहेको तर पसल्नीले अस्विकार गरेर आफ्नो अस्तित्वको परिचय दिएको तर म पात्रलेपसल्नीको मृत्यु चेको घटना प्रस्तुत छ। "देवल" कथामा देवलबासि वेश्या जसलाई ठेकेदारले सधैँ भोगगर्छ। एकदिन आफ्नै छोराले आमालाई भोग्न तयार हुन्छ। कथामा विसङ्गतिको चरम र घातक स्थितिको वर्णन गरेएको छ।

विसङ्गतिले भरिएको संसारमा मान्छेको चेतनाले बाँच्ने आधार अस्तित्वलाई बनाँउछ। जीवनको विसङ्गतिलाई पनसाउदै आफ्नो अस्तित्व प्रमाण गर्न मानिस भरपुर प्रयास गर्दछ। "म छु" वा "म हुँ" भन्ने देखाउन मानिस निस्सार र निष्प्रयोजन भएर पनि बाँच्छ भन्ने अस्तित्ववादी अल्बर्ट कामुको छाप पारिजातका उपन्यासमा परेको छ। शिरीषको फूल उपन्यासमा सकम्बरी कुनै अर्थ र उद्देश्यबिना नै बाँचिरहेको,महत्ताहीनको म पात्र र अन्तर्मुखीको म पात्र आदिले अस्तित्व कायम राख्नका लागि निर्थक प्रयास गरेको छ। सुयोगवीरले गरेको विवाहको कल्पना प्रेमको अभिनय सकमबरीलाई गरेको चुम्बन सकमबरीका निम्ति अर्थहिनछन्। अन्तर्मुखीकि म पात्र आफ्नु अस्तित्वकायम राख्न भरसक्दो प्रयासगर्छ तर उसका ती प्रयासहरू विसङ्गतिका रूमा उसलाई प्राप्त हुन्छ। परिभाषित आँखाहरू उपन्यासमा सडकबाट टिपिएको बिज्जीलाई आफ्नै कथित बाबुले बलात्कार गरेको र आफ्नु अस्तित्वका निम्ति उसले गर्नु परेको सङ्धर्षका

कथा आएका छन्। पारिजातका उपन्यासका पात्रहरुले विसङ्गतिमाझ पनि अस्तित्व पहिल्याउन खोजिरहेका छन्।

## 3.7 पारिजातको कृतिमा निहित सार्वजनीनता

पारिजातलाई प्रगतिशील साहित्यकारहरूले गुरुआमा नै मान्थे । पारिजातको स्रष्टाले पहिलो चरणमा स्वच्छन्दतावाद र छायावादलाई अङ्कमाल गर्‍यो । त्यसपछिका दिनहरूमा पारिजातको साधनाले अस्तित्ववादी, राल्फावादी हुँदै प्रगतिवादी मोडमा पुगेर विश्रान्ति लियो । पारिजात साहित्यकार भएका नाताले राल्फाको नेतृत्वमा पसिन् । उनी नेपाल मानवअधिकार सङ्गठनकी उपाध्यक्ष पनि बनिन् । उनी प्रगतिशील लेखक सङ्घकी सदस्य पनि भइन् । उनी बन्दी सहायता नियोगकी संस्थापक तथा अध्यक्ष थिइन् । उनी मार्क्सवादी विचारमा बगेकी स्रष्टा थिइन् ।

पारिजातले नेपाली भाषासाहित्यको सेवा गरेबापत उनी 2022 सालमा मदन पुरस्कारबाट सम्मानित भइन् । साथै यिनले गंकी वसुन्धरा पुरस्कार र र्सवश्रेष्ठ पाण्डुलिपि पुरस्कार पाइन् । त्यतिमात्रै होइन यिनले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट विद्वद्वृत्ति प्राप्त गरेकी थिइन् । उनी त्रिभुवन विश्वविद्यालय सभाको सदस्यमा मनोनीत भइन् । त्यसै गरी उनलाई नेपाल तामाङ घेदुङ सङ्घ र 'जनमत' साहित्यिक मासिकबाट अभिनन्दन गरिएको थियो । उनको शेषपछि उनको तस्बिर अङ्कित तीन रुपियाँको हुलाक टिकट प्रकाशनमा ल्यायो । त्यसै गरी ठाउँठाउँमा पारिजातका सालिक बन्न थाले । त्रिमुर्ति निकेतनले प्रेमराजेश्वरी थापा, गोमा र पारिजातलाई एकै ठाउँमा जोडेर पारिजातको पर्ूण्ाकदको सालिक निर्माण गर्ने पहल गरेको छ । उनका नाउँमा शिक्षण संस्था खुलेका छन् । उनका नाउँलाई शिर्षकक बनाएर अनगिन्ती समालोचना, संस्मरण र जीवनीका कृति प्रकाशनमा आए ।

पारिजातको इहलीला सन् 1993 मा समाप्त भएको थियो । नेपाली साहित्यकी प्रखर नारी हस्ती पारिजात अङ्ग्रेजीमा एम. ए. पढ्न सुरू गर्दा गर्दै प्यारालाइसिसले गर्दा अध्ययन गर्न नपाएकी उनको निधन लामो समयसम्मको पुरानो त्यही प्यारालाइसिसको व्यथाले बि. सं. 2050 साल वैशाख 5 गते बिहान 4 बजे वीर अस्पतालको सघन उपचार कक्षमा उपचारकै क्रममा भएको थियो।

Notes

पारिजातको स्वर्गारोहणले एकपटक नेपाल नै हल्लियो । नेपाली साहित्यकी सुगन्धको विर्सजनले नेपाली भाषासाहित्यको सम्पूर्ण फाँट नै गहिरो शोकमा डुब्यो । त्यसपछि पारिजात एउटा राजनैतिक खेमाकी सम्पत्ति मात्र नभई समस्त नेपाली भाषासाहित्यकी सार्वजनिक सम्पत्ति बनिन् । उनका कृतिले नै उनी पाठकका भावनामा विराजमान भइन् । मूलरूपमा पारिजातका कृतिहरूमा प्रगतिवादी, समाजवाद, मार्क्सवाद, अस्तित्ववाद, नारीवाद विसङ्गतिवाद इत्यदि भाव पाइन्छ।

पारिजातका आदिम देश र सडक र प्रथिभा कथा सङ्ग्रहका केहि कथाहरुमा अकथात्मक प्रवृत्तिको प्रयोग पाइन्छ। यी दुई कथा सङ्ग्रह भित्रका केहि कथाहरु निबन्ध जस्ता छन्। यि कथाहरुमा कथात्मकताभन्दा बढी अनुभूति पक्षले ठाउँ ढाकेको छ। पात्रहरु पनि ‘म’ र ‘ऊ’ का रुपमा रहेका छन् । आदिम देश, बीसौँ शताब्दीको एक गल्लीमा, सडक र प्रतिभा, यस ठाउँमा, प्रतीक आदि कथाहरुमा अकथात्मक प्रवृत्ति को प्रयोग छ। यसका अतिरिक्त पारिजातको कथा यात्राको थालनी नारी चरित्रकेन्द्री कथा मैले नजन्माएको छोराबाट भएको हो। यो कथा नारी मनोविज्ञानमा आधारित छ। सल्गीको बलात्कृत आँसु, नैकापे सर्किनी आदि कथाहरुमा नारी सङ्घर्ष अनि नारी समस्याकेन्द्री  छ । तिउरीको फूल पायरियाको गन्ध र देवल यौन शोषणकेन्द्री कथा हो। एक गाउँमा की अतिमाया,साल्गीको बलात्कृत  आँसु की साल्गी, प्रतिकूलता की मर्यादा, शोध की मोनिका हड्सन, नैकापे सर्किनी की सर्किनी, शकुन्तलाको चिन्तन की सकुन्तला, कलिलो अतीत कि सानी, सइसको चिट्ठी कि मायालु आदि उल्लेख्या नारी चरित्रहरु हुन्।

संघर्षशील भएता पनि अतिनै पिडा बोगेका नारी पात्रहरुमा साँझ उदास घरको पिँढी की कमलीकि आमा, विकल्पहीन की लक्ष्मीपुरे डल्ली, एक गाउँमा की खिउटे की आमा आदि हुन्। आफ्नै लाटोपनले गर्दा दुख पाएकि पत्र बर्षा ऋतु कथाकी कान्छी दनुवार्नी हो। एक उडान की सोफिया, अप्ठेरो र अभ्यस्त मान्छे की चमेली,सधैँ जित्नु पर्ने हामी की बेबी, सिमेन्टभित्र एउटा राजबेली की चिम्चा आदि यौनकुण्ठित नारी पात्रहरु हो। यथार्थसँग टकराएर पलायन भएका पात्रहरु हुन् अनिदो शून्यता की मधू, साइनि ग्यानीटको टुक्रासँगकी स्त्रीपात्र आदि हुन्।

## ३.८ उपसंहार

पारिजातका कृतिहरूमा प्रगतिवादी, समाजवाद, मार्क्सवाद, अस्तित्ववाद, नारीवाद विसङ्गतिवाद इत्यदि भाव पाइन्छ । पारिजातले साहित्य रचना गर्ने क्रममा प्रेम पनि लेखिन्, प्रकृति पनि लेखिन् र जीवन र जगत् पनि लेखिन् । लेख्ता - लेख्तै यिनले 23 वटा जति पुस्तक लेखिन् । पारिजात नै त्यस्ती स्रष्टा हुन् जो नेपाली भाषासाहित्यकी एउटा सार्वजनिक चौताराकी पर्यायवाची बनिन् । जजसले पारिजातलाई हाम्री मात्र पेवा भने पनि र पारिजात स्वयम्ले पनि आफूलाई कुनै खेमाभित्र सीमित पार्न चाहे पनि अन्ततः उनी सम्पूर्ण नेपालीकी पेवा बनिन् । अनि उनी नेपाली भाषासाहित्यकी एक प्रतिनिधि अस्तित्व नै बनिन् । पारिजातका बुबा केएस लामा भारतीय सैनिक सेवामा आबद्ध थिए र आमा अमृता लामाले चाहिँ घरगृहस्थीलाई आफ्नो थाप्लामा बोकेकी थिइन् । पछि सैनिक सेवा छाडेर के. एस. लामा होमियो चिकित्सामा लागे । सैनिक सेवा छाडेपछि अथवा भनूँ औषधी बेच्ने काममा लाग्दा लामापरिवारको घरको छानो आर्थिक रूपले पातलो भएको थियो ।

नेपली साहित्यका लोकप्रिय, सम्मानित अनि ओजपूर्ण साहित्यकार हुन् पारिजात। जीवनको कुनै पनि संघर्षबाट नथाक्ने र यात्राका कुनै पनि पराजयहरुबाट नभाग्ने साहित्यकार पारिजात लेखकका दृष्टिले सधैभरि सफलताका दृष्टि ले माथिल्लो सिखरमा रहिन. शारीरिक रुपमा उनी परास्त बने पनि लेखनमा भने उनी सधै अपारस्त रहनु भयो। पारिजातले प्राप्त गरेको लोकप्रियता र सम्मान भुझ्नलाई उनका रचना नै पर्याप्त छ। जसले पारिजातको प्रभावशाली व्यक्तित्वको निर्माणमा ठूलो सह्योग पुर्याएको छ। नेपली साहित्यको अनवरत रुपमा र विभिन्न विधाहरुमा कलम चलाएर साहित्य सेवा गर्ने पारिजात को स्थान र वैशिष्टय नेपली साहित्यमा विधागत रुपमा भिन्दा भिन्दै छ। उनले साहित्यको विभिन्न विधाहरुमा आफ्नो योगदान दिएका छन्। साहित्य लेखन सँगसँगै समाजसेवा र राजनीतिमा पनि आफ्नो अतुलनीय योगदान दिएका छन।

साहित्य लेखनको थालनीमा स्वछन्दवादी, विसङ्गतिवादी, अस्तित्ववादी प्रवृत्ति उनका कृतिहरुमा पाइन्छ। उनका दोस्रो चरण अथवा बिच समयका कृतिहरुमा सल्फाली विद्रोह अनि आक्रोश रहेको पाइन्छ। उनका अन्तिम समयका कृतिहरुमा माक्सवादी दर्शनको प्रभाव अनि प्रगतिवादी विचार व्यक्त भएको छ। वि. सं. 2023 सालमा तत्कालिन राजनीतिक व्यवस्था विरुद्ध विद्रोह गर्न केहि सङ्गीतकार र लेखक कविहरुले ‘राल्फा’ समूह निर्माण गरे। यस समूहमा

केन्द्रबिन्दुका रूपमा पारिजात रहिन। यसै क्रममा पारिजातको स्वास्थ्य बिग्रिदै गएको अनि स्वास्थ्यमा कुनै सुधार नहुने स्पष्ट भएपछि उनले आफूलाई साहित्यबाट मात्र नभएर वैचरिक रूपले पनि देश र जनताका निम्ति समर्पित हुने अठोट गरिन् अनि वि.सं. 2034 सालमा नेपली कम्युनिष्ट पार्टी चौथो महाधिवेशनको सदस्यता लिइन्। पारिजात विभिन्न साहित्यिक, सामाजिक, सांस्कृतिक, राजनीतिक संघसंस्थानसँग पनि आबद्ध थइन्। यि संस्थानहरूसँग आबद्ध रहेर पारिजातले साहित्यको उत्थान, नेपालमा प्रजातन्त्रको प्राप्ति, मानव अधिकार र महिला मुक्तिको आन्दोलनमा ठूलो योगदान दिएका थिए।

## 3.9 सार

यस प्रखण्डमा **पारिजातको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- पारिजात नै त्यस्ती स्रष्टा हुन् जो नेपाली भाषासाहित्यकी एउटा सार्वजनिक चौताराकी पर्यायवाची बनिन् ।
- ज - जसले पारिजातलाई हाम्री मात्र पेवा भने पनि र पारिजात स्वयम्ले पनि आफूलाई कुनै खेमाभित्र सीमित पार्न चाहे पनि अन्ततः उनी सम्पूर्ण नेपालीकी पेवा बनिन् । अनि उनी नेपाली भाषासाहित्यकी एक प्रतिनिधि अस्तित्व नै बनिन् ।
- नेपली साहित्यका लोकप्रिय, सम्मानित अनि ओजपूर्ण साहित्यकार हुन् पारिजात।
- जीवनको कुनै पनि संघर्षबाट नथाक्ने र यात्राका कुनै पनि पराजयहरुबाट नभाग्ने साहित्यकार पारिजात लेखकका द्दष्टिले सधैभरि सफलताका द्दष्टि ले माथिल्लो सिखरमा रहिन ।
- शारीरिक रुपमा उनी परास्त बने पनि लेखनमा भने उनी सधै अपारस्त रहनु भयो। पारिजातले प्राप्त गरेको लोकप्रियता र सम्मान भुझ्नलाई उनका रचना नै पर्याप्त छ ।
- पारिजातको प्रभावशाली व्यक्तित्वको निर्माणमा ठूलो सह्योग पुर्याएको छ। नेपली साहित्यको अनवरत रुपमा र विभिन्न विधाहरुमा कलम चलाएर

साहित्य सेवा गर्ने पारिजात को स्थान र वैशिष्ट्य नेपली साहित्यमा विधागत रुपमा भिन्दा भिन्दै छ।

- ❖ पारिजातले साहित्यको विभिन्न विधाहरुमा आफ्नो योगदान दिएका छन्। साहित्य लेखन सँगसँगै समाजसेवा र राजनीतिमा पनि आफ्नो अतुलनीय योगदान दिएका छन।
- ❖ साहित्य लेखनको थालनीमा स्वछन्दवादी, विसङ्गतिवादी, अस्तित्ववादी प्रवृत्ति उनका कृतिहरुमा पाइन्छ।
- ❖ पारिजातका दोस्रो चरण अथवा बिच समयका कृतिहरुमा सल्फाली विद्रोह अनि आक्रोश रहेको पाइन्छ। उनका अन्तिम समयका कृतिहरुमा माक्सवादी दर्शनको प्रभाव अनि प्रगतिवादी विचार व्यक्त भएको छ।
- ❖ वि. सं. 2023 सालमा तत्कालिन राजनीतिक व्यवस्था विरुद्ध विद्रोह गर्न केहि सङ्गीतकार र लेखक कविहरुले 'राल्फा' समूह निर्माण गरे। यस समूहमा केन्द्रबिन्दुका रूपमा पारिजात रहिन।
- ❖ पारिजात विभिन्न साहित्यिक, सामाजिक, सांस्कृतिक, राजनीतिक संघसंस्थानसँग पनि आबद्ध थइन्। यि संस्थानहरूसँग आबद्ध रहेर पारिजातले साहित्यको उत्थान, नेपालमा प्रजातन्त्रको प्राप्ति, मानव अधिकार र महिला मुक्तिको आन्दोलनमा ठूलो योगदान दिएका थिए।
- ❖ पारिजात नेपली साहित्य जगतको एक शिर्ष स्रष्टा हुन्। कविता, कथा, उपन्यास साहित्यमा नवीनता थप्ने अग्रणी स्रष्टा पनि हुन्।
- ❖ पारिजातले 22 वटा पुस्तकाकार कृतिहरू नेपली साहित्यलाई प्रदान गरेका छन् । स्वछन्दतावादी धाराको कविता कृतिबाट आफ्नु साहित्यिक यात्रा आरम्भ गरकी पारिजातले साहित्यका अनेक मोडहरू पर गरिन्।
- ❖ पारिजातको उपन्यासहरू शिरीषको फुल, "बैँसाको मान्छे", "परिभाषित आँखाहरू" आदिमामा पनि कवितात्मक गद्य भाषाको तरल प्रयोग र शुन्यवादी विचारधारा पाइन्छ भने पर्खालभित्र र बाहिर, महत्ताहिन आदि उपन्यासमा प्रगतिवादी विचारघारा पाइन्छ ।

यस प्रखण्डको अध्ययनले **पारिजातको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त पारिजातको साहित्यिक परिचय र उनको कृतिमा निहित विभिन्न पक्षहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 3.10 अनुशीलनी

1. पारिजातको जीवनीबारे चर्चा गर्दै उनको साहित्यिक कृतिबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि पारिजातका कृतिहरूमा पाइने प्रमुख प्रवृत्तिबारे टिप्प्णी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि पारिजातको महत्त्व र मूल्यलाई सबिस्तार चर्चा गर्नुहोस् ।

4. कवि पारिजातका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई राल्फावादी लेखकको रूपमा चिनाउनुहोस् ।

5. कवि पारिजातका कविताहरूमा पाइने काव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. पारिजातलाई किन शुन्यवादी लेखक भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. पारिजातको कृतिमा निहित सामाजिक मूल्यबारे चर्चा गर्नुहोस्।

8. पारिजातको कृतिमा निहित मानवीय मूल्यबारे एउटा गल्लिलो टिप्पणी लेख्नुहोस् ।

9 पारिजातको कृतिमा निहित सांस्कृतिक मूल्य सम्बन्धी लेख लयार पार्नुहोस् ।

10. साहित्यकार पारिजातको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 3.11 अतिरिक्त अध्ययन


३. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2 ,प्रधान .हृदयचन्द्रसिंह - नेपाली काव्य र उसका प्रतिनिधि कवि ।

3 .श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

5 .सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

6. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

7. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

8. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

9. रिसाल, राममणि - **नेपाली काव्य र कवि** ।

10. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति** ।

16. शर्मा, तारानाथ -– **नेपाली साहित्यको इतिहास** ।

17. जिमबा, टेकध्वज आशा - **आधुनिक भारतीय कविता संचयन** ।

18. नेपाल, धनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

19. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

20. नवपानीया, हरिभक्त - **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

यस अतिरिक्त **पारिजात**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 3.12 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. पारिजातको सामान्य परिचय ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. पारिजातको कृतिमा निहित सामाजिक मूल्य ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१३. पारिजातको कृतिमा निहित सांस्कृतिक मूल्य ।

.................................................................................................

.................................................................................................

.................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. पारिजातको कृतिमा निहित मानवीय मूल्य ।

.................................................................................................

.................................................................................................

.................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.6 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१५. पारिजातको कृतिमा निहित सार्वजनीनता ।

.................................................................................................

.................................................................................................

.................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.7 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 4, पारिजातको विशेष साहित्यिक योगदान

**संरचना**

4.0 उद्देश्य

4.1 परिचय

4.2 पारिजातको साहित्यिक यात्रा

4.3 पारिजातको साहित्यिक योगदान

4.3.1 कविको रूपमा

4.3.2 कथाकारको रूपमा

4.3.3 उपन्यासकारको रूपमा

4.3.4 अन्यान्य क्षेत्रमा

4.4 उपसंहार

4.5 सार

4.6 अनुशीलनी

4.7 अतिरिक्त अध्ययन

4.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 4.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पारिजातको साहित्यिक परिचय
- पारिजातको साहित्यिक यात्रा
- पारिजातको साहित्यिक योगदान
- कविको रूपमा
- कथाकारको रूपमा

- उपन्यासकारको रूपमा
- अन्यान्य क्षेत्रमा

## 4.1 परिचय

वि. सं. 1990 सालमा दार्जीलिङ्गमा जन्मेकी पारिजात नेपली साहित्यको विशिष्ट व्यक्तित्व हुन्। वि. सं. 2013 सालदेखि कविता सिर्जनामा प्रवृत रहेकी पारिजातको बास्तविक नाम विष्णुदेवी वाईबा हो । वि. सं. 2013 सालमा 'धरती' पत्रिकामा 'दुई कविता' शिर्षक कविता प्रकाशित गरी पारिजातले आफ्नु साहित्ययात्रा सुरु गरेकी थिइन्। कविता पछि उनले कथा, उपन्यास, नाटक लेखनिबन्ध, आत्मसंस्मरण आदिको क्षेत्रमा पनि कलम चलाएका छन्। हालसम्म उनको 10 वाट उपन्यास, 4 वाट कथा सङ्ग्रह, 4 वाट कविता सङ्ग्रह, 3 वाट आत्मसंस्मरण अनि एउता लेखनिबन्धसङ्ग्रह र एउता नाटकसङ्ग्रह प्रकाशित भएको छ। यस अध्यायमा साहित्यकारका रुपमा पारिजातलाई चिनाउँदै उनको साहित्यिक कृतिहरुको विशेष अध्ययन प्रस्तुत गरिएको छ।

नेपली साहित्यका लोकप्रिय, सम्मानित अनि ओजपूर्ण साहित्यकार हुन् पारिजात। जीवनको कुनै पनि संघर्षबाट नथाक्ने र यात्राका कुनै पनि पराजयहरुबाट नभाग्ने साहित्यकार पारिजात लेखकका द्दष्टिले सधैभरि सफलताका द्दष्टि ले माथिल्लो सिखरमा रहिन. शारीरिक रुपमा उनी परास्त बने पनि लेखनमा भने उनी सधै अपारस्त रहनु भयो। पारिजातले प्राप्त गरेको लोकप्रियता र सम्मान भुझ्नलाई उनका रचना नै पर्याप्त छ। जसले पारिजातको प्रभावशाली व्यक्तित्वको निर्माणमा ठूलो सह्योग पुर्याएको छ। नेपली साहित्यको अनवरत रुपमा र विभिन्न विधाहरुमा कलम चलाएर साहित्य सेवा गर्ने पारिजात को स्थान र वैशिष्ट्य नेपली साहित्यमा विधागत रुपमा भिन्दा भिन्दै छ। उनले साहित्यको विभिन्न विधाहरुमा आफ्नो योगदान दिएका छन्। साहित्य लेखन सँगसँगै समाजसेवा र राजनीतिमा पनि आफ्नो अतुलनीय योगदान दिएका छन।

## 4.2 पारिजातको साहित्यिक यात्रा

वि. सं. 2013 सालमा ‘धरती’ पत्रिकामा कविता प्रकाशन गरि पारिजातले आफ्नो साहित्यिकयात्रा सुरु गरेकी थइन्। कविता लेखनबाट आफ्नो साहित्यिक यात्राको थालनी गरेकी पारिजातले साहित्यको विभिन्न विधामा कलम चालाएका छन्। उनका 4 वटा कविता सङ्ग्रह, 10 वाट उपन्यास, 4 वटा कथा सङ्ग्रह, एउटा नाटक सङ्ग्रह, एउता लेखनिबन्ध सङ्ग्रह अनि 3 वटा आत्मासंस्मरण प्रकाशित छ।

साहित्य लेखनको थालनीमा स्वछन्दवादी, विसङ्गतिवादी, अस्तित्ववादी प्रवृत्ति उनका कृतिहरुमा पाइन्छ। उनका दोस्रो चरण अथवा बिच समयका कृतिहरुमा सल्फाली विद्रोह अनि आक्रोश रहेको पाइन्छ। उनका अन्तिम समयका कृतिहरुमा माक्सवादी  दर्शनको प्रभाव अनि प्रगतिवादी विचार व्यक्त भएको छ। वि. सं. 2023 सालमा तत्कालिन राजनीतिक व्यवस्था विरुद्ध विद्रोह गर्न केहि सङ्गीतकार र लेखक कविहरुले ‘राल्फा’ समूह निर्माण गरे। यस समूहमा केन्द्रबिन्दुका रूपमा पारिजात रहिन। यसै क्रममा पारिजातको स्वास्थ्य बिग्रिदै गएको अनि स्वास्थ्यमा कुनै सुधार नहुने स्पष्ट भएपछि उनले आफूलाई साहित्यबाट मात्र नभएर वैचरिक रूपले पनि देश र जनताका निम्ति समर्पित हुने अठोट गरिन् अनि वि.सं. 2034 सालमा नेपली कम्युनिष्ट पार्टी चौथो महाधिवेशनको सदस्यता लिइन्। पारिजात विभिन्न साहित्यिक, सामाजिक, सांस्कृतिक, राजनीतिक संघसंस्थानसँग पनि आबद्ध थइन्। यि संस्थानहरूसँग आबद्ध रहेर पारिजातले साहित्यको उत्थान, नेपालमा प्रजातन्त्रको प्राप्ति, मानव अधिकार र महिला मुक्तिको आन्दोलनमा ठूलो योगदान दिएका थिए।

पारिजातले प्रगतिशील लेखक संघको स्थापना र त्यससँग आबद्ध भएर महत्वपूर्ण कार्यहरु गरिन्। यसै गरि ‘अखिल नेपली महिला मञ्च’ र ‘बन्दी सहायता नियोग’ का संस्थापक अध्यक्ष, ‘इन्द्रेणी संस्कृतिक समाज’ का मआनार्थ अध्यक्ष ‘नेपाल मानवअधिकार संगठन’ का संस्थापक उएध्यक्ष अनि त्रिभुवन  विश्वविद्यालय सभा’ को मनोनित सदस्य भएर उनले कार्य गरिन्। पारिजातले साहित्य तथा अन्य क्षेत्रमा दिएका योगदानको कदरगर्दै उनलाई विभिन्न राष्ट्रिय अनि अन्तरास्ट्रिय पुरष्कार तथा सम्मानले सम्मानित गरिएको छ। उन्ला प्राप्त गरेका पुरषकारहरु- शिरीषको फूल उपन्यासका निम्ति उनलाई वि .सं. 2022 सालमा मदन पुरस्कारले सम्मनित गरियो।

पारिजातलाई वि. सं. 2027 सालमा  युगज्ञान पुरस्कारले पनि सम्मानित गरियो। अनि वि. सं. 2049 सालमा गँकी वसुन्धरा पुरसकारले पनि सम्मान  र वि. सं. 2050 सालमा सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कारले पनि सम्मानित गरियो। उनको प्रसिद्ध उपन्यास शिरीषको फूल अंग्रेजीमा Blue mimosa नाममा अनुवाद भएको छ अनि संयुक्त राज्य अमेरिकाको मेरिल्याण्ड युनिभर्सिटीमा पढाइन्छ। पारिजातको जीवनी र कृतिसम्बन्धी जनमत (पारिजात विशेषाङ्क  2049) र पारिजात स्मृतिग्रन्थ प्रकाशित भएको छ। नेपली साहित्यका विशिष्ट प्रतिभाका धनी पारिजात को निधन वैशाख 5 गते 2050 सालमा भयो।

## 4.3 पारिजातको साहित्यिक योगदान

पारिजातले कथा, कविता, उपन्यास, नाटक, आत्मसंस्मरण, लेखनिबन्ध जस्ता साहित्यको प्राय सबै विधाहरुमा कलम चालाएको पाइन्छ। नेपली साहित्यमा पारिजातको योगदान अतुलनीय छ। विशेष उपन्यास, कथा अनि कविताको क्षेत्रमा उनको कृतिहरुको विशेष महत्त्व छ।

### 4.3.1 कविको रूपमा

वि. सं 2013 सालमा 'धरती' पत्रिकामा "दुई कविता" प्रकाशित गरि पारिजातले आफ्नो कविता यात्राको थालनी गरिन्। उनको प्रारम्भिक कविताहरुमा स्वछन्दवादी प्रवृत्ति पाइनछ। कृतिगत रूपमा उनको पहिलो प्रकाशित कृति "आकाङ्क्षा" (वि. सं. 2014) कविता सङ्ग्रह हो। हाल सम्म उनका अन्य प्रकाशित कविता सङ्ग्रहहरु 'पारिजातका कविताहरु', 'बैंसालु वर्तमान', 'जुठी दमिनी' हुन्। यी कविता सङ्ग्रहका कविता हरुलाई हेर्द पारिजातका कविता यात्राको मुख्य तीन प्रवृत्तिहरु देखिन्छ।

साहित्यकार पारिजातका हालसम्म कविता सङ्ग्रहहरूमा **आकांक्षा** (वि. सं. 2014)**, बैँशालु वर्तमान** (वि. सं. 2050)**, पारिजातका कविताहरू** (वि .सं. 2044) प्रकाशित छन् । प्रारम्भका उनका कवितहरु स्वछन्द प्रवृत्ति देखिन्छ। यस समयमा पारिजात युवा अवस्थामा भएको हुनाले उनको लेखनमा पनि स्वछन्दवादी प्रभाव बढी रहेको पाइनछ। उनका यससमयका कविताहरु प्रेम प्रणयका व्याख्यामा व्यस्त देखिन्छन्। वि. स. 2016 पछिका उनका कविताहरुले

एउता  नयाँ प्रवृत्ति र कविता लेखनमा नोलो चिन्तन र दर्शनको प्रस्तुति दिएको छन्। यस समयका उनका कवितामा अस्तित्ववादी दर्शनको प्रभाव परेको अनि यस दर्शनले उनलाई धैरै आकर्षित गरेको छ। जीवन र मृत्युको बिचमा रहेको मानव शून्यलाई प्रस्तुत गर्न उनका यस समयका कविताहरु सक्षम बनेका छन्। वि. सं. 2027 पछि उनी राल्फाली आन्दोलनमा सक्रिय रहिन अनि स्वछन्द वादी कविता लेखनबाट थालीएको उनको कविता यात्रा बिस्तारै अस्तित्ववाद,विसङ्गतिवाद हुदै राल्फाली आन्दोलनसँग जोडिन पुग्यो।

यस समयका उनका कविताहरुमा आन्दोलनसँग जोडीएका विषय नै व्यक्त भएको पाइन्छ। वि. सं. 2037 पछि उनी मक्सवादी, प्रगतिवादी विचारबाट प्रभावित भएकि छन्। त्यसैले यस समयका उनका कविताहरुले क्रान्ति, विद्रोह, नारिवार्गमाथिको अन्याय अत्याचारको विरोध, समाजले हेला गरेर थिचिएका वर्गप्रति स्नेह र माया व्यक्त गरेको छ। नेपली कविता साहित्यमा पारिजातले अतुलनीय योगदान दिएका छन्। उनका अन्तिम चरण अथवा वि.स. 2036 पछि लेखिएका कविताहरुमा समाजमा रहेको शोषण, अन्याय र अत्याचार बिरुद्ध प्रगतिवादी विचहर व्यक्त भएको छ। वि. सं 2014 मा प्रकाशित पारिजातको पहिलो कविता सङ्ग्रह “**आकाङ्क्षा**” भित्रका कविताहरूमा स्वच्छन्दवादी प्रवृति रहेको पाइन्छ। यस कविता सङ्ग्रहको प्रकाशन कलमा उनी युवा अवस्थामा भएको अनि भर्खर योवनमा प्रवेस गर्दै गरेका हुनाले स्वच्छन्दवादी लेखनमा बढी केन्द्रित रहेको पाइन्छ।

**बैंसालु वर्तमान** कविता सङ्ग्रह पारिजातको निधनपछि वि. सं. 2050 सालमा नेपली साहित्य गुठीले प्रकाशित गरेको हो। यस कविता सङ्ग्रहमा वि. सं. 2036-2049 सालसम्म परिजलले लेखेकाकविताहरू छापिएका छ पारिजातको यो तेस्रो कविता सङ्ग्रह हो। पारिजातका वि. सं. 2036 देखि वि. सं. 2049 साल भित्रका कविताहरू क्रन्ति, विद्रोह, नारीवर्गमाथिको अन्याय अत्याचार विरुद्ध विद्रोह गरेको पाइन्छ। समाजका  सबभन्दा थिचिएका, मिचिएका अनि हेपिएका वर्गप्रति अपार स्नेह र आशीर्वादका स्वरहरु गुन्जिएको पाइन्छ।  बैंसालु वर्तमान भित्रका प्राय जस्तो कविताहरूले संसारका सम्पूर्ण श्रमजीवी मानिसहरूको संघर्सलाई प्रसतुत गरेको छ। यस सङ्ग्रह भित्रका ‘बलात्कृतको बयान’, ‘जुठी दमिनीको अभिव्यक्ति’, ‘मृत्यु’, ‘गढतिरको ढुङ्गामा’, ’आमाको संझना’, ’आमा’ आदि कविताहरूले अन्याय अत्याचार शोषणप्रति आक्रोश व्यक्त गरेको पाइन्छ। यस

सङ्ग्रहका प्रतेक कविताका भाव र विचार केलाएर हेर्दा नवीन अनुभूति प्राप्त हुन्छ। बैंसालु वर्तमान कविता पनि अर्थपूर्ण छ।

कवितामा थौरै भएपनि पारिजात बिगतमा भएको गल्तीका रूपमा बोलेको अनुभव हुन्छ। तर कवितामा पारिजातले मूल कुराता वर्तमान हो। त्यसैले यसैलाई सत्य मानी आफूलाई सच्याउन खोजे के हुन्छ ? व्यर्थमा विगतका गल्ती कोट्याएर क गर्ने ? भन्ने भाव पोखेका छन्। 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा एउटी शोषित नारीको जीवनको प्रस्तुति छ। कवितामा विषय वस्तुको गहनता, भाषा शैली र नाटकीय चित्रणको सबल प्रस्तुति छ।

यसरी नै पारिजातका वि. सं. 2016-27 साल सम्मका कविताहरूमा पारिजात अस्तित्ववादी दर्शनमा बढी केन्द्रित रहेका छन्। शारीरिकरूपमा अस्वस्थ्य साथै जीवन, जगतलाई हेर्ने बुझ्ने अनि व्याख्या गर्ने अवस्था रहेको हुनाले उनी अस्तित्ववादी दर्शनको प्रभाव उनमा बढी रह्यो। यसै समयका वि. सं.2016-2027 का कविताहरू डा. ईश्वर बरालले **पारिजातका कविताहरू** शीर्षकमा सम्पादन गरेपछि यो वि. सं. 2044 मा प्रकाशित भएको हो ।

## 4.3.2 कथाकारको रूपमा

पारिजातका नेपली कथा साहित्य जगतका स्थापित र प्रतिवद्ध कथाकार हुन्। उनको कथा यात्राको सुरुवात वि. सं. 2021 सालमा प्रकाशित "मैले नजन्माएको छोरा" कथाबाट भएको हो। नेपली कथा साहित्यको आधुनिक कालमा आफ्नो कथाहरु लिएर देखापरेकी पारिजातका जम्मा चारवटा कथा सङ्ग्रहहरु प्रकाशित भएको छ। "आदिम देश' वि. सं 2025 मा प्रकाशित उनको पहिलो प कथा सङ्ग्रह हो। अन्य तीन कथा सङ्ग्रहहरु "सडक र प्रतिभा' (वि. सं. 2032), "साल्गीको बलात्कृत आँशु" (वि. सं. 2043), " बधशाला जाँदा आउँदा" (वि. सं. 2049) हुन्। यी चारवटा कथा सङ्ग्रहका कथाहरुको अध्ययन गर्दा उनका कथाहरुमा मुख्य रुपमा निम्न प्रवृत्तिहरु पाइन्छ. पारिजातका चारवटा कथासङ्ग्रह भित्र जम्मा 47 वटा कथाहरु छन्।

पारिजातको कथालेखनको यात्रा विसङ्गतिवादी-अस्तित्ववादी चेतना बाट आरम्भ हुन्छ। पारिजातको प्रवेशअघि नेपली कथा साहित्यमा फ्राडीय मनोविश्लेषणप्रधान देखिन्छ। तर पारिजातको प्रवेशपछि आधुनिक नेपली कथा साहित्यमा

विसङ्गतिवादी र अस्तित्ववादी कथा लेखनको थालनी हुन्छ। आधुनिक विश्वसाहित्यमा अस्तित्ववाद अनि विसङ्गतिवाद एउटा प्रमुख चिन्तन धारा हो। नेपली कथा साहित्यमा यो चिन्तन पारिजात सँगै भित्रियो। त्यसैले नेपली कथा साहित्यमा पारिजातको स्थान अस्तित्ववाद र विसङ्गतिवाट को प्रथम प्रयोक्ताका रुपमा अविस्मरणिय छ।

नेपली कथा साहित्यमा पारिजातले बोद्धिकता, जटिलता, दुर्वोध्यतालाई भित्राउन प्रशस्त प्रयोगहरु गरेको पाइन्छ। उनी भन्दा अघि पनि नेपली कथामा बोद्धिकता, जटिलता, दुर्वोध्यता थियो तर यसले यति व्यापक रुपमा कथा साहित्यमा आउन पाएको थिएन। यसैले पारिजातलाई सम्पूर्ण नारी साहित्यकारहरुको माझ सबैभन्दा सशक्त वोद्धिक चेतना भएका लेखिका मानिन्छ। नेपली साहित्यमा अकथा लेखनको प्रथम प्रयोग पारिजातबाट भएको पाइनछ। उनीलेनै नेपली कथा साहित्यमा अकथा लेखनको परिपाटी स्थापित गरिन्। पारिजात मूलत प्रयोगवदिकथाकर हुन्। उनका कथाहरुमा नयाँपन र मूल्यले ठाउँ पाएका छन्।

पारिजातले कथामा 'म' पत्रको अभिव्याप्ति, संक्षिप्त सम्वाद,नयाँ नयाँ प्रतिमा संवेदनशीलता आदिको पर्याप्त प्रयोग गरेका छन्। पारिजातका लेखनको विशेषताहरुमा एउटा प्रमुख विशेषता उनको लेखनको शैली हो। उनले नेपली साहित्यमा एउटा महत्त्वको र विशिष्ट शैलीको प्रयोग गरेका छन्। शंकर लामिछानेले पारिजातको 'कव्यान्यास' र 'अतिअधुनिक' को शैलीले गर्दा वर्तमान त पारिजातको हो भन्न वाध्य हुनुपरेका थिए। फेरि उनले भनेका थिए " मलाई यस्तो अनुभव हुन्छ उ मेरी इम्पल्सहरु वा अझ भनुँ मेरो साहित्यिक इम्पल्सहरुको जन्मदाता हो। उसको मस्तिष्कहरुको गर्भ देखेर ए निश्चय पनि हेनरी मिलर जस्तै सोच्छु र भन्छु यहाँबाट कति जन्मे होलान र म स्वयं त्यहाँबाट जन्मेको अनुभव गर्छु। पुन मलाई लेख्ने प्रवृति जागेर आउँछ। मलाई खुशी छ म उसको समकालीन भएर जन्मे।"

पारिजातका कथाहरुले नेपली साहित्य भण्डाका अभावको खाडललाई केहि हद सम्म पुरेका छन्। मात्रात्मक र गुणात्मक दुवै दृष्टिले उनले नेपली कथा साहित्यलाई ठूलो योगदान दिएका हुनाले उनको नेपली कथा साहित्यमा विशिष्ट र महत्वपूर्ण स्थान छ। यी कुराहरुले गर्दा डा. ईश्वर बरालले पारिजातको मूल्यांकन गर्दै उनलाई नवतन्त्री युवावर्ग विशेषका अधिवक्ता ओं प्रतिनिधि भनेका छन्।

आधुनिक नेपली साहित्यको पारिजात एक महत्वपूर्ण साहित्यिक स्रष्टा हुन्। नेपली साहित्यको विविध विधामा कलम चलाउँदै र त्यसप्रतिको साहित्यिक साधनामा लागिपर्दै नेपली साहित्यमा जुन योगदान उनले दिएका छन् त्यो आज नेपली साहित्यको अमूल्य निधि हुन गएको छ। कवि भूपिशेरचनको शब्दमा पारिजात विना उपचार बैशामै कुँजिएर जीवन बिताउने सरस्वतीकी एक्ली छोरी हुन्। कथाकारको रुपमा आधुनिक त्रि-रत्नहरुमध्ये एक हुन् पारिजात।

**आदिम देश** यस कथासङ्ग्रहको पहिलो कथा हो। यस कथाको शीर्षक नै प्रतीकात्मक छ। कथाले आजको मान्छेलाई अर्थहीन, नग्न र आदिम रूपमा हेर्ने घृष्टता गरेको छ। मान्छे यहाँ सार्वजनिक रूपमा आएको छ र ऊ सर्वत्र सम्पूर्ण नाङ्गो छ र समाजमा नग्नता बाहेक केही छैन भन्ने मूल भाव कथामा व्यक्त गरिएको छ। सम्पूर्ण मान्छे नङ्गै छन्, आफ्नो आदिम रूपमा छन्, संघर्स र सम्भोगको तीतो अनुभूति मात्र छ जीवनमा. भनेर कथाकारले मानव जीवनको निश्प्रयोजनीतालाई देखाउन खोजेका छन्।कथामा कुनै कथानक छैन नत कुनै विशेष कर्यव्यपर र घटनावली छ। एक ठाउँमा सुत्केरी हुँदै मरेकी उसको स्वास्नीको प्रशङ्ग आएको छ। कथावाचक पुरुष एकतिर बच्चा जन्माने अस्विकितिलाई ' उ भित्र ईश्वरको आभास भएको बताउँछ भने अर्कातिर मान्छे भनेको पशु नै हो, पशुभन्दा भिन्न छैन मान्छे भन्ने धारणा राख्दछ।

बिसौ शताब्दीको एउटा गल्लीमा यस कथा सङ्ग्रहको अर्को कथा हो.यस कथामा पनि जीवनको विसङ्गतिवादी-अस्तित्ववादी कुराहरुको व्याख्या गरिएको छ। कथामा दुईवटा प्रसङ्ग मुख्य रूपमा आएको छ पहिलो गल्लीमा घर भएको घरबेटीले आइमाइहरूलाई फसाएर देहव्यापार गर्न लगाइ पैसा कमाउनै गर्छ , तर एक दिन त्यसरीनै फँसाइएको एकजना युवतीले देहव्यापार गर्न अस्वीकार गर्दा रातभरि त्यस युवतीलाई कुटेको अनि त्यसरी रतभरि कुटाइ खादा पनि उसले केहि गर्न न सकेको विसङ्गतिको चित्रण गरिएको छ। अर्को प्रसङ्ग पसले साहु र पसल्नीको छ। मृत शिशुहरूको लास रछ्यानमा फाल्न पसले साहु लाममा उभिएको छ। कथामा यो प्रसङ्ग विसङ्गतिवादी मान्यताको पुष्टि गर्न ल्याइएको छ। प्रस्तुत कथाले मान्छेलाई अर्थहीन र पशुतुल्य ठानेको छ र संसारलाई महारोगी।

साइनो यस कथा सङ्ग्राको तेस्रो कथा हो। यस कथामा मित्युपीडा पर्खिरहेको असक्त नारीको कथा छ.।कथामा समाज अनि आफ्नै छोरा-छोरीबाट प्रताडित

विधवा मिर्त्युको प्रतीकक्षामा छ। एक उडान कथामा सोफिया घटिया स्तरकी कामुक पत्रका रूपमा प्रस्तुत छ। ऊ पेशाले एयर होस्टेज अनि स्वभावले कामातुर युवतीको रूपमा कथामा प्रस्तुतछि। शराब र परपुरुषसँगको यौवन क्रीडालाई जीवनको आनन्द र अर्थ देख्ने सोफिया सानैदेखि मातृ स्नेहबाट र पितृ स्नेहबाट वञ्चित भएर दाजुका लात र मुक्काको गोदाइले असाह्य भई बरालिएर हिँडेपछि कुलतमा लाग्दै त्यस्तो चरित्र बरण गर्न पुगेकी छ। साँधै वित्नु पर्ने हामी कथामा पनि सोफिया जस्तै चरित्र भएकी 15 बर्षे किशोरी बेबीको चरित्र चित्रण गरिएको छ। सामाजिक मर्यादा अनि आफ्नो उमेरसमेतको ख्याल नराख्ने बेबी कथावाचक पुरुष पात्रसंग प्रेम गर्छे . यी दुई माझको प्रेम आत्मिक र हार्दिक नभएर केवल शारीरिक मात्र हो। यसैबीच बेबी गर्भवती हुन्छे तर यो कुराले उसलाई कुनै प्रभाव पार्दैन। बेबी गर्भपतन गराएर 15 दिन पछि पूर्ण घर फर्किन्छे तर दुवैमा त्यस कुराको कुनै अपराध बोध हुँदैन।

**सडक र प्रतिभा** कथा सङ्ग्रह वि.सं 2032 मा प्रकाशित भएको पारिजातको दोस्रो कथा सङ्ग्रह हो। प्रस्तुत कथा सङ्ग्रहमा 16 वटा कथाहरू संग्रहित छ। यस कथा सङ्ग्रह भित्रका कथाहरुमा सामाजिक विकृतिप्रति असन्तुष्टि र विरोध छ। सडक र प्रतिभा कथामा मान्छेको असफलता र उदासीनता देखेर मान्छे विरोधी बन्न पुगेकी कथाकारको मानसिकतालाई व्यक्त गरेको छ। मान्छेलाई साना साना हाडहरूको संगठन, लघुमानव भन्ने धारणा कथाले व्यक्त गरेको छ। कथामा मृत्युन्मुखी चेतना तीब्र रहेको छ।

"प्रतीक" यस कथामा मान्छेलाई कुकुर र चितुवासंग तुलना गरिएको छ। कथामा ज्याला नपाएको झोकमा एकजना श्रमजीवी लोग्नेले स्वास्नीलाई राती छाप्रोमा झुन्ड्याएको अनि माया गरेर बलात्कार गरेको घटना व्यक्त गरिएको छ। "नयाँ मान्छे" कथामा आजको मान्छे शोकले आक्रान्त रहेको अनि त्यसको एउटै मात्र उपाय रहेको अज्ञानी भई मृत्यु अघि आफूलाई समाप्त गरिदिनु या सुनसान टापुमा गएर बस्नु पर्ने दृष्टिकोण व्यक्त छ। "रात" यस कथामा पनि मृत्युचेतना प्रबल रहेको छ। कथामा एउता कोठाको चित्रण गरिएको छ। कोठामा रातको अध्यारोमा विचित्र आकृतिहरू देखिन्छ। कथावाचक(कोठावाला) त्यसलाई मृत्युको प्रतीक ठान्छ। "देवल" उक्त कथामा सामाजिक विसङ्गतिको यथार्थ चित्रण गरेको पाइन्छ। कथामा देवलवासी नइकेले ऊ र ऊजस्तै अरु महिलासंग विनापैसा योनसुख लिएको अनि बलात्कार गरेको विसङ्गतिको चित्रण छ।

ठेकेदारले मात्र नभएर आफ्नो छोरोले पनि सम्भोग गर्ने दुरस्हास गरेको देखाएको छ।

"संत्रास" कथामा स्वास्नी पात्रले लोग्नेलाई स्याडिस्ट(परपीडक) को रूपमा देख्छ। स्वास्नीको दृष्टिमा उनीहरूको छोरी हुनुनै लोग्ने स्याडिस्ट रहेको सङ्केत हो। ऊ भन्दा उसको लोग्ने शारीरिक रूपले आधा र सानु भएकोले ऊ आफूलाई फाद र लोग्नेलाई मूसा सम्झन्छे। मुसा लोग्नेबाट उसको मन्मा संत्रास रहेको अनि परपीडक प्रवृतिको विकास भएको छ। "यस ठाउँमा" कथामा संस्मरणात्मक शैलीमा कथावाचकले साथीलाई लेखेको पत्र नै यहाँ कथाको रूपमा छ।पत्रमा व्यक्त समाज र मान्छेप्रतिको धारणा कथाको मूल कथ्य हो। यो एउटा योनकेन्द्रिय विसङ्गतिवादी कथा हो। "घाम ताप्दा" प्रस्तुत कथामा छोरा र स्वास्नीलाई पेटभरि खाना दिन न सकेको लोग्ने अकर्मण्य र उसकी स्वास्नी माझको द्वन्द्वलाई प्रस्तुत गरेको छ। "बूढा बा"  कथामा 91 बर्ष काटिसकेको बूढो वर्तमान युगबाट ठगिएको अनि सारा खुशीबाट रित्तिएको घटना प्रस्तुत गरिएको छ।

"**साल्गीको बलात्कृत आँशु**" पारिजातको तेस्रो कथा सङ्ग्रह हो। वि.सं.2043 सालमा प्रकाशित साल्गीको बलात्कृत आँशु कथा सङ्ग्रहमा जम्मा पन्ध्रवटा कथाहरू संग्रहित छ। सडक र प्रतिभा कथा सङ्ग्रह पछिको एकशकका कथाहरू यस सङ्ग्रहमा परेका छन्। "सइको चिठी" यो कथा वि.सं 2032 सालमा प्रथम पल्ट 'वेदना' पत्रिकामा प्रकाशित भएको थियो.कथामा सइसका तर्फबाट उसकी स्वास्नीलाई व्यक्त गरिएको उसको दुखद स्तिथिको बयान गरिएको छ। वर्ग विभेदका कारण सइसले भोग्न परेको दुख, हेपाइआदिको चित्रण कथामा पाइन्छ। कथा पूर्णतया चिट्ठीका रुपमा लेखिएको छ।

सइसको कथा पछि कर्मश बोनीलाई सम्बोधन गरिएको चारवटा कथाहरु एकै कथाका चार भागको शुरुवात हुन्छ। यस कथाहरुमा पत्रात्मक शैली साथै चेतनप्रवाह लेखनपद्धतिको प्रयोग भाको पाइन्छ। कथामा गलत सामाजिक परिवेशको निरन्तर सम्पर्कमा आएर कसरी युवायुवतीहरु दिग्भ्रमित पतनशील बाटोमा लग्दछन् भन्ने कुरा व्यक्त गरिएको छ। "सम्बन्ध" प्रस्तुत कथामा वर्गभेद समाजमा देखा पर्ने हेला,हेपाइ शोसनको चित्रण गरिएको छ। कथामा पुन्टेकी आमा जो कामदार वर्गकी हुन्छे उसले अस्पतालमा भर्न त पाउँछ तर कामदार वर्गकी भएकीले उसले तिरस्कार र अनादर सहनु पर्छ। यहि वर्गविभेदले जन्माउने उत्पीडनको अर्को कथा "यसरी एउटा नाउँ" पनि हो। कथामा बूढो ज्यामी जो एक्लो छ र सबैबाट उपेक्षित भएको छ। ऐमनको बिल्डिंगमा ढलानका लागि

मसला ओसार्दै गर्दा सदाको लागि एकतिर ढल्छ। घरपति, भारतीय ठेकेदार, इन्जिनियर कसैलाई उसको चासो र पत्तो हुँदैन उनिहरु ढलान सकिएको खुशीमा भोज खाइरहेका हुन्छ।

**वधशाला आँउदा जाँदा** पारिजातको चौथो कथा सङ्ग्रह हो। 'शोध''कथामा विदेशी महिला मोनिका हडसनले कथावाचकका सहयोगमा गरेको शोध नै कथाको कथ्य हो। दुई भिन्न वर्गका व्यक्तिहरूकोभिन्न जीवनपद्धतिको यथार्थलाई देखाउने प्रयास कथामा भएको छ। वधशाला आँउदा जाँदा कथामा 'वधशाला' जागीर खाने अड्डालाई भनिएको छ। जहाँ कथाको मुख्य पात्रले जागीर गर्दछ। तीन वर्ष सम्म जागीर खाएर पनि उसको आर्थिक अवस्थामा कुनै परिवर्तन नआएको अनि ऊ जस्तै धेरै गरीब बेरोजगारहरुजागीरको लागि शहरमा भोतारिएको देखाएको छ। जागीर खाने अड्डालाई भावनाको हत्या गर्ने बधशाला अनि भ्रष्टाचार र अनैतिकताको रूपमा कथामा व्यक्त गरिएको छ।

## 4.3.3 उपन्यासकारको रूपमा

नेपली उपन्यास परम्परामा पारिजात वि. सं. 2022 सालमा 'शिरीषको फूल' उपन्यास लिएर देखा परेकी हुन्। पहिलो उपन्यासबाटै चर्चित भएकी पारिजातको 'महत्ताहीन' (2025), 'बैँसको मान्छे' (2029), 'तोरीबारी बाटा सपनाहरू' (2033), 'पर्खालभित्र र बाहिर' (2034), अन्तर्मुखी (2035), 'उसले रोजेको बाटो' (2035), 'अनिदो पहाडसँगै' (2039), 'परिभाषित आँखाहरू' (2046) र 'बोनी' (2048) प्रकाशित छन्। उपन्यास लेखनको प्रारम्भमा विसङ्गतिवादी-अस्तित्ववादी रमाएकि पारिजात बीचको समयमा राल्फाली आन्दोलनसँग सम्बद्धरहि यस समयका उनका उपन्यासहरूमा विद्रोह चेतना प्रबल रहेको छ।

पारिजातका अन्त्यतिरको समयमा लेखिएको उपन्यासहरूमा प्रगतिवादी र आलोचनात्मक यथार्थमा केन्द्रित रहेको पाइन्छ। पारिजातको पहिलो उपन्यास 'शिरीषको फूल' ले विसङ्गति तथा शून्यवादजस्ता दार्शनिक विचारधारालाई प्रतिपादन गर्ने काम गरेको छ। मूल्यहीन बँचाई र शुन्यताको बोधमा यो उपन्यासले सफलता प्राप्त गरेको छ, एउटा बैस गैसकेको भूतपूर्व सैनिक र जीवन आफ्नो लागि मात्र बाँच्न चहने एउटी निस्पृह युवतीको कथा छ उपन्यासमा। उनको अर्को उपन्यास 'महत्ताहीन' मा पनि यहि प्रवृत्ति रहेको पाइन्छ। यस उपन्यामा पनि जीवनलाई अस्तित्वहीनता र विसङ्गतिको चरम परिणतिका बिच

Notes

बाँच्न बाध्य भएका मानिसकोअभिलेख प्रस्तुत गरिएको छ। यसमा भोग प्रति वितृष्णाले जन्माएको शून्यताको गहिरो र घम्भिर अनुभवलाईमा नै जीवनको निस्सारता हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ। यि उपन्यास हरुमा पारिजातले जीवनको विसङ्गति र शून्यतालाई प्रस्तुत गरेका छन्। उनको अर्को उपन्यास 'अन्तर्मुखी' मा जीवनमा चारैतिरबाट आएको दुख र पिडालाई स्वीकार्दै तिनैसँग संघर्ष गर्दै जीवन जीवन बाध्य भएकि युवतीको कथा प्रस्तुत छ। यि उपन्यास हरुमा पारिजातको अस्तित्ववादी, निस्सारतावादी चिन्तन प्रकट भएको पाइन्छ।

वि. सं 2023-2030 सम पारिजात राल्फाली आन्दोलनमा सक्रिय रहिन उनका त्यस बेलामा लेखिएका उपन्यासहरुमा राल्फाली आन्दोलनको छापपाइन्छ। यस समयका उनका उपन्यासहरुमा विद्रोह, आक्रोश, सङ्घर्षको आगो ओकल्ने प्रवृत्ति पाइन्छ। यहि प्रवृत्ति 'बैँसको मान्छे' उपन्यासमा देखिन्छ। उपन्यासमा म पात्र सामाजिक शोषण व्यवस्था प्रति आक्रमणकरी बाटो अपनाएको पाइन्छ। यसपछिका पारिजातका उपन्यासहरुमा समाजवादी यथार्थ प्रवृत्ति देखिएको छ। 'तोरीबारी बाटा र सपना' उपन्यासमा पञ्चायति व्यवस्थाको आतङ्क छाइरहेको बेलाको साजिव चित्रण छ अनि नेपली शोषित जनताले भोग्न परेको समस्या, शोषणको प्रस्तुति अनि ति कुराहरुको आलोचना स्वच्छन्द रुपमा भएको छ। उनका पछिल्ला उपन्यास 'परिभाषित आँखाहरु' अनि' बोनी' मा पनि आलोचनात्मक यथार्थको स्वरूप पाइन्छ। 'परिभाषित आँखाहरु' उपन्यासमा नेपली समाजमा रहेको आर्थिक र सामाजिक विसङ्गति र विकृतिलाई प्रस्तु गरिएको छ। बोनी उपन्यास सम्बोधनको शैलीमा लेखिएको छ। यस उपन्यास मा म पात्रले भविष्यका बारेमा व्याख्या गरेको छ। पारिजातका यी उपन्यासहरुमा समाजमा रहेका विसङ्गति र विकृति प्रति आलोचना गर्दै पारिजातले व्यङ्ग्य र आक्रोश व्यक्त गरेका छन्।

'पर्खालभित्र र बाहिर' उपन्यासमा पारिजातको समाजवादी यथार्थको वैचरिक उन्मेष प्रकट भएको छ। समाजका निम्न वर्गका व्यक्तिहरुले सामन्ती समाजमा भोग्नु परेका यथार्थ प्रस्तुत गर्दै आफ्नो मूल्य र मान्यताको निम्ति पुँजीवादी पर्खाल भत्काउने कर्म रहेको संघर्षशीलहरुको कार्यलाई पनि कलात्मक रुपमा उपन्यासमा समर्थन गरिएको छ। संगठनीय रुपमा गरिने मुक्ति आन्दोलनको अनिवार्यतालाई यस उपन्यासले स्वीकारेको छ। 'उस्ले रोजेको बाटो' उपन्यासमा पनि शोषणमा परेका सम्पूर्ण नेपली सर्वहारा जीवनको उद्घाटन गरेको छ।

संगठानिक एकता, वैचारिक प्रतिबद्धता, सन्नितिक विवेकशीलता र यथार्थको बोधबाट नै श्रमिकवर्ग पुँजीपतिका विरुद्धको सङ्घर्षमा सफल हुन सक्छन् भन्ने धारणा यस उपन्यासले व्यक्त गरेको छ।

'अनिदो पहाडसँगै' प्रगतिवादी उपन्यास हो। वि. सं. 2026 सालको विद्यार्थी आन्दोलनसँग सम्बन्धित विषयवस्तु टिपेर यो उपन्यास लेखिएको छ। उपन्यासमा शोषकवर्गको अकर्मण्यता र स्वार्थ निम्नवर्गीयभन्दा सर्वथा भिन्न हुने कुराव्यक्त गरेको छ। पुँजीवादीहरुले हत्या, आतंक, त्रास वातावरण सिर्जना गरेर साधारण जनतालाई दबाउने काम गरे पनि समाजलाई मुक्त पर्ने महान अभिलाषा लिएर सङ्घर्षमा होमीएका योद्धाहरु जनताका माझमा भिजेर आफ्नो कार्यमा लागिरहन्छन् भन्ने कुरा कलात्मक रुपमा व्यक्त गरेका छन् ।

**शिरीषको फूल** पारिजातद्वारा रचित उपन्यास हो। वि. सं. 2022 सालमा प्रकाशित यो उपन्यासमा विसङ्गतिको बीच रङ्गिएको जीवनलाई प्रस्तुत गरिएको छ। युद्धभुमिबाट भागेर आएका सैनिकको नारीप्रतिकोदृष्टिकोणअनि निस्सारवादी युवतीको जीवन कथालाई मर्मस्पर्शी ढङ्गाबाट चित्रण गरिएको छ। प्रस्तुत उपन्यासको शीर्षक 'शिरीषको फूल' नै प्रतीकात्मक छ। उपन्यासमा पात्रहरू, घटनाहरू, संवाद अनि वर्णनहरू पनि प्रतीकात्मक भएको पाइन्छ। निलो फूलहरूको कोमलतालाई सकम्बरीको प्रतीकको रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ। उपन्यासमा सुयोगवीर विश्वयुद्धको पीडा र दर्द भोगेको मानवताको संहारका लागि जुटेको क्रूरताको प्रतीकका रूपमा आएको छ। शिवराज वैरागी तर आफ्नो बहिनीप्रति विकृत व्यक्तित्व भएको प्रतीकका रूपमा आएको छ।

कवितात्मक गद्यभाषाको प्रयोग **शिरीषको फूल**को महत्त्वपूर्ण प्राप्ति हो। उपन्यासमा अप्ठयारा शब्दलाई अत्यन्त कोमल बनाएर पारिजातले प्रयोग गरेका छन्। प्रतेक वाक्यहरु पढ्दा कविता जस्तो लाग्ने भएकोले भूमिका लेखदा सङ्कर लामिछानेले यस उपन्यासलाई कव्यान्यास नाम दिएका छन्। पारिजातको **बैंशको मान्छे** उपन्यासलाई प्रगतिवादी विचारधारामा आधारित बिद्रोह र क्रान्तिले युक्त कृति मानिन्छ । वि. सं. 2023-2030 मा नेपालमा चलेको राल्फाली अन्दिलनमा पारिजात पनि सक्रिय रहिन। राल्फाली आन्दोलनको मुख्य उद्देश्य सामाजिक मूल्य अनि मान्यता विरुद्ध आक्रोश र विद्रोह थियो। विसङ्गतिवादी जीवनदृष्टिलाई त्यागी समाजवादी चेतनाको अवलम्ब गरे। यस समयमा लेखिएको उनको " बैसको

मान्छे" उपन्यासले राल्फाली आक्रोश र विद्रोही भावना लिएर आयो। यस उपन्यासमा निम्नवर्गीय समाजमा देखापर्ने समस्या र ति समस्याहरुबाट उत्पन्न वाधाहरु माझ जीवन बाँच्दा उब्जेको विसङ्ग चित्रण छ। उपन्यासमा "म" पात्रको अहम्मा धक्का लागेपछि घरमालिक को हत्या गरेर स्वच्छन्द क्रान्तिकारिता देखाएको छ तर वर्णनको क्रममा अराजकता देखाउने हिप्पीसंस्कारका अश्लील प्रशङ्गहरु पनि आएका छन्।

यसरी नै पारिजातको **पर्खालभित्र र बाहिर** उपन्यासमा वि. सं. 2034 - 2035 सालमा नेपालमा पञ्चायती व्यवस्थाबिरुद्ध भएको क्रान्तियात्रा अनि क्रान्तिकारीहरुले जेलभित्र र बाहिर भोगेको यथार्थ अनि तिनीहरु माथि हुने शोषण र अत्याचारको यथार्थ चित्रण उपन्यासमा गरिएको छ।

**पर्खालभित्र र बाहिर** उपन्यासका कथावस्तु दुई भागमा विभक्त गर्न सकिन्छ पहिलो पूर्वार्द्ध अनि दोस्रो उत्तरार्द्ध. रमेश एघार बर्ष जेलमा बस्नु, स्वास्नी बटुलीलाई सम्झनु, ज्वालासित तर्क गर्नु उपन्यासको पूर्वार्द्ध हो। जेलबाटमुक्त हुनु अनि बटुलीसँग बस्नु, रोजगारको समस्याले साताउनु, रमेश सडक बनाउने काममा लग्नु, पहिलाको क्रान्तिकरी मित्रहरु क्रान्तिको मार्गबाट पलायन भएको थाहा पाउनु, श्रमिकहरुलाई ठकेदारले शोषण गरेको कुरा चल्नु, क्युरी रमेशको विद्रोही मित्र ठेकेदारसँग झगडा गर्नु, रमेशले क्युरीको समर्थन गरि ठकेदारसँग तर्क गर्नु, पुलिस आएर रमेशलाई पुन: प्रकाउ गर्नु. बटुली गर्ववती हुनु उत्तरार्द्धको घटनाहरु हुन् , जेलभित्रबाट सुरु भएको उपन्यासको कथावस्तु रमेश पुन: जेलभित्र पसेपछि अन्त्य भएको छ।

## 4.3.4 अन्यान्य क्षेत्रमा

पारिजात कवि, कथाकार र उपन्यासकारका अतिरिक्त अन्य व्यक्तित्व भएकी स्रष्ट्रा हुन् । उनका यस व्यक्तित्वलाई निम्नरूपमा यसरी अध्ययन गरिएको छ -

**१. बाल गीतिकाव्यकार**

पारिजातले कविता, कथा, उपन्यास लेखनका साथ-साथै एउटा बलगीतिकाव्य पनि लेखेका छन्। वि.सं. 2055 मा प्रकाशित ' जुठी दमिनी' उनको एउटा मात्र बलगीतिकाव्य हो।

**२. निबन्धकार**

कथा, कविता, उपन्यास बाहेक पारिजातका निबन्ध विधामा पनि आफ्नो कलम चलाएकी लेखनिबन्ध सङ्ग्रहका रुपमा उनको ‘आधी आकाश’ वि.सं 2028 सालमा प्रकाशित भएको छ। पारिजातले साहित्यको अन्य विधा झैँ निबन्ध विधामा पनि आफ्नो योगदान दिएका छन्।

**३. अत्मसंस्मरण**

पारिजातले आफ्नो आत्मासंस्मरण पनि लेखेका छन्। अत्मसंस्मरणका रुपमा ‘धुपी, सल्ला र लालीगुराँसको फेदमा’, ‘एउता चित्रमयसुरुवात’, अध्ययन र संघर्ष’ प्रकाशित छ। नाटकका रुपना उनको पारिजातका नाटक सार्वजनिक भएको छ।

साहित्यको विभिन्न विधाहरुमा आफ्नो योगदान दिएकी पारिजातले साहित्य लेखनका साथै विभिन्न साहित्यिक, राजनैतिक, संस्कृतिक र सामाजिक संघसंस्थासँग आबद्ध रहेर अतुलनीय योगदान दिएका छन्। वि.सं 2023 सालमा तत्कालिन राजनीतिक व्यवस्थाविरुद्ध विद्रोहको स्वर उचाल्न केही सङ्गीतकार र लेखल कविहरुले ‘राल्फा समूह’ को निर्माण गरे यस समूहका केन्द्रबिन्दुका रुपमा पारिजात रहिन। शारीरिक रुपमा अशक्त भएर पनि यो समूहसँग पारिजात विद्रोहका स्वर उचालदै देश-विदेश भ्रमण गरिन्। उनले नेपली कम्युनिष्ट पार्टी चोथो महाधिवेशनको सदस्य पनि लिएका थिए। वि.सं.2046 साल चैत्र3 गते भएको लेखक तथा कवि कलाकारको ऐतिहासिक विरोद्ध प्रदर्शनमा पारिजात सहभागी थिइन्। पारिजाले साहित्यको उत्थान, नेपालमा प्रजातन्त्रको प्राप्ति, मानव अधिकार र महिला मुक्तिको आन्दोलनमा ठूलो योगदान थियो। प्रगतिशील लेखक संघको स्थापना र त्यससँग आबद्ध भएर उनले महत्वपूर्ण भूमिका निभाइन।

पारिजात ‘अखिल नेपली महिला मञ्च’ र ‘बन्दी सहायता नियोग’ का संस्थापक अध्यक्ष, ‘इन्द्रेणी संस्कृतिक समाज’ का मानार्थ अध्यक्ष, ‘ नेपाल मानव अधिकार संगठन’ का संस्थापक उपाध्यक्ष अनि त्रिभुवन विश्वविद्यालय सभा’ को मनोनित सदस्य पनि थिइन्।

## 4.4 उपसंहार

पारिजात नेपली साहित्य जगतको एक शिर्ष स्रष्टा हुन्। कविता, कथा, उपन्यास साहित्यमा नवीनता थप्ने अग्रणी स्रष्टा पनि हुन्। उनले परम्परागत लेखनमा नवीनता ल्यान र अस्तित्ववादी,विसङ्गतिवादी अनि अराजक चिन्तनबाट माथि उठेर समाजवादी चिन्तन ल्याइ शोषित र पीडित जनताको पक्षमा उभिइन्। पारिजात जुन - जुन चिन्तन र साहित्य धाराको नजिक पुगिन् , त्यसै अनुरूप विचार र कला दुवैले सिँगारिएका कृतिहरु सिर्जना गरिन्। उनले 22 वटा पुस्तकाकार कृतिहरू  नेपली साहित्यलाई प्रदान गरेका छन् । स्वछन्दतावादी धाराको कविता कृतिबाट आफ्नु साहित्यिक यात्रा आरम्भ गरकी पारिजाले साहित्यका अनेक मोडहरू पर गरिन्।

उपन्यास लेखनको प्रारम्भ देखिने कवितात्मक गद्य भाषाको प्रयोग उनका उपन्यासमा देखन पाइन्छ। सामान्य भन्दा सामान्य कुरालाई बिम्बात्मक पाराले अत्यन्त लयात्मक बनाएर प्रस्तुत गर्नु उनको अर्को सामर्थ्य हो। यस द्दष्टिले उनको शिरीषको फूल उपन्यास सबैभन्दा आनन्दमय देखिन्छ। उनका अन्य उपन्यास "बैंसाको मान्छे", "परिभाषित आँखाहरू" मा पनि कवितात्मक गद्य भाषाको तरल प्रयोग पाइन्छ । प्रतीक र पोथीगद्यको कुशल प्रयोग उनका उपन्यासमा पाइन्छ।

विशेषरुपमा पारिजातका उपन्यासमा पाइने बिद्रोह प्रवृत्ति उनका केहि कथाहरुमा पनि पाइन्छ। कथा सङ्ग्रह "आदिम देश" भित्रको 'निर्माणको एउता मोडेल समयभित्र' कथामा रोलर चालक र ठेकेदारले सडक निर्माण कार्यमा लागेका युवतीहरुलाई गरेको  यौनशोषण र अन्यायको विरुद्धमा नाइके आक्रोशित भएको। पारिजातका दोस्रो कथा सङ्ग्रह "सडक र प्रतिभा" भित्रका वर्कसपभित्र को पात्र मेकानिकले वर्कसपभित्र आगो लगाइदिने कुरा अर्को पात्र भोटे क्लिनरसँग गरेको छ। मेकानिकले आफ्नो परिश्रम चुसेर मालिक सम्पन्न भएको अनि  जीवन जस्ताको तेस्तै रहेको कुरा प्रस्तुत गरेको छ.यी दुई कथामा व्यक्ति विद्रोही अराजक प्रवृत्ति प्रस्तु छ।

## 4.5 सार

यस प्रखण्डमा **पारिजातको विशेष साहित्यिक योगदान**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ पारिजात नेपली साहित्य जगतको एक शिर्ष स्रष्टा हुन्। कविता, कथा, उपन्यास साहित्यमा नवीनता थप्ने अग्रणी स्रष्टा पनि हुन्।
- ❖ पारिजातले परम्परागत लेखनमा नवीनता ल्यान र अस्तित्ववादी, विसङ्गतिवादी अनि अराजक चिन्तनबाट माथि उठेर समाजवादी चिन्तन ल्याइ शोषित र पीडित जनताको पक्षमा उभिएकी छिन् ।
- ❖ पारिजातले 22 वटा पुस्तकाकार कृतिहरू नेपली साहित्यलाई प्रदान गरेका छन् । स्वछन्दतावादी धाराको कविता कृतिबाट आफ्नु साहित्यिक यात्रा आरम्भ गरकी पारिजातले साहित्यका अनेक मोडहरू पर गरिन्।
- ❖ पारिजातले 56 बर्षे जीवनमा 37 बर्ष सम्म निरन्तर गतिशील रूपमा साहित्यको सेवा गरिन्। पारिजातका प्राय उपन्यासहरू प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको छ।
- ❖ पारिजातको उपन्यासहरू शिरीषको फुल, “बैँसाको मान्छे”, “परिभाषित आँखाहरू” आदिमामा पनि कवितात्मक गद्य भाषाको तरल प्रयोग र शुन्यवादी विचारधारा पाइन्छ भने पर्खालभित्र र बाहिर, महत्ताहिन आदि उपन्यासमा प्रगतिवादी विचारघारा पाइन्छ ।
- ❖ विशेषरुपमा पारिजातका उपन्यासमा पाइने बिद्रोह प्रवृत्ति उनका केहि कथाहरुमा पनि पाइन्छ।
- ❖ कथा सङ्ग्रह “आदिम देश” भित्रको ‘निर्माणको एउता मोडेल समयभित्र’ कथामा रोलर चालक र ठेकेदारले सडक निर्माण कार्यमा लागेका युवतीहरुलाई गरेको यौन शोषण र अन्यायको विरुद्धमा नाइके आक्रोशित भएको।
- ❖ पारिजातका दोस्रो कथा सङ्ग्रह “सडक र प्रतिभा” भित्रका वर्कसपभित्र को पात्र मेकानिकले वर्कसपभित्र आगो लगाइदिने कुरा अर्को पात्र भोटे क्लिनरसँग गरेको छ।

यस प्रखण्डको अध्ययनले **पारिजातको विशेष साहित्यिक योगदान**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त पारिजातको साहित्यिक परिचय र उनका साहित्यिक योगदान सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 4.6 अनुशीलनी

Notes

1. कवि पारिजातको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि पारिजातका कृतिहरूमा पाइने प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि पारिजातको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि पारिजातका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई बिद्रोही कविको रूपमा चिनाउनुहोस् ।

5. कवि पारिजातका कविताहरूमा पाइने काव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. पारिजातलाई किन शुन्यवादी लेखक भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. पारिजातलाई एक दक्ष कथाकार र उपन्यासकारको रूपमा चिनाउँदै उनका कथाहरूबारे चर्चा गर्नुहोस्।

8. पारिजातको बाल लेखनबारे एउटा गल्लिलो टिप्पणी लेख्नुहोस् ।

9 पारिजातले नेपाली साहित्यमा पुराएको अन्यान्य क्षेत्रको योगदानबारे लेख लयार पार्नुहोस् ।

10. साहित्यकार पारिजातको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 4.7 अतिरिक्त अध्ययन


४. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2. प्रधान, हृदयचन्द्रसिंह - **नेपाली काव्य र उसका प्रतिनिधि कवि** ।

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

5. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

6. ठकुरी , मोहन - **नेपाली कविता यात्रा ।**

7. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास ।**

8. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता ।**

9. रिसाल, राममणि - **नेपाली काव्य र कवि ।**

10. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति ।**

11. शर्मा, तारानाथ -– **नेपाली साहित्यको इतिहास ।**

12. जिमबा, टेकध्वज आशा - **आधुनिक भारतीय कविता संचयन ।**

13. नेपाल, धनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास ।**

14. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति ।**

15. नवपानीया, हरिभक्त - **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि ।**

यस अतिरिक्त **पारिजात**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 4.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१६. पारिजातको साहित्यिक यात्रा ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. पारिजातको कवि व्यक्तित्व ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. पारिजातको उपन्यासकारिता ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. पारिजातको कथाकारिता ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3.2 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२०. पारिजातले अन्य क्षेत्रमा पुराएको योगदान ।

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3.4 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 5, पारिजातका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

**संरचना**

5.0 उद्देश्य

5.1 परिचय

5.2 पारिजातका रचनाहरू

5.3 पारिजातका रचनाहरूको संरचना पाइने विशेषता

5.4 पारिजातका रचनाहरूको शैलीमा पाइने विशेषता

5.5 उपसंहार

5.6 सार

5.7 अनुशीलनी

5.8 अतिरिक्त अध्ययन

5.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 5.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पारिजातको साहित्यिक परिचय
- पारिजातका रचनाहरू
- पारिजातका रचनाहरूको संरचना पाइने विशेषता
- पारिजातका रचनाहरूको शैलीमा पाइने विशेषता

## 5.1 परिचय

साहित्यकार पारिजातका साहित्यिक परिचय, उनका साहित्यिक रचनाहरू, उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषताबारे व्याख्या तल प्रस्तुत गरिएको छ। पारिजातको विभिन्न रचनाहरू कविता, कथा, उपन्यास आदिमा पाइने संरचना र शैलीलाई उनको साहित्य यात्राका मोडहरुसँग गाँसेर हेर्नु पर्दछ। यसबारे विभिन्न लेखकहरुबीच प्रशस्तै मतभेदहरु रहेका छन्। कति लेखकहरुले पारिजातलाई अस्तित्ववादी, विसङ्गतिवादी र प्रगतिवादी भनी विभाजित गरेका छन् भने कतिले नव्य रोमान्सवादी, अस्तित्ववादी र प्रगतिवादीका रुपमा। यस्तै कतिले रोमान्सवादी, अस्तित्ववादी, रल्फाली तथा प्रगतिवादी अनि कतिले उनलाई अस्तित्ववादी, अराजकतावादी वा नव वामपंथेली र प्रगतिवादी भन्ने गरेका छन्।

डा. इश्वर बराल, गोविन्द भट्ट, कृष्णचन्द्रसिंह प्रधान, निनु चापागाई र डा. ऋषिराज बरालका भनाइहरु उल्लेखनीय रहेका छन्। पारिजात स्वयंले पनि आफ्नो साहित्यिक यात्रालाई व्यवहारवाद, उग्रवाद हुँदै प्रगतिवाद भनी भनेका छन्।यि कुराबाट पारिजातको कृतिगत दर्शन र चिन्तनको विकास प्रक्रियालाई निम्न आधारमा हेर्न सकिन्छ। मूलरूपमा वि. सं. 1990 सालमा दार्जीलिङ्गमा जन्मेकी पारिजात नेपली साहित्यको विशिष्ट व्यक्तित्व हुन्। वि. सं. 2013 सालदेखि कविता सिर्जनामा प्रवृत रहेकी पारिजातको बास्तविक नाम विष्णुदेवी वाईबा हो । वि. सं. 2013 सालमा ‘धरती’ पत्रिकामा ‘दुई कविता’ शिर्षक कविता प्रकाशित गरी पारिजातले आफ्नु साहित्ययात्रा सुरु गरेकी थिइन्। कविता पछि उनले कथा, उपन्यास, नाटक लेखनिबन्ध, आत्मसंस्मरण आदिको क्षेत्रमा पनि कलम चलाएका छन्। हालसम्म पारिजातको 10 वाट उपन्यास, 4 वाट कथा सङ्ग्रह, 4 वाट कविता सङ्ग्रह, 3 वाट आत्मसंस्मरण अनि एउता लेखनिबन्धसङ्ग्रह र एउता नाटकसङ्ग्रह प्रकाशित भएको छ।

## 5.2 पारिजातका रचनाहरू

वि. सं. 2013 सालमा 'धरती' पत्रिकामा आफ्नो पहिलो कविता प्रकाशन गरी साहित्य यात्रा सुरु गरेकी कवि पारिजातका कविता सङ्ग्रहहरूमा **आकांक्षा** (2014), **वैशाख वर्तमान** (2050, मुत्युपछि प्रकाशित), **पारिजातका कविताहरू** (2044, ईश्वर बरालद्वारा सम्पादित), कथा सङ्ग्रहहरूमा **आदिम देश** (2025), **सडक र प्रतिभा** (2032), **साल्गीको बलात्कृत आँसु** (2043),

**बधशाला आउँदा जाँदा** (2049) आदि, उपन्यासहरूमा **शिरीषको फूल** (2022), **महत्ताहीन** (2025), **बैँसको मान्छे** (2029), **तोरीबारी, बाटा र सपनाहरू** (2032), **अन्तर्मुखी** (2035), **उसले रोजेको बाटो** (2035, 'बेदना' पत्रिकामा प्रकाशित), प**र्खालभित्र र बाहि**र (2032 मा लेखिएको र 2035 मा प्रकाशित), **अनिंदो पहाडसँगै** (2039), **परिभाषित आँखाहरू** (2046), **बोनी** ( 2048) आदि, लेखहरूमा **आधी आकाश** (महिला मुक्तिसम्बन्धी लेखहरू, 2048) अनि संस्मरणहरूमा **धूपी, सल्ला र लीगुराँसको फेदमा** (2043), **एउटा चित्रमय सुरुवात** (2045), **अध्ययन र संघर्ष** (2051, मृत्युपश्चात प्रकाशित), **सुमित** (2065, मृत्युपश्चात प्रकाशित) प्रकाशित छन् ।

कविता, उपन्यास, कथा, बिचार लेख, निबन्ध आदि प्राय: साहित्यको सबै विधाहरूमा कलम चलाएकी पारिजातलाई समालोचकहरु उपन्यासकारका रुपमा उनको योगदानलाई अविस्मरणीय मान्दछन्। उपन्यास लेखनमा उनको शिल्पकारिता र दर्शन मुख्य विशेषता मानिन्छ। उनको **शिरीषको फूल** उपन्यास प्रकाशित भएपछि धैरुइ चर्चित भयो। उपन्यासमा रहेको कलात्मक गुण र दर्शनले असंख्य पाठकहरुको मन् जित्न सफल भअको थियो यो उपन्यास।

पारिजातका कृतिहरुलाई दुई भागमा राखेर हेर्न सकिन्छ उनको प्रारम्भिक कालको स्वछन्दलेखन अनि पछिको प्रगतिशील विचार र दर्शनमा आधारित लेखन हो। प्रम्भाका उनका उपन्यास, कथाहरुमा प्रगतिशील विचार पाइँदैन। यस समयमा विशुद्ध कलात्मक मूल्यका रचनाकारका रुपमा पारिजात स्थापित थिइन्। यस क्रममा समीक्षकहरुले नारी मन्का असामान्य अवस्थालाई अत्यन्त सूक्ष्मतापूर्वक प्रस्तुत गर्ने असाधारण प्रतिभाका रुपमा लिने गर्छन्। यसै परिप्रेक्षमा लेखिएको पारिजातको "महत्ताहीन" उपन्यास उच्चास्तरको छ । पारिजातका लेखनको अर्को पक्ष प्रगतिशीलता हो।

पारिजातको **शिरीषको फूल** उपन्यास अस्तित्वको सफल प्रयोग हो। उपन्यासमा सुयोगवीर, सकम्बरी र शिवराज मुख्य पात्रहरु हुन्। पत्र हरु जीवन जगत् र प्रेम सबैकुरालाई निसर मन्छन्। तिनीहरु प्रेम योन र विवाह माझ कुनै सम्बन्ध देख्दैनन्। उपन्यासमा सकम्बरी झरेर सुगन्ध दिने शिरीषको फूल बनेकी छ भने सुयोगवीर फूलको रस चुसेर भाग्ने भ्रमरा। दुवै प्रेम विहीन योनबाट तिर्खाएको छ। सुयोगवीर आफ्नो योन तिर्खा सकम्बरीलाई चुम्बन गरेर पुरा गर्न चहान्छ तर सकम्बरीका निम्ति सुयोगवीरको त्यो चुम्बन मृत्युको कारण बन्दछ। सकम्बरीको

मृत्यु पछि सुयोगवीरको जीवनमा महाशून्य आएको छ।  पन्यासमा शून्यवादको सफल प्रयोग भएको छ।

**'आदिम देश'** कथाहरुमा पनि यसै प्रकारको कुण्ठ, मनोविकृति, निसरता पाइन्छ। 'आदिम देश' कथा सङ्ग्रह भित्रका कथाहरुमा विचारशून्यता, निरर्थकता, असन्तुष्टि,र अविश्वासका भावहरु छ। यि कथाहरुमा जीवनलाई अनुभूतिहीन अनुभूति मनिएको छ। "बिसौँ शताब्दीको एउता गल्लीमा" ले सम्पूर्ण विश्वलाई एउटा क्यान्सरको ट्युमर मानेर व्यभिचारिता अनि मृत्युबोद्धकको चित्रण गरेको छ। "मैले नजन्माएको छोरो" कथाकी पात्र अन्तर्मुखी शिक्षिका बिहे गर्न चाहन्न तर छोराको स्वैर  कल्पना गर्छ। ऊ योन तिर्खाले कुण्ठित छ। उसले विवाह नगरेकोमा आफ्नो  स्वतन्त्र अस्तित्व देख्छे। ' सोफिज्म मेरो लोग्नेसँग कुराकानी" कहिँ नहुनु नै जीवनको अर्थ अनि 'अर्थ न  हुनु नै विशेष अर्थ' बताएको छ। कथामा आइमीले आफ्नो लोग्नेलाई बिर्सेको तथा परसंपृक्ता स्वास्नीसँग पुन योन सम्बन्ध भएको बाताएको छ। कथामा त्यो आइमाई बिहेलाई मान्यता दिएर आफ्नो अस्तित्व गुमाउन चाहन्न ऊ आफैलाई शून्यको अन्तिम निखारले चारैतिरबाट लपेटेको ठान्छे. यहाँ अन्य कथाहरु पनि यस्तै प्रकारका छन्।

**'महत्ताहीन'** उपन्यासमा पनि बेनामी पुरुष विवाहित श्रीमतीसँग असंपृक्त रहन्छ अनि आत्माहत्या गर्छ। तर त्यो पुरुष भट्टीपसल्नी शियासँग संपृक्त हुन्छ। यसमा निर्थकता अनि सून्यतायसको सर हो। 'सडक र प्रतिभा' क्लाथा सङ्ग्रहका केहि कथाहरुमा पनि विसङ्गति व्यक्त छ। 'सडक र प्रतिभा' कथामा दुई मित्रहरु महत्ताबोध र हीनताबोधको द्वन्द्वमा फसेका छन्। उनीहरुका द्दष्टिमा मान्छे र पशु एकै हो। उनीहरु प्रेमलाई जन्तुसुख अनि जीवनलाई निसार ठान्छ। 'प्रतीक' कथामा पनि ऊ पात्रले शहरका मान्छेलाई जनावर ठान्छ। एउटी आइमाई र लोग्नेमानिस सँगै हिडेको देख्दा कुकुर गासिएको भनि घृणा गर्छ। यस कथा सङ्ग्रहका अन्य कथाहरुमा पनि पारिजातको नारीवादी,विसङ्गतिवादी, पलायनवादी,योनवादी चिन्तन र दर्शन रहेको पाइन्छ।

यस अवधिमा उनले लेखेको रचनाहरु 'जीवन एक बेवारिस मृत्युको मुचुल्का', 'लाहुरेलाई एक रोगीको प्रेमिकाको पात्र'जस्ता कविताहरु अनि 'बीसौँ शताब्दीको एउटा गल्लिमा', 'मैले नजन्माएको छोरा'जस्ता कथाहरु र शिरीषको फूल उपन्यास देश विदेशमा पनि चर्चित बनेको छ। शंकर लामिछानेले भनेका

छन् 'शिरीषको फूल उपन्यासले हामीलाई विश्व साहित्यको क्यालेन्डरमा 1966 मा पुर्याएको छ। यसरी हेर्दा पारिजातका कृतिहरुमा समाज अनि यथार्थ जीवनबाट धरै टाढा रहेका व्यक्तिहरुको मनमोजीपन, त्रासदिय दुर्दशा, निसरता, हीनता,कुण्ठा, मनोविकृति र शून्यबोद्धको अनुभूतिलाई आनन्दभूतिका रुपमा प्रस्तुत गरेको पाइन्छ। पारिजातका पात्रहरू प्रतेक सामाजिक मूल्य-मान्यता र मर्यादालाई तोडेर नितान्त वैयक्तिक, असामाजिक र अमानवीय मूल्य-मान्यता स्थापित गर्न चाहन्छन्। पारिजातका कृतिहरुमा जीवनशील, सुन्दर र उदारप्रति घृणा अनि कुरूप, मरणशील, कुरूप र नीचप्रति प्रेम तथा सहानुभूति प्रकट गरेको पाइन्छ। कलात्मक प्रतिबिम्बनको क्षेत्रमा मिथक र स्वैर कल्पनाका आधारमा अयथार्थ अनि असामाजिकीकरणको आकृति गढ़ने काम गरिएको छ।

पारिजातका कृति **'बैसको मान्छे'** उपन्यासमा उनको अराजकतावादी चिन्तनको अभिव्यक्ति भएको छ। प्रस्तुत कृतिमा निसारता, उद्देश्यहीनता, कीरा बोध, प्रचलित मूल्यको अस्वीकृति  जस्ता अस्तित्ववादी स्वरहरु पाइन्छ। योन फ्रायडीय धारणाका रुपमा योन स्वतन्त्रा, नाङ्गो संभोग र मानसिक विकृति पनि छन् । शोषण, अन्याय अत्याचार, समाजमा प्रचलित व्यवस्थाको विरोध, देशभक्ति, गरिबहरुको मुक्ति, समाजमा रहेको पुरानो मूल्य-मान्यता प्रति विरोधजस्ता प्रगतिशील धारणाहरु छन्।

**'तोरीबारी, बाटा र सपनाहरु'** उपन्यामा पनि युवती नायिका समाजमा प्रचलित मूल्य र मन्यत र शोषणका विरुद्ध खडा छ। ऊ जीवनको नयाँ नयाँ सपना देख्दछे अनि शोषित वर्ग र नारी जातिको मुक्तिका आमूल परिवर्तनको पक्षमा छ। 'अन्तर्मुखी' उपन्यासकी टाइपिष्ट युवती अन्तर्मुखी भएर पनि शोषणको विरुद्ध क्रन्तिमुखी बन्न खोजेकी छ। 'उसले रोजेको बाटो' उपन्यासको नायक भारत र नेपालका होटेलहरुमा काम गर्दा निकै दुख पाएको,जीवनमा तमाम हण्डर खाँदै अन्त्यमा क्रान्तिको बाटो रोज्न पुगेको छ। 'अनिदो पहाडसँगै' यस अवधिमा रचिएको राम्रो उपन्यास हो। उपन्यासमा वि.सं. 2035-2036 को जानआन्दोलनको राम्रो चित्रण गरिएको छ। एम. आर, लालबहादुर, गोरिमय र सुवानी यस उपन्यासका निकै कुँदिएका पात्र हुन्। उपन्यासमा सुवानीको भूमिका महत्त्वपूर्ण छ. लालबहादुरलाई पुलिस अफिसको झट्केलो छोरोको रुपमा प्रस्तुत गरेर केहि कृत्रिमताको लागे पनि उपन्यासलाई वैचरिक, राजनैतिक, संगठनात्मक हर दृष्टिले सशक्त रचना मान्नु उपयुक्त हुन्छ।

**'परिभाषित आँखाहरु'** कि 'बिजुली- बिज्जी' भिन्न चरित्र भएका नारी प्रतीक हो। शहरी जनजीवन विशेषगरि गाउँबाट शहर ल्याइएका र पछि क्रमश कोशोरी-युवती हुँदै गएपछि-लोग्नेमान्छे मालिकले खानलाउन दिएरको नाटक गरि कसरि शोषण गर्छ, कसरी राक्षसी बासना तृप्तिको साधन बनाउँछ यस्ता नारीहरलाई भन्ने शोषित नारीको कथा प्रस्तुत गरिएको छ। दैनिक लेखन शैलीमा तयार परिएको उपन्यास ' अन्तर्मुखी' मा सरला उपन्यासको मुख्य पत्र जो दैनिकी लेख्छ। ऊ बोल्दिन, विद्धोह गर्दिन त्यसैले ऊ अन्तर्मुखी स्वभावकि छे. मामा घरमा बसेर जागीर खाने, पढ्ने आफ्नो खुट्टामा आफै उभिन बाध्य सरला, एउता छुट्टै नारी चरित्र हो। समाजमा लोग्नेमान्छेप्रति आफूलाई रतेक क्षण होसियार राख्नुपर्छ। अफिसमा काम गर्ने नारीहरु कसरि पुरुष कर्मचारी, हाकिमहरुसँग आफूलाई सतर्क राख्नुपर्छ भन्ने नारीभाव व्यक्त छ।

सानै उमेरदेखि साहित्य सृजनामा लागेकी पारिजातले नेपली साहित्यको प्राय सबै विधामा कलम चलाएका छन्। कविता लेखनबाट आफ्नो साहित्यिक यात्राको थालनी गर्ने पारिजातका कथा, उपन्यास, विचार-लेख, निबन्ध, नाटक, आत्मासंस्मरण आदि प्रकाशित छन्। वि.सं. 2013 सालमा "धरती" पत्रिकामा उनको "दुई कविता" शिर्षक पहिलो कविता प्रकाशित भएको थियो। पारिजातको कृतिगत रूपमा भनै पहिलो प्रकाशित कृति वि.सं. 2014 "आकाङ्क्षा" कविता सङ्ग्रह हो। पारिजातले साहित्यको विभिन्न विधामा कलम चालाएता पनि विशेषगरी कथा र उपन्यास विधामा उनको विशिष्ट योगदान रहेको पाइन्छ। पारिजातका पहिलो कविता सङ्ग्रह "आकांक्षा" प्रकाशित हुँदा उनी भर्खर यौवनमा प्रवेश गर्दै गरेका हुनाले स्वभावत यसबेला जीवनमा खाउँखाउँ र लाउँलाउँका भावहरुले उनलाई बढी प्रभाव पारेको थियो। त्यसैले यस समयका उनका कविताहरूमा रसिक स्वच्छन्दवादको प्रवाह देखिन्छ। त्यस पछिका उनका वि.सं.2016-2027 सालमा लेखिएका कविताहरुमा अस्तित्ववादी प्रवृतिका छन्। यस समयमा पारिजातलाई शारीरिक रोगले सताएको थियो ।

पारिजातलाई जीवन र मृत्युको बिचमा मानौ शून्य मनस्थितिले रामरी विचार बन्ने नपाएका बेला जीवन र जगत्लाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने अवस्था परेको थियो। त्यसैले अस्तित्ववादी दर्शनले उनलाई धैरै आकर्षित गर्यो र उनले त्यही विचारलाई कालो रुप दिए. अनि वि.सं 2027 देखि 2037 सम्म एकातिर उनलाई रोगले छोड्दै छोडेन र उनले पनि त्यसको वर्चश्वलाई ज्यान गए पनि स्वीकार नगर्ने

अठोट गरिन् र यसै समयमा उनको चिन्तन अस्तित्ववादको गुँडबाट बिस्तारो बाहिर निस्केर पहिले आफ्नो यौवनकालको रसिक स्वच्छन्दवादबाट राल्फाली आन्दोलनमा हामफाल्न पुग्यो अनि पछि बिस्थारो फेरी शान्त, एकान्ता र एकाग्रभावले मार्क्सवादको सुवासिलो बगैचाभित्र प्रवेश गर्न पुग्यो । त्यसैले वि.सं. 2037 देखि 2049 भित्रका उनका कवितामा क्रान्ति, विद्रोह, नारिवार्गमाथिको अन्याय अत्याचारलाई जवाफ दिने विचार, समाजका सबभन्दा थिचिएका, मिचिएका, हेपिएका वर्गप्रति अपार स्नेह र आशिर्वादको स्वरहरू गुन्जिएको पाइन्।

पारिजातका प्रकाशित रचनाहरू कविता सङ्ग्रह "आकाङ्क्षा" ( वि. सं. 2014 ), "पारिजातका कविता" ( वि. सं. 2044 ), "बैंशालु वर्तमान" ( वि. सं. 2050 ) र "जुठी दमिनी" (वि. सं. 2055). नेपली उपन्यासपरम्परामा इन्द्रबहादुर राईको विसङ्गतिवादी उपन्यास "आज रमिता छ" (वि. सं. 2021) को प्रकाशन पछि पारिजात "शिरीषको फूल" (वि. सं. 2022) लिएर देखा परेकी हुन्. पहिलो उपन्यासबाटै चर्चाको शिखरमा पुगेकी पारिजात प्रारम्भमा विसङ्गतिवादी-अस्तित्ववादी लेखनमा रमाएकी बिचको समयमा राल्फाली आन्दोलनसँग सम्बद्धभई उपन्यास लेखनमा विद्रोही चेतना प्रबल रहेको छ। अन्त्यतिरको समयमा भने उनी प्रगतिवादी र आलोचनात्मक यथार्थवादी धारामा केन्द्रित रहिन. उनका "महत्ताहीन" (वि. सं.2025), "बैंशाको मान्छे" (वि. सं. 2029), "तोरीबारी बाटा र सपनाहरू" (वि. सं. 2033), "पर्खालभित्र र बाहिर" (वि. सं. 2033), "अन्तर्मुखी" (वि. सं.2035), "उसले रोजेको बाटो" (वि. सं. 2035), "अनिदो पहाडसँगै' (वि. सं. 2039), "परिभाषित आँखाहरू" (वि. सं. 2046), "बोनी' (वि. सं. 2048) उपन्यासहरू प्रकाशित छन्। पारिजातको कथालेखन विसङ्गतिवादी-अस्तित्ववादी चेतनाबाट आरम्भ हुन्छ र उनका कथायात्राको पहिलो चरणका कथाहरू प्राय यहि चेतनाकै प्रभावमा रचिएका छन्।

वि. सं 2030 को दशकमा पारिजाले मार्क्सवादी चेतनालाई अङ्गीकार गरि सोही अनुरुप नेपली समाजको यथार्थलाई ग्रहण गर्दै प्रगतिवादी कथालेखन आरम्भ गरिन्। कथा सङ्ग्रह- "आदिम देश" (वि. सं.2025) प्रस्तुत कथा सङ्ग्रहमा जम्मा 12 वटा कथाहरू सङ्ग्रहित छन्। 'आदिम देश', 'बीसौं शताव्दीको एउटा गल्लीमा', 'सिमेण्टीभित्र एउटा राजबेली', 'सधैं बिलु पर्ने हामी', 'मैले नजन्माएको छोरो', 'एक उडानमा', 'तिउरीको फूल पायरियाको गन्ध', 'सोफिज्म-मेरो

लोग्रेसँग कुराकानी', 'निर्माणको मोडल समयभित्र', 'साइनो ग्र्यानिटको टुक्रासँग', 'अनिदो र शून्यता' तथा 'अप्ठ्यारो र अभ्यस्त' आदि हुन्।

"सडक र प्रतिभा" (वि. सं 2025) कथा सङ्ग्रहमा जम्मा 16 वटा कथाहरू सङ्ग्रहित छ. ती कथाहरू 'सडक र प्रतिभा', 'प्रतीक', 'विरुद्ध', 'नयाँ मान्छे', 'रत', 'अन्तर्विरोध', 'देवल', 'संत्रास', 'यस ठाउँमा', 'डायरीको आठौँ पाना', 'घाम ताप्दा', 'बूढा बा', 'साथीको सम्झना', 'संघारनेर', 'सिटी हलको बूढो ज्यामीसँग', 'वर्कशप भित्र' आदि हुन्। "साल्गीको बलात्कृत आँशु" वि. सं. 2043 मा प्रकाशित यस सङ्ग्रहभित्र जम्मा पन्ध्रवाट कथाहरू सङ्ग्रहित छन्। ती हुन् 'सइसको चिठी', बोनीलाई सम्बोधन गरिएका चार कथाहरू पछि गएर 'बोनी' उपन्यासका रुपमा प्रकाशित भएको छ. 'सम्वन्ध', 'यसरी एउटा नाउँ काटिन्छ', 'कलिलो अतीत', 'नैकापे सर्किनी', 'एउटा गाउँमा', 'साल्गीको बलात्कृत आँशु', 'कुनै गुलाफ ओभानो छैन यहाँ', 'प्रतिकूलता', 'पैसाको रङ्ग', 'वर्षाऋतु' आदि. "वधशाला जादाँ आउँदा" वि. सं.2049 मा प्रकाशित पारिजातको पछिलो कथा सङ्ग्रह हो. यस कथा सङ्ग्रहमा 7 वटा कथाहरू सङ्ग्रहित छ। "शोध', 'वधशाला जाँदा आउँदा', 'एउटा जून पानीभित्र', 'विकल्पहीन', 'साँझा, उदास घरको पिंडीमा', 'शकुन्तलाको चिन्तन', 'नाटकको चौथो चरण' आदि कथाहरू हुन्। उनका प्रकाशित आत्मसंस्मरण- "धुपी, सल्ला र रालीगुराँसको फेदमा" (वि. सं. 2043), "एउटा चित्रमय सुरुवात" (वि. सं.2045), "अध्ययन र सङ्घर्ष" (वि.सं. 2051) हुन्. पारिजातका प्रकाशित नाटकसङ्ग्रह "पारिजातका नाटक" (वि. सं.2065)।

पारिजातका प्रमुख कृतिहरू यस प्रकार छन् -

1. **कविता सङ्ग्रह** - आकांक्षा (2014), वैशाख वर्तमान (2050, मुत्युपछि प्रकाशित), पारिजातका कविताहरू (2044, ईश्वर बरालद्वारा सम्पादित) ।
2. **कथा सङ्ग्रह** - आदिम देश (2025), सडक र प्रतिभा (2032), साल्गीको बलात्कृत आँसु (2043), बधशाला आउँदा जाँदा (2049) ।
3. **उपन्यास** - शिरीषको फूल (2022), महत्ताहीन (2025), बैँसको मान्छे (2029), तोरीबारी, बाटा र सपनाहरू (2032), अन्तर्मुखी (2035), उसले रोजेको बाटो (2035, 'बेदना' पत्रिकामा प्रकाशित), पर्खालभित्र र

पर्खाबाहिर (2032 मा लेखिएको र 2035 मा प्रकाशित), अनिंदो पहाडसँगै (2039), परिभाषित आँखाहरू (2046), बोनी ( 2048) ।

4. **लेखहरू** – आधी आकाश (महिला मुक्तिसम्बन्धी लेखहरू, 2048) ।
5. **संस्मरण** – धूपी, सल्ला र लीगुराँसको फेदमा (2043), एउटा चित्रमय सुरुवात (2045), अध्ययन र संघर्ष (2051, मृत्युपश्चात प्रकाशित), सुमित (2065, मृत्युपश्चात प्रकाशित) ।

## 5.3 पारिजातका रचनाहरूमा पाइने संरचना विशेषता

नेपली साहित्यका पारिजातका रचनाहरूमा नविन संरचनाको प्रयोग पाइन्छ। पारिजातले साहित्यको विभिन्न विधामा कलम चालाएका हुनाले उनका विधाअनुरुप रचनाहरूको संरचनामा पनि भिन्नता पाइन्छ। उनका प्राय उपन्यासहरूमा लघु परिच्छेद अनि अनि औपन्यसिक कलेवर पनि विस्तृत र बृहत नभै लाघुआयामिक नै रहेको पाइन्छ। पारिजातका रचनाहरुमा अक्थात्मक संरचना पनि पाइन्छ।

**अकथात्मक संरचना**

पारिजातका कथाहरुमा अकथा "सडक र प्रतिभा" कथा सङ्ग्रहका प्राय कथाहरु अकथा हुन्. यो सङ्ग्रहका कथाहरूमा न कथानक छ न विचारको क्रम कथाहरुमा अक्रमबद्ध विचारहरू पोखिएका छन्।कथाको छेउटुप्पोको भेउ पाइन्दैन मुख्य भूमिकामा पात्र देखिन्छ न त तिनको कार्यव्यापार आगाडि आउँछ। साना साना प्रसंगबाट कथावाचकले आफ्नो धारणा राख्दै गएको देखिन्छ र त्यो पनि क्रमबद्धतामा छैन। पारिजातका अर्को कथा "डायरीका आठौ पाना" कथा पनि अकथाभित्रको पनि अकथा हो। यस कथामा कथाको सानो अंश पनि छैन। " आदिम देश" कथामा पनि न् कुनै कथानक छ न कुनै विशेष कर्यव्यपर र न कुनै घटनावली, मसिनो रूपमा एक ठाउँमा ऊ पात्रको स्वास्नीको प्रशङ्ग छ जसले सुत्केरी हुँदाहुँदै मृत्यु वरण गरि। "अप्ठ्यारो र अभ्यस्त" कथा पनि झण्डैझण्डै उपर्युक्त कथाहरुको नजिक छ। यो कथामा पनि न कुनै कथानक छ न पत्र न कथ्य अनि न कुनै समग्र बुनोट छ कुनै पनि कुरा चाहिदो मात्रमा, चाहिदो प्रकारका छैनन्।

'सोफिजम मेरो लोग्रेसँग कुराकानी" कथामा पनि कथानक आउँ सकेको छैन अनि लोग्रेसँगको कुराकानी पनि प्रत्यक्ष नभएर अर्धचेतावस्थामा बर्बराइएको बर्बराहाटजस्तो हुन गएको छ। "साथीको सम्झना" कथामा पनि कथानक र घटनावली अनि पात्र विधान अन्य कथामाझैँ यसमा पनि छैन। कथामा एकजना कतिको डायरी जसमा पुलिसलाई घृणा व्यक्त गरिएको छ। कथावाचक पात्रले पढ्छ र उसलाई कुनै पुलिस साथीको सम्झनाआउँछ। पुलिस र आन्दोलनकरी जनता वा विद्यार्थीका बीचमा कहिल्यै राम्रो सम्बन्ध हुँदैन, जहिले पनि एकअर्काका शत्रु झैँ देखिन्छन् भने कुरालाई ऊ पात्रले संस्मरणका रूपमा व्यक्त गर्छ। कथामा सबैकुरा संस्मरणकै रूपमा आएको छ। "निर्माणको मोडेल समयभित्र" शिर्षकनै प्रयोगवादी लाग्ने यो कथा संरचनाका दृष्टिले पनि प्रयोगवादी नै छ। यस कथामा पनि आदि, मध्य र अन्त्यको खास श्रृङ्खला यसमा पनि छैन तथापि सामाजिक उत्पीडनको एक त्यान्द्रो यथार्थलाई कथाले समात्न खोजेको देखिन्छ।

पारिजातका कथाको संरचना शौष्ठव अनि प्रभावकरीताको उच्च संयोजनका दृष्टिले "एउटा गाउँमा", "नैकपे सर्किनी', "बोनी", "यसरि एउटा नाउँ काटिन्छ", "नाटकको चौथौ चरण", "शकुन्तलाको चिन्तन" आदि कथाहरू उत्कृष्ट हुन् र यिनमै पारिजातको कथाकरिताको मूल्य बढी रहेको पाइन्छ।

**"शिरीषको फूल" उपन्यासको संरचना**

शिरीषको फूल उपन्यासमा सुयोग्विर्ले सकम्बरी र आफ्ना बारेमा आत्मसंस्मरण र भोगाइका रूपमा व्यक्त कुराह्हरूलाई सिलसिला मिलाएर प्रस्तुत गरिएको छ। सुयोगवीर र सकमबरीबीच परिचय भएको घटनादेखि सकमबरीको मृत्यु पछि सुयोगवीरले महाशून्य, रिक्तता र चरम विसङ्गति अनुभव गरेका कुरासम्मलाई यस उपन्यासले आफूभित्र समेटेको छ। सुयोगवीरका मानसिक उथलपुथल, जीवनका द्वन्द्वहरू, सकमबरी प्रतिको प्रेम, तीनवटी केटीहरूको जीवन बर्बाद गरेको प्रसङ्गको संस्मरण र पश्चात्ताप तथा सकमबरीलाई चुम्बन गरेर बिरामी परि हत्यारा भएकामा अपराधबोध जस्ता कुराहरूले उपन्यासको आयामलाई संरचित गरेको छ।

शिरीषको फूलमा उपन्यासका खण्डहरूको नाम नदिएको भए पनि वा सङ्ख्यात्मक रूमा विभाजन नगरिएको भए तापनि एउटा खण्ड समाप्त भअक बेला समाप्तिसूचक चिह्न दिई अर्को पृष्ठदेखि नयाँ खण्ड सुरु गरिएको पाइन्छ।

यसरी नयाँ खण्ड सुरु गर्दा पृष्ठको माथिल्लो भागको केही स्थान छोडेको पाइन्छ। यस दृष्टिले हेर्दा शिरीषको फूलमा उन्नाइसओटा खण्डहरू रहेका छन् र जम्मा 69 पृष्ठमा रचिएको यसका प्रतेक खण्डहरू तीनदेखि पाँच पृष्ठसम्म लम्बाइका छन्। यसको पहिलो खण्डमा बारीको र दोस्रो खण्डमा सुयोगवीर र शिवराजको परिचय दिएको छ। यसै गरि अन्त्यको खण्डमा विभिन्न प्रतीकहरूको प्रयोग गरेर सुयोगवीरको निस्सारता तथा सकमबरीको अस्तित्वबोधलाई महत्त्वका साथ प्रकट गरिएको छ। खण्ड दस,एघार र बाह्रमा सुयोगवीरले पूर्वदीप्तिका रूपमा लडाइँ गर्दाको र केटीहरूको जीवन बरबाद परेको कुरा सम्झेको छ भने खण्ड तेह्रमा पनि 'डेथभ्याली' मा पाएको सास्ती र उत्तेजक दृश्यको सम्झना गरेको छ।

पन्ध्रौं खण्डमा सकमबरीलाई म्वाई खाएर आफ्नो पुरुषार्थ देखाउने सुयोगवीरका मन्का तहहरुको अन्वेषण गर्दै उन्नाईसौं खण्डमा बारीको मृत्युले गर्दा सुयोगवीरमा उत्पन्न शून्यता, रिक्तता र निस्सारताको अनुभव व्यक्त गरिएको छ। शिरीषको फूल सानी आयाम र छरितो संरचना भएको हुनाले यसलाई छिचोल्न भने साह्रो छैन तर यसले आफ्नो अन्तरमा समाहित गरेको कठोर दार्शनिकताले बने उपन्यासलाई नितान्त दिएको छ। यस उपन्यासका भूमिका लेखक शङ्करलामिछानेलाई प्रस्तुत कृति पढ्दा चौंरासी लाख जुनीको कष्ट भोग्नुपरेको कुरा यहाँ स्मरणीय छ।

### "अनिंदो पहाडसँगै" उपन्यासको संरचना

25 वटा लघु परिच्छेदहरूको संयोजनबाट "अनिंदो पहाडसँगै" उपन्यासको संरचना निर्मित भएको छ र पारिजातका अन्य उपन्यासको जस्तै यसको औपन्यसिक कलेवर पनि विस्तृत र बृहत नभै लघुआयामिक नै रहेको छ। पश्चिम नुवाकोटको चिण्डे गाउँ, काठमाडौँ र सर्लाही जिल्लाको एउटा गाउँ समेत गरि तीन ठाउँको सामाजिक परिवेशलाई समेट्ने यस उपन्यासको कथानक पनि पृथक भागमा विभाजित छ। कथावस्तुको प्रम्भ भागले कृष्णे कार्कीका कुटिल छाल र षडयन्त्रमा परि बौंलाहा केटोसँग बिहे हुनको कारणबाट भग्नमनोहरथ भई माइतमै फर्केकी गोरिमायाका पिडामय जीवनकहानीलाई प्रस्तुत गर्दछ। कथाको यस भागमा ध्यावरिङ बूढाको दयनीय आर्थिक स्तिथिका मध्यमबाट शोषणग्रस्त ग्रामिण जनजीवनको यथार्थ झलक देख्न सकिन्छ। गाउँघरमा बस्न नसकी

गोरिमाया नोकरीको खोजमा सानीमाको छोरो साहिंला दाजुको साथ लागी काठमाडौँ आएपछि कथानक नयाँ मोडतर्फ मोडिन्छ।

कथानकको यस मोडमा चन्द्रकान्तका दुखपूर्ण विगत र सुखमय वर्तमानको प्रतिबिम्ब प्रस्तुत हुनाका साथै गोरिमायाको माइतीदेश चिण्डेगाउँमा सतासीबाजे र कृष्ण कार्की जस्ता सोषकद्वारा गरिएको शोषण, अन्याय र दुष्कर्महरू छर्लङ्गिएका छन्। यसरी कथानकको यो पक्ष नितान्त स्वाभाविक र यथार्थवादी दृष्टिकोण अनुरुप छ। यसरि चिण्देगाउँबाट थालिएर काठमाडौँको शहरी जीवनतर्फा लम्केको घटनाक्रम पुन एकपटक चिण्देगाउँतर्फ चियाउँदै पुन काठमाडौँतर्फ मोडीएको छ।

कथावस्तुको तेस्रो मोडले काठमाडौँका सहरी जीवनका विकृति र विसङ्गतितिर सङ्केत गर्नुका साथै 2035-36 को चिधार्थी आन्दोलनका सन्दर्भमा भएका राजनैतिक गतिविधिहरूमाथि प्रकाश पर्दछ कथानकको यस भागमा लोग्ने भीष्म बहादुर आले र छोरा लालबहादुरको मृत्यु भई चन्द्रकान्तका जिन्दगीमा अँध्यारो छाउँछ। यस बिचमा साधारण रूपमा लेखपढ गर्न सक्ने भई गोरिमाया गलैंचा कारखानामा कामदार बन्न पुग्छे र आर्थिक दृष्टिले आत्मनिर्भर हुने अवसर पाउँछे। विद्यार्थी आन्दोलनमा सक्रिय रूपमा काम गर्ने सुवानी पनि प्रवेश सुब्बा जस्तो गुन्डाबाट बलात्कृत हुन् पुग्छे। औषधीपचार गरि मानसिकरूपले आश्वस्त र शारीरिक रूपले स्वस्थ भइसकेपछि सुवानी राजनैतिक चेतनाको प्रचारप्रसारका लागि सर्लाही जिल्लाको गाउँतर्फ प्रस्थान गर्दछे र त्यहि प्रशासनिक षड्यन्त्रद्वारा सुवानीको हत्याहुन्छ। यति बेलासम्म जनमतसंग्र सम्पन्न भई पंचायतपक्षको जित भिइसकेको हुन्छ। जानआन्दोलनका क्रममा शहिद भइसकेकी सुवानीको सम्झनामा मजदुर, विद्यार्थी र बुद्धिजीवीहरूद्वारा आयोजित शोकसभामा तत्कालिन राजनैतिक शून्यतालाई चिरदै संघर्ष यथावत् चालु राख्ने प्रतिज्ञाका साथ कथानक समाप्त हुन्छ. जनसंघर्षमा सुवानी र लालबहादुर जस्ता क्रान्तिकारी चरित्रहरूको दुखदायी निधन भएको देखाएर प्रस्तुत उपन्यास दुखान्त भई टुंगिएको छ।

उपन्यासको मध्यभागसम्म कुन गतिशिलताका साथ कथानकको विकाश हुँदै आएको छ,अन्त्यतर्फा आइपुग्दा क्रमश शिथिल हुँदै आएको छ। सुवानीको हत्या सम्बन्धी घटना कलात्मक रूपमा प्रस्तुतहुन नसक्ता कथानकको अन्तिम प्रभाव

जति संवेदनामय र कारूणिक हुनु पर्ने हि त्यो हुन् सकेको छैन। पाकिस्तानी राजदूतावाशमा विरोधपत्र दिन गएओ विद्यार्थी जुलुसमाथि भएको प्रहरीदमन, अस्कलकाण्ड र जेठ ९ गतेको घटनाको प्रत्यक्ष वर्णनविवरण कथानकमा राम्री समेटिन सकेको छैन। त्यस्तै जनमत संग्रहरूलाई विभिन्न राजनैतिक विचारधारा राख्ने समूहमध्ये क-कसले के कसरि हेरेका थिए भने कुरा पनि त्यति स्पष्ट हुन सकेको छैन। यस उपन्यासलाई पारिजातका औपन्यासिक यात्राको अर्को महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ र यसको ऐतिहासिक महत्त्व पनि छ।

## 5.4 पारिजातका रचनाहरूमा पाइने शैलीगत् विशेषता

नेपली साहित्यमा पारिजातको परिचय नै उनको कवितात्मक रस युक्त भाषा र शैली हो। चित्रात्मक शैलीको प्रयोग गरि विषयवस्तुलाई प्रस्तुत गर्न पनि उनका रचनाहरू सफल भएका छन्। कवितात्मक भाषाको प्रयोगले उनका उपन्यास र कथाहरूलाई विशिष्ट तुल्यएको छ। कविता कथा अनि उपन्यासमा प्रतीक र बिम्बको सबल प्रयोग पनि उनको लेखनको एउटा महत्त्वपूर्ण प्राप्ति हो। उनका अधिकांश कथा अनि उपन्यासहरु प्रथम पुरुष दृष्टिबिन्दुमा  रचिएका छ। उनका रचनाहरुमा चेतनप्रवाह शैलीको प्रयोग पनि पाइन्छ.पारिजातका रचनाहरूको शैलीमा पाइने विशेषताहरु निम्न प्रकारका छन्।

**क. कवितात्मक गद्य भाषाको प्रयोग**

पारिजातका कृतिहरूको एउता महत्त्वपूर्ण विशेषता कवितात्मक भाषाको प्रयोग पनि हो। कवितात्मक गद्यभाषा पारिजातको परिचय र प्रवृति भएको छ। यो प्रवृत्ति उनमा उपन्यास र कथालेखनको प्रारम्भदेखि नै रहिआएको छ। सामान्यकुरालाई पनि बिम्बात्मक पाराले अत्यन्त लयात्मक बनाएर प्रस्तुत गर्नु उनको अर्को सामर्थ्य हो। "शिरीषको फूल" उपन्यासको भाषा यस दृष्टिले सबैभन्दा आह्लादक छ, जसले भावनाको उताल छाल प्रवाहित गराउँछ। "बैंसको मान्छे", "परिभाषित आँखाहरू" जस्ता उपन्यासमा पनि भाषाको तरल प्रयोग रहेको छ। यहि भाषाको मोहकताले गर्दा नै पारिजातको शैलीमा हार्दिक उच्छलन प्राप्त हुन्छ। सौन्दर्यको प्रस्फुटनमा पनि कवितात्मक भाषाको भूमिका प्रबल रहन्छ भने यसले

उपन्यासको भावगाम्भीर्य बढाउन र मार्मिकता थप्न पनि मद्दत गर्दछ. प्रतीक तथा पोथीगद्यको प्रयोग पारिजातको सर्वोत्कृष्टनिजीपन हो।

### "शिरीषको फूल" उपन्यासको भाषा शैली

शिरीषको फूल विश्वपरिप्रेक्ष्यमा आएको युद्धोत्तर अस्तित्ववादी निस्सारता प्रस्तुत गर्ने उपन्यास भएको हुँदा यसमा नेपली जीवनको झल्को आउँदिन। भाषिक प्रस्तुति पनि यसमा सामान्य पठाकका लागिभन्दा बौंद्धिक अझ अस्तित्ववादी जीवनदर्शनका बुद्धिजीवीहरूका लागि गरिएको जस्तो देखिन्छ। निस्सार, निरर्थक, निरुद्देश्य, शून्य,अस्तित्व जस्ता शब्दहरूको प्रयोग यसमा अत्यधिक गरिएको छ। एउटा भू.पू. बेलायती गोर्खा सैनिकको वर्णनको भाषा भएकाले होला यसमा नेपलीइतर भाषाको प्रयोग पनि बढी गरिएको छ। 'बुलेट', 'स्क्याबिस', 'ग्यालेट्री', 'पेसिन्जर', 'क्यमोफ्लेज', 'हिस्टेरिक', 'इन्सेक्ट किलर' आदि अंग्रेजी शब्दहरू, 'हाराकिरी' जस्ता जापानी शब्द र 'ख्वान्नियो पाँ' बर्मेली सब्दलगायत गीत पनि यसमा प्रयोग गरेको पाइन्छ। यसबाट भाषामा झन् कठिनाइ उत्पन्न हुन्छ। उपन्यासमा भाषाको तार्किकता भने यसमा शुष्क न्भएर अत्यन्त अनोर्म खालको छ।

- "मैले जसजसलाई बलात्कर गरें, उनीहरूलाई प्रेम गर्न सकिनँ राजसलाई प्रेम गरें, उसलाई बलात्कर गर्न सक्तिनँ।"
- सधैको रित्तो हात रित्तो मन फर्कन अभ्यस्त मान्छे म रित्तै फर्के।"

कवितात्मक गद्यभाषा शिरीषको फूलको महत्तम प्राप्ति हो। अप्ठ्यारा शब्दलाई पनि पारिजातले अत्यन्त कोमल बनाएर प्रयोग गरेकी छन्, जसबाट सुललित अभिव्यक्ति र लयात्मक संचारको सामर्थ्य प्रकट भएको छ। प्रतेक वाक्यहरू कविताजस्तै लाग्ने भअकले नै भूमिका लेखक शंकर लामिछानेले यस उपन्यासलाई कव्यान्यास नाम दिएका होलान्।

### कवितात्मक भाषाका उदाहरण

- " पनि पर्न नसकेर उकुसमुकुसमा छटपटीरहेको निखुर कालो रातलाई साइकलको एक्नासे स्वाइँस्वाइँ स्वरले चिर्दै जीउभरि रक्सीको गर्मि बोकेर म सहर आइपुगें।"

- "ढुङ्गाको कापमा कतैकतै गुराँसका पुड्का झयाङ्हरू देखिन्छन्, म विचार गर्छु 'हाम्रो देशमा पनि रातम्मे गुराँस फुल्छन्, आह ! लालीगुराँस. ट्र हाम्रो देशमा गुराँसको बोट यति पुड्को हुँदैन. मलाई घरको सम्झना आउँछ. रुन मन् लाग्छ गुराँसको फेदमा. एउटा ओसिलो ठाउँ, हिमाली चिसो हावा, हरियो बगेको पनि, पार्थ्यक्यको कत्रो अभिशाप।"

यस्तो भाषाले कवितात्मक संवेगलाई समातेको र भनाइमा मिठास भरिएको हुनाले यस उपन्यासको भाषामा पाठकलाई वातावरणको उत्कर्षमा पुर्याउने सक्ति छ, गद्यकविताको उच्च सौन्दर्यबोध गराउने सामर्थ्य छ।

**ख. प्रतीक र बिम्ब**

पारिजातका रचनाहरुमा प्रतीक र बिम्बको सबल प्रयोग पाइन्छ। आफ्नो रचनाहरूमा कवितात्मक गद्यभाषाको प्रयोग गरेका हुनलाले पारिजातका रचनाहरूमा प्रति र बिम्बको प्रयोग अधिक भएको पाइन्छ। शिरीषको फूल उपन्यासमा शिर्षक नै प्रतीकात्मक भएको छ यो उपन्यास समष्टिमा प्रतीकात्मक उपन्यास हो। उपन्यासमा पात्रहरू, घटना,संवाद अनि वर्णन पनि प्रतीकात्मकरूपमा आएको छ, यसैले यस उपन्यासमा प्रतीकको विशिष्टीकरण भएको पाइन्छ। उपन्यासमा नीला फूलहरूको कोमलता नायिका सकमबरीको प्रतीक बनेर उपन्यासमा स्थापित भएको छ।

सुयोगवीर विश्वयुद्धको पीडा र दर्द भोगको सिकार तथा आफैं मानवताको संहारको लागि जुटेको क्रूरताको प्रतीकका रूपमा उपन्यासमा आएको छ। शिवराज वैरागी तर बहिनीप्रति आसक्त विकृत व्यक्तित्वको प्रतीकका रूपमा आएको छ. यस्तै जीवघाती सुनगाभाले सकमबरीको परपीडक अचेतन प्रवृत्तिको प्रतीक बनेर अस्तित्वलाई प्रकट गरेको छ। फूल भनेको नारीहरू हुन् भने पसल्नी र सोडापानी बेच्ने ठिटो भोगवादी संस्कारका प्रतीक हुन्। यस उपन्यासमा घटनाहरू पनि प्रतीकात्मक भएर प्रकट भएका छन्. शिवले बारीको तस्बिर सधैं बोकेर हिंड्नु, सकमबरीले चुरोटको धूवाँ गोलो परेर उडाउनु, सुयोगवीरले आफूलाई रित्तो भाँडो भन्नु ती पात्रभित्ररहेको यौन्अतृप्ति र शून्यताका प्रतीकात्मक प्रकटीकरण हुन्। सकमबरीलाई चौरमा फुक्का मुद्रामा सुतेको देखेपछि सुयोगवीरलाई सर्प देखेजस्तै आङ सिरिङ्ग हुनु र बरीलाई आवेगमा चुम्बन गर्नु उसको अचेतनमा रहेको विध्वंसात्मक प्रवृत्तिका प्रतीक हुन्। उसको

बलात्कार र क्रूरताको प्रतीक उपन्यासमा यसरी प्रकट भएको छ - **"सिकारको के दुख यार !" भन्दै म एउटा गुलाफको कोपिलालाई ओठमा जोरेर राख्छु हत्केलाभित्र रगडछु अनि बुटले कुल्चिदिन्छु ।"**

उपन्यासको सम्पूर्ण भाषा बिम्बात्मक छ. कवितात्मक प्रस्तुतिका कारण बिम्बको यसमा अत्यधिक उपयोग गरिएको छ। परिवेशको प्रस्तुतिमा बिम्बको प्रभावोत्तेजक रूप प्राप्त गर्न सकिन्छ बने सोचाई र वर्णनका क्रममा पनि यस्तो स्तिथि पाइन्छ । नीलो फूलहरुको बिम्बले पाठकलाई सम्मोहित गर्दाछ भने पत्रहरूको भिन्न स्वरूपले पनि उसलाई आकर्षित गरि नै राख्दाछ । सामान्यकुरालाई पनि बिम्बात्मक बनाएर प्रस्तुत गर्दा तिनमा कवितात्मक सौन्दर्यको मिठास र लय थपिएको दखिन्छ । जस्तै -

- "हामी एउटा सग्लो चुरुट र बलिरहेको सलाईको दूरीमा टाढा थियौ एक अर्कोदेखि ।"
- " अप्ठ्यारोम निक्लेको पिलोजस्तो म कहाँ लगेर देखाऊँ यस विवशतालाई ?"
- " विरानो टोलमा पस्न हिच्किचाएको निर्धो कुकुरजस्तो आँट र भर नपुगेर टाढा बसिरहें कसैले देख्ला भन्ने डर खपेर।"
- " बूढो लाहुरेले खल्तीमा सजाएको रुमालजस्तो, बूढो रूखमा बेमौसममा टुसाएको मुनाजस्तो, बैंस गइसकेपछि नाकका डँडाल्नीमा आएको डन्डीफोरजस्तो बारी मेरो मुतुमझा निर्धक्क पल्टिदिई।"
- "संसारमा कतै पनि नीला फूल नाफुले हुन्छ. सपानामा पनि तर्साउन आउने यी फूलहरूको के काम ! फूल होइनन् सब आगाका फिलुङ्गा हुन्।"

यसरी बिम्बको प्रयोग गरेर पारिजातले अभिव्यक्तिमा तीव्रता थपेकी छन्, जसले गर्दा पाठक पढ्दापढ्दै रन्थनिन्छ र केहीबेर त्यसैका बारेमा सोच्न बाध्य हुन्छ।

पारिजातका कथा "कुनै गुलाफ ओभानो छैन यहाँ" कथामा वर्णित सेतो गुलाफ यहाँ श्रमजीवी वर्गका पवित्र मान्छेको प्रतीक हो र गुलाफमा बसेको झुसिल्कीरा श्रमिक वर्गलाई चुस्ने चुसाहा व्यक्ति वर्गको प्रतिनिधि हो। पारिजातको अर्को कथा "पैसाको रङ्ग" शीर्षक नै प्रतीकात्मक छ। कथामा सेतो धन र कालो धनको भिन्नतालाई पैसाको रङ्गले प्रतीकात्मक रुपमा प्रस्तुत गरेको छ। कथामा सेतो धन अर्थात् पसिनाको धन अनि कालो धन अर्थात् अवैधधन्दबाट कमाइको धन

भनिएको छ। पारिजातका अन्य कविता, कथा र उपन्यशारुमा पनि प्रतीक र बिम्बको प्रयोग पाइन्छ।

**ग, चेतन प्रवाह शैली**

पारिजातका रचनाहरूमा चेतन प्रवाह शैलीको पनि परयोग गरिएको पाइन्छ। उनका "साल्गीको बलात्कृत आँशु" कथा सङ्ग्रहभित्रका बोनीलाई सम्बोधन गरिएका चार कथाहरुमा चेतन प्रवाहशैलीको प्रयोग भएकोले यिनमा पारिजातका व्यक्तिगत रुचि-अरुचि, भावना र संवेदनाहरू प्रयाप्त आएका छन्। कथामा विचारका तहमा पनि पारिजात यहाँ स्पष्ट देखिन्छन्। यहि कथा सङ्ग्रहभित्रका उनको अर्को "सइसको चिठी" कथा पूर्णतया चिट्ठीका रूपमा लेखिएको छ। कथामा सइसको तर्फाबाट उसकी स्वास्नीलाई व्यक्त गरिएको उसको दुखद स्तिथिको बयान छ। सम्पूर्ण कथा पत्रात्मक शैलीमा लेखिएको छ। "यस ठाउँमा" शिर्षक कथामा पनि साथीलाई संस्मरणात्मक शैलीमा कथावाचकले लेखेको पत्र नै कथा हो। त्यस पत्रमा व्यक्त भएको समाज र मान्छेप्रतिको धारणा नै कथाको मूल कथ्य हो।

**घ, दृष्टिबिन्दु**

पारिजातका प्राय: गद्यात्मक रचनाहरूमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ। उनका प्राय कथा अनि उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा रचिएका छन्। " पर्खालभित्र र बाहिर" उपन्यासमा 'म' पात्र रमेशकै वरिपरि कथा बुनिएको छ। कथावाचकको दृष्टिकोण यहि 'म' पात्र रहेको छ। 'म' पात्रले सोचेको, कल्पना गरेको र उबारे अरु सम्पूर्ण कुरा कथावाचकले सुनएको हुँदा यसमा सर्वदर्शी वा सर्वज्ञ दृष्टिबिन्दु रहेको छ। 'शिरीषको फूल" उपन्यासको सम्पूर्ण कथयिता बनेर उपन्यासकै प्रमुख पात्र सुयोगवीर आएको छ। उसले उपन्यासभित्र बसेर प्रमुख पत्रको भूमिका पनि निर्वाह गरेकाले यसमा आन्तरिक दृष्टिबिन्दुअन्तर्गत केन्द्रिय प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ।

सुयोगवीरकै अनुभव, सोचाई, टिप्पणी तथा उससँगका कुराकानीबाट नै उपन्यासले मूर्तता प्राप्त गरेको हुँदा उसको विश्लेषणसामर्थ्यसम्म मात्र विश्लेषण गरिएको देखिन्छ। ऊ उपन्यासको मूल प्रवाह र कार्यमा तीव्रगतिले समाहित भएको छ। सुयोगवीरले 'म' पात्रका रूपमा उपन्यासको प्रारम्भ यसरि गरेको छ- "बारमा तेस्रो पटक भेट भएपछि उसले माली आफ्नो घर विशालनगरमा

निम्त्यायो. उसको घर शिरीषका रूकहरूले घेरेको क्याम्पभित्र रहेछ। हामी त्यहाँ पुग्दा अध्यहान भएको थियो ठीक त्यहि याम अहिले यी रूखहरूले आफूलाई नीलै बनाएर फुलाउँछन।" यसमा 'म' पात्रको प्रविष्टि भएको छ र सबै वर्णनहरु उसले मात्र गरिरहेको छ। उपन्यासको अन्त्यमा पनि यसै गरि 'म' पात्रले जीवनको रहस्यको वर्णन यसरि गरेको छ-

"... ... एउटा कार्टुन शरीर ... ... आफ्नो सानो गर्धन देखाएर हिँडिरहेको र म कैल रौंहरूलाई खेलाउने रहरसँग एउटा सिङ्गो मानिसको सम्पूर्ण मानसिकता हराएर नपाएर फर्किरहेका थिए। मेरा क्षणहरू हुनसक्छ घस्रीरहेका थिए, तर छिटोछिटो म हिँडिरहे।"

यसरि हेर्दा उपन्यासको चिन्तनदेखि सामान्य अनुभवसम्म पनि सुयोगवीरका माध्यमबाट व्यक्त गरिएको छन्. त्यसैले बरीको मानसिकतालाई यसले राम्री छुन सकेको छैन। पारिजातका अन्य कतिपय उपन्यासमा पनि प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ। उनको "बोनी" उपन्यासमा सम्बोधित वा द्वितीय पुरुष दृष्टिभिन्दुको प्रयोग पाइन्छ । पारिजातका कथाहरूमा पनि प्रायजस्तो प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ। 'आदिम देश" कथामा ऊ पात्र द्वारा मान्छे सर्वत्र सम्पूर्ण नाङ्गो छ र समाजमा नग्नता बाहेक केहि छैन भन्ने मूल कथ्यको अभिव्यक्ति गरिएको छ। यसकथामा पनि ऊ पात्रले सम्पूर्ण कुराहरूको अभिव्यक्ति गरेको हुनाले कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ।

"साइनो ग्र्यानिट टुक्रासँग" कथामा मृत्युपीडा पर्खिरहेको असक्त नारी ऊ पात्रको कथा व्यक्त गरिएको छ। "एक उडानमा" कथामा सोफिया नारी पात्रको यौनकेन्द्री चित्रण गरिएको छ। कथामा ऊ वायुउडान र उडानसकेपछि पाँचतारे होटेलको कवाफ, शराब र परपुरुषसँगको यौनक्रिडामा जीवनको आनन्द र अर्थ देख्ने ऊ हददर्जाकी भोगपरायण देखिन्छ। यस कथामा पनि सोफिया मुख्य पात्र हो अनि उसले सम्पूर्ण कथा व्यक्त गरेका हुनाले कथामा प्रथम पुरुष दृष्टिबिन्दु पाइन्छ।

साहित्यको प्राय सबै विधाहरुमा  कलम चालाएकी साहित्यकार पारिजातको नेपली साहित्य संसारमा महत्त्वपूर्ण योगदान रहेको छ। उनका 20 वटा भन्दा अधिक कृतिहरू प्रकाशित छन्। उनका कृतिहरूमा निहित कवितात्मक गद्यभाषाको प्रयोग उनको महत्त्वपूर्ण प्राप्ति हो। अप्ठ्यारा अप्ठ्यारा शब्दहरुलाई

पनि कोमल बनाई उनले आफ्ना कृतिहरुमा प्रेयोग गरेका पाइन्छ। जसबाट उनका कृतिहरूमा सुललित अभिव्यक्ति अनि लयात्मक सन्चारको सामर्थ्य प्रकटभएको छ। अकथात्मक संरचनको प्रयोग पनि उनका कथाहरूमा पाइन्छ।

प्रतीक र बिम्बको सबल प्रयोग पनि उनका लेखन शैलीमा पाइने एउटा मुख्य विशेषता हो। कवितात्मक भाषा र वर्णनमा लयात्मकता भएकोले उनका रचनाहरूमा प्रतीक र बिम्बको प्रयोग अधिक भएको पाइन्छ। पारिजातका केहि कथाहरुमा पत्रत्मक वा चेतन प्रवाह शैली को प्रयोग पनि उनको लेखन शैलीको एउटा मुख्य विशेषता हो। केहि रचनाहरु बाहेक उनका प्राय सबै रचना हरुमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ। पारिजातका रचनाहरुका मुख्य विशेष यी नै हुन्।

## 5.5 उपसंहार

पारिजात नै त्यस्ती स्रष्टा हुन् जो नेपाली भाषा साहित्यकी एउटा सार्वजनिक चौताराकी पर्यायवाची बनिन् । ज - जसले पारिजातलाई हाम्री मात्र पेवा भने पनि र पारिजात स्वयम्ले पनि आफूलाई कुनै खेमाभित्र सीमित पार्न चाहे पनि अन्ततः उनी सम्पूर्ण नेपालीकी पेवा बनिन् । अनि उनी नेपाली भाषासाहित्यकी एक प्रतिनिधि अस्तित्व नै बनिन् । पारिजातको जीवनको दुर्भाग्य उनको शरीर र घरको दयनीय आर्थिक अवस्था नै थियो । पारिजातलाई प्रगतिशील साहित्यकारहरूले गुरुआमा नै मान्थे । पारिजातको स्रष्टाले पहिलो चरणमा स्वच्छन्दतावाद र छायावादलाई अङ्कमाल गर्‍यो । त्यसपछिका दिनहरूमा पारिजातको साधनाले अस्तित्ववादी, राल्फावादी हुँदै प्रगतिवादी मोडमा पुगेर विश्रान्ति लियो । उनी मार्क्सवादी विचारमा बगेकी स्रष्टा थिइन् । पारिजातले नेपाली भाषा साहित्यको सेवा गरेबापत उनी 2022 सालमा मदन पुरस्कारबाट सम्मानित भइन् । साथै यिनले गंकी वसुन्धरा पुरस्कार र र्सवश्रेष्ठ पाण्डुलिपि पुरस्कार पाइन् । त्यतिमात्रै होइन यिनले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विद्वद्वृत्ति प्राप्त गरेकी थिइन् ।

पारिजातका कथाहरु सबै छुट्टा - छुट्टै नारी चरित्र र नारी भोगाइका वर्णनमा आधारित छन्। कथापात्रा नारीहरुका मध्यमबाट समाजका प्रत्येक क्षेत्रको प्रतिनिधित्व गराइएको छ। ‘सिमेन्टभित्र एउटा राजबेली’ कि चिनचा , ‘ सधै बिलु पर्ने हामी’ कि बेबी, ‘मैले नजन्माएको छोरा’ की म को बिहे नगरी, पोइको दासता

Notes

नलिई छोरो खेलाउने लालसा-मानसिक अन्तरद्वन्द, 'एक उडानमा' की एयर होस्टेज सोफियाको जीवन चक्र, 'तिउरीको फूल पायरियाको गन्ध' कि लाटी, 'निर्माणको मोडेल समयभित्र' का सडक निर्माण नाइकेको तिर्खा मेट्न विवश ज्यामी महिला, 'अनिदो र शून्यता' का मधू, 'अप्ठ्यारो र अभ्यस्त मान्छे' कि चमेली। 'सल्गीको बलात्कृत आँसु' कथा भित्रका सुत्केरी हुन्नसकेर मृत्युशय्यामा पुगेकी, 'पुण्टेकी आमा' की पशुभन्दा निम्नस्तरको जीवन जिउन बाध्य, 'नैकपे सर्किनी' फटाहा मिचाहाद्वारा बलात्कृत भएर जेल सजाय दिलाइएकी मसिनी, औषधि नपाएर अकालमा मरेकी 'कालेकी आमा', वेदेशमा बेचिएकी 'सल्गी' आदि पाइन्छन् ।

पारिजात मूल रूपमा कवयित्री भएता पनि उनी सर्वाधिक सफल र चर्चित भने उपन्यासमा भइन् ! यद्यपि उनेले लेखेका हरेक साहित्य विधामा उनको कवित्व प्रदर्शित भएको पाइन्छ भन्ने विद्वानहरुको भनाइ रहेको छ ! पारिजातको सृजना साहित्यमा उपन्यासकार व्यक्तित्व नै प्रखर रूपमा रहेको छ ! प्रारम्भमा बिसंगतिबादी - अस्तित्वबादी धारामा लेख्ने पारिजातको बिचमा समय राल्फाली आन्दोलनसँग सम्बद्ध विद्रोही चेतना प्रबल रुपमा रह्यो ! अन्त्यको समय भने प्रगतिवादी र आलोचनात्मक यथार्थवादी धारामा केन्द्रित रहेको पाइन्छ ।

## 5.6 सार

यस प्रखण्डमा **पारिजातका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- पारिजात कविता, कथा, उपन्यास, लेख, संस्मरण आदि साहित्यका विविध विधाहरूमा कलम चलाउने अदिवतिय स्रष्टा हुन्।
- पारिजातले परम्परागत लेखनमा नवीनता ल्यान र अस्तित्ववादी, विसङ्गतिवादी अनि अराजक चिन्तनबाट माथि उठेर समाजवादी चिन्तन ल्याइ शोषित र पीडित जनताको पक्षमा उभिइन्।
- पारिजात जुन - जुन चिन्तन र साहित्य धाराको नजिक पुगिन् , त्यसै अनुरूप विचार र कला दुवैले सिँगारिएका कृतिहरु सिर्जना गरिन्।

- पारिजातले 22 वटा पुस्तकाकार कृतिहरू नेपली साहित्यलाई प्रदान गरेका छन् ।
- स्वछन्दतावादी धाराको कविता कृतिबाट आफ्नु साहित्यिक यात्रा आरम्भ गरकी पारिजाले साहित्यका अनेक मोडहरू पर गरको पाइन्छ ।
- पारिजातका प्राय: उपन्यासहरू प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको पाइन्छ । उपन्यास लेखनको प्रारम्भ देखिने कवितात्मक गद्य भाषाको प्रयोग उनका उपन्यासमा देख्न पाइन्छ।
- सामान्य भन्दा सामान्य कुरालाई बिम्बात्मक पाराले अत्यन्त लयात्मक बनाएर प्रस्तुत गर्नु पारिजातको अर्को सामर्थ्य हो। यस दृष्टिले उनको **शिरीषको फूल** उपन्यास सबैभन्दा आनन्दमय देखिन्छ।
- पारिजातलाई प्रगतिशील साहित्यकारहरूले गुरुआमा नै मान्थे । पारिजातको स्रष्टाले पहिलो चरणमा स्वच्छन्दतावाद र छायावादलाई अङ्कमाल गर्‍यो ।
- पारिजातको साधनाले अस्तित्ववादी, राल्फावादी हुँदै प्रगतिवादी मोडमा पुगेर विश्रान्ति लियो । उनी मार्क्सवादी विचारमा बगेकी स्रष्टा थिइन् ।
- पारिजातका कथाहरु सबै छुट्टा - छुट्टै नारी चरित्र र नारी भोगाइका वर्णनमा आधारित छन्। कथापात्रा नारीहरुका मध्यमबाट समाजका प्रत्येक क्षेत्रको प्रतिनिधित्व गराइएको छ।
- पारिजात मूल रूपमा कवयित्री भएता पनि उनी सर्वाधिक सफल र चर्चित भने उपन्यासमा भइन् ! यद्यपि उनेले लेखेका हरेक साहित्य विधामा उनको कवित्व प्रदर्शित भएको पाइन्छ भन्ने विद्वानहरुको भनाइ रहेको छ !
- पारिजातको सृजना साहित्यमा उपन्यासकार व्यक्तित्व नै प्रखर रूपमा रहेको छ ! प्रारम्भमा बिसंगतिबादी - अस्तित्वबादी धारामा लेख्ने पारिजातको बिचमा समय राल्फाली आन्दोलनसँग सम्बद्ध विद्रोही चेतना प्रबल रुपमा रह्यो !
- अन्त्यको समय भने पारिजातको लेखन प्रगतिवादी र आलोचनात्मक यथार्थवादी धारामा केन्द्रित रहेको पाइन्छ ।

यस प्रखण्डको अध्ययनले **पारिजातका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त पारिजातको साहित्यिक परिचय र उनका रचनहरूका संरचना र शैली पक्ष सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 5.7 अनुशीलनी

1. पारिजातको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक रटनाहरूबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कथाकार पारिजातका कथाहरूमा पाइने प्रमुख विशेषताबारे टिप्प्णी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा पारिजातको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. पारिजातका उपन्यासहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रगतिवादी लेखिकाको रूपमा चिनाउनुहोस् ।

5. पारिजातका कथाहरूमा पाइने कथाकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. पारिजातलाई किन शुन्यवादी लेखक भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. पारिजातलाई एक दक्ष लेखिकाको रूपमा चिनाउँदै उनका कृतिहरूबारे चर्चा गर्नुहोस्।

8. पारिजातको कृतिहरूमा पाइने संरचना विशेषताबारे एउटा गल्लिलो टिप्पणी लेख्नुहोस् ।

9 पारिजातको रचनाहरूमा पाइने शैलीगत विशेषताबारे लेख लयार पार्नुहोस् ।

10. साहित्यकार पारिजातको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 5.8 अतिरिक्त अध्ययन

५. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

5. शर्मा, तारानाथ –– **नेपाली साहित्यको इतिहास** ।

6. नेपाल, धनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

7. नवपानीया, हरिभक्त - **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

यस अतिरिक्त **पारिजात**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 5.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२१. पारिजातको सामान्य परिचय ।

.................................................................................................

.................................................................................................

.................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२. पारिजातको साहित्यिक रचनाहरू ।

.................................................................................................

.................................................................................................

.................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३. पारिजातको रचनाहरूमा पाइने संरचना विशेषता ।

.................................................................................................

..............................................................................................

...............................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२४. पारिजातको रचनाहरूमा पाइने शैलीगत विशेषता ।

.............................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.4 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२५. पारिजातका लेखन प्रवृत्तिहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.4 र 5.5 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 6, नेपाली साहित्यका अमर साहित्यकार देवकुमारी थापाका कृतिबारे विशेष अध्ययन

**संरचना**

6.0 उद्देश्य

6.1 परिचय

6.2 देवकुमारी थापाको साहित्यिक परिचय

6.3 देवकुमारी थापाका साहित्यिक कृतिहरू

6.3.1 झझल्को (कथासङ्ग्रह)

6.3.2 सेतो बिरालो (कथासङ्ग्रह)

6.3.3 भोक तृप्ति (कथासङ्ग्रह)

6.3.4 देवकुमारी थापाका प्रतिनिधि कथाहरू

6.4 उपसंहार

6.5 सार

6.6 अनुशीलनी

6.7 अतिरिक्त अध्ययन

6.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- देवकुमारी थापाको साहित्यिक परिचय
- देवकुमारी थापाका साहित्यिक कृतिहरू
- झझल्को (कथासङ्ग्रह)
- सेतो बिरालो (कथासङ्ग्रह)

- भोक तृप्ति (कथासङ्ग्रह)
- देवकुमारी थापाका प्रतिनिधि कथाहरू

## 6.1 परिचय

देवकुमारी थापा नेपली साहित्यका विशिष्ट साहित्यकार हुन्। शुरूमा प्रेम प्रधान कथालेखन बाट आफ्नु साहित्यलेखनको थालनी गर्ने थापा पछि सामाजिक विषयवस्तु मा आधारित कथा रचनामा लागिन। देवकुमारी थापाले बालमनोविज्ञानमा आधारी धरै बल कथाहरु पनि लेखेका छन्। उनले बल-बालिकाहरुको मनोभावको अध्ययन गरि ति बाल-बालिकाहरुको क्रिया प्रतिक्रिया बुजेर ति कुराहरुलाई आफ्नो बालकथाहरुमा व्यक्त गरेका छन्। बालसाहित्यको क्षेत्रमा देवकुमारी थापाले ठूलो योगदान दिएकी छन्। आफ्नो जीवन कालभरि उनले शिक्षा, साहित्य अनि समाजसको सेवा गरिन्। उनी एक कुशल साहित्य लेखिकाका साथसाथै कुशल शिक्षक अनि समाज सेविका पनि थिए।

देवकुमारी थापाको जन्म खर्साङको गिद्धे पहाडमा 14 अप्रेल सन् 1928 सालमा भएको थियो। उनी वाल्यकालमै मातापिताविहिन भएकी थिइन्। वास्तवमा उनले आफ्नो बाबुलाई देख्न पाइनन्, उनी आमाको गर्वमा हुदै उनको बाबु हस्तबहादुरसिंह को निधन भइसकेको थियो। देवकुमारी थापा दस बर्षको पुग्दा-नपुग्दै हुनको आमा रामदेवीसिंह कटुवालको पनि निधन भयो। बाल्यकलमै बाबु आमा विहिन भए पछि उनको हजुरआमाले उनलाई मातृस्नेह, छहरि र संरक्षण प्रदान गरिन्। उनी आफ्नु हजुरआमाको श्यार सुसारमा हुर्किन। हजुरआमाको माया र स्नेहले गर्दा आमा बाबुको अभावमा पनि उनको वाल्यजीवनमा कुनै पनि प्रकारको व्यवधा आएनन्। देवकुमारी थापाले प्रारम्भिक शिक्षा खर्साङको सामान्य स्कुलबाट प्राप्त गरि दर्जीलिङ्गबाट प्रथम श्रेणीमा प्रवेशिका परिक्ष उत्तीर्ण गरिन्।

प्रवेशिका परिक्ष उत्तीर्ण गरेर उन्ला कलकत्ता गएर तीन बर्षे स्वास्थ्यपरिचारिकाको डिप्लोमा गरिन्, यसमा पनि उनी उत्तीर्ण भयिन। स्वास्थ्यपरिचारिकको अध्ययन समाप्त गरेर उनले दर्जीलिङ्गको भिक्टोरिया अस्पतालमा कार्यरत भइ रोगिहरुको सेवामा लागिन। देवकुमारी थापाले त्यस युगमा आफ्नो पाइल राखिन जुन बेला नेपली साहित्यमा नारीकथाकारहरु शून्य नै थिए। कुमारी तुषार मल्लिकाले

खनेको गोरेटोमा हिंडेर नै उनले आधुनिक कथाविधामा आफ्नो नाउँ स्थापित गरिन्।

## 6.2 देवकुमारी थापाको साहित्यिक परिचय

देवकुमारी थापा नेपली साहित्यका विशिष्ट साहित्यकार हुन्। शुरूमा प्रेम प्रधान कथालेखन बाट आफ्नु साहित्यलेखनको थालनी गर्ने थापा पछि सामाजिक विषयवस्तु मा आधारित कथा रचनामा लागिन। देवकुमारी थापाले बालमनोविज्ञानमा आधारी धरै बल कथाहरु पनि लेखेका छन्। उनले बल-बालिकाहरुको मनोभावको अध्ययन गरि ति बाल-बालिकाहरुको क्रिया प्रतिक्रिया बुजेर ति कुराहरुलाई आफ्नो बालकथाहरुमा व्यक्त गरेका छन्। बालसाहित्यको क्षेत्रमा देवकुमारी थापाले ठूलो योगदान दिएकी छन्। आफ्नो जीवन कालभरि उनले शिक्षा, साहित्य अनि समाजसको सेवा गरिन्। उनी एक कुशल साहित्य लेखिकाका साथसाथै कुशल शिक्षक अनि समाज सेविका पनि थिए।

सन् 1927 सालमा देवकुमारी थापाको जन्म भारतको पश्चिम बङ्गल राज्यको दर्जीलिङ् जिल्लइ अन्तर्गत खर्साङ महकुमा स्थित गिद्धेपहाडमा भएको थियो। देवकुमारी थापा आमाको पेटमा भएको बेला उनका बाबु हस्तबहादुरसिंह कटुवालको निधन भयो साथै आमा रामदेवीसिंह कटुवालको निधन पनि उनी दस बर्षको हुँदा नहुँदै भयो। उनी वाल्यकालमै आमा-बाबु विहिन भएका थिए. देवकुमारी थापाले खर्साङको सामान्य विद्यालयबाट प्रारम्भिक शिक्षा प्राप्त गरि, प्रथम श्रणीमा प्रवेशिका परिक्ष उत्तीर्ण गरि अनि तीन बर्ष स्वास्थ्यपरिचारिकाको डिप्लोमा पनि उत्तीर्ण गरेर विवाह अघिसम्म केहि बर्ष दार्जीलिंगको भिक्टोरिया अस्पतालको नर्स विभागमा कार्यरत भई रोगिहरूको सेवा गरिन्। मेजर बबरसिंह थापा सँग वैवाहिक ज्विवनमा बाँधिए पछि सन् 1960 सालमा जागिर छाडेर उनी आफ्नो पति बबरसिंह थापा सँग नेपाल भित्रिइन्। स्कूले जीवनबाट साहित्य लेखनमा लागेकी देवकुमारी थापा को पहिलो प्रकाशित रचना दार्जीलिंगबाट प्रकाशितहुने पत्रिकामा "गोर्खा" पत्रिकामा प्रकाशित "पतन" कथा हो।

थापाको 'अकादशी', 'झझल्को', 'सेतो बिरालो', 'टपरी', 'भोक तृप्ति', 'क्षण विचार'स्मृति', 'प्रलय प्रतिक्षा', ' देवकुमारी थापाको प्रतिनिधि कथाहरू' कथा सङ्ग्रहहरु प्रकाशित छ। उनका वालकथा सङ्ग्रहका रुपमा 'वरपरबाट',

'कथाको बाटुलो', ' जङ्गलको कथा', 'सुनपखेटी', प्रकाशित भएको छ। यी बाहेक उनका दुईवाट जीवनी पनि प्रकाशित भएको छ 'पुन्यात्मा आमा', ' छ तारा'। उनका सुरुका कथाहरु स्वछन्दवादी प्रवृत्तिमा आधारित छन्, स्वछन्दवादी प्रवृत्तिको प्रभाव रहेकोले यस समाईका उनका कथाहरुमा प्रेम, प्रणयका कुराहरु व्यक्त भएका पाइनछ। त्यस पछिका उनका कथाहरुमा सामाजिक यथार्थवादी प्रवृत्ति देखन पाइनछ। यस समयका उनका कथाहरु समाजको यथार्थ चित्रण गर्नमा सक्षम भएका छन्। उनका कथाकेखनको यात्रामा देखिएका अर्को विशिष्ट प्रवृत्ति बालमनोविज्ञान हो। उनका यस प्रवृत्तिका कथाहरु बल-बालिकाहरुको मनोचित्रण गर्न सफल भएका छन्। उनले बालबालिकालाई देशको भविष्य निर्माता ठानी उनीहरुको चोतर्फी विकाश गर्न बालसंस्था र समाजसेवामा समर्पित भइन्।

देवकुमारी थापाले विभिन्न मध्यमबाट बालमैत्री वातावरण र शिक्षा दिन प्रोत्साहन गर्दै शिक्षाक्षेत्रमा उल्लेखनीय योगदान पुगाएका छन्। .देवकुमारी थापा कुशल साहित्यकार साथ साथै एक कुशल समाजसेवीका पनि थिइन्। साहित्य समाज, गुरुकुल विद्यालय, बालमन्दिर, नेपाल प्रज्ञा प्रतिष्ठान जस्ता संस्थासँग पनि उनी आबद्ध भइन्। उनलाई विभिन्न पुरस्कार अनि सम्मान हरुले सम्मानित गरिएको छ। सन् 2006 मा 82 बर्षको उमेरमा विराटनगर निजि निवास स्थानमा देवकुमारी थापाको निधन भयो।

## 6.3 देवकुमारी थापाका साहित्यिक कृतिहरू

सन् 1946 बाट औपचारिक रूपमा लेखन यात्रा सुरू गरेकी देवकुमारी थापाको हालसम्मा प्रकाशित कृतिहरु कथासङ्ग्र- 'एकादशी', 'झझल्को', 'सेतो बिरालो', 'टपरी', 'भोक तृप्ति', 'क्षण विचार र स्मृतिहरू', 'देवकुमारी थापाका प्रतिनिधि कथाहरू' वालकथासङ्ग्रह- 'वरपरबाट', 'कथाको बटुलो', 'जङ्गलको कथा', 'सुनपखेटी चरी' आदि अनि जीवनीका रुपमा –'पुन्यात्मा आमा', 'छ तारा' प्रकाशित छ।

कथाकार देवकुमारी थापा आफ्ना कथाहरुमा सामाजिक यथार्थलाई लिएर उभएकी छिन्। समाजका विभिन्न विषय वस्तुहरु लाई उनले आफ्ना कथाहरूमा समेटेका छन्। यिनका कथाहरुमा विषयवस्तुका ररुपमा समाजका निम्न वर्गीय

मान्छे हरुले भोग्न परेको परिस्थिति अनि ति परिस्थितिले जन्मएका समस्याहरु छन्। समाजमा रहेको आडम्बर, अन्धविश्वास, कुसंस्कार, विक्रितका कुराहरुलाई उनले यथार्थ रुपमा आफ्ना कथाहरुमा प्रस्तुत गरेका छन्। नारी पुरुष वर्गमा रहेको भेदभाव, अन्या-अत्याचार, जस्ता कुराहरूको व्याख्या पनि उनका कथाहरुले गरेका छन्। कथामा निम्न वर्ग पत्रहरुको व्यथा र पिडाको चित्रण गर्न उनी सक्षम दखिनछन्. आफ्ना कथाहरूमा समाजको यथार्थ चित्रण कोर्नु सफल भएकीछिन् उनी। पित्री सप्तामत समाजले पुरुषलाई नारि भन्दा ठूलो भन्ने गर्छ तर देवकुमारी थापाले असल समाजको निर्माणमा नारी पुरुष दुवैको समान आवश्कता हुन्छ भन्ने कुरामा जोड दिएका छन्।

## 6.3.1 झझल्को (कथासङ्ग्रह)

देवकुमारी थापाका **झझल्को** कथा सङ्ग्रहमा सुनेको कुरा, कुकुरको छाउरो, झझल्को, वेसारको फूल आदि कथाहरु सङ्ग्रहित छन्। उनले प्रस्तुत कथा सङ्ग्रहमा समाज र जीवनका कथाहरूका अतिरिक्त कथाकार देवकुमारी थापाले आफ्ना कथाहरूमा दाम्पत्य जीवनको बारेमा गहिरो अध्ययन गरेका छन्। सुखकर दाम्पत्य जीवन र तनावग्रस्त दाम्पत्य जीवनका झलक भएका उनका थुप्रै कथाहरू प्रकाशित छन्। दाम्पत्य जीवनलाई लिएर कथा लेख्ने कथाकारहरूका श्रेणीमा कथाकार देवकुमारी थापा पनि अग्रणी पंङ्तिको लहरमा उभिएको पाइन्छ। उनका अनेकौँ कथाहरूले पति-पत्नी माझको मन-मुटाव, शङ्कालु प्रवृत्ति, हीन मानसिकता, बहु विवाह आदि समस्याहरूलाई उजागर गरेको पाइन्छ।

**मुक्ति** कथामा आफ्नै पतिलाई विष खुवाएर मारेको घटना छ भने अर्को कथा फीजमा आफुलाई स्वतन्त्र ठान्ने शङ्कालु पत्नी जसले सोझो लेग्नेको चरित्रमाथि शङ्का गरेकी छ। त्यसको घमण्डको फीज गएपछि उ शान्त हुन पुगेकी छ। दाम्पत्य जीवन सफल हुनुमा स्त्री र पुरुष दुवैको प्रेम, विश्वास समपर्पण आवश्यक छ भन्ने कुरालाई आत्मसात गर्दै उनका कथाहरू देखिन्छन्। दाम्पत्य जीवनमा लोग्ने वा स्वास्नी दुई मध्ये कोही एक को पनि अविश्वास हीन मनोभावना र शङ्कालु प्रवृत्तिले घरबार समेत समस्यामा आउने कुरो को पुष्टि उनले आफ्ना कथाहरूका माध्यमबाट सन्देश दिएका छन्। **स्वाद** भन्ने कथामा सैनिक पतिको वियोगमा घरमा बसेकी पत्नीले खानाको स्वाद नै बिर्सिएको कुराको मर्म गराएकी छिन्।

सामाजिक आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा उभिएकी कथाकार थापाका कथाहरूमा समाज निर्माणका मूल आधारमा रहेका पति पत्नी माझको सम्बन्धलाई सुन्दर प्रस्तुतिका साथ प्रस्तुत गरेकी छिन्। समाजको निर्माण परिवारबाट हुँदछ र परिवार पति र पत्नी माझको मेलमिलापबाट निर्माण हुँदछ। परिवार निर्माणमा सबैभन्दा ठूलो हात पति पत्नीको सहर्ष संसर्गबाट सम्भव रहेको कुरालाई आत्मसात गर्दै कथाकार देवकुमारी थापाले आफ्ना कथाहरूका माध्यमबाट पति पत्नीलाई एक अर्काका सम्पूरक बताएका छन्।

## 6.3.2 सेतो बिरालो (कथासङ्ग्रह)

**सेतो बिरालो** कथा सङ्ग्रहभित्र पदच्युत, जीवनको मोह, अनौठो स्मृति, समुद्रका बालुवा, स्वास्नी मान्छे, भेट, कथा, अवचेतन मन आदि बाल सुलभ कथाहरू सङ्हित छन्। साहित्यका विभिद विधाहरू मध्ये बाल साहित्य पनि एउटा लोकप्रिय विधा हो । यसको प्राथमिक भावक (पाठक, दर्शक र श्रोता) सबै बालबालिका हुन्छन् । तथापि बाल साहित्यका अधिकांश कृतिहरु बाल बालिकालाई सन्दर्भ गरेर उनीहरूका निम्ति लेखिए पनि यसको आनन्द र पाठक भने प्राय: प्रौढहरु नै भएका पाइन्छन् ।

प्रथमत: बाल साहित्य भन्नाले बालबालिकाको साहित्यलाई नै बुझ्नु उचित हुन्छ त ? **नेपाली बाल-विश्वकोष**मा बालसाहित्यको परिचय यसरी दिइएको छ - '' बालसाहित्य' शब्दको प्रयोग दुइ अर्थमा गरिन्छः पहिलो बालबालिकाले लेखेको साहित्य र दोस्रो बालबालिकाका निम्ति अरुले लेखेको साहित्य ।'' कतिपय विद्वानहरूले बालबालिकाका लागि भनेर किटान गरेर सिर्जना गरेको साहित्यलाई नै बाल साहित्य मान्नुपर्ने भनी बताएका छन् । सामान्यतया बालबालिका आफैले रोजेर पढ्ने साहित्यिक सामग्री र अभिभावक, शिक्षक तथा विशेषज्ञहरुले 'बालबालिकाका लागि उपयुक्त' भनेर छुट्याएका साहित्यिक सामग्रीलाई बाल साहित्य भन्न सकिन्छ ।

बाल - बालिकाको निम्ति साहित्य लेख्दैमा बालसाहित्य हुन्छ भन्न सकिन्न । फेरि स-साना बाल बनिताले लेखेको साहित्यलाई पनि बाल साहित्य मानी हाल्नु सठीक हुन्न । मूलत: बालबालिकाका उमेरको हद, ग्रहणशीलता, परखक्षमता, मनोवैज्ञानिक विकास आदिलाई ध्यानमा राखेर सृजना गरिएको साहित्यलाई बाल साहित्य मान्न सकिन्छ । यस प्रकारको साहित्य लेखनमा विद्यालयस्तरका

बालबालिकाको मानसिक अवस्था र बौद्धिक तहलाई दृष्टि बिशेष ध्यान दिनु आवश्यक हुन्छ । यसैले बालबालिकाहरुले आत्मसात् गर्न सक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतीकरणका आधारमा रचित साहित्य बालसाहित्य हो । बाल साहित्य भनेको समाज, जीवन र परिवेशलाई सुहाउने र यथार्थ ढङ्गले सोच्न सकिने रुप प्रदान गरेर लोकसाहित्य, पौराणिक र वैज्ञानिक एवं सामाजिक विषयस्रोतका वस्तुलाई बाल्य-उपभोक्ता बजारको उपयोगी, रोचक, आकर्ष र कौतुकतापूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रस्तुत गरिने सामग्री हो ।

बालसाहित्य आफैमा विषय, क्षेत्र र सीमा व्यापक भएको साहित्य हो । यस साहित्यका पनि विभिद उप विधा छन् । ती हुन् – बाल कथा, बाल उपन्यास, बाल कविता, बाल गीत, बाल नाटक, बाल गजल, बाल लहरी, बाल रामायण, बाल सूक्ति, बाल चलचित्र, बाल पत्रिका आदि । उपर्युक्त विधाहरू मध्ये बाल लहरीको आफ्नो छुट्टै स्थान बाल साहित्यमा रहेको मान्न सकिन्छ । कसै कसैले बाल लहरीलाई बाल गीत र बाल गजलकै हाराहारीमा मानेका पनि छन् । तथापि बाल लहरीमा भिन्नाता ल्याउँने मूख्य आधार बाल बालिकाको उपस्थिति र सहभागीता हो । बाल गीत र बाल गजल बालबालिकाले न लेख्न र गाउँन पनि सक्छन् तर बाल लहरीमा बालबालिकाको सहभागिता हुनेपर्छ । यो ठूलाहरूले गाएर वा लहड लाए , यसको महिमा हराएर जानसक्छ ।

## 6.3.3 भोक तृप्ति कथासङ्ग्रह

देवकुमारी थापाका कथा सङ्ग्रह भोक तृप्तिमा भोक तृप्ति, चर्केको छाना, सम्बन्ध, ऐन कानुन, वीरेको कथा, मोहको एउटा क्षण, आतङ्क आदि गरी जम्मा पन्द्रवटा कथाहरू समाहित छन्। देवकुमारी थापाकृत चर्केको छाना कथा उनको भोक तृप्ति कथा सङ्ग्रहमा सङ्ग्रहित पाइन्छ। चर्केको छाना कथामा पढे-लेखेकी र समाज सेवी पत्नी देखि विरक्त रहेको लोग्ने र छानो चर्किएर पानी चुहने अवस्थामा पुगेको घरको चित्र प्रस्तुत हुनाका साथ अनमेल दाम्पत्य जीवनबाट हुने घरासयी व्यवहारको दीनहीनताको सग्लो चित्र उतारिएको छ। यस कथामा दाम्पत्य जीवनका लथालिङ्गपनले घर व्यवहार नै लथालिङ्ग अवस्थामा पुग्ने सम्भावना देखाएको छ।

अनमेल दाम्पत्य जीवनको चित्रण भएको यस कथामा हीन मनोग्रन्थी भएको लोग्ने र पढेलेखेकी पत्नीविचको प्रेमको छानो चर्केको छ र दु:खको पानी दाम्पत्य घरको छानाबाट चुहिएको छ । आजको दाम्पत्य जीवन तनाव ग्रस्त र समस्याग्रस्त

रहेको कुराको उजागर प्रस्तुत कथा चर्केको छानाले गरेको छ। आधुनिक समयमा नारीहरू पढे लेखेकी हुन्छन्। उ समाजमा उच्च पदमा रहेर काम गर्न सक्छिन भन्ने कुराको उदाहरण प्रस्तुत कथामा उल्लेखित पाइन्छ। प्रतीकात्मक रूपमा रहेको चर्केको छाना कथामा छानाले हाम्रो भरोसा र विश्वासलाई दर्शाएको छ भने चर्किएकोले पति-पत्नी माझमा भएको विश्वास र भरोसामा चिरा परेको छ भन्ने भववोध गराएको पाइन्छ। नारी र पुरुषका अलग अलग चरित्रलाई प्रस्तुत कथाले देखाएको छ। यस कथामा पत्नी माया एकजना कर्मठ समाजसेवीको रूपमा प्रस्तुत छन्। समाजमा उनको मान-सम्मान, इज्जत र नाम छ। समाजका निम्ति धेरै काम गर्छिन् र समाजमा उनको नाम चलेको छ। सामाजिक सेवामा सँधै व्यस्त रहने हुनाले घर परिवारको निम्ति उनले समय दिन सक्तैन। छोराछोरी बोडिङ्गमा बसेर पढ्छन् र उनको पति कुनै कामधन्धा गर्दैनन् निष्क्रिय भएर घरमा नै बस्छन्। उसलाई पत्नीले काम गरेको मन पर्दैन यस्तै कुराहरूले गर्दा घरमा तनावको सृष्टि हुँदछ।

देवकुमारी थापाद्वारा लिखित कथा चर्किएको छानामा नारी र पुरुषको अलग अलग चरित्रको व्याख्या गरिएको छ। कथाको शीर्षक नै प्रतीकात्मक छ। कथामा छाना हाम्रो विश्वास र भरोसाको प्रतिक छ। चर्किएको छान शिर्षकले पति र पत्नी मझा रहेको विश्वास र भरोसामा चिरा पर्नु भन्ने भाव बोध गरेको पाइन्छ। कथामा माया कर्मठ समाज सेविकाका रूपमा छिन्। समाजका मानिस हरूका निम्ति माया धरै काम गर्छन् त्यसले समाजमा उनको नाम र इज्जत छ. मानिसहरू उनलाई सम्मान गर्छन्। सामाजिक सेवामा नै व्यस्त हुनाले आफ्नु परिवारलाई समय दिन ....... उनको पति कुनै कामधन्दा गर्दैन् छोरा छोरी बोर्डिङमा बसेर पढछन्। मायाको पतिलाई आफ्नु पत्नी बाहिर काम गरेको मन पर्दैन यहि कुराले दुई पति पत्नी मझा तनाव बढ्छ।

कथाले सुखी दाम्पत्य जीवनको निम्ति पति पत्नी मझामा विश्वास र भरोसा हुन पर्छ भन्ने कुरालाई देखाएको छ। कथामा अनमेल दाम्पत्य जीवनको चित्रण पाइन्छ। लोग्ने स्वास्नी  एउटा गाड़ीका दुईवटा चक्का जस्तै हुन्.दुई चक्कामा सन्तुलन भयो भने मात्र परिवारमा खुश्यली आउँछ। हीन मनोग्रन्थी भएको लोग्ने र पढेको पत्नी बिचको प्रेमको छाना  चर्किएको विषयलाई कथाले प्रस्तुत गरेको छ। प्रस्तुत कथामा कथाकारले पति-पत्नीमाझ विश्वास र भरोसा हुनुपर्छ भन्ने कुरालाई तथ्यगत रूपमा प्रस्तुत गरेकी छिन्। लोग्ने र स्वास्नी पारिवारिक गाडीका दुई

चक्का हुन्। त्यसमा सन्तुलन भए सुखी, खुशीयाली दाम्पत्य जीवन हुँदछ र असन्तुलन भए दाम्पत्य परिवार तनाव र कष्ट हुँदछ भन्ने कुराको पुष्टि यस कथाले गरेको पाइन्छ। अनमेल दाम्पत्य जीवनको दुर्दशा प्रस्तुत कथाले चित्रित गरेको छ। हीन मनोग्रन्थि भएको लोग्ने र पढे लेखेकी समाजमा नाम रहेको स्वास्नी बिचको सम्बन्धको छाना चर्किएको यस कथाले देखेको छ।

यस प्रकार कथाकारले प्रस्तुत कथाका माध्यमबाट यो सन्देश दिनु खोजेका छन् कि दाम्पत्य जीवनलाई सुखी, शान्त र सफल बिताउनु छ भने पति र पत्नी दुवैले आफ्नो अहमलाई भुलेर एक अर्कासँग झुकेर सम्मानपूर्वक व्यवहार गर्नु आवश्यक छ। यदि यस्तो हुँदैन भने दाम्पत्य जीवन कष्टकर, तनावपूर्ण र दुःखपूर्ण हुन्छ र दाम्पत्य जीवनको सुख अनुभव कहिले गर्न पाउँदैनन्। हीन मनोग्रन्थिका शिकार लोग्ने केही काम गर्दैनन् र घरमा बसेर समाज सेवामा लागिपरेकी पत्नीमाथि इर्ष्या गर्दछ। उसको पत्नी राम्री छ, पढेकी छ, खानदानी छ र समाज सेविका छ तर पनि उसको अहमसे उसलाई त्यो स्वीकार गर्न दिँदैनन् र आफूलाई राम्रो र प्रसिद्ध जोईको पोई मात्र सम्झिन्छन्। पढेकी समाजसेवी पत्नीलाई पनि उसको पति उसलाई काम नलाग्ने लाग्दछ। रिसको झोँकमा उसले लुर नभएको लोग्ने मान्छे चाहिँ सभ्य भनेको कुराबाट स्पष्ट हुँदछ।

पुरुष प्रधान संस्कृतिले यस्तो मूल्य व्यवस्थाको निर्माण गरिदिएको छ नारी जाति नै पढे लेखेकी होस् घर परिवार र सन्तान सम्बन्धी सबै निर्णय पुरुषले लिनुपर्छ भन्ने धारणाको शिकार भएका कथाका पात्र श्रीमान नानीहरूलाई भेट्न दार्जिलिङ जानुपर्छ भन्दा उसकी पत्नी चन्दाले तिमी जाउ म जान्न भन्ने खालको मन्तब्यले यो प्रवत्तिलाई अझ बल पुऱ्याएको देखिन्छ। तिमी सक्षम भएपछि मेरो दायित्व किन चाहियो जस्ता कुराबाट यो स्पष्ट हुन्छ यस कथाका पात्र पुरुष नारीको शिक्षा, सम्मान, यश, नाम देखि खुशी छैन भनेर। यही सत्ताका कारण पुरुषहरूमा अहमभावको विकास भइरहेको छ र दाम्पत्य जीवनको सफलतामा घातक र बाधक बनिरहेको प्रमाण प्रस्तुत कथाले दिएको पाइन्छ।

दाम्पत्य जीवनमा पति-पत्नीमाझ सामाञ्जस्य हुनु सबैभन्दा जरुरी पक्ष हो। सफल दाम्पत्य जीवनको निम्ति पति-पत्नीले एक- अर्कामाथि विश्वास राख्नु पर्दछ। एक अर्काको भावनाको कदर गर्नुपर्दछ। प्रस्तुत कथामा पति-पत्नीमाझ सामाञ्जस्यको कमी स्पष्ट रूपमा झल्किएको पाइन्छ। एक अर्कामा एक अर्काप्रति सम्मान छैन।

आफ्नो लोग्नेलाई लुर नभएको मान्छे, तपाई लघुताको भावनाले ग्रसित हुनुहुन्छ र सबै दायित्व मेरो तपाईको होइन जस्ता कथनले एक अर्का माझ सामाञ्जस्य नभएको बुझिन्छ। जसरी हेरचार नभएको घरको छानो एकदिन चर्किन्छ उसैगरि सम्मान, इज्जत, विश्वास, सामाञ्जस्य समर्पण नभएको दाम्पत्य जीवनमा दरार आउँनु स्वाभाविक हो। पुरुष प्रधान समाजको शिकारले ग्रसित श्रीमान (पुरुष पात्र) घरमा आफ्नो पढेलेखेकी, समाजमा नाम चलेको पत्नीको हकढक स्वीकार गर्न सक्दैन र दुवैको तालमेलमा कमी आइरहन्छ। जसको फलस्वरूप पारिवारिक तनावको सृष्टि।

प्रस्तुत कथाकी नारी पात्रा चन्दा जो एउटी पढे लेखेकी, राम्री, खान्दानी र समाज सेविकाको रूपमा उभिएकी छिन्। आफु सामाजिक काममा सँधै व्यस्त रहने हुनाले आफ्नु परिवार प्रति उनी समय दिन त्यति सक्दैन जसको कारण नानीहरू बोडिङमा पढ्छन् र उनीहरूलाई भेट्न जाने सम्म उनलाई छैन जसको कारण पति-पत्नी माझ भनावैरीको सृष्टि हुँदछ र परिवारमा तनावको सृष्टि हुँदछ। आजकी नारी पुरुषसँग काँधमा काँध मिलाएर हिँड्न रुचाउँछन्, पुरुष भन्दा अघि बढेर केही गर्ने सोँच लिएर अघि बढीरहेका छन्। सामाजिक काममा पनि अघि बडेर समाज सेवामा लागिपरेको देखिन्छ। प्रस्तुत कथाकी पात्रा पनि यस्तै स्वभावकी देखिन्छन्। आजकी पढेलेखेकी नारी केही नगर्ने लोग्नेलाई समेत गाली गर्न हिचकिचाउदैन उ आफ्नो लोग्नेलाई लुर नभएको मान्छे सम्म भन्दछिन्। नारी- पुरुषको तालमेलले नै दाम्पत्य जीवनको गाडी सुचारु रूपले अघि बढ्न सक्छ। प्रस्तुत कथामा यही तालमेल नभएको हुँदा तनावपूर्ण दाम्पत्य जीवनको सृष्टि भएको छ।

प्रस्तुत कथामा दाम्पत्य जीवनमा तनावसृष्टि हुनुको मूल कारण पत्नी पति भन्दा अधिक सफल हुनु हो। पुरुष प्रधान समाज व्यवस्थाको कारण पुरुषहरू आफू भन्दा सफल नारी भएको हेर्न चाहदैन। परिवारमा पत्नी पति भन्दा सफल छ भने पतिलाई यो मन पर्दैन र उ हीन मानसिकताको शिकार हुन्छ र दुईमा सङ्घर्षको सृष्टि हुन्छ। चर्केको छाना मा सम्बन्ध चर्किएको मूल काररण यस कथाकी मूल पात्रा चन्दा आफ्नो लोग्ने भन्दा समाजमा लोकप्रिय छिन् र उसको नाम सुनाम रहेको छ। यस कुराले घरमा बसेर केही नगर्ने लोग्नेलाई असह्य हुन्छ र उ हीनताबोधको शिकार हुन्छ र कथामा सङ्घर्ष, तनावको निर्माण हुँदछ साथै दाम्पत्य जीवनमा पनि तनावको सृष्टि हुँदछ। कथाकार देवकुमारी थापाले पत्नीको

सफलताले कसरी पतिको अहमलाई चोट पुग्दछ र उनीहरूको दाम्पत्य जीवन कसरी दु:खकर हुँदछ यसको मनोवैज्ञानिक ढङ्गले यस कथामा प्रस्तुत गरेका छन्।

प्रस्तुत कथाको मूल पात्रा श्रीमती (चन्दा) युगजीवन सोच भएकी र घर बाहिर समाजसेविकाको रूपमा नाम कमाएकी एकजना पढेलेखेकी नारी हुन्। सारा संसारका निम्ति उसकोमा समय छ तर बोडिङमा बसेर पढ्ने आफ्नो नानीहरूलाई भेट्ने उसकोमा समय छैन। उसकोमा घर-परिवारको बारेमा सोच्ने सम्म फुर्सद नहुँदा घरको छानो चुहुदा पनि उसलाई त्यो बनाउने र त्यसको र त्यसको बारेमा सोच्ने समय छैन। त्यसको फलस्वरूप घर- परिवारमा कलह सृष्टि भेको छ। दाम्पत्य जीवनमा समयको धेरै महत्व रहेको कुरा प्रस्तुत कथा मार्फत जान्न पाइन्छ। पति पत्नी दुवैले एक-अर्कालाई समय दिनु पर्छ र नानीहरूको निम्ति पनि समय निकाल्नु पर्छ नत्र घर-परिवार समयको कमीले लथालिङ्ग, भताभुङ्ग हुन सक्दछ भन्ने कुराको पुष्टि प्रस्तुत कथाले गरेको छ। युगजनीन सोच भएकी नारी र हीनताबोधले ग्रस्ति पुरुष माझको द्वन्द्व नै प्रस्तुत कथाको सार हो।

चर्केको छाना कथामा हीनताग्रस्त पति र स्वालम्बी पत्नी माझको अनमेलले कथामा द्वन्द्वको विकास भएको छ। पुरुषप्रधान समाजका पुरुष आफ्नो अहमबोधले गर्दा पढेलेखेकी आफ्नु पत्नीको सफलता उसलाई स्वीकार छैन जसले गर्दा सङ्घर्षको निर्माण हुँदछ। दाम्पत्य जीवनको सुन्दर चित्र निर्माण गर्नुमा नारी र पुरुष दुवैले अहमबोध र हीनताबोध त्याग्नुपर्दछ। परस्पर मेलमिलाप, भरोसा, सम्मान, विश्वासले मात्र परिवारमा खुशी आउँदछ भन्ने कुराको झलक प्रस्तुत कथा चर्केको छानाले दिएको छ।

देवकुमारी थापाकृत चर्केको छाना कथाले दाम्पत्य जीवनको यिनै र यस्तै समस्याहरूलाई चुनौतिपूर्ण रूपमा अघि सारेर आउने पिँढीहरूलाई दाम्पत्य जीवनको सफलताका मूल मन्त्र दिएको पाइन्छ। यसर्थ आजका पिँढीहरूले दाम्पत्य जीवनलाई एउटा समस्या नबनाएर त्यसलाई आपसी तालमेल र मेलमिलापबाट एउटा चुनौतिको रूपमा स्वीकार गर्नुपर्ने छ।

### 6.3.4 देवकुमारी थापाका प्रतिनिधि कथाहरू

Notes

कथाकार देवकुमारी थापाको प्रस्तुत कथा सङ्ग्रहमा प्राय बालमनोविज्ञान प्रवृत्तिका कथाहरू सङ्ककलित छन् । बाल - बालिकालाई असल र शिक्षित पार्न बाल साहित्यको पुस्तक लेख्न देवकुमारी थापाले यस कथा सङ्ग्रहमा पनि यसौ प्रवृतिका कथा लेखिकी छन् । मूलरूपमा देवकुमारीले आफ्नै खर्चमा बबरसिंह थापा सेवा गुठी नामको संस्था स्थापना गरेपछि साहित्य, समाजसेवा, शिक्षा, पत्रकारिता आदि क्षेत्रमा उनी उदाहरण बनेकी हुन् । यसर्थ उनका अन्तिम चरणका कथाहरू देवकुमारी थापाका प्रतिनिधि कथाहरूमा सङ्कलित छिन् ।

देवकुमारी थापाको जन्मस्थान खरसाङमा भएपछि उनले पहिलो नेपाली बाल पत्रिका – हिमाल किशोर सुरू गरे । मानवको मुख्य कर्तव्य – सेवा नै प्रमुख मानी उनले विशेष बालबालिकाको निम्ति उपयोगि कथाहरू लेखेको मानिन्छ । देवकुमारीले तिस वर्षसम्म सेवा गरेको संस्था – बाल मन्दिरमा गरेको कारण उनी पछिबाट विराट साहित्य संस्थाकी अध्यक्षा पनि भएकी थिइन् ।

बाल पत्रिका प्रकाशनमा अनुल भूमिका निभयाएकी कारण देवकुमारी थापाले बालसाहित्यका क्षेत्रमा ठूलो योगदान दिएकी छन् । उनले विभिन्न पुरस्कार र सम्मान पनि पाएकी थिइन् । उनकै प्रेरणाले मानिसहरु बाल साहित्य लेखनतर्फ आकर्षित भएका थिए । देवकुमारीलाई उच्च विचार भएकी व्यक्ति भनिन्छ । किनभने उनका विचारमा प्रभावकारी प्रतिभाशाली, जीवनउपयोगी र सारगर्भित भाव पाइन्छ । देवकुमारी थापाको कर्मशील जीवनबाट प्रभावित भएर उनलाई नागरिक अभिनन्दन गरियो । देवकुमारी थापाले विभिन्न क्षेत्रमा योगदान दिएकी छन् । उनले शिक्षा साहित्य र सेवामा सम्पूर्ण जीवन बिताएकीले उनलाई प्रेरणाकी मुहान मानिन्छ । देवकुमारी थापाले उत्तर कुँवर, प्रतिभा, महेन्द्र प्रज्ञा आदि पुरस्कार, सेवापदक गोरखा दक्षिण बाहु, रत्नश्री स्वर्णपदक आदि विभूषण र नागरिक अभिनन्दन जस्ता सम्मान र पुरस्कार पाइन् ।

देवकुमारी थापाको जन्म वि खरसाङमा भारतको गते 2 वैशाख साल 1985 .सं. कटुवाल हस्तबहादुर नाम पिताको उनका । थियो भएको, माताको नाम रमादेवी कटुवाल र पतिको नाम बबरसिंह थापा थियो । बालबालिकाको व्यक्तित्व विकासका लागि राम्रो वातारण र सकारात्मक सन्देश आवश्यक पर्दछ । सेवा नै मानिसको मुख्य कर्तव्य हो भन्ने मूल विचार उनको हो । उनले आफ्नो सम्पूर्ण जीवन शिक्षा, स्वास्थ्य र साहित्यका क्षेत्रमा समर्पित गरिन् । उनले

बालबालिकालाई देशका भविष्य निर्माता ठानी उनीहरुको चौतर्फी विकास गर्न बालसंस्था र समाजसेवामा समर्पित भइन् । उनकै प्रेरणाले मानिसहरु बाल साहित्य लेखनतर्फ आकर्षित भएका थिए । उनले विभिन्न माध्यमबाट बालमैत्री वातावरण शिक्षा दिन प्रोत्साहन गर्दै उनले शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पु¥याइन् । साहित्य समाज, गुरुकुल विद्यालय, बालमन्दिर, नेपाल प्रज्ञा प्रतिष्ठान आदि संस्थासँग आबद्ध भई शैक्षिक जागरण ल्याउन उनी सदा अग्रसर भएर लागिन् ।

देवकुमारीले गाउँ गाउँमा पुगेर बालबालिका महिला, वृद्ध, अशक्त र विरामीहरुको उपचार पनि गरिन् । त्यस्तै असाहाय, पीडित, विपन्न र रोगग्रस्त मानव समुदायको दुःख पीर हटाउन सँधै क्रियाशील रहिन् । पुण्यात्मा आमा, रामको कथा, कथाको बटुलो, प्रलय प्रतीक्षा, टपरी, भोकृप्ति, देवकुमारी थापाका प्रतिनिधि कथाहरु आदि उनका साहित्यिक रचनाहरु हुन् । अन्ततः थापाले शिक्षा, स्वास्थ्य र साहित्यमा दिएको योगदान अतुलनीय छ । देवकुमारी थापा बालबालिकाहरु नै देशका निर्माता हुन् भन्ने धारणा राख्थिन् । बाल बालिकाहरुलाई नै असल र शिक्षित पार्न साहित्य रचनामा लागिन् । त्यसरी नै बाल बालिकाहरुको चौतर्फी विकास गर्न बाल संस्था र समाज सेवामा समर्पित भइन् । उनको विचारमा मानिसको मुखय कर्तव्य सेवा हो । सबैलाई सेवामा प्रेरणा दिन उनले पुरस्कारको पनि व्यवस्था गरिन् । उनी आजीवन सेवामा हिमाल झैँ अडिक बनी सबैको प्रेरणा स्रोत बनिन् ।

## 6.4 उपसंहार

देवकुमारी थापा नेपली साहित्यका विशिष्ट साहित्यकार हुन्। शुरूमा प्रेम प्रधान कथालेखन बाट आफ्नु साहित्यलेखनको थालनी गर्ने थापा पछि सामाजिक विषयवस्तु मा आधारित कथा रचनामा लागिन। देवकुमारी थापाले बालमनोविज्ञानमा आधारी धरै बल कथाहरु पनि लेखेका छन्। उनले बल-बालिकाहरुको मनोभावको अध्ययन गरि ति बाल-बालिकाहरुको क्रिया प्रतिक्रिया बुजेर ति कुराहरुलाई आफ्नो बालकथाहरुमा व्यक्त गरेका छन्। बालसाहित्यको क्षेत्रमा देवकुमारी थापाले ठूलो योगदान दिएकी छन्। आफ्नो जीवन कालभरि उनले शिक्षा, साहित्य अनि समाजसको सेवा गरिन्। उनी एक कुशल साहित्य लेखिकाका साथसाथै कुशल शिक्षक अनि समाज सेविका पनि थिए।

कथाकार देवकुमारी थापाका कथाहरूको मूल विषय सामाजिक अनि वालमनोविज्ञानमा आधारित रहेको छ। उनका प्राय कथाहरू छोटा आयामका छन्, समाजमा रहेको लैङ्गिक असमान्ताका कारणले नारीहरूले भोग्नु परेको विभिन्न पिडा र परिस्थितिको वर्णन पनि उनका कथाहरूमा पाइन्छ। असल समाजको निर्माणमा नारी पुरुष दुवैको समान सहयोगले मात्र सम्भव हुन्छ अनि समाजमा नारी र पुरुष समान हुन् दुवैको असल विचार अनि सहयोगले मात्र राम्रो समाजको निर्माण हुन्छ भनै भाव उनका कथाहरूमा पाइन्छ। देवकुमारी थापाले बाल साहित्यको क्षेत्रमा पनि ठूलो योगदान दिएकी छन्। उनका धेरजसो कथाहरू वालमनोविज्ञानमा आधारित छन्।

कथाकार देवकुमारी थापा एक सामाजिक कथाकार हुन्। उनको कथाहरूमा समाजका विभिन्न समस्याहरू उजागर भएको पाइन्छ। उनले समाज र परिवार निर्माणका आधार दाम्पत्य जीवनलाई आफ्नो कथाहरूमा सुन्दर ढङ्गले प्रस्तुत गरेको पाइन्छ। दाम्पत्य जीवन सुचारु रूपमा चल्नुमा पति पत्नी माझ सम्मान र सामाञ्जस्य आवश्यक भन्ने कुराको पुष्टि उनको कथाहरूले प्रस्तुत गरेको पाइन्छ।

## 6.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यका अमर साहित्यकार देवकुमारी थापाका कृतिबारे विशेष अध्ययन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- देवकुमारी थापा नेपली साहित्यका विशिष्ट साहित्यकार हुन्।
- शुरूमा प्रेम प्रधान कथालेखन बाट आफ्नु साहित्यलेखनको थालनी गर्ने थापा पछि सामाजिक विषयवस्तु मा आधारित कथा रचनामा लागिन।
- देवकुमारी थापाले बालमनोविज्ञानमा आधारी धरै बल कथाहरु पनि लेखेका छन्।
- उनले बल-बालिकाहरुको मनोभावको अध्ययन गरि ति बाल-बालिकाहरुको क्रिया प्रतिक्रिया बुजेर ति कुराहरुलाई आफ्नो बालकथाहरुमा व्यक्त गरेका छन्।
- बालसाहित्यको क्षेत्रमा देवकुमारी थापाले ठूलो योगदान दिएकी छन्।

- आफ्नो जीवन कालभरि उनले शिक्षा, साहित्य अनि समाजसको सेवा गरिन्। उनी एक कुशल साहित्य लेखिकाका साथसाथै कुशल शिक्षक अनि समाज सेविका पनि थिए।
- कथाकार देवकुमारी थापाका कथाहरूको मूल विषय सामाजिक अनि वालमनोविज्ञानमा आधारित रहेको छ।
- उनका प्राय कथाहरू छोटा आयामका छन् । समाजमा रहेको लैङ्गिक असमान्ताका कारणले नारीहरूले भोग्नु परेको विभिन्न पिडा र परिस्थितिको वर्णन पनि उनका कथाहरूमा पाइन्छ।
- असल समाजको निर्माणमा नारी पुरुष दुवैको समान सहयोगले मात्र सम्भव हुन्छ अनि समाजमा नारी र पुरुष समान हुन् दुवैको असल विचार अनि सहयोगले मात्र राम्रो समाजको निर्माण हुन्छ भनै भाव उनका कथाहरूमा पाइन्छ।
- देवकुमारी थापाले बाल साहित्यको क्षेत्रमा पनि ठूलो योगदान दिएकी छन्। उनका धेरजसो कथाहरू वालमनोविज्ञानमा आधारित छन्।
- कथाकार देवकुमारी थापा एक सामाजिक कथाकार हुन्। उनको कथाहरूमा समाजका विभिन्न समस्याहरू उजागर भएको पाइन्छ।
- देवकुमारी थापाले समाज र परिवार निर्माणका आधार दाम्पत्य जीवनलाई आफ्नो कथाहरूमा सुन्दर ढङ्गले प्रस्तुत गरेको पाइन्छ।
- दाम्पत्य जीवन सुचारु रूपमा चल्नुमा पति पत्नी माझ सम्मान र सामाञ्जस्य आवश्यक भन्ने कुराको पुष्टि उनको कथाहरूले प्रस्तुत गरेको पाइन्छ।
- देवकुमारी थापाका कथाहरूमा बाल बालिकाहरु नै देशका भविष्य निर्माता हुन् भन्ने धारणा आधिक्य रूपमा पाइन्छ ।
- देवकुमारी थापाक कथाहरू बाल बालिकाहरुको चौतर्फी विकासको सेवामा सदा समर्पित रहेको पाइन्छ ।
- देवकुमारी थापाले मानव सेवालाई मुख्य कर्तव्य ठानी पुरस्कारको स्थापना गरेको पाइन्छ ।
- देवकुमारी थापाका रचनाहरूमा सेवामा हिमाल झैँ अडिग रही सबैको प्रेरणा स्रोत बनेको पाउँछौं ।

यस प्रखण्डको अध्ययनले **नेपाली साहित्यका अमर साहित्यकार देवकुमारी थापाका कृतिबारे विशेष अध्ययन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस

अतिरिक्त देवकुमारी थापाको साहित्यिक परिचय र उनका साहित्यिक कृतिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 6.6 अनुशीलनी

1. कवि देवकुमारी थापाको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि देवकुमारी थापाका कृतिहरूमा पाइने प्रमुख विशेषताबारे टिप्प्णी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि देवकुमारी थापाको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि देवकुमारी थापाका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई बाल कथाकारको रूपमा चिनाउनुहोस् ।

5. कवि देवकुमारी थापाका कथाहरूमा पाइने कथाकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. देवकुमारी थापालाई किन बाल लेखक भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. देवकुमारी थापालाई एक दक्ष कथाकारको रूपमा चिनाउँदै उनका कथाहरूबारे चर्चा गर्नुहोस्।

8. देवकुमारी थापाको बाल लेखनबारे एउटा गल्लिलो टिप्पणी लेख्नुहोस् ।

9 देवकुमारी थापाले नेपाली साहित्यमा पुराएको अन्यान्य क्षेत्रको योगदानबारे लेख लयार पार्नुहोस् ।

10. साहित्यकार देवकुमारी थापाको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 6.7 अतिरिक्त अध्ययन

1. कोइराला कुमार प्रसाद - वनिता (साहित्यिक पारिवारिक त्रैमासिक), देवकुमारी थापा विशेषाङ्क) ।

2. चापागाई नरेन्द्र - केहि सृष्टि: केहि दृष्टि ।

3. थापा देवकुमारी – भोकतृप्ति ।

4. भट्टराई सुशीला - केहि कृति केहि प्रतिकृति ।

5. राई असित - भारतीय नेपाली साहित्यको इतिहास ।

6. श्रेष्ठ अविनाश - आधुनिक भारतीय नेपाली कथा ।

7. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - नेपाली साहित्यको संक्षिप्त इतिहास ।

8. सुन्दास, लक्खीदेवी (सम्पा) - सम्मेलन कविता सङ्ग्रह ।

9. शर्मा, तारानाथ -– नेपाली साहित्यको इतिहास ।

10. देवकुमारी थापा", khullakitab.com ।

11. प्रसाई, नरेन्द्रराज - स्रष्टा जीवनी: कथाकार देवकुमारी थापा" ।

12. कथाकार देवकुमारी थापा अब रहनु भएन, मझेरी ।

यस अतिरिक्त देवकुमारी थापाबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 6.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

२६. देवकुमारी थापाको साहित्यिक परिचय ।

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२७. देवकुमारी थापाको साहित्यिक कृतिहरू ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२८. देवकुमारी थापाको **झझल्को** र **सेतो बिरालो** कथा सङ्ग्रह ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3.1 र 6.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२९. देवकुमारी थापाको **भोक तृप्ति** कथा सङ्ग्रह ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3.3 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

३०. देवकुमारी थापाको **देवकुमारी थापाको प्रतिनिधि कथाहरू** कथा सङ्ग्रह ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3.4 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 7, देवकुमारी थापाको जीवन र दर्शन

**संरचना**

7.0 उद्देश्य

7.1 परिचय

7.2 देवकुमारी थापाको जीवन

7.2.1 जन्म तथा मृत्यु

7.2.2 परिवार

7.2.3 शिक्षा – दिक्षा

7.2.4 पेशा, सेवा तथा संलग्नता

7.2.5 सम्मान तथा पुरस्कार

7.3 देवकुमारी थापाको कृतिगत दर्शन

7.4 उपसंहार

7.5 सार

7.6 अनुशीलनी

7.7 अतिरिक्त अध्ययन

7.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- देवकुमारी थापाको साहित्यिक परिचय
- देवकुमारी थापाको जीवन
- जन्म तथा मृत्यु
- परिवार

Notes

- शिक्षा – दिक्षा
- पेशा, सेवा तथा संलग्नता
- सम्मान तथा पुरस्कार
- देवकुमारी थापाको कृतिगत दर्शन

## 7.1 परिचय

देवकुमारी थापा नेपली साहित्यका विशिष्ट साहित्यकार हुन्। शुरूमा प्रेम प्रधान कथालेखन बाट आफ्नु साहित्यलेखनको थालनी गर्ने थापा पछि सामाजिक विषयवस्तु मा आधारित कथा रचनामा लागिन। देवकुमारी थापाले बालमनोविज्ञानमा आधारी धरै बल कथाहरु पनि लेखेका छन्। उनले बल-बालिकाहरुको मनोभावको अध्ययन गरि ति बाल-बालिकाहरुको क्रिया प्रतिक्रिया बुजेर ति कुराहरुलाई आफ्नो बालकथाहरुमा व्यक्त गरेका छन्। बालसाहित्यको क्षेत्रमा देवकुमारी थापाले ठूलो योगदान दिएकी छन्। आफ्नो जीवन कालभरि उनले शिक्षा, साहित्य अनि समाजसको सेवा गरिन्। उनी एक कुशल साहित्य लेखिकाका साथसाथै कुशल शिक्षक अनि समाज सेविका पनि थिए।

बाल्यकलमै बाबु आमा विहिन भए पछि उनको हजुरआमाले उनलाई मातृस्नेह, छहरि र संरक्षण प्रदान गरिन्। उनी आफ्नु हजुरआमाको श्यार सुसारमा हुर्किन। हजुरआमाको माया र स्नेहले गर्दा आमा बाबुको अभावमा पनि उनको वाल्यजीवनमा कुनै पनि प्रकारको व्यवधा आएनन्। देवकुमारी थापाले प्रारम्भिक शिक्षा खर्साङको सामान्य स्कुलबाट प्राप्त गरि दर्जीलिङ्गबाट प्रथम श्रेणीमा प्रवेशिका परिक्ष उत्तीर्ण गरिन्। प्रवेशिका परिक्ष उत्तीर्ण गरेर उन्ला कलकत्ता गएर तीन बर्षे स्वास्थ्यपरिचारिकाको डिप्लोमा गरिन्, यसमा पनि उनी उत्तीर्ण भयिन। स्वास्थ्यपरिचारिकको अध्ययन समाप्त गरेर उनले दर्जीलिङ्गको भिक्टोरिया अस्पतालमा कार्यरत भइ रोगिहरुको सेवामा लागिन। देवकुमारी थापाले त्यस युगमा आफ्नो पाइल राखिन जुन बेला नेपली साहित्यमा नारीकथाकारहरु शून्य नै थिए। कुमारी तुषार मल्लिकाले खनेको गोरेटोमा हिंडेर नै उनले आधुनिक कथाविधामा आफ्नो नाउँ स्थापित गरिन्।

# 7.2 देवकुमारी थापाको जीवन

देवकुमारीको जन्म भारतको खर्साङमा वि. सं. 1985 साल बैशाख 2 गते भएको थियो । बाल - बालिकालाई असल र शिक्षित पार्न बाल साहित्यको पुस्तक लेख्न देवकुमारी थापाले थालेकी हुन् । देवकुमारीले आफ्नै खर्चमा बबरसिंह थापा सेवा गुठी नामको संस्था स्थापना गरिन् । उनी साहित्य, समाजसेवा, शिक्षा, पत्रकारिता आदि क्षेत्रमा उदाहरण बनेकी छिन् ।

देवकुमारी थापाको जन्मस्थान – खरसाङ हो । उनले पहिलो नेपाली बाल पत्रिका – हिमाल किशोर प्रकाशन गरी बालसाहित्यमूलक कथाहरू प्रकाशित गरेको पाइन्छ । उनले आफ्ना कथा तथा रचनाहरूमा मानवको मुख्य कर्तव्य – सेवा ठानेका छन् । देवकुमारीले तिस वर्षसम्म सेवा गरेको संस्था – बाल मन्दिरमा रहेको पाइन्छ । यसैले विराट साहित्य संस्थाकी उनी अध्यक्षा पनि भइन् । उनले बाल पत्रिका प्रकाशन, विराट साहित्य संस्था आदि खोलेको पाइन्छ । देवकुमारीले बालसाहित्यका क्षेत्रमा ठूलो योगदान दिएकी छन् । उनले विभिन्न पुरस्कार र सम्मान पनि पाएकी थिइन् । उनकै प्रेरणाले मानिसहरु बाल साहित्य लेखनतर्फ आकर्षित भएका थिए । देवकुमारीलाई उच्च विचार भएकी व्यक्ति भनिन्छ । किनभने उनका विचारमा प्रभावकारी प्रतिभाशाली, जीवनउपयोगी र सारगर्भित भाव पाइन्छ ।

देवकुमारी थापाको कर्मशील जीवनबाट प्रभावित भएर उनलाई नागरिक अभिनन्दन गरियो । देवकुमारी थापाले विभिन्न क्षेत्रमा योगदान दिएकी छन् । उनले शिक्षा साहित्य र सेवामा सम्पूर्ण जीवन बिताएकीले उनलाई प्रेरणाकी मुहान मानिन्छ । देवकुमारी थापाले उत्तर कुँवर, प्रतिभा, महेन्द्र प्रज्ञा आदि पुरस्कार, सेवापदक गोरखा दक्षिण बाहु, रत्नश्री स्वर्णपदक आदि विभूषण र नागरिक अभिनन्दन जस्ता सम्मान र पुरस्कार पाइन् । देवकुमारी थापाको जन्म वि. सं. 1985 साल वैशाख 2 गते भारतको खरसाङमा भएको थियो । उनका पिताको नाम हस्तबहादुर कटुवाल, माताको नाम रमादेवी कटुवाल र पतिको नाम बबरसिंह थापा थियो । बालबालिकाको व्यक्तित्व विकासका लागि राम्रो वातारण र सकारात्मक सन्देश आवश्यक पर्दछ । सेवा नै मानिसको मुख्य कर्तव्य हो भन्ने मूल विचार उनको हो ।

देवकुमारी थापाले आफ्नो सम्पूर्ण जीवन शिक्षा, स्वास्थ्य र साहित्यका क्षेत्रमा समर्पित गरिन् । उनले बालबालिकालाई देशका भविष्य निर्माता ठानी उनीहरुको चौतर्फी विकास गर्न बालसंस्था र समाजसेवामा समर्पित भइन् । उनकै प्रेरणाले मानिसहरु बाल साहित्य लेखनतर्फ आकर्षित भएका थिए । उनले विभिन्न माध्यमबाट बालमैत्री वातावरण शिक्षा दिन प्रोत्साहन गर्दै उनले शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुरायाइन् । साहित्य समाज, गुरुकुल विद्यालय, बालमन्दिर, नेपाल प्रज्ञा प्रतिष्ठान आदि संस्थासँग आबद्ध भई शैक्षिक जागरण ल्याउन उनी सदा अग्रसर भएर लागिन् । देवकुमारीले गाउँ गाउँमा पुगेर बालबालिका महिला, वृद्ध, अशक्त र विरामीहरुको उपचार पनि गरिन् । त्यस्तै असाहाय, पीडित, विपन्न र रोगग्रस्त मानव समुदायको दुःख पीर हटाउन सँधै क्रियाशील रहिन् । पुण्यात्मा आमा, रामको कथा, कथाको बटुलो, प्रलय प्रतीक्षा, टपरी, भोक तृप्ति, देवकुमारी थापाका प्रतिनिधि कथाहरु आदि उनका साहित्यिक रचनाहरु हुन् । अन्ततः थापाले शिक्षा, स्वास्थ्य र साहित्यमा दिएको योगदान अतुलनीय छ ।

देवकुमारी थापा बालबालिकाहरु नै देशका निर्माता हुन् भन्ने धारणा राख्थिन् । बाल बालिकाहरुलाई नै असल र शिक्षित पार्न साहित्य रचनामा लागिन् । त्यसरी नै बाल बालिकाहरुको चौतर्फी विकास गर्न बाल संस्था र समाज सेवामा समर्पित भइन् । उनको विचारमा मानिसको मुखय कर्तव्य सेवा हो । सबैलाई सेवामा प्रेरणा दिन उनले पुरस्कारको पनि व्यवस्था गरिन् । उनी आजीवन सेवामा हिमाल झैँ अडिक बनी सबैको प्रेरणा स्रोत बनिन् । आधुनिक नेपाली साहित्यको क्षेत्रमा 1949 मा भविष्य निर्माण शीर्षकको बाल मनोविज्ञान कथा लिएर देखा परेकी कथाकार देवकुमारी थापा आधुनिक पहिलो कथाकारको लहरमा उभिन सफल भएकी छिन्। सन् 1946 तिर नै कथाकार दार्जिलिङमा साहित्यकारको रूपमा परिचित भइसकेकी देवकुमारी थापाको जन्म सन् 1924 सालमा खरसाङमा भएको थियो। उनको पिताको देहान्त उनी जन्मिनु अघि भएकोले उनको पालन-पोषण उनको आमा रमादेवीले गर्नुपऱ्यो। उनकी आमाले उनको शिक्षामा कुनै व्यवधान उत्पन्न हुन दिइनन् जसको फलस्वरूप देवकुमारीले शिक्षा आर्जनमा सफलता पाइन् र दस कक्षाको परीक्षामा सर्वप्रथम पनि भइन्। उनी पछिबाट स्वास्थ्य क्षेत्रमा प्रवेश गरेर स्वास्थ्य सेविका बनिन्।

विवाह पूर्व दार्जिलिङमा स्थिति आर्जन गरेकी देवकुमारी विवाह पछि उनले विराटनगर, नेपालमा पनि प्रसिद्धि प्राप्त गर्दै गइन्। देवकुमारी थापा रूप र गुण

दुवै दृष्टिकोणले परिपूर्ण थिई। देवकुमारी थापा आकर्षक, शालीन, सहृदय, करुण हृदयकी समाज सुधारक हुन्। दार्जिलिङमा स्वास्थ्य परिचारिका भई त्यहाँ सेवा पुऱ्याएको र पछि शिक्षा प्रचारमा लागी परिन्। उनले विभिन्न सङ्घ संस्थाहरूमा संलग्न रहि विभिन्न सामाजिक, शैक्षिक,साहित्यिक सेवा गरिन्। उनी करुण हृदयकी नारी थिइन्ष उनले अनाथ बाल-बालिकाहरूका निम्ति विशेष काम गरेकीले उनलाई बाल-बालिकाकी आमाको रूपमा पनि चिनिन्छन्।

देवकुमारी थापा नेपली साहित्यका विशिष्ट साहित्यकार हुन्। शुरूमा प्रेम प्रधान कथालेखन बाट आफ्नु साहित्यलेखनको थालनी गर्ने थापा पछि सामाजिक विषयवस्तु मा आधारित कथा रचनामा लागिन। देवकुमारी थापाले बालमनोविज्ञानमा आधारी धरै बल कथाहरु पनि लेखेका छन्। उनले बल-बालिकाहरुको मनोभावको अध्ययन गरि ति बाल-बालिकाहरुको क्रिया प्रतिक्रिया बुजेर ति कुराहरुलाई आफ्नो बालकथाहरुमा व्यक्त गरेका छन्। बालसाहित्यको क्षेत्रमा देवकुमारी थापाले ठूलो योगदान दिएकी छन्। आफ्नो जीवन कालभरि उनले शिक्षा, साहित्य अनि समाजसको सेवा गरिन्। उनी एक कुशल साहित्य लेखिकाका साथसाथै कुशल शिक्षक अनि समाज सेविका पनि थिए।

सन् 1927 सालमा देवकुमारी थापाको जन्म भारतको पश्चिम बङ्गल राज्यको दर्जीलिङ् जिल्लइ अन्तर्गत खर्साङ महकुमा स्थित गिद्धेपहाडमा भएको थियो। देवकुमारी थापा आमाको पेटमा भएको बेला उनका बाबु हस्तबहादुरसिंह कटुवालको निधन भयो साथै आमा रामदेवीसिंह कटुवालको निधन पनि उनी दस बर्षको हुँदा नहुँदै भयो। उनी वाल्यकालमै आमा-बाबु विहिन भएका थिए । देवकुमारी थापाले खर्साङको सामान्य विद्यालयबाट प्रारम्भिक शिक्षा प्राप्त गरि, प्रथम श्रणीमा प्रवेशिका परिक्ष उत्तीर्ण गरि अनि तीन बर्ष स्वास्थ्यपरिचारिकाको डिप्लोमा पनि उत्तीर्ण गरेर विवाह अघिसम्म केहि बर्ष दार्जीलिंगको भिक्टोरिया अस्पतालको नर्स विभागमा कार्यरत भई रोगिहरूको सेवा गरिन्। मेजर बबरसिंह थापा सँग वैवाहिक ज्विवनमा बाँधिए पछि सन् 1960 सालमा जागिर छाडेर उनी आफ्नो पति बबरसिंह थापा सँग नेपाल भित्रिइन्। स्कूले जीवनबाट साहित्य लेखनमा लागेकी देवकुमारी थापा को पहिलो प्रकाशित रचना दार्जीलिंगबाट प्रकाशितहुने पत्रिकामा “गोर्खा” पत्रिकामा प्रकाशित “पतन” कथा हो।

देवकुमारी थापाको 'अकादशी', 'झझल्को', 'सेतो बिरालो', 'टपरी', 'भोक तृप्ति', 'क्षण विचार'स्मृति', 'प्रलय प्रतिक्षा', ' देवकुमारी थापाको प्रतिनिधि कथाहरू' कथा सङ्ग्रहहरु प्रकाशित छ। उनका वालकथा सङ्ग्रहका रुपमा 'वरपरबाट', 'कथाको बाटुलो', ' जङ्गलको कथा', 'सुनपखेटी', प्रकाशित भएको छ। यी बाहेक उनका दुईवाट जीवनी पनि प्रकाशित भएको छ - 'पुन्यात्मा आमा', 'छ तारा'। उनका सुरुका कथाहरु स्वछन्दवादी प्रवृत्तिमा आधारित छन्, स्वछन्दवादी प्रवृत्तिको प्रभाव रहेकोले यस समाईका उनका कथाहरुमा प्रेम, प्रणयका कुराहरु व्यक्त भएका पाइनछ। त्यस पछिका उनका कथाहरुमा सामाजिक यथार्थवादी प्रवृत्ति देखन पाइनछ। यस समयका उनका कथाहरु समाजको यथार्थ चित्रण गर्नमा सक्षम भएका छन्। उनका कथाकेखनको यात्रामा देखिएका अर्को विशिष्ट प्रवृत्ति बालमनोविज्ञान हो। उनका यस प्रवृत्तिका कथाहरु बल-बालिकाहरुको मनोचित्रण गर्न सफल भएका छन्। उनले बालबालिकालाई देशको भविष्य निर्माता ठानी उनीहरुको चोतर्फी विकाश गर्न बालसंस्था र समाजसेवामा समर्पित भइन्।

देवकुमारी थापाले विभिन्न मध्यमबाट बालमैत्री वातावरण र शिक्षा दिन प्रोत्साहन गर्दै शिक्षाक्षेत्रमा उल्लेखनीय योगदान पुगाएका छन्। .देवकुमारी थापा कुशल साहित्यकार साथ साथै एक कुशल समाजसेवीका पनि थिइन्। साहित्य समाज, गुरुकुल विद्यालय, बालमन्दिर, नेपाल प्रज्ञा प्रतिष्ठान जस्ता संस्थासँग पनि उनी आबद्ध भइन्। उनलाई विभिन्न पुरस्कार अनि सम्मान हरुले सम्मानित गरिएको छ। सन् 2006 मा 82 बर्षको उमेरमा विराटनगर निजि निवास स्थानमा देवकुमारी थापाको निधन भयो।

## 7.2.1 जन्म तथा मृत्यु

भारतको पचिम बङ्गल प्रान्तको दार्जीलिंग जिल्ला अन्तर्गत खर्साङको गिद्धे पहाडमा 14 अप्रिल सन् 1928 को दिन देवकुमारी थापाको जन्म भएको थियो। बाबु हस्तबहादुर कटुवाल अनि आमा रामदेवी कटुवालको छोरीका रुपमा एउटा सामान्य परिवारमा उनी जन्मेका थिए। खर्साङको सामान्य स्कूलबाट शिक्षा आर्जन गरि पछि कलकत्ताबाट प्रथम श्रेणीमा प्रवेशिका परिक्षा उत्तीर्ण गरि तीन बर्षे स्वस्थ्य परिचारिकाको डिप्लोमा पनि उत्तीर्ण गरेर केहि बर्ष दर्जीलिङ्गको अस्पतालमा कार्य पनि गरिन्। स्कूले जीवनबाटै साहित्य लेखन यात्राको थालिनी

गरेका देवकुमारी थापा नेपली साहित्यका एक विशिष्ट व्यक्तित्व हुन् । उनले आफ्नो जीवनको धरै समय साहित्य लेखन अनि समाज सेवामा बिताए ।

देवकुमारी थापालाई सन् 2006 सालमा पक्षघात भएपछि उनको जीवन केहि कष्टमय हुन थाल्यो। अस्वस्थताका कारण उनी घरमै लडेको थिइन्। उनी अस्वस्थताका भएका पाँचो दिनमा अल्सरका कारण उनलाई रक्तश्रा भएको थियो। त्यसै दिन उन्ला दस दान गराइन् तर दान गरिरहेको बेला उनले आफ्नो प्राण त्याग गरिन्। 82 बर्षको आयुमा सन् 2011 सालमा उनको मृत्यु भयो।

## 7.2.2 परिवार

देवकुमारी थापाको जन्म भएपछि उनको परिवारको रुपमा आमार र हजुरआमा थिए। उनको जन्मको 2 महिना अघिनै उनको बाबुको निधन भएको हुनाले उनले आफ्ना बुबाको मुख सम्म हेर्न पाएनन् । उनी दश बर्षको हुदाँ नहुदैँ आमाको पनि निधन भयो। बाबुआमा दुबैको निधन भएकोले उनको वाल्यकाल आमा बुबाको अभावमा वित्यो। आमाबुबाको मृत्यु पछि उनलाई हजुर आमाबाट मातृस्नेह र संरक्षण प्राप्त भएको थियो।

आमा बाबु दुवैको निधन भएपछि उनको परिवारको रुपमा हजुरआमा मात्र थिइन्। पछि उनले मेजर बबर सिंहसँग विवाह गरेपछि उनीले पति अनि परिवारका रुपमा उनलाई पाए । देवकुमारी थापा र बबरसिंहको कुनै सन्तान भएन् । उनी हरु निसन्ताननै रहे। पछि उनको पतिको निधन भएपछि उनी फेरी एक्लो भइन्।

## 7.2.3 शिक्षा – दिक्षा

खर्साङको गिद्धे पहाडमा जन्मेकी देवकुमारी थापाले प्रारम्भिक शिक्षा खर्साङको सम्मान्य स्कुलबाट प्राप्त गरिन्। अनि दार्जीलिंगकोबाट प्रवेशिका परिक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरिन्.प्रवेशिका परिक्षा उत्तीर्ण गरेपछि उनले कलकत्ताबाट तीन वर्षे स्वास्थ्य परिचारिकाको डिप्लोमा पनि उत्तीर्ण गरिन्। स्वास्थ्य परिचारिकाको अध्ययन समाप्त गरेर केहि बर्ष दार्जीलिंगको भिक्टोरिया अस्पतालको नर्स विभागमा कार्यरत भइ केहि बर्ष रोगिहरुको सेवा पनि गरिन्। स्कुले जीवनबाट कथा, कविता, निबन्ध लेखन थालेकी देवकुमारी थापाले आफ्नो जीवन साहित्य लेखन र समाज सेवामै अर्पण गरिन्।

Notes

## 7.2.4 पेशा, सेवा तथा संलग्नता

कलकत्ताबाट  तीन बर्षे स्वास्थ्य परिचारिकाको डिप्लोमा उत्तीर्ण गरि उनले पेशाको रुपमा दर्जीलिङ्गको भिक्टोरिया अस्पतालको नर्स विभागमा कार्यरत भइ केहि बर्ष रोगिहरुको सेवा गरिन्। तर उनको विवाह मेजर बबरसिंग थापा सँग भएको केहि बर्ष पछि उनले जागिर छाडेर पतिसँग नेपालतिर लागिन। नेपाल गएर पनि उनले साहित्य र समाजको सेवा गरिरहिन। यस समयमा उनी मोरङको नेपाल बल संगठनको अध्यक्ष भइन्।

देवकुमारी थापाले आफ्नो सम्पूर्ण जीवन शिक्षा, स्वास्थ्य र साहित्यका क्षेत्रमा समर्पित गरिन्। उनी बाल - बालिकाहरुलाई देशका भविष्य निर्माता ठानी बाल - बालिका विकाशका निम्ति बालसंस्थाहरुमा समर्पित भई कार्य गर्थिन। उनी बाट प्रेरणा पाएर मानिसहरु बालसाहित्य लेखन तर्फ आकर्षित भएका थिए। उनले विभिन्न मध्यमबाट बालबालिका हरुलाई शिक्षा दिन प्रोत्साहन गर्दै शिक्षाको क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन्। देवकुमारी थापा साहित्य समाज, गुरुकुल विद्यालय, बालमन्दिर आदि संस्थाहरुसँग आबद्ध भई समाजसेवा अनि शिक्षिक जागरण ल्याउन सदा अग्रसर भइन्। उनले पतिको मृत्यु पछि  पतिको नाममा ‘बबरसिंह थापा सेवा गुठी’ पनि संचालन गरेकी थिइन्।

विभिन्न गाउँ गाउँ घुमेर हुनला बाल - बालिका, महिला, वृद्ध, अशक्त र विरामीहरुको उपचार र सह्योग पनि गरिन्। असाहय, पीडित, विपन्न र रोगग्रस्त मानव समुदायको दुख पिर हटाउन देवकुमारी थापा संधै क्रियाशील रहिन।

## 7.2.5 सम्मान तथा पुरस्कार

देवकुमारी थापा आफ्नो जीवनकलभरि साहित्य, शिक्षा, समाज सेवा र पत्रकारिताका क्षेत्रमा सधै क्रियाशील रहिन। उनले विशेष बालसाहित्य र स्वास्थ्य क्षेत्रमा ठूलो योगदान पुर्याएकी छन्। बाल - बालिका हरुलाई देशका भविष्य निर्माता अनि समाज र राष्ट्रको जग भएका ले उनीहरुलाई असल शिक्षा दिनु आवश्यक छ भन्ने धारणा राखि सोही अनुसार रचना सिर्जना गरेर प्रकाशन गर्ने काम गरिन्। ‘हिमाल किशोर’ जस्ता बालपत्रिका प्रकाशन गरि विभिन्न संघ - संस्थानमा संग्लग्न भई समाज सेवाको क्षेत्रमा पुर्याएको योगदान र आफ्नै खर्चमा आफ्नो श्रीमानको नाममा ‘बबरसिंह थापा सेवा गुठी’ को स्थापाना जस्ता कार्यमा

सदा क्रियाशील भएको कारणले उनलाई सन् 1998 सालमा नागरिक अभिनन्दन सम्मानले सम्मानित गरियो।

समाजसेवा, साहित्यसेवा, शिक्षासेवा गरेवापत उनलाई थुप्रै सम्मान तथा पुरस्कारहरूले सम्मानित गरिएको पाइन्छ। देवकुमारी थापाले प्राप्त गरेका सम्मान अनि पुरस्कारहरु -

१. सेवा पदक
२. गोरखा दक्षिण बाहु (वि. सं. 2039)
३. रत्नश्री स्वर्ण पदकम
४. महेन्द्र रत्न भूषण
५. उत्तम कुँवर पुरस्कार
६. प्रतिभा पुरस्कार
७. नूरगङ्गा पुरस्कार

यी बाहेक धेरै सम्मानहरूले कथाकार देवकुमारी थापालाई सुशोभित पारेको देखिन्छ।

## 7.3 देवकुमारी थापाको कृतिगत दर्शन

देवकुमारी थापाका सामजिक व्यक्तित्व बाहेक अर्को एउटा महत्वपूर्ण साहित्यिक व्यक्तित्व छ जसको कारणले उनी देदीप्यमान छिन्। सामाजिक रूपमा प्रसिद्धि पार गरिसकेकी थापा नेपाली साहित्यमा पनि चिरपरिचित नाम हो। उनले नेपाली साहित्यको श्रीवृद्धिका निम्ति गुणात्मक र संख्यात्मक दुवै रूपमा योगदान पुऱ्याएकी छिन्। उनले साहित्यिक सेवा दुई प्रकारले गरेका छन् – क) साहित्यिक पत्रिका प्रकाशन गरेर र साहित्यिक सङ्घ संस्थामा काम गरेर ख) साहित्यका विविध विधामा कलम चलाएर।

देवकुमारी थापाले साहित्यका विविध विधाहरूमा कलम चलाए पनि उनी मूलत: कथाकारको रूपमा परिचित छन्। कथा, निबन्ध, अनुवाद बाहेक उनले कविता विधामा पनि कलम चलाएको पाइन्छ। उनका प्रकाशित कृतिहरू यसप्रकार छन्-

**क)** कथा सङ्ग्रह - एकादशी, झझल्को, सेतो बिरालो, प्रलय प्रतीक्षा, देवकुमारी थापाका प्रतिनिधि कथाहरू।

**ख)** बाल कथा सङ्ग्रह - रामको कथा, वरपरबाट, कथाको बटुलो, सुनपखेटी चरी, जङ्गलको कथा।

**ग)** निबन्ध सङ्ग्रह - क्षण, विचार र स्मृतिहरू, जीवनी, पुण्यात्मा, 6 तारा।

यी बाहेक उनी कविता पनि लेख्छिन्। उनको समालोचना वा समीक्षात्मक लेख पनि देखिन्छ। उनी एक बाल कथाकार, कथाकार, जीवनीकार, निबन्धकार र कवयित्री समेत रहेको थापामा बहुप्रतिभाशाली साहित्यिक व्यक्तित्व रहेको बुझिन्छ।

वि. सं. 1991 मा **शारदा** पत्रिकाको उदय सँगसँगै नेपाली कथाको आधुनिक युगको शुरुवात भएको मानिन्छ। गुरुप्रसाद मैनालीको **नासो** कथाबाट नेपाली कथासाहित्यको आधुनिक कालको थालनी भएको कुरा सर्वविदितै छ। नेपाली साहित्यको क्षेत्रमा वि. सं. 2007 अघिसम्म धैरै नारी स्रष्टाहरूको प्रवेश भएको थिएन। फाटफुट्ट रूपमा शारदा प्रकाशन पूर्व पछि केही नारी साहित्यकारहरू देखा परेका थिए त्यो पनि गद्य लेखनमा भन्दा पद्यलेखन तर्फ अग्रसर रहेको देखिन्छ। वि. सं. 2007 अघाडिका नारी साहित्यकारहरूमा प्राणमञ्जरी, देनी पन्त, ललित त्रिपुरा सुन्दरी, भक्ति कुमारी राणा, विधावती, सुकेरा देवी, दुर्गा देवी, लावण्यमयी, हीरा देवी गाइनेनी, विधादेवी आ. दी., लोकप्रिया देवी, गोमा शर्मा, प्रेम राजेश्वरी थापा र देवकुमारी सिंह (थापा) इत्यादिको नेपाली साहित्यको विकासमा विशेष योगदान रहेको पाइन्छ । यी नारी साहित्यकारमध्ये गोमा शर्मा र देवकुमारी सिंह थापाले लामो अवधीसम्म साहित्यमा आफ्नो कलम यथावत रूपमा चलाई बसे।

शारदापूर्व र शारदाकालिन नारी साहित्यकारहरूमा देलकुमारी थापाले धैरै कथाहरू लेखेको पाइन्छ। शारदा पत्रिकामा **भविष्य निर्माण** बालकथा छपाएपछि प्रसिद्ध देवकुमारी थापाले भने कथा साहित्यको सेवामा आफूलाई पूर्णरूपले समर्पित गरेको पाइन्छ। बाल मनोविज्ञान कथाको माध्यमबाट नेपाली आधुनिक कथा क्षेत्रमा परिचित भएको थापा सम्भवत नेपाली आधुनिक कथामा कलम चलाउने प्रथम महिला कथाकार हुन् । आधुनिक नेपाली कथाको प्रारम्भमा गुरुप्रसाद मैनालीले सामाजिक यथार्थवादलाई भित्र्याएका हुन्। उनकै कथा परम्परालाई अँगालेर कथालेखनमा देखा परेकी देवकुमारी थापाले भने

आदर्शलाई गौण बनाएर यथार्थवादलाई प्रमुखता दिएको पाइन्छ। उनले यथार्थवादलाई आफ्ना सबै कथामा सजीव बनाएका छन्। उनी आफ्ना कथाहरूमा यथार्थलाई मनोविश्लेषणद्वारा सशक्त बनाउँछिन्। प्रलय प्रतीक्षा, मुक्ति, मखमली आदि सबै कथामा सामाजिक यथार्थलाई स्पष्टताका साथ प्रस्तुत गरिएको पाइन्छ। मानसिक अचेतन मनको उद्घाटन गर्नदेखि लिएर व्यक्तिहरूको मनोवृत्तिलाई विश्लेषण र चित्रण गर्ने कथाकार थापा एक सफल र प्रशंसनीय साहित्यकार हुन्। उनका कथाहरूको क्षेत्र विषय व्यापक र विस्तृत छ। त्यसभित्र सामाजिक, धार्मिक, आर्थिक, मानसिक जस्ता सबै विषयलाई समेटेका छन्। देवकुमारी थापाक जम्मा 6 वटा कथासङ्ग्रहहरू प्रकाशित छन्। ती सम्पूर्ण कथाहरूको अध्ययन विश्लेषण गर्दा उनका कथाहरूमा निम्न विशेषताहरू पाइन्छ-

क) देवकुमारी थापाका धेरजसो कथाहरू बाल मनोवैज्ञानिकसँग सम्बन्धित देखिन्छ।

ख) उनको कथाहरू छोटो लघु आकारका हुन्छन्।

ग) उनका कथाहरूमा लैङ्गिक विषमताको कारण नारीहरूले भोग्नु परेको कठीन परिस्थितिको वर्णन पाइन्छ।

घ) उनका कथाहरूमा नारी र पुरुष समान हुन् भन्ने कुराको स्पष्टता पाइन्छ। असल समाज निर्माणमा नारी र पुरुष दुवैको समान सहयोगको आवश्यकता हुन्छ भन्ने पक्षमा उनका कथाहरू अग्रसर देखिन्छ।

प्रवृत्तिगत रूपमा उनको कथाहरूको विश्लेषण र अध्ययन गर्दा उनी एक सफल सामाजिक यथार्थवादी कथाकार, प्रकृतिप्रेमी कथाकार र बाल मनोवैज्ञानिक कथाकारको रूपमा प्रसिद्ध छन्।

सामाजिक यथार्थवादी कथाकारको रूपमा देवकुमारी थापा सफल देखिन्छन्। यिनको कथाहरूमा समाजका निम्न वर्गहरूको बेदनामय कथा पाइन्छ। समाजमा व्याप्त रहेका आडम्बर, अन्धविश्वास, मिथक, कुसंस्कार, नारी र पुरुष माझको भेदभाव, धनीले गरीबलाई हेप्ने, अन्य अत्याचार र विडम्बनाको चित्रण उनका कथाहरूमा स्पष्ट रूपमा प्रतिबिम्बित भएको पाइन्छ। आफ्ना कथाहरूमा समाजको सजीव चित्र उतार्नु खप्पिस भएकी कथाकार देवकुमारी थापा निम्नवर्गको दुख पीडा व्यथालाई सफल रूपमा उतार्न सफल रहेकी छिन्। यस्ता

कथाहरू पदच्युत, सम्बन्ध, बलेको आगो, सूत्रवाई आदि हुन्। वाल मनोवैज्ञानिक वर्ग अन्तर्गत कथा, भविष्य निर्माण, पदच्युत, मोती हुन नसकेको आँसु, रिट्ठेको प्रश्न, गति अगति, कुकुरको छाउरो आदि कथाहरू पर्दछन्।

देवकुमारी थापा बाल-बालिकाहरूको मनको भावना बुझेर क्रिया-प्रतिक्रिया सम्झी कथाहरू लेख्नुमा पनि सिपालु देखिन्छन्। थुप्रै बाल संस्थाहरूसँग संलग्न रहेको हुँदा उनी अनाथ नानीहरूको पीडा, व्यथालाई नजीकबाट महसुस गर्छिन् र त्यसको व्यथा आफ्ना कथाहरूमा उतार्न सफल देखिन्छन्। बाल-बालिकाहरूले के-के सोच्छन् के बोल्छन् र के कार्यहरू गर्छन् त्यही कुराहरूलाई पनि यिनले विषयवस्तु बनाएर कथाहरू लेखेका छन्। देवकुमारी थापा यौन मनोवैज्ञानिक र स्त्री-पुरुषबिचको रागात्मक सम्बन्धलाई आफ्ना कथाहरू स्पष्ट रूपले प्रतिबिम्बित गर्न सफल भएका छन्। यस्ता कथाहरूमा सेतो विरालो, समुद्रका वालुवा, प्रलय प्रतीक्षा, तिर्खा भोकदृष्टि आदि मुख्य हुन्। अतृप्त यौनइच्छा योन व्यभिचारी जस्ता विशेषतालाई लिएर लेखिएका उनका कथाहरू सफल देखिन्छन्।

देवकुमारी थापा स्वयम् पनि एकजना नारी भएकीले नारी मनको सुन्दर र असुन्दर पक्षको राम्रो चित्रण आफ्ना कथाहरूमा गरेका पाइन्छन्। यस्ता चित्रण भएका उनका नारीवादी दर्शनका कथाहरूमा सूत्रवाई, फीज, नबसेको घाउ, तिर्खा, मोहको एउटा क्षण आदि पर्दछन्। दाम्पत्य जीवन मानव सभ्यताका मूलाधार हो भन्ने कुरालाई शिरोपर गर्दै कथाकार थापाले थुप्रै कथाहरू लेखेका छन्। दाम्पत्य जीवनमा आइपर्ने समस्याहरूलाई कथाको माध्यमबाट उनले प्रस्तुत गरेका छन्। यस्ता कथाहरूमा चर्केको छाना, मुक्ति, फीज, स्वाद, मने मान्दैन, गाँठो फुकेपछि, मखमली आदि हुन्।

देवकुमारी थापाको जन्म खर्साङको गिद्धे पहाडमा 14 अप्रेल सन् 1928 सालमा भएको थियो। उनी वाल्यकालमै मातापिताविहिन भएकी थिइन्। वास्तवमा उनले आफ्नो बाबुलाई देख्न पाइनन्, उनी आमाको गर्वमा हुदै उनको बाबु हस्तबहादुरसिंह को निधन भइसकेको थियो। देवकुमारी थापा दस बर्षको पुग्दा-नपुग्दै हुनको आमा रामदेवीसिंह कटुवालको पनि निधन भयो। बाल्यकलमै बाबु आमा विहिन भए पछि उनको हजुरआमाले उनलाई मातृस्नेह, छहरि र संरक्षण प्रदान गरिन्। उनी आफ्नु हजुरआमाको श्यार सुसारमा हुर्किन। हजुरआमाको

माया र स्नेहले गर्दा आमा बाबुको अभावमा पनि उनको वाल्यजीवनमा कुनै पनि प्रकारको व्यवधा आएनन्। देवकुमारी थापाले प्रारम्भिक शिक्षा खर्साङको सामान्य स्कुलबाट प्राप्त गरि दर्जीलिङ्गबाट प्रथम श्रेणीमा प्रवेशिका परिक्ष उत्तीर्ण गरिन्।

प्रवेशिका परिक्ष उत्तीर्ण गरेर उन्ला कलकत्ता गएर तीन बर्षे स्वास्थ्यपरिचारिकाको डिप्लोमा गरिन्, यसमा पनि उनी उत्तीर्ण भयिन। स्वास्थ्यपरिचारिकको अध्ययन समाप्त गरेर उनले दर्जीलिङ्गको भिक्टोरिया अस्पतालमा कार्यरत भइ रोगिहरुको सेवामा लागिन। देवकुमारी थापाले त्यस युगमा आफ्नो पाइल राखिन जुन बेला नेपली साहित्यमा नारीकथाकारहरु शून्य नै थिए। कुमारी तुषार मल्लिकाले खनेको गोरेटोमा हिंडेर नै उनले आधुनिक कथाविधामा आफ्नो नाउँ स्थापित गरिन्। कथाकार थापा पच्चीस बर्षको हुँदा नेपलीबाट दर्जीलिङ्ग पुगेका त्रिमूर्तिमध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटाले देवकुमारी थापाको लेखनको प्रशंसा गर्दै कविशिरोमणि लेखनाथ पौड्याल र नाटककार बालकृष्ण सम् लाई पनि देवकुमारी थापाको व्यक्तित्वप्रति आकर्षित गरेका थिए।

देवकोटाले उनका डायरीमा लेखेका थिए 'टंकी सुन्दरी, मंकी सुन्दरी,देवकुमारी।' यसै प्रसङ्गमा गणेश गुरु अर्थात् गणेशप्रसाद शर्मा नेपाल भन्थे ' थापा मंकी सुकुमारी हुन्, बुद्धिकी राजकुमारी हुन् र टंकी सम्पूर्ण हुन्।' औपचारिक रुपमा सन् 1946 बाट आफ्नो लेखन यात्राको थालनी गरेकी थापाको दर्जीलिङ्गबाट प्रकाशित हुने 'गोर्खा' दैनिक पत्रिकामा प्रकाशित 'पतन' कथा देवकुमारी थापाको पहिलो प्रकाशित कृति हो। उनले सन् 2060 सालमा मेजर बबरसिंह थापा सँग विवाह गरिन्। उनको पति बबरसिंह थापा भारतीय सेनामा मेजर थिए। विवाह गररेको केहि बर्ष पछि उनी जागिर छाडेर आफ्नो पतिसँग नेपालतिर लागिन। उनी नेपाल प्रवेश गरेर पनि साहित्य साधनामा लागि रहिन साथै समाजसेवा पनि गर्न थालिन। यसै क्रममा उनी मोरङको नेपली बल सङ्गठनकी अध्यक्ष पनि भइन्। यी संघसंस्थानहरु सँग जोडीए पछि उनको विचारमा पनि ठूलो परिवर्तन आयो उनले सेवा नै मानिसको मुख्य कर्तव्य हो भन्ने विचारलाई आत्मसात् गरिन्। उनले बालबालिकाहरु नै देशका निर्माता हुन् अनि बालबालिका को व्यक्तित्व विकाशका लागि राम्रो वातावरण र सकारात्मक सन्देश आवश्यक पर्दाछ भनि बालबालिकाहरुको विकाश गर्न बालसंस्था र समाज सेवामा समर्पित भइन्।

साहित्य समाज, गुरुकुल विद्यालय, बालमन्दिर, नेपाल प्रज्ञा प्रथिष्ठन आदि संस्थाहरुसँग आबद्ध भई शैक्षिक जागरण ल्याउन कार्य गरिन्। उनले गाउँ गाउँमा गएर बालबालिका, महिला, वृद्ध, अशक्त र विरामीहरुको उपचार र सेवा पनि गरिन्। उनको पति मेजर बबरसिंह थापाको निधन पछि उनको नाममा 'बबरसिंह थापा सेवा गुठी' संस्थाको स्थापना  गरिन्। आफ्नु जीवन कालभरि साहित्य र समाजसेवामा लागिपरेकी देवकुमारी थापाको निधन सन् 2006 सालमा भयो। देवकुमारी थापा मूलत सामाजिक यथार्थवादी कथाकारका रूपमा प्रतिष्ठित देखिन्छन्। उनले विभिन्न विधाहरूमा कलम चलाए तापनि कथाको क्षेत्रमा भने उनी सफल र प्रसिद्ध देखिन्छन्।

प्रकृतिको हरियो बन जङ्गलमा चासो राख्ने कथाकार देवकुमारी थापा प्रकृतिप्रेमी कथाकार पनि हुन्। प्रकृतिलाई जोगाउनका निम्ति उत्कृष्ट प्रकृति वर्णन कथाहरू पनि उनले लेखेका छन्। साँचो कथा यसै अन्तर्गतका उत्कृष्ट कथा हुन्।  वि. सं. 2003 सालमा गोर्खा पत्रिकामा प्रकाशित पतन कथाबाट कथालेखनमा पाइला टेकेकी देवकुमारी थापाले पाँच दशक भन्दा बढी समयसम्म कथा लेखनलाई यथावत् रूप दिएका हुन्।

देवकुमारी थापा नेपली साहित्यका विशिष्ट साहित्यकार हुन्। शुरूमा प्रेम प्रधान कथालेखन बाट आफ्नु साहित्यलेखनको थालनी गर्ने थापा पछि सामाजिक विषयवस्तु मा आधारित कथा रचनामा लागिन। देवकुमारी थापाले बालमनोविज्ञानमा आधारी धरै बल कथाहरु पनि लेखेका छन्। उनले बल-बालिकाहरुको मनोभावको अध्ययन गरि ति बाल-बालिकाहरुको क्रिया प्रतिक्रिया बुजेर ति कुराहरुलाई आफ्नो बालकथाहरुमा व्यक्त गरेका छन्। बालसाहित्यको क्षेत्रमा देवकुमारी थापाले ठूलो योगदान दिएकी छन्।  आफ्नो जीवन कालभरि उनले  शिक्षा, साहित्य अनि समाजसको सेवा गरिन्। उनी एक कुशल साहित्य लेखिकाका साथसाथै कुशल शिक्षक अनि समाज सेविका पनि थिए।

कथाकार देवकुमारी थापाका कथाहरूको मूल विषय सामाजिक अनि वालमनोविज्ञानमा आधारित  रहेको छ। उनका प्राय  कथाहरू छोटा आयामका छन्, समाजमा रहेको लैङ्गिक असमान्ताका कारणले नारीहरूले भोग्नु परेको विभिन्न पिडा र परिस्थितिको वर्णन पनि उनका कथाहरूमा पाइन्छ। असल समाजको निर्माणमा नारी पुरुष दुवैको समान सहयोगले मात्र सम्भव हुन्छ अनि

समाजमा नारी र पुरुष समान हुन् दुवैको असल विचार अनि सहयोगले मात्र राम्रो समाजको निर्माण हुन्छ भनै भाव उनका कथाहरूमा पाइन्छ। देवकुमारी थापाले बाल साहित्यको क्षेत्रमा पनि ठूलो योगदान दिएकी छन्। उनका धेरजसो कथाहरू वालमनोविज्ञानमा आधारित छन्।

कथाकार देवकुमारी थापा एक सामाजिक कथाकार हुन्। उनको कथाहरूमा समाजका विभिन्न समस्याहरू उजागर भएको पाइन्छ। उनले समाज र परिवार निर्माणका आधार दाम्पत्य जीवनलाई आफ्नो कथाहरूमा सुन्दर ढङ्गले प्रस्तुत गरेको पाइन्छ। दाम्पत्य जीवन सुचारु रूपमा चल्नुमा पति पत्नी माझ सम्मान र सामाञ्जस्य आवश्यक भन्ने कुराको पुष्टि उनको कथाहरूले प्रस्तुत गरेको पाइन्छ।

## 7.4 उपसंहार

स्कूले जीवनबाटै साहित्य लेखन यात्राको थालिनी गरेका देवकुमारी थापा नेपली साहित्यका एक विशिष्ट व्यक्तित्व हुन् ।उनले आफ्नो जीवनको धरै समय साहित्य लेखन अनि समाज सेवामा बिताए । शारदापूर्व र शारदाकालिन नारी साहित्यकारहरूमा देलकुमारी थापाले धेरै कथाहरू लेखेको पाइन्छ। शारदा पत्रिकामा **भविष्य निर्माण** बालकथा छपाएपछि प्रसिद्ध देवकुमारी थापाले भने कथा साहित्यको सेवामा आफूलाई पूर्णरूपले समर्पित गरेको पाइन्छ। बाल मनोविज्ञान कथाको माध्यमबाट नेपाली आधुनिक कथा क्षेत्रमा परिचित भएको थापा सम्भवत नेपाली आधुनिक कथामा कलम चलाउने प्रथम महिला कथाकार हुन् ।

सामाजिक रूपमा प्रसिद्धि पार गरिसकेकी थापा नेपाली साहित्यमा पनि चिरपरिचित नाम हो। उनले नेपाली साहित्यको श्रीवृद्धिका निम्ति गुणात्मक र संख्यात्मक दुवै रूपमा योगदान पुऱ्याएकी छिन्। उनले साहित्यिक सेवा दुई प्रकारले गरेका छन् । ती हुन् - साहित्यिक पत्रिका प्रकाशन गरेर र साहित्यिक सङ्घ संस्थामा काम गरेर अनि साहित्यका विविध विधामा कलम चलाएर। देवकुमारी थापाले साहित्यका विविध विधाहरूमा कलम चलाए पनि उनी मूलत: कथाकारको रूपमा परिचित छन्। कथा, निबन्ध, अनुवाद बाहेक उनले कविता विधामा पनि कलम चलाएको पाइन्छ। सामाजिक यथार्थवादी कथाकारको रूपमा देवकुमारी थापा सफल देखिन्छन्। यिनको कथाहरूमा समाजका निम्न वर्गहरूको बेदनामय कथा

पाइन्छ। समाजमा व्याप्त रहेका आडम्बर, अन्धविश्वास, मिथक, कुसंस्कार, नारी र पुरुष माझको भेदभाव, धनीले गरीबलाई हेप्ने, अन्य अत्याचार र विडम्बनाको चित्रण उनका कथाहरूमा स्पष्ट रूपमा प्रतिबिम्बित भएको पाइन्छ।

आफ्ना कथाहरूमा समाजको सजीव चित्र उतार्नु खप्पिस भएकी कथाकार देवकुमारी थापा निम्नवर्गको दुख पीडा व्यथालाई सफल रूपमा उतार्न सफल रहेकी छिन्। देवकुमारी थापा बाल -बालिकाहरूको मनको भावना बुझेर क्रिया-प्रतिक्रिया सम्झी कथाहरू लेख्नुमा पनि सिपालु देखिन्छन्। थुप्रै बाल संस्थाहरूसँग संलग्न रहेको हुँदा उनी अनाथ नानीहरूको पीडा, व्यथालाई नजीकबाट महसुस गर्छिन् र त्यसको व्यथा आफ्ना कथाहरूमा उतार्न सफल देखिन्छन्। बाल -बालिकाहरूले के - के सोच्छन् के बोल्छन् र के कार्यहरू गर्छन् त्यही कुराहरूलाई पनि यिनले विषयवस्तु बनाएर कथाहरू लेखेका छन्। देवकुमारी थापा यौन मनोवैज्ञानिक र स्त्री-पुरुषबिचको रागात्मक सम्बन्धलाई आफ्ना कथाहरू स्पष्ट रूपले प्रतिबिम्बित गर्न सफल भएका छन् । देवकुमारी थापा स्वयम् पनि एकजना नारी भएकीले नारी मनको सुन्दर र असुन्दर पक्षको राम्रो चित्रण आफ्ना कथाहरूमा गरेका पाइन्छन्।

## 7.5 सार

यस प्रखण्डमा **देवकुमारी थापाको जीवन र दर्शन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- देवकुमारी थापा नेपली साहित्यका विशिष्ट बाल साहित्यकार हुन्।
- बालसाहित्यको क्षेत्रमा देवकुमारी थापाले ठूलो योगदान दिएकी छन्।
- कथाकार देवकुमारी थापाका कथाहरूको मूल विषय सामाजिक अनि वालमनोविज्ञानमा आधारित रहेको छ।
- उनका प्राय: कथाहरू छोटा आयामका छन् । समाजमा रहेको लैङ्गिक असमान्ताका कारणले नारीहरूले भोग्नु परेको विभिन्न पिडा र परिस्थितिको वर्णन पनि उनका कथाहरूमा पाइन्छ।
- असल समाजको निर्माणमा नारी पुरुष दुवैको समान सहयोगले मात्र सम्भव हुन्छ अनि समाजमा नारी र पुरुष समान हुन् दुवैको असल विचार अनि

सहयोगले मात्र राम्रो समाजको निर्माण हुन्छ भनै भाव उनका कथाहरूमा पाइन्छ।

- स्कूले जीवनबाटै साहित्य लेखन यात्राको थालिनी गरेका देवकुमारी थापा नेपली साहित्यका एक विशिष्ट व्यक्तित्व हुन् ।
- शारदापूर्व र शारदाकालिन नारी साहित्यकारहरूमा देलकुमारी थापाले धेरै कथाहरू लेखेको पाइन्छ। शारदा पत्रिकामा भविष्य निर्माण बालकथा छपाएपछि प्रसिद्ध देवकुमारी थापाले भने कथा साहित्यको सेवामा आफूलाई पूर्णरूपले समर्पित गरेको पाइन्छ।
- बाल मनोविज्ञान कथाको माध्यमबाट नेपाली आधुनिक कथा क्षेत्रमा परिचित भएको थापा सम्भवत नेपाली आधुनिक कथामा कलम चलाउने प्रथम महिला कथाकार हुन् ।
- देवकुमारी थापाले नेपाली साहित्यको श्रीवृद्धिका निम्ति गुणात्मक र संख्यात्मक दुवै रूपमा योगदान पुऱ्याएकी छिन्।
- कथाकार देवकुमारीले साहित्यिक सेवा दुई प्रकारले गरेका छन् । ती हुन् - साहित्यिक पत्रिका प्रकाशन गरेर र साहित्यिक सङ्घ संस्थामा काम गरेर अनि साहित्यका विविध विधामा कलम चलाएर।
- देवकुमारी थापाले साहित्यका विविध विधाहरूमा कलम चलाए पनि उनी मूलत: कथाकारको रूपमा परिचित छन्।
- देवकुमारी थापाले कथा, निबन्ध, अनुवाद बाहेक उनले कविता विधामा पनि कलम चलाएको पाइन्छ।
- सामाजिक यथार्थवादी कथाकारको रूपमा देवकुमारी थापा सफल देखिन्छन्।
- देवकुमारीको कथाहरूमा समाजका निम्न वर्गहरूको बेदनामय कथा पाइन्छ। समाजमा व्याप्त रहेका आडम्बर, अन्धविश्वास, मिथक, कुसंस्कार, नारी र पुरुष माझको भेदभाव, धनीले गरीबलाई हेप्ने, अन्य अत्याचार र विडम्बनाको चित्रण उनका कथाहरूमा स्पष्ट रूपमा प्रतिबिम्बित भएको पाइन्छ।
- देवकुमारी थापा बाल -बालिकाहरूको मनको भावना बुझेर क्रिया-प्रतिक्रिया सम्झी कथाहरू लेख्नुमा पनि सिपालु देखिन्छन्। थुप्रै बाल संस्थाहरूसँग संलग्न रहेको हुँदा उनी अनाथ नानीहरूको पीडा, व्यथालाई नजीकबाट महसुस गर्छिन् र त्यसको व्यथा आफ्ना कथाहरूमा उतार्न सफल देखिन्छन्।

- बाल -बालिकाहरूले के - के सोच्छन् के बोल्छन् र के कार्यहरू गर्छन्  त्यही कुराहरूलाई पनि यिनले विषयवस्तु बनाएर कथाहरू लेखेका छन्।
- देवकुमारी थापा यौन मनोवैज्ञानिक र स्त्री-पुरुषबिचको रागात्मक सम्बन्धलाई आफ्ना कथाहरू स्पष्ट रूपले प्रतिबिम्बित गर्न सफल भएका छन् ।
- देवकुमारी थापा स्वयम् पनि एकजना नारी भएकीले नारी मनको सुन्दर र असुन्दर पक्षको राम्रो चित्रण आफ्ना कथाहरूमा गरेका पाइन्छन्।

यस प्रखण्डको अध्ययनले **देवकुमारी थापाको जीवन र दर्शन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त देवकुमारी थापाको साहित्यिक परिचय र उनको जीवन र दर्शन सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 7.6 अनुशीलनी

1. कवि देवकुमारी थापाको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि देवकुमारी थापाका कृतिहरूमा पाइने प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि देवकुमारी थापाको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि देवकुमारी थापाका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई बाल कथाकारको रूपमा चिनाउनुहोस् ।

5. कवि देवकुमारी थापाका कथाहरूमा पाइने कथाकारितालाई विस्तृत रूपमा प्रस्तुत  गर्नुहोस् ।

6. देवकुमारी थापालाई किन बाल लेखक भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. देवकुमारी थापालाई एक दक्ष कथाकारको रूपमा चिनाउँदै उनका कथाहरूबारे चर्चा गर्नुहोस्।

8. देवकुमारी थापाको जीवन दर्शनबारे एउटा गतिलो टिप्पणी लेख्नुहोस् ।

9 देवकुमारी थापाले नेपाली साहित्यमा पुराएको अन्यान्य क्षेत्रको योगदानबारे लेख लयार पार्नुहोस् ।

10. साहित्यकार देवकुमारी थापाको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 7.7 अतिरिक्त अध्ययन


1. कोइराला कुमार प्रसाद (सम्पा.) – वनिता, देवकुमारी थापा विशेषाङ्क ।

2. चापागाई नरेन्द्र - केहि सृष्टि : केहि द्दष्टि ।

3. थापा देवकुमारी – भोकतृप्ति ।

4. भट्टराई सुशीला - केहि कृति केहि प्रतिकृति ।

5. राई असित - भारतीय नेपाली साहित्यको इतिहास ।

6. श्रेष्ठ अविनाश - आधुनिक भारतीय नेपाली कथा ।

7. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - नेपाली साहित्यको संक्षिप्त इतिहास ।

8. सुन्दास, लक्खीदेवी (सम्पा) - सम्मेलन कविता सङ्ग्रह ।

9. शर्मा, तारानाथ -– नेपाली साहित्यको इतिहास ।

10. देवकुमारी थापा", khullakitab.com ।

11. प्रसाई, नरेन्द्रराज - स्रष्टा जीवनी: कथाकार देवकुमारी थापा" ।

12. कथाकार देवकुमारी थापा अब रहनु भएन, मझेरी ।


यस अतिरिक्त देवकुमारी थापाबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 7.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

३१. देवकुमारी थापाको साहित्यिक जीवन ।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )

३२. देवकुमारी थापाको जन्म, मृत्यु तथा परिवार ।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )

३३. देवकुमारी थापाको शिक्षा – दिक्षा, पेशा, सेवा तथा संलग्नता ।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2.3 र 7.2.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )

३४. देवकुमारी थापाको सम्मान तथा पुरस्कार ।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2.5 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

३५. देवकुमारी थापाको कृतिगत दर्शन ।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.3 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )